# परिच्छेद – एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **तुङ्ग एन्. थपलियाको जीवनी व्यक्तित्व र कृतित्व अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनको निमित्त रहेको छ ।

## १.३ विषय परिचय

स्रष्टा तुङ्ग एन्. थपलिया (२००९) नेपाली साहित्यको कथा, कविता आदि विधामा एक सफल व्यक्तित्व हुन् । विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा उनका कविता तथा कथाहरू प्रसस्त प्रकाशित भएको पाइन्छ । उनको प्रथम कथा "ऐनामा प्रतिबिम्बित निधारको खत" (कल्पना २०२७ वर्ष ५, अङ्क ३) प्रकाशित भएको पाइन्छ भने उनका कविताहरू 'मेरी निर्जीव मोनालिजा (२०३८ कल्पना) माझीप्रति (२०३९ सौगात) आँशु (२०३८ भानु) आदि प्रकाशित छन् । उनका यिनै विभिन्न समयमा विभिन्न पत्रिकाहरूमा प्रकाशित कविताहरूको सङ्गालो **'अभिमन्यु पृथिवीमा फर्केका छन्' २०४६** प्रकाशित भएको छ । यस्ता विभिन्न कथा कविताहरूद्वारा नेपाली साहित्यमा अविस्मरणीय योगदान

पुऱ्याउने **तुङ्ग एन्. थपलियाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** यस शोधपत्रमा गरिएको छ ।

## १.४ समस्याकथन

**"तुङ्ग एन्. थपलियाको जीवनी व्यक्तित्व र कृतित्वअध्ययन"** शीर्षकको शोधकार्यमा तुङ्ग एन्. थपलियाको जीवनी र व्यक्तित्वका पाटाहरू के-कस्ता रहेका छन्, साथै साहित्यमा उनको के-कस्तो प्रयोग एवम् योगदान रहेको छ भन्ने मूल समस्या रहेको छ । यस समस्याको विस्तृत रूपमा अध्ययन गर्नका लागि निम्नानुसारका उप-प्रश्नहरू रहेका छन् ।

क) तुङ्ग एन्. थपलियाका जीवनीका पाटाहरू के कस्ता रहेका छन् ?

ख) तुङ्ग एन्. थपलियाका व्यक्तित्वका पाटाहरू के-कस्ता रहेका छन् ?

ग) तुङ्ग एन्. थपलियाको साहित्यिक यात्रा के-कस्तो रहेको छ ?

घ) तुङ्ग एन्. थपलियाका कथा र कविताहरूमा के-कस्ता प्रवृत्ति फेला पर्दछन् ?

ङ) नेपाली साहित्यमा तुङ्ग एन्. थपलियाको के-कस्तो स्थान रहेको छ ?

उपर्युक्त समस्याहरूलाई नै प्रस्तुत शोधपत्रमा मूलरूपमा लिइएको छ । यो शोधकार्य उपर्युक्त समस्याहरूमा नै मूलतः केन्द्रित रहेको छ ।

## १.५ उद्देश्यकथन

प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य साहित्यकार तुङ्ग एन्. थपलियाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित रही समस्याकथनमा उठाइएका समस्याहरूको खोजी गर्नु रहेको छ । प्रस्तुत शोधपत्रको उद्देश्य निम्नानुसारको रहेको छ ।

क) तुङ्ग एन्. थपलियाका जीवनीका पाटाहरू केलाउने,

ख) तुङ्ग एन्. थपलियाका व्यक्तित्वका पाटाहरू केलाउने,

ग) तुङ्ग एन्. थपलियाको साहित्यिक यात्राको अध्ययन गर्ने,

घ) तुङ्ग एन्. थपलियाका कथा र कविताहरूका प्रवृत्तिहरूको अध्ययन गर्ने,

ङ) नेपाली साहित्यमा तुङ्ग एन्. थपलियाको योगदानको निरूपण गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

तुङ्ग एन्. थपलिया नेपाली साहित्यमा चर्चित नाम हो । उनका बारेमा हालसम्म व्यापक खोज अनुसन्धान भएको पाइँदैन यद्यपि विभिन्न पत्रपत्रिका र केही कृतिहरूमा सामान्य चर्चा गरिएको पाइन्छ । अहिलेसम्म यस विषयसँग सम्बन्धित अध्ययन कार्यहरू कालक्रमानुसार प्रस्तुत गरिन्छ ।

क) मोहन कोइरालाले **अभिमन्यु पृथिवीमा फर्केका छन्** (२०४६) मा "कवि थपलिया आफ्नो विचार प्रकट गर्न मुखमा कालो पट्टी बाँधेर विरोध प्रदर्शन गर्न तत्पर छन् चाहे लाठो आओस् चाहे गोलीको धम्की अथवा सिग्नेचर अभियान नै किन नहोस् पछि परेका छैनन्" भनेका छन् ।

ख) रविमान लम्जेलले **कोशी अञ्चलको साहित्यिक इतिहास** (२०५०) नामक पुस्तकको "तेह्रथुम जिल्लाको साहित्यिक घुम्ती" शीर्षकमा परिष्कृत कविका रूपमा आफ्नो स्थान सुरक्षित बनाउने नयाँ पुस्ताका कविहरूमा उनको नाम पनि उल्लेख गर्दै सामाजिक विकृति र विसङ्गतिप्रति कलात्मक व्यङ्ग्यका माध्यमबाट आफ्नो असन्तोष प्रकट गर्ने कविको रूपमा चर्चा गरेका छन् ।

ग) रविमान लम्जेलले **कोशी अञ्चलको साहित्यिक इतिहास** ( २०५०) मा थपलियालाई छोटा कथाको सिर्जनाबाट पाठकका मनमा तीव्र प्रभाव पार्ने क्षमता भएका कथाकारको रूपमा चर्चा गरेका छन् ।

घ) डा. खगेन्द्रप्रसाद लुइटेलले **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** २०६० मा समसामयिक धारा अन्तर्गत कलम चलाउने कविहरूमा तुङ्ग एन्. थपलियाको नाम पनि समावेश गरी समसामयिक कविको रूपमा चिनाएका छन् ।

ङ) धर्मराज गौतमले **नेपाली साहित्यमा तेह्रथुम जिल्लाको योगदान** (२०६३) शीर्षकको अप्रकाशित एम्.ए.शोधपत्रमा सरल र सहज भाषाशैलीमा कलात्मक ढङ्गले प्रगतिवादी विचारधारामा रहेर व्यङ्ग्य प्रहार गर्ने कविका रूपमा चर्चा गरेका छन् ।

च) धर्मराज गौतमले **नेपाली साहित्यमा तेह्रथुम जिल्लाको योगदान** (२०६३) शीर्षकको अप्रकाशित एम्.ए. शोधपत्रमा आन्तरिक मनस्थितिको सूक्ष्म मनोविश्लेषण गर्दै मानवजीवनको चित्रण गर्ने कथाकारका रूपमा चर्चा गरेका छन् ।

छ) भानुभक्त सिटौलाले **नेपालको प्रजातान्त्रिक सन्दर्भभित्रको तेह्रथुम जिल्लाको इतिहास** (२०५८) मा तेह्रथुम जिल्लाको नेपाली काङ्ग्रेसको ५० वर्ष शीर्षकमा २०४६ सालमा बहुदलको घोषणासँगै जेलबाट निस्किनेहरूमा तुङ्ग एन्. थपलिया पनि थिए भनी उनलाई एक राजनैतिक व्यक्तिको रूपमा चिनाएका छन् ।

ज) भानुभक्त सिटौलाले **आठराई परिचय, बगाले घटना र साथमा फुटकर लेखहरू** (२०६०)" नामक कृतिको साहित्य कला र संस्कृति शीर्षकमा देख्नमा आएका केही लेखक तथा कविहरू भनेर तुङ्ग एन्. थपलियाको नाम पनि समावेश गरी एक लेखक तथा कवि व्यक्तित्वका रूपमा तुङ्ग एन्. थपलियालाई चिनाउने प्रयास गरेका छन् ।

यसरी विभिन्न विद्वान्हरूले विभिन्न सन्दर्भमा थपलियाका बारेमा उल्लेख गरेको भए पनि त्यो अपूर्ण भएकाले यिनी र यिनका कृतिको समग्र पक्षको अध्ययन यसमा गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

साहित्यकार तुङ्ग एन्. थपलिया (२००९) नेपाली साहित्यका क्षेत्रमा परिचित व्यक्ति हुन् । "अभिमन्यु पृथिवीमा फर्केका छन् (२०४६)" कवितासङ्ग्रह तथा अन्य विविध फुटकर कविता तथा कथाहरूको रचना गरेका तुङ्ग एन्. थपलियाको अहिलेसम्म

समग्रपक्षको अध्ययन भएको छैन । प्रस्तुत शोध पत्रमा तुङ्ग एन्. थपलियाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गरिने हुनाले तथा आगामी अध्ययन कर्ताका लागि सुगम हुने हुनाले यो औचित्यपूर्ण देखिन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रको मूल उद्देश्य तुङ्ग एन्. थपलियाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु नै हो । त्यसैले यस शोधकार्यमा तुङ्ग एन्. थपलियाको भन्दा अन्य साहित्यकारको अध्ययन गरिएको छैन । तुङ्ग एन्. थपलिया भन्दा अन्य साहित्यकारहरूको विश्लेषण गर्न नसक्नु यसको सीमा हो ।

## १.९ शोधविधि

### १.९.१ सामग्री सङ्कलन

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि निम्नस्रोतबाट सामग्री सङ्कलन गरिएको छ ।

क) प्रस्तुत शोधपत्रका लागि आवश्यक सामग्रीको सङ्कलन मूलतः पुस्तकालयीय अध्ययन पद्धतिका आधारमा गरिएको छ ।

ख) शोधनायकसँग प्रत्यक्ष भेटघाट गरी तथा उनका आफन्त र नातेदारहरूसँग सोधपुछ गरी सामग्री सङ्कलन गरिएको छ ।

ग) आवश्यकताअनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक तथा समालोचकसँग पनि आवश्यक जानकारी लिइएको छ ।

### १.९.२ अध्ययन तथा विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्यलाई व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि जीवनीपरक , प्रभावपरक, कृतिपरक आदि विभिन्न समालोचना पद्धतिको यथोचित प्रयोग गरी शोधकार्य गरिएको छ साथै आवश्यकताअनुसार वर्णनात्मक एवम् तुलनात्मक विधिको प्रयोग समेत गरिएको छ ।

## १.१० शोधकार्यको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ साथै उक्त पाँच परिच्छेदलाई पनि आवश्यकताअनुसार उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

| | |
|---|---|
| परिच्छेद एक | शोधपरिचय |
| परिच्छेद दुई | तुङ्ग एन्. थपलियाको जीवनी र व्यक्तित्व |
| परिचछेद तीन | तुङ्ग एन्. थपलियाको लेखनयात्रा |
| परिच्छेद चार | तुङ्ग एन्. थपलियाका साहित्यिक कृतिहरूको विवेचना |
| परिच्छेद पाँच | उपसंहार/निष्कर्ष |
| | सन्दर्भग्रन्थसूची |

# दोस्रो परिच्छेद

## 'साहित्यकार तुङ्ग एन्. थपलियाको जीवनी व्यक्तित्व'

### २.१ तुङ्ग एन्. थपलियाको जीवनी

तुङ्ग एन्. थपलियाका पुर्खाहरू पोगटी विर्ता भन्ने ठाउँमा बस्ने गर्दथे । त्यही पोगटी विर्ता बस्नेमध्येका एक भाइ बसाईं सराइका क्रममा आठराई चुहानडाँडा तेह्रथुम पुगेका थिए ।[ज्ञ] तिनैका एक सन्तान डिट्ठा सदानन्द थपलिया थिए । तिनै सदानन्द थपलियाका तीनभाइ छोराहरू देवीलाल थपलिया, हरिलाल थपलिया र पद्मलाल थपलिया थिए । तीनभाइ छोराहरूमध्ये कान्छा पद्मलाल थपलियाको विवाह आठराई कालिपा तेह्रथुम निवासी विष्णुमाया विमलीसँग भएको थियो । तिनै पद्मलाल थपलिया र विष्णुमाया थपलियाका गर्भबाट १९७८ सालमा तेह्रथुम आठराई चुहानडाँडा गा.वि.स. वडा नं. २ मा निम्नमध्यमवर्गीय परिवारमा जयप्रसाद थपलियाको जन्म भएको थियो भने उनको देहावसान २०५८ सालमा आठराई चुहानडाँडा- २ तेह्रथुममा नै भएको थियो ।[द्द]

जयप्रसाद थपलियाले दुईजना श्रीमती विवाह गरेका थिए । उनको पहिलो विवाह तेह्रथुम याङ्ख्वा निवासी भगीरथ उप्रेती र सरस्वता उप्रेतीकी जन्तरी (ठूली कान्छी ) छोरी लीलादेवी उप्रेतीसँग भएको थियो । लीलादेवीका पिता भगीरथ उप्रेतीको मुख्य पेसा खेतीपाती थियो । उनी खेतीपातीका अतिरिक्त समाजसेवामा रुचि लिने व्यक्ति थिए ।

जयप्रसाद थपलियाको दोस्रो विवाह तत्कालीन तेह्रथुम जिल्ला हाङपाङ् (हाल ताप्लेजुङ) निवासी नरध्वज प्रसाईँका तीन छोरीमध्ये एक हरिमाया प्रसाईँसँग भएको

---

[ज्ञ] शोधनायकको डायरीबाट प्राप्त जानकारी ।

[द्द] प्रेमप्रसाद थपलियाबाट प्राप्त मौखिक जानकारी ।

थियो । मुख्य व्यवसाय कृषि नै भए पनि समाजसेवामा सक्रिय हुने नरध्वज प्रसाइँ समाजका अगुवा व्यक्ति थिए ।

जयप्रसादकी जेठी श्रीमती लीलादेवीका गर्भबाट प्रेमप्रसाद थपलिया (२०००), अनुपराज थपलिया (२०१८), पद्मादेवी थपलिया (संग्रौला) (१९९७) गंगादेवी थपलिया ( प्रसाइँ) (२००४) विनादेवी थपलिया ( प्रसाइँ) (२०१३) सहित दुईजना छोरा र तीन छोरी गरी जम्मा पाँच जना सन्तानको जन्म भएको थियो. भने कान्छी श्रीमती हरिमायाका गर्भबाट जगन्नाथ थपलिया (१९९९), वैजनाथ थपलिया (२००१) डा. विष्णुप्रसाद थपलिया (२००७) तुङ्ग एन्., थपलिया (२००९) भीष्म थपलिया (२०२०), शारदा थपलिया (बारकोटी) (२०१४) र दीक्षा थपलिया (मैनाली) (२०२३) गरी जम्मा सात सन्तानको जन्म भएको हो । [घ] यसरी जयप्रसाद थपलियाका जम्मा बाह्रजना सन्तानमध्ये अन्तरे छोराको रूपमा २००९ साल चैत २४ गते आठराई चुहानडाँडा गा.वि.स. वडा नं. - २ तेह्रथुममा तुङ्ग एन्. थपलियाको जन्म भएको थियो ।

## २.१.१ पृष्ठभूमि

तुङ्ग एन्. थपलियाको जीवनी र व्यक्तित्वलाई मूल्याङ्कन गर्दा उनको अनुवंशलाई हेर्नु उपयुक्त देखिन्छ । थपलियाका आफूभन्दा माथिल्लो पुस्ता समाजसेवा, सरकारी नोकरी तथा कृषि क्षेत्रमा संलग्न रहेको देखिन्छ । समाजसेवा तथा शिक्षाको क्षेत्रमा अग्रसर भएकै कारण तुङ्ग एन्. थपलियाका हजुरबुबाहरू जेठामुखिया र कान्छा मुखियाका नामले गाउँमा चिनिन्थे साथै तीभन्दा अघिल्लो पुस्ताका सदानन्द थपलियाले पनि तत्कालीन सरकारी जागिरमा संलग्न भएकाले डिठ्ठाको पद पाएका थिए । यसरी हेर्दा तुङ्ग एन्. थपलियाका पूर्खाहरू सरकारी जागिर तथा समाजसेवामा लाग्दै आएको पाइन्छ । तुङ्ग थपलिया पनि आफ्नै अनुवंशबाट प्रभावित भएका देखिन्छन् । पिता जयप्रसादको व्यक्तित्वलाई हेर्दा उनी शिक्षाप्रेमी, समाजसेवी, राजनैतिक तथा एक कृषक व्यक्तित्वका रूपमा देखिन्छन् । आफ्नो

---

[घ] **ऐजन् ।**

जन्मभूमिलाई कर्मभूमि बनाएर समाजको उन्तति तथा परिवर्तनका खातिर निरन्तर रूपमा समर्पित जयप्रसाद थपलियाले सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान अविष्मरणीय छ । तेह्रथुम आठराई निवासी जनतालाई चेतनशील बनाई विकासतर्फ अग्रसर गराउने जयप्रसाद सदा चिन्तनशील र सहयोगी तथा पारिश्रमिक व्यक्तित्वका रूपमा देखिन्थे ।

आठराई चुहानडाँडा स्थित तत्कालीन वीरेन्द्र इन्टरकलेज हाल (तेह्रथुम क्याम्पस) स्थापनामा सक्रिय रूपमा सहभागी भई कलेज स्थापनाकालका सक्रिय सदस्य तथा हाल शारदा उच्च मा.वि.को स्थापनाकालका सक्रिय सदस्य भई आर्थिक सहयोग समेत गरी तत्कालीन समयमा तेह्रथुम जिल्लाको आठराई चुहानडाँडा क्षेत्रमा शिक्षाको प्रचार प्रसारमा ठूलो योगदान दिएका जयप्रसाद थपलिया त्यस समयमा आठराईवासी जनतालाई चेतनाको बत्ती बाल्ने काममा ठूलो सहयोग गरेका थिए ।

आफ्नै खेतवारीमा परिश्रम गरिरहने जयप्रसाद थपलिया फुर्सदको समयमा सामाजसेवामा समय बिताउँथे । आफ्नै खेतबारीमा फलेका धान, मकै कोदो, तोरी आदि बेचबिखन गर्नु, गाई, भैसी, बाख्रा पाल्नु तथा गाई भैंसीको बेचबिखन गर्नु नै उनको मुख्य पेसा थियो भने खेतीपाती गरी बचेको समयमा समाजसेवा तथा राजनीतिमा ध्यान दिनु उनको रुचिको विषय थियो । आफ्नो पेसा तथा व्यवसायसँगै सामाजिक शैक्षिक तथा राजनैतिक कार्यहरूमा निरन्तर क्रियाशील, उद्यमशील, समाजसेवी तथा सहयोगी भावनाले ओतप्रोत भएका जयप्रसाद थपलियाको देहावसान आफ्नै जन्मभूमि तथा कर्मभूमि आठराई चुहानडाँडा- २ तेह्रथुममा वि.सं. २०५८ मा ८० वर्षको उमेरमा भएको थियो ।

### २.१.२ जन्म र जन्मस्थान

तुङ्ग एन्. थपलियाको जन्म विक्रम सम्बत् २००९ साल चैत १४ गते (तदनुसार २९ मार्च १९५६) का दिन कोशी अञ्चल तेह्रथुम जिल्ला आठराई चुहानडाँडा गा.वि.स. वडा नं. २ मा पिता जयप्रसाद थपलिया र माता हरिमाया थपलियाका गर्भबाट भएको थियो । जयप्रसाद थपलिया एक समाजसेवी सहयोगी साथै धर्मकर्ममा पनि विशेष रुचि

भएका व्यक्ति थिए । निम्नमध्यमवर्गीय  परिवारमा जन्मे पनि बाबु बाजेहरूको विडो थाम्ने कार्यगरेका जयप्रसाद थपलियाले समाजको उन्तति र प्रगतिका लागि चुहानडाँडा क्षेत्रमा ठूलो योगदान दिएका थिए । शिक्षा तथा चेतनाको प्रचार प्रसारमा सदा लागिरहने थपलियाका श्रीमतीहरू लीलादेवी र हरिमाया पनि जयप्रसादसँग मिल्दाजुल्दा गुणले युक्त थिए र जयप्रसादका सामाजिक कार्यलाई सहयोग गरिरहन्थे । [द्ध]

जयप्रसाद सामाजिक कार्यमा लागे पनि लीलादेवी र हरिमायाका सहयोगले गर्दा घरको व्यवहार सबै मिलाउँथे । दुईजना श्रीमतीको सहयोगले गर्दा नै जयप्रसाद सामाजिक कार्यमा समय जुटाउँथे । यिनै निम्नमध्यमवर्गीय परिवारमा जयप्रसाद थपलिया, लिलादेवी र हरिमाया थपलियाबाट जम्मा बाह्र सन्तानको जन्म भएको हो । यसै परिवारकी कान्छी श्रीमती अथवा हरिमायाका गर्भबाट चौथो (काईंलो) छोराको रूपमा र सँगोलमा गन्दा अन्तरे छोराको रूपमा तुङ्ग एन्. थपलियाको जन्म भएको हो ।

तुङ्ग एन्. थपलियाका दाजुहरू चारजना छन् भने भाइहरू पनि दुईजना रहेका छन् र दिदीहरू दुईजना छन् भने बहिनीहरू तीनजना रहेका छन् ।

जयप्रसादका बाह्रजना सन्तानमध्ये अन्तरे छोराको रूपमा जन्मिएका तुङ्ग एन्. थपलियाको मावली घर ताप्लेजुङ जिल्लाको हाङपाङमा पर्दछ । तुलाराशीमा जन्मिएका थपलियाको न्वारनको नाम तुङ्गनाथ थपलिया हो । धार्मिक कार्यमा रुचि भएका तथा पूर्वीय अध्यात्मवादी संस्कारको गहिरो छाप भएका पिता जयप्रसाद थपलियाले न्वारनमा ज्योतिषीहरूले जुराएको नामलाई नै कायम राखेको देखिन्छ । घरमा ठूलो परिवार भएकोले अन्तरे ठूलो कान्छो आदि नामले बोलाउँथे भने साथीहरूले टि. एन्. भनेर बोलाए पनि उनको न्वारनको नाम तुङ्गनाथ हो र त्यही नामले नै आजसमम सबै क्षेत्रमा परिचित छन् ।

---

[द्ध] **ऐजन् ।**

## २.१.३ बाल्यकाल

बाल्यावस्था मानव जीवनको प्रथम पाइलो हो । यस अवस्थामा जुनसुकै मानिस पनि निश्छल र सामाजिक विधि तथा व्यवहारदेखि नितान्त स्वतन्त्र देखिन्छ र पनि कतिपय सामाजिक तथा पारिवारिक कारणहरूले उसको समग्र व्यक्तित्व निर्माणमा प्रत्यक्ष र अप्रत्यक्ष भूमिका खेलेको हुन्छ । सामाजिक परिवेश र संस्कारले पनि बाल्यकाल प्रभावित रहेको हुन्छ । सामाजिक दृष्टिकोणबाट तुङ्ग एन्. थपलियाको बाल्यकाललाई नियाल्न सकिन्छ । निम्नमध्यमबर्गीय आर्थिक स्थिति भएको परिवारमा जन्मिएका तुङ्ग एन्. थपलियाले त्यही अनुसारकै बाल्यकालीन सुखसुविधा पाएको देखिन्छ । बुबा आमा दाजुभाइ दिदीबहिनी गरी पन्ध्र जनाको ठूलो परिवार थियो । ठूलो परिवार भए पनि तत्कालीन समाज सुहाउँदो परिवार रहेको थियो । बाल्यकालदेखि नै शान्त प्रवृत्तिका, चाहिदोमात्र बोल्ने, सरल गम्भीर स्वभावका देखिने तथा अध्ययनशील, जिज्ञासु स्वभावका तुङ्ग र एन्. थपलियालाई बुबाआमा, दाजुभाइ, दिदीबहिनी, छिमेकी तथा अन्य सहपाठी साथीहरूले समेत औधी माया गर्दथे । ठूलो परिवारमा जन्मेका भए पनि उचित प्रकारको वातावरण बाल्यावस्थादेखि नै पाएका थिए । बाल्यावस्थादेखि नै अध्ययनमा विशेष रुचि लिने तुङ्ग एन्. थपलियाको बाल्यकाल बाधा र कठिनाइ नभोगी सुखमै बितेको देखिन्छ । तत्कालीन ग्रामीण परिवेशअनुसार गाईवस्तु चराउने घाँसदाउरा गर्नुपर्ने हुन्थ्यो । अध्ययनशील थपलिया त्यस समयमा घर नजिकैको मुलखर्क हिटीमा गाईवस्तु चराउन जाँदा पनि पुस्तक बोकेर जाने गर्दथे ।[छ] यसबाट पनि उनको अध्ययनशील व्यक्तित्वको पुष्टि हुन्छ ।

## २.१.४ शिक्षा–दीक्षा

तुङ्ग एन्. थपलियाका पिता जयप्रसाद थपलिया शिक्षित व्यक्ति थिए । औपचारिक शिक्षा धेरै नभए तापनि हिन्दू धर्मग्रन्थ तथा पौराणिक आख्यानहरूका बारेमा राम्रो ज्ञान हासिल गरेका थिए भने उनका बुबाहरू समाजमा मुखियाका नामले परिचित व्यक्ति

---

[छ] शिष्य थपलियाबाट प्राप्त लिखित जानकारी ।

थिए । तुङ्ग एन थपलियाका हजुरबुबाहरू जेठा मुखिया र कान्छा मुखियाका नामले चिनिन्थे । उनीहरूले शिक्षाको क्षेत्रमा तत्कालीन राणाशासनकालमा पनि ठूलो संघर्ष गरेका थिए । त्यस समयमा मुखिया भनेर चिनिने तुङ्ग एन्. थपलियाका हजुरबुबा पद्मलाल थपलियाले राणा शासनकालमा नै साझा पाठशाला खोल्नमा ठूलो योगदान दिएका थिए । [ट] यसरी पूर्खादेखि शिक्षाप्रतिको लगनशीलताको प्रभाव क्रमशः सर्दै तुङ्ग एन्. थपलियामा पनि आइपुगेको देखिन्छ । तुङ्ग एन्. थपलियाको विधिवत् अक्षरारम्भ पिताबाटै भएको थियो । बुबाहरू तथा दाजुहरू पनि शिक्षित भएका कारण तुङ्ग एन्. थपलियालाई बालककालको शिक्षा लिन सजिलो भएको देखिन्छ ।

पाँच वर्षको उमेरमा २०१४ सालमा घरैबाट बुबा तथा दाजुहरूबाट अध्ययन सुरुगरी आफ्नै घरपायकको शारदा माध्यमिक विद्यालय (हाल शारदा उच्च मा.वि.) मा कक्षा एकमा भर्ना भई विद्यार्थी जीवन सुरु गरेका हुन् । कक्षा एक र दुई शारदा मा.वि. बाटै पास गरी कक्षा तीन चाँहि उनको मावली घर नजिकै पर्ने विद्यालय हाङपाङबाट पास गरेका हुन् । त्यसपछिको माध्यमिक तहसम्मको शिक्षा शारदा माध्यमिक विद्यालय आठराई चुहानडाँडा तेह्रथुमबाटै पुरा गरेका हुन् । [ठ]

शिक्षा अध्ययन गर्ने क्रममा पिता र गुरुहरूबाट सधैं हौसला प्रेरणा साथै उचित सहयोग पाएका हुनाले शिक्षा आर्जन गर्ने कार्यमा आवश्यक भौतिक सुविधा पनि सहज रूपमा प्राप्त भएको हुँदा कुनै किसिमको वाधा परेको देखिँदैन । सुरुका कक्षाहरूदेखि नै पढ्नमा लगनशील मिहिनेती तथा अनुशासित विद्यार्थी भएकाले विद्यालयमा साथीहरू तथा गुरुहरूका प्रियपात्र हुने गर्दथे । कक्षा एकदेखि कक्षा दससम्मको पढाइमा कुनै कक्षामा पनि असफल नभएका थपलिया कक्षामा धेरैजसो प्रथम द्वितीय स्थान ओगट्न सफल हुन्थे । औपचारिक रूपमा अध्ययन सुरु गरेको वर्षदेखि नै सबै कक्षाहरूमा उत्कृष्ट अङ्क हासिल गर्दै आएका थपलियाले शारदा मा.वि. बाटै वि.सं. २०२६ सालमा द्वितीय श्रेणीमा प्रवेशिका

[ट] भीष्म थपलियाबाट प्राप्त मौखिक जानकारी ।

परीक्षा पास गरेका थिए । स्कुले जीवनमा अध्ययनका अतिरिक्त विद्यालयमा सञ्चालन हुने विभिन्न अतिरिक्त क्रियाकलापहरूमा पनि थपलिया उत्तिकै सक्रिय हुन्थे साथै विभिन्न साहित्यिक, साँस्कृतिक कार्यक्रम र खेलकुदमा समेत प्रथम स्थान ओगटेका हुन्थे । कक्षा चारमा पढ्दादेखि नै विद्यालयमा हुने विभिन्न साहित्यिक, साँस्कृतिक तथा खेलकुदका कार्यक्रममा सक्रिय रूपमा सहभागी हुने थपलिया कविता प्रतियोगितामा प्रथम भएका थिए । त्यसैगरी अन्य विभिन्न कार्यक्रममा पनि प्रथम, द्वितीय भई नै रहन्थे तर त्यतिखेर स्कुले जीवनमा लेखेका कुनै पनि रचनाहरू हाल उपलब्ध छैनन् ।[ड] साहित्यिक कार्यक्रम अन्तर्गत कथा, कविता, निबन्ध तथा समालोचना विधामा सक्रिय रूपमा भाग लिई प्रत्येक विधामा पुरस्कार समेत हात पार्थे भने खेलकुद अन्तर्गत, चेस, क्यारामवोर्ड बाघचाल बुद्धिचाल, व्याटमिन्टन, भलिवल तथा फुटवल खेल खेल्न रुचाउने थपलियाले विभिन्न खेलहरूमा धेरै पुरस्कार पनि प्राप्त गरेका थिए । उनी कक्षा चारमा छँदा विद्यालयमा भएको कविता प्रतियोगितामा प्रथम भएर पुरस्कृत भएपछि साहित्य सिर्जना गर्न अभिप्रेरित भएको देखिन्छ । त्यसमा पनि कविता सिर्जनामै बढी केन्द्रित भएको देखिन्छ ।

प्रवेशिकासम्मको पढाइ शारदा माध्यमिक विद्यालय (हाल शारदा उच्च मा.वि.) आठराई चुहानडाँडाबाट पूरा गरेपछि तुङ्ग एन्. थपलिया तत्कालीन वीरेन्द्र इन्टर कलेज ( हाल तेह्रथुम क्याम्पस) मा वि.सं. २०२७ मा भर्ना भई अतिरिक्त अंग्रेजी विषय लिएर प्रमाण पत्र तहको अध्ययन सुरु गर्न पुग्छन् । आफ्नै घरपायक क्याम्पस भएकाले विहान बेलुका घरको काम गर्दै प्रमाण-पत्र तहको अध्ययन प्रारम्भ गरेको देखिन्छ । आफ्नै घरनजिकैको क्याम्पसमा उच्च शिक्षा सुरु गरेका कारण उनी कोठा खोजेर बस्नुपर्ने तथा दैनिक उपभोग्य वस्तुहरूको व्यवस्था आफै गर्नुपर्ने झञ्झटबाट मुक्त भएको देखिन्छ । नियमित रूपमा अध्ययन गरेका थपलियाले बिहान बेलुका घरको काम सघाउँदै, सनिबारका दिन गाईवस्तु चराउन जाँदासमेत अध्ययन गर्दै वि.सं. २०२९ मा द्वितीय श्रेणीमा प्रमाण-पत्र तहको अध्ययन पूरा गरे । नियमित रूपमा प्रमाण-पत्र तहको अध्ययन

[ड] शिष्य थपलियाबाट प्राप्त लिखित जानकारी ।

पूरा गरेका थपलियाले त्यसै कलेजमा स्नातक तहको अध्ययन सुरु गर्न पुग्छन् । तत्कालीन समयमा आठराई जस्तो ठाउँमा शिक्षित व्यक्तिहरू कमै थिए । शारदा मा.वि. मा अंग्रेजी शिक्षकको अभाव नै थियो । उनी विद्यार्थी हुँदादेखि अध्ययनशील व्यक्ति भएकाले साथै शैक्षिक क्षेत्रमै सहयोग गर्ने भावना भएका हुनाले वि.सं. २०३० मा शिक्षण पेसामा संलग्न भए । उनले जागिर र पढाइलाई निरन्तरता दिदै गए भने सहित्य सिर्जनालाई पनि त्यसै समयदेखि निरन्तरता दिएको पाइन्छ । जागिर, साहित्य सिर्जना तथा क्याम्पसको पढाइलाई एकैसाथ समय दिन नसकेपछि उनी क्याम्पसका नियमित विद्यार्थी हुन सकेनन् । स्वतन्त्र रूपमै घरमै पढेर स्नातक तहको पढाइ पनि वि.सं. २०३३ मा स्वतन्त्र परीक्षार्थीकै रूपमा त्रि.वि.बाटै पूरा गरे । स्कुलदेखि प्रमाण-पत्र तहसम्मको अध्ययनमा एकपटक पनि असफलता नबिहोरेका थपलिया स्नातक तहमा आएपछि त्यसबेलाको पाठ्यक्रम अनुसार अनिवार्य अन्तर्गत पढ्नुपर्ने पञ्चायत विषयमा चाँहि सफल नभई दुई/तीन पटकको परीक्षा पश्चात् मात्र सफलता पाए । पञ्चायतप्रति पहिलेदेखि नै घृणा गरेर त्यो विषय फेल भएको हो ।[८] यसरी थपलियाले औपचारिक रूपमा स्नातक सम्मको अध्ययन गरेको देखिन्छ ।

यसरी तुङ्ग एन्. थपलियाले औपचारिक रूपमा स्नातकसम्मको अध्ययन पूरा गरेका छन् । अनौपचारिक रूपमा उनले थुप्रै पूर्वीय तथा पाश्चात्य साहित्यको गहिरो अध्ययन गरेको उनका डायरीहरूमा लेखिएका विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका महत्त्वपूर्ण सूक्तिहरूबाट प्रष्ट हुन्छ ।

यसरी स्कुले जीवनदेखि नै अनुशासित, लगनशील तथा अध्ययनशील थपलियाको विद्यार्थी जीवन आठराई चुहानडाँडा स्थित शारदा मा.वि.बाट सुरु भई ताप्लेजुङ्ग हाङ्पाङ स्थित सरस्वती माध्यमिक विद्यालय हुँदै तेह्रथुम क्याम्पस चुहानडाँडासम्म आएर स्नातक तहसम्मको अध्ययनमा समाप्त भएको देखिन्छ । सबै कक्षाहरूमा द्वितीय श्रेणीको

[८] भीष्म थपलियाबाट प्राप्त मौखिक जानकारी ।

स्थानलाई कायम राखी औपचारिक अध्ययनलाई पूरा गरेका थपलियाले पढेर यही बन्छु भन्ने लक्ष्य नलिए पनि  पढाइको मुख्य लक्ष्य चाहिँ चेतनाको हुनपर्छ , चेतना नै समाज तथा देशविकासको द्योतक हो र सबैतिर शिक्षाको ज्योति फैलाउनुपर्छ भन्ने विचार लिएको देखिन्छ ।[ज्ञण]

## २.१.५ दाम्पत्यजीवन र पारिवारिकस्थिति

### २.१.५.१ विवाह र सन्तान

तुङ्ग एन्. थपलियाको विवाह वि.सं. २०३६ मा तेह्रथुम जिल्ला साब्ला निवासी .रिजाल परिवारकी माहिली छोरी कृष्णकुमारी रिजालसँग भएको हो । पूर्वीय अध्यात्मवादी संस्कारको विश्वास गर्ने पिता जयप्रसाद थपलियाले दुबै पक्षको चिना टिपन हेराई उक्त विवाह गराएका थिए। जीवनका सत्ताइसौं वसन्त पार गरेपछि मात्र उनी दाम्पत्य जीवनमा प्रवेश गरेको देखिन्छ । चिन्तनशील तथा गम्भीर स्वभावका थपलिया रुढीवादी संस्कारलाई अन्धभक्त भएर पछ्याउनु भन्दा त्यसलाई आधुनिक परिवेशअनुसार परिवर्तन गर्दै लैजानुपर्छ भन्ने मान्यता राख्छन् । वैवाहिक कार्यमा वैदिक विधिविधान अनुसार स्वयम्वरमा दुलाहाले दुलहीलाई औंठी लगाइदिने चलनलाई अस्वीकार गर्दै थपलियाले कलम नै चेतनाको प्रतीक हो, भन्दै स्वयम्वरमै औंठीको सट्टा कलम दिएका थिए, तर त्यतिबेलाका साथीभाइ तथा इष्टमित्रको करकापले गर्दा फेरि औंठी नै लगाइदिन बाध्य हुन्छन् ।[ज्ञज्ञ] यसरी थपलियाको विवाह २०३६ सालमा वैदिक विधिविधान सहित कृष्णकुमारी रिजालसँग भएको थियो ।

तुङ्ग एन्. थपलिया र कृष्णकुमारी थपलियाबाट दुई छोरी र एक छोराको जन्म भएको छ । जेठी छोरी शिक्षा थपलिया पढाइका अतिरिक्त समाजसेवा तथा साहित्य

---

[१०] शिक्षा थपलियाबाट प्राप्त मौखक जानकारी ।

[११] शिष्य थपलियाबाट प्राप्त मौखिक जानकारी ।

सिर्जनामा समेत सक्रिय रहँदै घरव्यवहार समेत आफै हेर्छिन् भने कान्छी छोरी बालिका थपलिया पनि साहित्य सिर्जनामै रहेको र नेपाली तथा अंग्रेजी दुबै भाषामा थुप्रै कथा कविता तथा उपन्यासहरू लेखेका र चाँडै नै ती रचनाहरू प्रकाशन हुने पनि शिक्षा थपलियाले जानकारी दिएकी छिन् ।[१२] तुङ्ग एन्. थपलियाका एकमात्र छोरा शिष्य थपलिया (२०४०) तेह्रथुम क्याम्पस चुहानडाँडा तेह्रथुमबाट पत्रकारिता तथा अर्थशास्त्र विषय लिई स्नातक तहसम्मको अध्ययन पूरा गरी त्रि.वि. कीर्तिपुरमा अर्थशास्त्र विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छन् भने पढाइका अतिरिक्त खेलकुद र पत्रकारितामा रुचि भएको उनी बताउँछन् ।[१३]

यसरी थपलिया दम्पतिका दुई छोरी र एक छोरा सहित तीन सन्तान सहित पाँच जनाको सानो परिवार सुखी र आनन्दको देखिन्छ ।

### २.१.५.२ पारिवारिक जीवन र आर्थिक अवस्था

तुङ्ग एन्. थपलियाको बाल्यकाल बुबाआमाको स्नेहमय छहारीमा सुखपूर्वक वितेको देखिन्छ । बुबा जयप्रसाद थपलिया, समाजसेवी शिक्षित तथा एक परिश्रमी कृषक समेत भएको हुनाले उनको परिवार मध्यमवर्गीय आर्थिकस्तरको भएको अनुमान गर्न सकिन्छ । तुङ्ग एन्. थपलियाको वि.स.२०३६ सालमा तेह्रथुम साब्ला निवासी कृष्णकुमारी रिजालसँग लगनगाँठो कसी दाम्पत्य जीवनको सुरुवात भएको देखिन्छ । थपलिया दम्पतिबाट शिक्षा र बालिका दुई छोरी र एक छोरा शिष्य गरी तीन सन्तानको जन्म हुन्छ । तीनजना छोराछोरी सहित जम्मा पाँच जनाको सानो सुखी परिवार भएकाले थपलिया दम्पतिले भएभरको मायाममता आफ्ना यिनै तीन सन्तानलाई खन्याएका छन् । यसरी उनको पारिवारिक अवस्था सुखपूर्वक बित्दै आए पनि हाल आएर श्रीमती कृष्णकुमारी तेह्रथुम

[१२] शिक्षा थपलियाबाट प्राप्त मौखिक जानकारी ।

[१३] ऐजन

कारागारमा बस्नुपरेको तथा स्वयं उनी पनि मानसिक समस्याले ग्रसित भएको कारण तुङ्ग एन्. थपलियाको अहिलेको अवस्था दयनीय रहेको देखिन्छ ।

तुङ्ग एन्. थपलिया स्नातक तहमा पढ्न सुरु गरेदेखि नै शिक्षण पेसामा संलग्न भए । तेह्रथुम क्याम्पसमा पढ्दै शारदा माध्यमिक विद्यालयमा अध्यापन गर्दै अध्ययन र अध्यापन दुबैलाई एकैसाथ अगाडि बढाएको देखिन्छ । जागिर र पढाइ एकैसाथ नभ्याइने भएकाले पछि जागिरलाई नियमितता दिई अध्ययन चाँहि घरैमा गरी पछि स्वतन्त्र परीक्षार्थीका रूपमा सामेल भई जागिर गर्दै स्नातक तह उत्तीर्ण गरेको देखिन्छ । [१४]

यसरी तुङ्ग एन्. थपलियाले वि.सं २०३० देखि आर्थिक लाभका लागि आफूलाई परिचालित गर्दै आएको देखिन्छ । २०३० सालदेखि शारदा माध्यमिक विद्यालयमा अस्थाई नि.मा.वि. अंग्रेजी शिक्षकको उमपा नियुक्त भई अंग्रेजी विषयको अध्यापनमा संलग्न भए भने पछि २०३१ सालमा त्यही स्थानमै स्थायी नियुक्ति पाए । पछि स्नातक उत्तीर्ण गरेपछि मा.वि. तहमा स्थाई नियुक्ति पाई अवकाश नपाउँन्जेल त्यही अध्यापन गरिरहे । ठूलो परिवारमा ठुलै खर्च पनि हुने भएकोले उनको जागिरले त्यतिबेला घरखर्चमा ठूलो सहयोग हुने गरेको थियो । उनकै सहयोगले उनीपछिका भाइले पनि पढ्नमा प्रेरणा हौसला तथा आर्थिक मद्दत पाएको देखिन्छ । जागिरबाट २०६२ सालमा अवकाश पाएका थपलिया हाल मानसिक असन्तुलन तथा बृद्धावस्थाकै कारण शारीरिक अशक्तता समेत खप्दै दुःखित अवस्थामा आफ्नै घरमा रहेका छन् ।

संगोलमा छँदा ठूलो परिवार थियो । त्यस समयको मध्यमस्तरकै परिवार थियो । तर थपलियाको विवाहपश्चात् संगोलको परिवारबाट छुट्टिई अलग्गै बस्न थालेदेखि उनलाई आर्थिक समस्याले अझ पिरोलेको देखिन्छ । शिक्षकको जागिरबाहेक अरु कुनै आम्दानीको श्रोत थिएन । उनलाई मानसिक रोगले बेलाबेलामा सताउने हुनाले उपचारार्थ कहिले राँची कहिले काठमाडौं लगिरहनुपर्ने भएकोले उनको आर्थिक अवस्था सवल बन्न

[१४] भीष्म थपलियाबाट प्राप्त मौखिक जानकारी ।

नसकेको देखिन्छ । उहाँको जागिरको आय जति सबै उपचारमै ठिक्क भएकोले हालसम्म पनि आर्थिक अवस्था सुधिन सकेको देखिँदैन । हाल दु:खित अवस्थामा रहेका थपलियाको आठराई चुहानडाँडा - २ मा १५/१६ रोपनी खेत र १५/१६ रोपनी बारी सहित पुरानै ढाँचाको जस्ताको छानो भएको दुईतले घर छ । श्रीमती तेह्रथुम कारागारमा बन्दी जीवन बिताइरहेकी छिन् भने कान्छी छोरी बालिकाको पनि विवाह भइसकेको छ । अहिले एक छोरी शिक्षा थपलिया र छोरा शिष्य थपलियाका साथमा आफ्नै घरमा दु:खित अवस्थामा जीवन बिताइरहेका छन् ।

बुबाआमाको स्नेहमय छहारीमा सुखपूर्वक हुर्केका थपलियाको बाल्यकाल सुखपूर्वक बितेपनि युवा अवस्थादेखि नै उनलाई मानसिक रोगले सताएको हुँदा उनको जीवनमा दु:खद अवस्था आएको देखिन्छ । क्रमश: उनको मानसिक समस्या बढ्दै जान्छ र उपचार का लागि भारतसम्म जानुपरेकाले अझ आर्थिक भार थोपरिन जान्छ । सन्तानलाई शिक्षा दीक्षा, लालनपालन तथा घरव्यवहार सबैथोकको लागि खर्च जुटाउने तथा उनलाई पनि दिनहुँ महँगो औषधि खाइरहनुपर्ने भएकाले उनको शारीरिक तथा मानसिक अवस्था पनि दिनहुँ कमजोर बन्दै गयो । अहिलेको अवस्थामा त उनलाई पारिवारिक चिन्ता पनि थपिएकाले झन् बढी मानसिक समस्या देखिएको छ । यसरी जीवनको उत्तरार्ध हुँदै जाँदा उनका समस्याहरू पनि बढ्दै जाँदा हाल अत्यन्तै दु:खद अवस्थामा जीवन व्यतीत भइरहेको देखिन्छ ।

### २.१.६ भ्रमण

आठराई तेह्रथुमकै वनपाखामा लुकामारी गर्दै बाल्यकाल बिताएका तुङ्ग एन्. थपलियाले स्नातक तहसम्मको अध्ययन तेह्रथुम क्याम्पस चुहानडाँडाबाटै पूरा गरी आठराई चुहानडाँडाकै शारदा माध्यमिक विद्यालय (हाल उ.मा.वि.) मा जागिर सुरु गरेका हुन् । थपलिया २०४१/४२ सालमा बी.एड्. अध्ययनका लागि धनकुटा आउँछन् । त्यतिबेलाको एकवर्षे धनकुटा उत्तरपानीको बसाइँका क्रममा उनले धनकुटाका उत्तरपानी,

हिले, पाखीबास, धनकुटा बजार लगायतका विभिन्न स्थानको भ्रमण गरेको कुरा उनका डायरीबाट थाहा हुन्छ । त्यति बेलाको राजनीतिमा पनि चाख राख्ने थपलियाले राजनैतिक कार्यक्रममा सहभागी हुन धरान, विराटनगर, इटहरी साथै पूर्व तराईका विभिन्न स्थानहरूको भ्रमण गरेको कुरा उनका डायरीमा उल्लेख भएबाट थाहा हुन्छ । शिक्षण पेसालाई मुख्य पेसाको रूपमा लिएका थपलिया नेपाल शिक्षक संघ तेह्रथुममा आवद्ध हुन पुग्छन् । त्यस संघमा आवद्ध भएपछि त्यसै संघको कार्यक्रम लिएर उनले तेह्रथुमका प्रायः सबै गा.वि.स. हरूमा पुगी त्यहाँका शिक्षकहरूसँग गरेको कुराकानी तथा कमिटी गठन गरेको कुरा उनका डायरीमा उल्लेख गरेबाट थाहा हुन्छ । यसै गरी उनले राजधानी काठमाडौं लगायत उपत्यकाका तीनवटै जिल्लाको पनि भ्रमण गरेको देखिन्छ । [१५]

विदेश भ्रमणका क्रममा उनी उपचारार्थ राँची गई फर्कने क्रममा भारतका विभिन्न स्थानहरू घुमेका थिए । दिल्ली, कलकत्ता, लखनऊ, बनारस जस्ता सहरहरूमा घुमेको कुरा उनले उल्लेख गरेका छन् । उनी पुगेका ठाउँहरूबाट प्रभावित भएर उनले त्यसै ठाउँको वस्तुस्थितिलाई नै आफ्नो सिर्जनाको विषयवस्तु बनाएका छन् । आफ्ना सिर्जनाहरूमा आफूले भ्रमण गरेका स्थानहरूको सजीव चित्रण गर्ने उनले त्यहाँका मेहनती र परिश्रमी व्यक्तिहरूको साथै गरिब, निमुखा, रोगी तथा असहायवर्गको पीडा र व्यथालाई पनि आफ्नो सिर्जनाको विषयवस्तु बनाएका छन् ।

यसरी तुङ्ग एन्.थपलियाले नेपालको राजधानी लगायत् विभिन्न जिल्लाका पाखापखेरा कन्दरादेखि फाँटसम्म र विदेशमा छिमेकी मुलुक भारतका विभिन्न सहरहरूको भ्रमण गरेको देखिन्छ । यस अतिरिक्त उनले औपचारिक रूपमा कतै भ्रमण गरेको पाइँदैन ।

---

[१५] शोधनायकको डायरीबाट प्राप्त जानकारी ।

### २.२.८ रुचि

रुचि व्यक्तिपिच्छे फरक फरक हुन्छन् । मानिसमा पाइने फरक फरक रुचि नै मानिसको वैयक्तिक विशेषता हो । आफ्नो रुचि अनुसार व्यक्तिले आफूलाई डोऱ्याएको हुन्छ । बालककालदेखि नै लेख्न, पढ्न, भ्रमण गर्न तथा साथीभाइहरूसँग छलफल गरी नयाँ ज्ञान लिन रुचाउने तुङ्ग एन्. थपलियाको मुख्य रुचिक्षेत्र साहित्य र समाजसेवा नै रहेको देखिन्छ । आफ्ना परिवारका सदस्य तथा छरछिमेकी र साथीभाइ सबैसँग समान व्यवहार गर्न रुचाउने थपलियाका बाघचाल, चेस, क्यारामबोर्ड, फूटवल, भलिवल, टेवलटेनिस जस्ता खेलहरू रुचिका विषय हुन । भ्रमणलाई पनि रुचिको विषय बनाउने थपलियाले आफ्नो शरीरले साथ दिएसम्म स्वदेश तथा विदेशका विभिन्न क्षेत्रको भ्रमण गरेको देखिन्छ । सानैदेखि अध्ययनमा औधी रुचि लिने थपलिया बालककालमा साथीहरूसँग खेल्न जाँदा अथवा गाईवस्तु चराउन जाँदा समेत गोजीमा पुस्तक बोकेर जान्थे र साथीहरूले उनलाई जतिखेरै किताब बोकिरहन्छ भनेर खिसी समेत गर्थे । [१६]

यसरी सानैदेखि अध्ययनमा विशेष रुचि भएकै कारण उनले पढाइ सुरु गरेदेखि नै कहिल्यै असफल भएनन् । बरु कक्षामा धेरैजसो प्रथम तथा द्वितीय स्थान ल्याएका हुन्थे ।

यसरी तुङ्ग एन्. थपलियाको बालककालदेखिकै रुचिक्षेत्र विशेषत अध्ययन गर्नु नै रहेको देखिन्छ । पूर्वीय अध्यात्मवादी संस्कार अनुसार साँझको पाहुनालाई देवतासमान मान्ने, कसैप्रति नमीठो तथा नराम्रो व्यवहार नगर्ने, दीन दुःखी तथा असहायमाथि दया र स्नेह राखी आफूसक्दो सहयोग गर्नुपर्छ भन्ने मान्यता उनमा रहेको थियो । [१७] आहारविहारका सम्बन्धमा त्यस्तो विशेष रुचि देखिदैन तापनि नेपाली राष्ट्रिय खाना, दालभात, सागको तरकारी गुन्द्रुक, ढिंडो, रोटी, दही दूध, फलफूल माछामासु तथा खीर जस्ता खाद्य परिकारहरू घरपरिवारका सदस्यहरूसँगै बसेर खाँदा रमाइलो मान्थे ।

---

[जट] शिष्य थपलियाबाट प्राप्त लिखित जानकारी ।
[जठ] शिक्षा थपलियाबाट प्राप्त मौखिक जानकारी ।

घरपरिवारका सदस्यबाहेक अन्यत्र ठाउँमा बस्दा पनि धेरैजना साथीहरूसँग बसी रमाइलो गर्दै खान  मन पराउँथे । उनले खान पटक्कै मन नपराउने प्रायः कुनैपनि खानेकुरा थिएनन् । साथीभाइको सल्लाह अनुसारका खानाका परिकारहरू खाने र सबैसँग समान व्यवहार  राख्ने भएकाले पनि उनका साथीहरू धेरै हुन्थे र घरबाहिर निस्केपछि प्रायः ५/६ जना साथीहरू उनका छेउछाउ भइ नै रहन्थे । खाना खाएपछि केही समय आराम गर्ने र प्रायः बेलुकाको शान्त समयमा केहीबेर घरवाहिर हिडडुल गर्ने उनको रुचि थियो । भेषभूषाका सम्बन्धमा आवश्यकता अनुसार नेपाली राष्ट्रिय पोशाक दौरा सुरुवाल, कोट, ढाका टोपी, तथा सर्ट पाइन्ट, टाई, कालो छालाको जुत्ता आदि पहिरन लगाउन मनपराउँछन् । [ज्ञड] फूर्सदको समयमा घरमा बस्दा मौसम अनुसार भेष्ट, पाइन्ट, हाफपाइन्ट, चप्पलको पहिरनमा हुन्थे भने जागिर तथा अन्य औपचारिक स्थलहरूमा जाँदा चाँहि प्रायः दौरा सूरुवाल  र टोपी नै लगाउँथे । अध्ययनशील व्यक्ति भएका कारण विभिन्न देशका विभिन्न विद्वान्हरूका भनाइहरू संकलन गर्ने तथा विभिन्न प्रकारका पुस्तक तथा पत्रपत्रिकाहरू संकलन गर्ने पनि उनको रुचिको विषय रहेको देखिन्छ । साहित्य सिर्जनाका अतिरिक्त समाजसेवामा चाख लिने थपलियाले आफ्नो विशेष रुचिकै कारण विभिन्न सामाजिक कार्यहरूमा सक्रियताका साथ सहभागिता देखाएको पाइन्छ । [ज्ञढ]

यसरी एउटा व्यक्तिभित्र पनि विभिन्न किसिमका रुचि हुनाले तुङ्ग एन्. थपलियामा पनि आफ्नै खालका रुचिहरू रहेको कुरा माथिका विवरणबाट प्रष्ट हुन्छ ।

### २.१.९ स्वभाव र आनिबानी

मानिसहरूमा स्वभाव र आनिबानी पनि व्यक्ति अनुसार फरक हुन्छन् । तुङ्ग एन्. थपलियाको स्वभाव र आनिबानी पनि आफ्नै किसिमको छ । विद्यार्थी जीवनमा थपलियाले नियमित रूपमा दैनिक १२/१४ घण्टा पढ्ने गरेको देखिन्छ । औपचारिक अध्ययन समाप्त

[ज्ञड] शिष्य थपलियाबाट प्राप्त लिखित जानकारी ।
[ज्ञढ] शोधनायकको डायरीबाट प्राप्त जानकारी ।

भई कार्यक्षेत्रमा लागेपछि निश्चित समयसम्म काममा व्यस्त रहने र आफ्नो नियमित कार्य समाप्त भएपछि दायाँबाया कतै नलागी समयमै घर फर्कने बानी बाल्यकालदेखि नै रहेको देखिन्छ । सधै बेलुका अबेरसम्म पढेर बस्ने उनको बानी बालककालदेखि नै थियो । घरमा राती अबेरसम्म टुकी बालेर पढिरहदा कहिलेकाँही त हजुआमाले आएर सुत भनी टुकी निभाएर जानुहुन्थ्यो र उहाँ सुत्नुहुन्थ्यो रे ।[२०] सानै उमेरदेखि प्राचीन, धार्मिक, साँस्कृतिक, ऐतिहासिक साहित्यिक आदि विषयसँग सम्बन्धित पुस्तक र पत्रपत्रिकाहरू सङ्कलन गर्ने र व्यवस्थित रूपले राख्ने स्वभाव उनमा रहेको देखिन्छ । यिनै स्वभावका कारण नै उनी एक विद्वान् व्यक्ति तथा कुशल लेखक र कवि बन्न पुग्छन् । अफिस वा बाहिरबाट घर फर्केपछि केहीक्षण आराम गरी नुवाइ धुवाइ गरी लेखपढ गर्न बस्ने गरेको उनकी छोरी शिक्षा थपलिया बताउँछिन् ।[२१] उनी दीन दुःखी तथा असहायप्रति दया र स्नेह राखी सकेसम्म सहयोग गर्नु आफ्नो कर्तव्य ठान्छन् । मन्दिरमा गएर फलफूल तथा रूपैया पैसा चढाएर धर्म भयो भन्ने व्यक्तिहरूमा चेतनाको दियो बल्न बाँकी नै रहेको ठान्ने उनी दीन दुःखीलाई सहयोग गर्नु र अशिक्षितलाई शिक्षा दिनु नै ईश्वरको ठूलो सेवा गरेको ठान्छन् । हरेक वर्गका व्यक्तिहरू जस्तोसुकै कुरामा भए पनि उनीसित सल्लाह र सुझाव लिन आएमा त्यस विषयवस्तुमा आधारित भई उसको चित्त नबुझुञ्जेल घण्टौंसम्म बसेर विषयवस्तुको गहिराइमा पुग्ने र उसको चित्त बुझाएरै छाड्ने उनको बानी थियो । कसैलाई केही सहयोग वा सुझाव गर्नुपरे उनी जस्तो सुकै व्यस्ततामा भएपनि सुझाव र सल्लाहका लागि तत्पर हुन्थे ।[२२] लेखपढ गरेर अलिकति बचेको समयमा रेडियो सुन्ने र गीतहरू गुनगुनाउन मनपराउने थपलिया बाटामा एक्लै हिड्दा वा घरैमा हुँदा पनि आफूलाई मनपरेको कुनै पनि गीत वा कविता गुनगुनाइरहेका हुन्थे ।

[२०] शिक्षा थपलियाबाट प्राप्त मौखिक जानकारी ।

[२१] **ऐजन ।**

[२२] **ऐजन् ।**

पढ्न चाहनेलाई पढाउने, विचार विमर्श गर्न चाहनेलाई निर्धक्कसँग छलफल गरेर सल्लाह दिने थपलिया अत्यन्त सहृदयी हुनुका साथै गम्भीर मुद्राका, ख्यालठट्टा धेरै नगर्ने, विषयमा केन्द्रित हुने, आफ्नो जिम्मेवारीमा भएका कामलाई दृढतापूर्वक सफल पारेरै छाड्ने भएकाले कसैले पनि उनलाई गलत सावित गर्न सक्तैनन् । इच्छाशक्ति प्रवल भएका उनी मानवीय सेवा, सहयोग र मानवोचित व्यवहार गर्नु नै सच्चा मानवीय धर्म हो भन्दछन् । ज्ञान हासिल गर्नु, पढ्न पाउनु, स्वतन्त्र रूपमा देशविदेश घुम्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार ठान्ने थपलिया त्यस समयमा पढ्न इच्छा गर्ने तर पढाइ खर्चको व्यवस्था गर्न नसक्ने निम्नवर्गीय व्यक्तिहरूलाई निःशुल्क ट्युसन समेत पढाउँथे ।[२३] यसबाट पनि उनमा सहृदयता उदारता तथा सेवाको भावना अत्यन्त प्रबल रूपमा रहेको प्रस्ट हुन्छ ।

आफ्नो राष्ट्र, राष्ट्रियता, धर्म र संस्कृतिको विकासमा सधैं लागिपर्ने थपलिया समयसमयमा आउने चाडपर्वका कार्यक्रममा आफन्त र परिवारका सदस्यसँग बसेर अभिरुचिपूर्वक सहभागिता जनाउँथे । पूर्वीय अध्यात्मवादी संस्कारमा विश्वास राख्ने थपलिया गाउँघरमा हुने पूजापाठ, विवाह, व्रतबन्ध आदि धार्मिक कार्यमा पनि उत्सुकताका साथ सहभागी हुन्थे । गाउँघरका विवाह व्रतबन्धदेखि लिएर मरिमराउ जस्ता अवस्थामा आफू लगायत परिवारका सबै सदस्यसँगै सामेल हुने र सक्रिय सहयोग गर्ने थपलिया पछि शारीरिक रूपमा कमजोर हुँदै गएपछि पनि उनी परिवारलाई सहयोग गर्न पठाउँथे । साथीभाइ गाउँघर छरछिमेक तथा घरपरिवारमा समेत अत्यन्तै मिलनसार थपलियाको अहिले चुरोट पिउने बानी रहेको देखिन्छ भने परिवारका अरु कसैले पनि अम्मल लिने नगरेको शिक्षा थपलियाले जानकारी दिएकी छिन् ।

सधैं प्रफुल्ल मुद्रामा देखिने विनम्र, सरल, मिलनसार, शिष्ट गम्भीर प्रकृतिका तथा कोमल हृदय भएका, परिश्रमी, उपकारी, देशभक्त, प्रजातान्त्रिक शासनपद्धतिमा विश्वास

[२३] ऐजन् ।

राख्ने थपलियाको शारीरिक उचाइ पाँचफिट सात इन्छ छ । पातलो शरीर भएका गहुँगोरो वर्णका, ठूलो निधार, बाटुला आँखा भएका प्रभावशाली व्यक्तित्वका धनी, कुनै पनि विषयमा दक्षतापूर्वक सुमधुर शैलीमा धाराप्रवाह शैलीमा बोल्न सक्ने उनी लेख्न बसेपछि विषय नसकिउन्जेल एउटै आसनमा बसेर लगातार लेखिरहन्छन् । आफ्ना विचार प्रष्टसँग व्यक्त गर्नसक्ने थपलियालाई सबैले मनपराउँछन् । कहिल्यै कसैसँग नरिसाउने, सबैसँग नम्र भएर मीठो स्वरमा बोल्ने थपलियाको बाल्यावस्थादेखिको स्वभाव पछिसम्मै कायम रह्यो । त्यसै कारणले नै उनीसँग रिसाउने तथा अप्रसन्न हुने सायद कमै होलान् । आफ्नो परिवार तथा समाजलाई सत्मार्गमा डोऱ्याउन सकेसम्म लागिपर्ने उनी आफ्ना छोराछोरी तथा छरछिमेकका अरु केटाकेटीलाई समेत लेखपढको कार्यमा निरन्तर लागिरहन प्रोत्साहन गर्छन् । [द्ध]

## २.१.१० दुःखसुखका स्मरणीय क्षणहरू

जीवनमा घट्ने हरेक घटनाहरूलाई स्वभाविक र सामान्य रूपमा लिने थपलिया दुःखमा नआत्तिने र सुखमा नमात्तिने व्यक्ति हुन् । उनका उल्लेख्य सुखदुःखका क्षणहरू भने अत्यन्त कम रहेको देखिन्छ । उनले सबैभन्दा दुःखको क्षण आफ्ना पिता जयप्रसाद थपलियाको र माता हरिमाया थपलियाको निधन भएको क्षणलाई लिएका छन् भने आफ्ना तीन सन्तान शिक्षा, शिष्य र बालिकाको जन्म भएको तथा २०४६ सालमा प्रजातन्त्रको पुनर्प्राप्तिको घोषणासँगै जेलबाट निस्केको क्षणलाई सबैभन्दा खुशीको क्षण भएको आफ्ना डायरीहरूमा उल्लेख गरेका छन् ।

## २.१.११ सम्मान तथा पुरस्कार

तुङ्ग एन्. थपलिया भिरपाखामा मगमगाउँदै फुल्ने सुनाखरी हुन् जसलाई नजिकैबाट हेर्ने तथा सुगन्ध लिने सौभाग्य कमैले मात्र पाएका छन् । अर्थात् उनी

[द्ध] रामचन्द्र थपलियाबाट प्राप्त मौखिक जानकारी ।

ओभ्केलमा परेका होनहार प्रतिभा हुन् । हालसम्म पनि उनलाई समाज र राष्ट्रले कदर गर्न सकेको छैन । उनको योगदानलाई समाज र राष्ट्रले चिन्न सकेको छैन । विद्यार्थी जीवनदेखि नै स्कूल तथा क्याम्पसमा हुने विभिन्न साहित्यिक साँस्कृतिक तथा खेलकुद आदि कार्यक्रममा प्रथम तथा द्वितीय स्थान हासिल गरेका थुप्रै पुरस्कारहरू उनले लिएका छन् । उनले कक्षा चारमा छँदा कवितावाचन गरेर प्रथम भएर पाएको पुरस्कार नै सबैभन्दा पहिलो पुरस्कार हो ।[द्छ] यसैबाट उनी कविता सिर्जनमा अग्रसर भएका देखिन्छन् । यसरी उनले विद्यालय तथा क्याम्पसबाट पाएका पुरस्कारका अतिरिक्त अन्य कुनै संघ संस्थाबाट सम्मान तथा पुरस्कार पाएका छैनन् । समाज र राष्ट्रको हितका निम्ति आफ्नो समय खर्चिने थपलिया बाँचुञ्जेल र आफ्नो बलबुताले भ्याएसम्म समाज र राष्ट्रका लागि केही गर्न पाउनु नै आफूले पाएको ठूलो सम्मान भएको स्वीकार्छन् ।[द्ट]

## २.१.१२. जीवनदर्शन र साहित्यिक मान्यता

कुनै पनि साहित्यकारका साहित्यिक कृतिको यथार्थ मूल्य निर्धारण गर्नका लागि उसको जीवनजगतप्रतिको हेराइलाई बुभ्न नितान्त आवश्यक हुन्छ । यस सन्दर्भमा तुङ्ग एन्. थपलियालाई हेर्दा उनी प्रभाववादी लेखक तथा नेपाली काँग्रेससँग सम्बद्ध व्यक्ति समेत भएकाले उनको जीवनजगतप्रतिको दृष्टिकोण सामाजिक विकासवादी रहेको देखिन्छ । विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक मान्यताबाट बढी प्रभावित कवि थपलिया "कलाकार विद्रोही हुन्छ र असामाजिक प्राणी" भन्ने बी.पी.को मान्यतालाई उद्धृत गर्दै यसो भन्छन् । 'जीवनमा एउटा त्यस्तो अनुभव म गर्छु जुन अभूतपूर्व र अलौकिक छ, मभित्र एउटा त्यस्तो व्यक्ति छ जो म के गर्दैछु सबै जान्दछ के गर्नुपर्ने र के नगर्नुपर्ने त्यो पनि भन्दछ, म हिजो के थिएँ आज के छु र भोलि के हुनेछु त्यो बहुतै सरल स्पष्ट र शुद्ध भाषामा गफ गर्छ, अभ्क आश्चर्य त म त्यसबेला हुन्छु जब मभित्रको मान्छेले मैले आफूले

---

[द्छ] भीष्म थपलियाबाट प्राप्त मौखिक जानकारी ।
[द्ट] शिक्षा थपलियाबाट प्राप्त मौखिक जानकारी ।

साधना गरेभन्दा बढी शुद्ध मात्रामा र अविदित लोकको शब्दकोषको समुद्घाटन गर्छ, त्यस्तो दिव्य भाषा प्रयोग गर्ने व्यक्तिलाई साकार रूप दिन शायद कवि कलाकारहरूको सृष्टि भएको हो ।[द्ठ]

शोधनायक थपलिया आफ्नो जीवनदर्शनलाई भौतिक द्रव्यहरूको गतिको रूपमा लिन्छन् । सत्यता, इमान्दारिता, लगनशीलता, नैतिकता, वैचारिकता तथा परिश्रमप्रति विश्वास प्रकट गर्ने उनी साहित्यकारलाई समाज परिवर्तनको सम्बाहकका रूपमा लिन्छन् । अभावमा असल समाज र असल विचारको निर्माण हुन नसक्ने धारणा व्यक्त गर्दछन् । साहित्यकारलाई साँस्कृतिक विचारको अग्रणी अभियन्ताका साथै देशकाल परिस्थिति अनुरूप मानवीय विकासका गतिलाई अगाडि बढाउने कारकका रूपमा लिन्छन् । समाजमा देखिएका विकृति, विसङ्गति, अन्याय, अत्याचार आदिको उन्मुलन गर्न, चेतना प्रदान गर्न र समाजमा आर्थिक सामाजिक तथा राजनैतिक समानता स्थापित गर्न साहित्यकारको आवश्यकता रहेको थपलियाको धारणा पाइन्छ । साहित्यलाई मानवीय संवेदनाको मर्मस्पर्शी अभिव्यक्ति र जनजीवनका यथार्थ अनुभूतिहरूको कलात्मक चित्रण ठान्ने उनी साहित्यलाई शोषित पीडित मानवका पीडाहरूलाई जागरुक गराउने सहज अभिव्यक्तिका रूपमा लिन्छन् । आफ्ना कथा कविताहरूमा आफूले भन्न खोजेका सबैकुरा स्पष्ट छन् त्यसैले आफ्ना सबै रचनाहरू उत्तिकै मनपरेका र सबैले बेग्लाबेग्लै अनुभूतिलाई व्यक्त गरेकाले आफ्ना लागि सबै बराबर भएको धारणा उनले आफ्ना डायरीमा व्यक्त गरेका छन् ।

नेपालमा राज्यव्यवस्थाका तर्फबाट साहित्यकारहरूको विषयमा कुनै खास चासो नदेखाए पनि साहित्य युग र समयसामेक्ष हुन्छ क्रमशः यसले चारैतिरबाट आफ्ना पाइला अगाडि बढाउनेछ भन्ने थपलिया आफ्ना प्रत्येक साहित्यिक अभिव्यक्ति देश, जनता तथा विश्वकै लागि हुन् भन्ने धारणा व्यक्त गर्दछन् ।

---

[द्ठ] शोधनायकको डायरीबाट प्राप्त जानकारी ।

साहित्य र राजनीतिको सम्बन्धका बारेमा स्पष्ट अवधारणा भएका थपलिया साहित्यलाई व्यक्तिको अन्तर्मनबाट निसृत अभिव्यक्तिका रूपमा लिन्छन् भने राजनीतिलाई दैनिक व्यवहारका सबै पक्षलाई निर्देशन गर्ने चेतनाको रूपमा लिन्छन् । राजनीति साहित्य र समाजको उन्नति र प्रगतिका लागि शिक्षा अनिवार्य भएको कुरा उनले आफ्ना लेखहरूमा व्यक्त गरेका छन् । शिक्षा साहित्य र राजनीतिको अन्योन्याश्रित सम्बन्ध रहेको तथा यी तीनै पक्ष एक अर्काका परिपूरक रहेको धारणा व्यक्त गर्दछन् । राजनीतिलाई समाजको चेतनाको रूपमा र साहित्यलाई आत्मिक चेतनाको रूपमा लिने थपलियाले यी दुबैको सम्बन्ध सुमधुर, हार्दिक र पारस्परिक हुन्छ भन्ने धारणा  आफ्ना लेख रचनाहरूमा व्यक्त गरेको पाइन्छ । प्रकृतिलाई शास्वत् सत्य र खुला पाठशालाको रूपमा लिने थपलिया प्रकृति र प्रेम ब्रम्हाण्डका ध्रुवसत्य वस्तु हुनाले प्रेमलाई मनोगत भाव र अमूर्तकलाका रूपमा लिन्छन् । प्रकृति र प्रेमले मानिसलाई मृत्युपर्यन्त पनि पछ्याइरहने हुँदा यिनीहरूलाई साहित्यसिर्जनाका क्रममा सदा प्रेरक तत्वका रूपमा लिनुपर्दछ , प्रकृतिविना प्रेम, शान्ति र सिर्जना हुन सक्दैन भन्ने धारणा व्यक्त गरेको पाइन्छ । जीवन र साहित्य एक अर्काका परिपूरक हुन् भन्ने थपलिया जीवनविनाको साहित्य र साहित्यविनाको जीवन निरर्थक तथा निष्प्राण हुन्छ भन्छन् । समाजका चेतनशील व्यक्तिको दायित्व समाजको परिवर्तनका निम्ति केही न केही सिर्जनात्मक कार्य गरेर आफ्नो उत्तरदायित्व इमान्दारीपूर्वक निभाउनु समाजका प्रत्येक सचेत व्यक्तिहरूको कर्तव्य हो भन्ने धारणा आफ्ना रचनाहरूमा व्यक्त गर्छन् साथै समाजका प्रत्येक व्यक्तिहरूमा समानता र स्वतन्त्रता कायम नरहेसम्म देश समाज र जनताको उन्नति र प्रगति हुन नसक्ने धारणा समेत व्यक्त गरेको पाइन्छ । प्रजातन्त्रप्रति अत्यधिक आस्था र विश्वास राख्ने थपलिया जुन देशमा प्रजातान्त्रिक व्यवस्था छ, त्यही देशमा मात्र स्वतन्त्र निस्पक्ष र बैज्ञानिक शिक्षा सम्भव हुन्छ, प्रजातन्त्रले समग्र विकासका सम्भावनाहरू बोकेको हुन्छ, र शिक्षाले ती

सम्भावनाहरूलाई प्रस्फुटित गरिदिन्छ, प्रजातन्त्रविना शिक्षा निष्प्राण हुन्छ काम नभएको यन्त्र जस्तो हुन्छ [२८] भन्ने धारणा आफ्नो लेखमा व्यक्त गर्दछन् ।

साहित्यकार हुनलाई व्यक्तिमा साहित्यप्रति अभिरुचि, लगनशीलता, अध्ययनशीलता, चिन्तनशीलता तथा अभिव्यक्तिको निरन्तर साधनाले नै मानिसलाई निश्चित रूपमा साहित्यकार बनाउँने हुँदा उत्कृष्ट साहित्यकार बन्नका लागि प्रतिभा व्युत्पत्ति र अभ्यास तीनै तत्वको निरन्तरता हुनुपर्दछ भन्ने धारणा व्यक्त गर्दछन् । यसमा पनि साहित्यकार हुनलाई प्रतिभा र त्यसलाई सही तरिकाले प्रस्तुत गर्न निरन्तर अभ्यास आवश्यक भएको उनको धारणा रहेको पाइन्छ । साहित्यका दृष्टिकोणले हेर्दा पूर्वीय तथा पाश्चात्य दुबै साहित्यबाट प्रभावित थपलियाले आफ्ना साहित्यिक कृतिमार्फत् आफ्ना जीवनवादी दृष्टिकोण प्रस्तुत गर्न खोजेको पाइन्छ ।

साहित्यिक विधा विकासका लागि रचनाहरूलाई प्रकाशित गर्नुपर्दछ, र प्रत्येक व्यक्तिका मनभित्र गुम्सिएर रहेका भावनालाई सबैतिर फिँजाउनुपर्दछ भन्ने धारणा भएका थपलियाले नेपाली साहित्यको श्रीवृद्धि गर्न राष्ट्रका सम्पूर्ण साहित्यकारले आफ्नो क्षेत्रबाट सक्रियरूपमा लागि पर्नुपर्ने धारणा आफ्ना रचनाका माध्यमबाट सम्पूर्ण साहित्यानुरागी व्यक्तिसामु पुऱ्याएका छन् ।

## २.२ व्यक्तित्व

मान्छेको व्यक्तित्व उसको जीवनमा आइपर्ने विभिन्न आरोह अवरोह, पीर वेदना, सुखदुःख तथा क्रियाप्रतिक्रियाबाट निर्धारित हुन्छ । व्यक्तित्व निर्माणमा पारिवारिक सामाजिक आर्थिक सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी निर्माण भएको व्यक्तित्व व्यक्तिका समस्त जन्मजात एवं आर्जित

---

[२८] ऐजन् ।

प्रवृत्तिहरूको समूह हो । परिस्थितिअनुरूप चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिहरूको प्रस्तुत गर्नसक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।

### २.२.१ निजी व्यक्तित्व

निजी व्यक्तित्व भन्नाले व्यक्तिका वैयक्तिक व्यवहारिकताबाट प्रकाशित निजी तत्वलाई बुझ्न सकिन्छ । कुनै पनि व्यक्तिको सार्वजनिक व्यक्तित्वको पहिचान नितान्त जरुरी मानिन्छ किनभने व्यक्तिका निजी व्यक्तित्वको स्पष्ट छवी उसका सार्वजनिक व्यक्तित्वहरूमा परेको हुन्छ । निजी व्यक्तित्वमा अन्तर्निहित आन्तरिक तथा बाह्य पक्षको यथार्थ रूपमा उचित ज्ञानका लागि व्यक्तिको बाह्य आकारप्रकार उसको शीलस्वभाव, आचरण र प्रवृत्तिका सापेक्षतामा अवलोकन गर्न उपयुक्त हुने हुनाले यहाँ तदनुरूप हेर्ने प्रयास गरिएको छ ।

### २.२.२ बाह्य व्यक्तित्व

मानिसको शारीरिक व्यक्तित्व, आकारप्रकार र रूपरंग नै उसको बाह्य व्यक्तित्व हो । यसैका आधारमा तुङ्ग एन्. थपलियाको बाह्य व्यक्तित्वको पुष्टि गरिन्छ । ठिक्कको शरीर रचना, गहुँगोरो वर्ण, केही लाम्चो मुखाकृति, पाँचफिट सातइन्च उचाइ, अनुहारसँग मिल्दो नाक, उच्च फराकिलो निधार, त्यसमाथि तीखा मर्मभेदी युगल नयन, सुहाउँदिला कान, मसिनो र केही फुलेको केशराशी, दुब्लो पातलो शरीर भएका थपलिया हाल शारीरिक एवं मानसिक रूपमा असक्त अवस्थामा रहेका देखिन्छन् । सामान्य किसिमको पहिरनमा रहेका थपलियाका गाला तथा निधारमा चाउरीपनका कारण क्रमशः बुढ्यौली तथा असक्तताले घेरेको सङ्केत दिइरहेको आभाष हुन्छ । बुढेसकालकै कारण आँखाको पनि केही कमजोरीले गर्दा युगल नयनमाथि लगाएको चश्मा पनि सुहाएको छ र अनुहार अझै खुलाएको देखिन्छ । बालककालदेखि नै अध्ययनमा रुचि भएका थपलिया हाल मानसिक तथा शारीरिक रूपमा असक्त अवस्था भए पनि किताव कपी या कलम भेटेपछि त्यसलाई समातेर केही लेख्न पढ्न थालिहान्छन् । यसरी अचेतन अवस्थामा लेख्दा उनलाई लेखनमा

बढी प्रेरणा तथा हौसला जसबाट मिलेको थियो । त्यसैको नाम बढी उल्लेख गरेको पाइन्छ । उनी यस्तो अचेतन अवस्थामा लेख्दा तथा गुनगुनाउदा पनि बी.पी.कोइराला, खगेन्द्र संग्रौला, वर्डस्वर्थ, शेली, किट्स जस्ता व्यक्तिहरूको नाम बराबर लिइरहन्छन् । यस आधारमा उनी यिनै व्यक्तिहरूबाट बढी प्रभावित भएको बुझ्न सकिन्छ । यसरी उनको बाह्य व्यक्तित्व सुन्दर, चिन्तनशील तथा गम्भीर प्रवृत्तिको देखिन्छ ।

### २.२.३ आन्तरिक व्यक्तित्व

मध्यमवर्गीय परिवारमा जन्मेर पनि उच्च शिक्षा हासिल गर्न सफल भएका थपलिया नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएर नेपाली साहित्यको भण्डारलाई अझ भरिपूर्ण पार्ने कार्यमा लागेका साहित्यकार हुन् । बालककालदेखि नै अध्ययनशील तथा चिन्तनशील व्यक्तिका रूपमा देखिने उनी सधै केही न केही सोचिरहेका हुन्थे । साहित्यकारहरू प्रायःजसो चिन्तनशील, मननशील हुनेहुँदा उनमा पनि त्यो विशेषता पूर्णरूपमा रहेको पाउन सकिन्छ । कर्तव्यपथमा निरन्तर लागिरहने थपलिया नम्र, भद्र र शिष्ट तरिकाले बोल्ने, मिजासिलो तथा मिलनसार स्वभावका देखिन्छन् । समाजका युवावर्ग नै विकासको मेरुदण्ड हुन् भन्ने मान्यता लिएका उनी सधै युवावर्गलाई केही गर्न र केही सिक्न प्रोत्साहन गरिरहन्छन् । युवावर्गलाई प्रोत्साहन गर्ने, रुढिवादी परम्परामा विश्वास नगर्ने थपलिया जिज्ञासु व्यक्तिलाई केही कुरा सिकाउनुपरेमा खुसीसाथ उत्सुक भई नजानुन्जेल सिकाइरहन्छन् । अतिरिक्त अंग्रेजी विषय लिई स्नातक उत्तीर्ण गरेका थपलिया नियमित रूपमा कजेज गएर नपढे पनि आफ्नो विषयमा दक्ष थिए । सधैं क्याम्पस गइरहने साथीहरूलाई उनी उत्सुकताका साथ सिकाउँथे । गाउँका अन्य केटाकेटीहरूलाई पनि उनी त्यस समयमा निःशुल्क ट्युसन पढाउँथे ।[२९] कसैप्रति रिसराग तथा ईर्ष्या नगर्ने, निरन्तर अध्ययनमा लाग्ने, कमजोर वर्गको उत्थानका लागि मन खुलाएर सहयोग गर्ने स्वभाव उनमा रहेको देखिन्छ । सामाजिक सुधारका लागि विभिन्न

[२९] शिक्षा थपलियाबाट प्राप्त मौखिक जानकारी ।

संघ संस्थामा कार्य गरी सक्रिय रूपमा भूमिका खेल्दै आएका थपलियाको विभिन्न स्तरका मानिसहरूसँग सम्पर्क हुँदै आएको देखिन्छ । कम बोल्ने, आवश्यक कुरा उपयुक्त शैलीले व्यक्त गर्ने थपलिया परिस्थिति अनुसार कहिलेकाही गम्भीर विषयको छलफलमा समेत सामेल भएको पाइन्छ ।

मध्यमवर्गीय परिवारमा जन्मेका थपलियाले सनातनदेखि चली आएको धर्मप्रति झुकाव देखाएको पाइन्छ । तुङ्ग एन्. थपलिया साहित्यकार तथा अंग्रेजी विषयका शिक्षक भएकाले उनका धेरैजसो साथीहरू बौद्धिक स्तरकै देखिन्छन् । उनमा रहेको स्वाभिमान र स्वाबलम्बी प्रबृत्तिले गर्दा साहित्यका विविध क्षेत्रमा कलम चलाउनका साथै शिक्षण पेसामा पनि संलग्न हुन पुगेको पाइन्छ । उनी नेपाली ग्रामीण समाजमा हुर्केका र ग्रामीण परिवेश तथा जनजीवनलाई राम्रोसँग चिनेकाले त्यही परिवेशलाई लिएर आफ्नो सिर्जन यात्रालाई अघि बढाउँछन् भने पाश्चात्य साहित्यको समेत राम्रो अध्ययन गरेकाले अंग्रेजीमा पनि तिनै ग्रामीण विषयवस्तुलाई माध्यम बनाएर लेख्ने गर्दछन् । अध्ययन तथा पेसाले उनलाई सिर्जनामा सघाएको पाइन्छ । मनवचन र कर्मद्वारा, सक्दो सहयोग गर्नु, आदरसम्मान तथा मानमर्यादा गर्नु लक्ष्य प्राप्तिका लागि अथक परिश्रम गरिरहनु, जातिप्रेम तथा राष्ट्रप्रेमका भावना व्यक्त गर्नु जस्ता अनुकरणीय गुणहरू उनमा पाइन्छन् ।

### २.२.४ सार्वजनिक व्यक्तित्व

विगत तीस वर्षदेखि शिक्षण पेसामा संलग्न रहेपनि साहित्यको यथेष्ट अध्ययन गर्दै समाजसेवा र साहित्यिक अभिबृद्धितर्फ सक्रियता देखाउँदै आएका थपलिया कर्मठ र निस्वार्थ साहित्यसेवीका रूपमा परिचित छन् । उनले आजसम्म विविध पक्षबाट विभिन्न क्षेत्रको समुन्नतिमा क्रियाशीलता देखाउँदै आएको पाइन्छ । नेपाली समाज र साहित्यको अभिवृद्धितर्फ दत्तचित्त थपलियाले आर्जन गरेका सार्वजनिक व्यक्तित्वका पक्षहरूलाई साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

### २.२.५ सात्येितर व्यक्तित्व

### २.२.५.१ जागिरे व्यक्तित्व

मानिसले जन्मेपछि कुनै न कुनै कार्यलाई प्रमुख रूपमा आत्मसात् गर्दै अगाडि बढ्नुपर्छ र संसारका विभिन्न भागमा भौंतारिएर हिडे पनि उसको मूलकार्यक्षेत्र एउटै हुन्छ । तेह्रथुम जिल्लास्थित आठराई चुहानडाँडामा जन्मिएका तुङ्ग एन्. थपलियाले आरम्भदेखि स्नातक सम्मको शिक्षा आठराईबाटै पूरा गरी त्यसै स्थानबाट जागिरे जीवनको सुरुवात गरेको देखिन्छ । घरनजिकैको विद्यालय शारदा मा.वि.बाट वि.सं २०२६ मा प्रवेशिका उत्तीर्ण गरी थपलियाले गाउँका केटाकेटीहरूलाई ट्युसन पढाउन थालेको पाइन्छ । तत्कालीन वीरेन्द्र इन्टर कलेज (हाल तेह्रथुम क्याम्पस) बाट वि.सं. २०२९ सालमा अतिरिक्त अंग्रेजी विषय लिई प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेपछि २०३०/०८/२७ देखि नि.मा.वि. अस्थाई शिक्षकको रूपमा जागिरे जीवनको सुरुवात भएको हो भने त्यसको एकवर्षपछि अर्थात् २०३१/०१/१० देखि स्थायी नियुक्ति पाएको हो । [३०]

यसरी तुङ्ग एन्. थपलियाको जन्मभूमि आठराई तेह्रथुम भएर कर्मभूमि पनि त्यसैलाई नै बनाएको देखिन्छ । ग्रामीण इलाका भएको ठाउँलाई नै कर्मभूमि बनाएका उनले ग्रामीण समाजको सेवाकार्यमा नै जीवन व्यतित गरे भने गाउँमा अन्य कार्यालयहरू पनि नभएकोले गर्दा पनि शिक्षण कार्य भन्दा अन्य औपचारिक संघ संस्थाहरूमा जागिर खाएको पाइँदैन ।

### २.२.५.२ शिक्षक व्यक्तित्व

शिक्षण पेशाजस्तो उत्तरदायित्वपूर्ण गहन पेसामा वि.सं. २०३० सालदेखि शारदा माध्यमिक विद्यालय आठराई चुहानडाँडामा नि.मा.वि. अंग्रेजी शिक्षकको रूपमा शिक्षण

---

[३०] भीष्म थपलियाबाट प्राप्त मौखिक जानकारी ।

पेसाको सुरुवात गरेका थपलिया वि.सं. २०३१/०१/१० देखि त्यही स्थानमै स्थायी नियुक्ति पाई शिक्षण पेसामा निरन्तर लागिरहन्छन् । उनको आफ्नो अध्ययनको लगनशीलताका कारण स्वतन्त्र परीक्षार्थीकै रूपमा वि.सं. २०३३ मा स्नातक उत्तीर्ण भए पश्चात् उनी २०३९/०४/१५ मा माध्यमिक तहमा बढुवा भएर आफ्नो कार्यलाई कुशलतापूर्वक अगाडि बढाइरहन्छन् । शिक्षणजस्तो अति पवित्र स्वच्छ पेसा अपनाएकोमा खुशी व्यक्त गर्ने थपलियाको कार्यकुशलताको प्रशंसा सबै सहकर्मीले गर्दछन् । यसरी लामो समयसम्म शिक्षण पेसामा संलग्न रहेका थपलिया वि.सं. २०६२/१०/०२ मा अवकाश पाई हाल आफ्नै घरमा एक छोरा र एक छोरीका साथ दुःखद अवस्थामा रहेका छन् । शिक्षण कार्यकै क्रममा उनले पाँचथर फिदिमस्थित नयाँ नमुना मा.वि. मा पनि केही समय शिक्षण गरेको देखिन्छ । उहाँको तीनदशक लामो अध्यापन व्यक्तित्वबाट हजारौं विद्यार्थी परिचित छन् । विद्यार्थीकालदेखि नै उहाँ निर्भिक, चिन्तनशील, अध्ययनशील अत्यन्त परिश्रमी तथा मेधावी व्यक्तिका रूपमा रहदै आउनुभएको हो । [३१]

यसरी तीनदशक भन्दा बढी एउटै विद्यालयमा अध्यापन गरेर विताउनमा उनको शैक्षिक क्रियाकलाप सन्तोषजनक रहेको देखिन्छ । यसरी साहित्येतर व्यक्तित्वमध्ये शिक्षक व्यक्तित्व नै सबैभन्दा प्रवल रूपमा रहेको देखिन्छ ।

### २.२.५.३ समाजसेवी व्यक्तित्व

जीवनको गतिमा लगातार क्रियाशील संघर्षशील तथा समाजपरिवर्तनका पक्षपाति थपलियामा विद्यार्थी जीवनदेखि नै सामाजिक सुधारको भावना जागरुक भएको देखिन्छ । समाजमा हुने, ठूलो, सानो, उच्च निम्नको भावनाको कदर नगर्ने उनी प्रत्येक मान्छेमा मानवीय भावनाको विकास नभएकोमा दुःखेसो व्यक्त गर्दछन् । ग्रामीण समाजका सम्पूर्ण क्षेत्रहरूमा विकासको गोरेटो पुऱ्याउन नसके देश तथा राष्ट्रको विकास हुनसक्तैन, प्रत्येक मानिसको जीवन सेवामय र आन्तरिक रूपमा नैतिकता तथा इमान्दारिता हुनुपर्छ

---

[३१] रामचन्द्र थपलियाबाट प्राप्त मौखिक जानकारी ।

भन्दछन् । [३२] उनको पाँचदशक पार गरिसकेको जीवनमा तीनदशक भन्दा बढी जीवन शिक्षण पेसाको साथसाथै विभिन्न सामाजिक कार्यमा संलग्न हुँदै बितेको देखिन्छ । यस ३० वर्षे कार्यावधिमा एकातिर वैयक्तिक कार्यक्षेत्रमा संलग्न हुँदै आएका छन् भने अर्कातिर सामाजिक समुन्नतिका लागि पनि निरन्तर रूपमा आफूलाई क्रियाशील तुल्याउँदै आएका छन् ।

**क) वैयक्तिक कार्यक्षेत्र**

तुङ्ग एन्. थपलियाको वैयक्तिक कार्यहरूको चर्चा परिचर्चा पारिवारिक जीवन तथा आर्थिक अवस्था शीर्षकमा पनि सामान्य रूपमा भइसकेको छ । शिक्षण कार्यमा सम्लग्न भएका थपलिया शिक्षणका अतिरिक्त भ्याइनभ्याई घरपरिवारको सुन्दर भविष्य निर्माणमा अनवरत लागिरहन्छन् । यसरी घरको काममा सहभागी बन्दै शिक्षणकार्य, समाजसेवा तथा साहित्य सिर्जनामा लगातार रूपमा लागेका देखिन्छन् । हाल उनी शिक्षण, सिर्जना तथा घरव्यवहार सबै कामबाट विश्राम लिई आफ्नै घरमा रहेका छन् ।

**ख) सामाजिक शैक्षिक कार्यक्षेत्र**

तुङ्ग एन्. थपलियाका बाबु बाजेहरूले पनि आफ्नो मुख्य पेसाका अतिरिक्त सामाजिक शैक्षिक कार्यहरूमा हात बढाएको देखिन्छ । तुङ्ग एन्. थपलियाका दुईजना हजुरबुबाहरू जेठा मुखिया र कान्छा मुखियाका नामले परिचित थिए । उनीहरूले राणाशासनकालमा नै आठराई क्षेत्रमा विद्यालय खोली जनतालाई चेनता दिने काम गरेका थिए । त्यस समयमा जेठा मुखिया र कान्छा मुखियाको अगुवाइमा खोलिएको साझा पाठशाला नै अहिले शारदा उ.मा.वि. भएको छ । यसरी हेर्दा तुङ्ग एन्. थपलियामा पनि शैक्षिक कार्यमा लगनशील हुने वंशाणु गुण कायमै रहेको देखिन्छ । आफ्नो जन्मभूमिलाई नै कर्मभूमि बनाएका थपलिया विद्यार्थी जीवनदेखि नै शैक्षिक चेतनाको बिस्तार गर्ने कार्यमा लागेका देखिन्छन् । तत्कालीन सामाजिक परिवेश अनुसार चल्न अप्ठ्यारो हुने हुँदा

[३२] शोधनायकको डायरीबाट प्राप्त जानकारी ।

कुनै संघ संस्थामा औपचारिक रूपमा आवद्ध नभए पनि संस्थाले गर्ने सामाजिक कार्यमा सहयोग गर्थे साथै समाजमा आइपर्ने जस्तासुकै समस्याहरूमा पनि उनी उत्सुकता साथ सरिक हुन्थे । [३३]

यसरी उनले औपचारिक रूपमा भन्दा अनौपचारिक रूपमै विशुद्ध सेवाको भावना लिएर कार्य गरेको देखिन्छ भने औपचारिक रूपमा पनि उनले केही संस्थामा आवद्ध भएर काम गरेका छन् । उनले नेपाल शिक्षक संघ तेह्रथुमको संस्थापक अध्यक्ष साथै संघको केन्द्रीय प्रतिनिधिसमेत भएर कुशलतापूर्वक काम गरेको पाइन्छ । विद्यालयमा हुने विभिन्न समिति तथा उप-समितिहरूमा पनि सदस्य भई सक्रिय रूपमा आफ्नो भूमिका निर्वाह गरेको देखिन्छ ।

तुङ्ग एन्. थपलियाले विविध सामाजिक तथा शैक्षिक क्षेत्रमा संलग्न भएर आफ्नो समाजसेवी व्यक्तित्वलाई फराकिलो पारेको देखिन्छ ।

### **२.२.५.४ सेवा तथा अनुभव**

तेह्रथुम जिल्लाको आठराई चुहानडाँडास्थित ग्रामीण परिवेशमा निम्नमध्यमवर्गीय परिवारमा जन्मिएका थपलियाले आफ्नो जीवन गुजारा गर्न त्यति ठूलो आर्थिक अभावको सामना गर्नुपरेको देखिँदैन । सानैदेखि तीक्ष्ण बुद्धि भएका प्रतिभाशाली, लगनशील तथा मेधावी विद्यार्थीका रूपमा आफ्नो पहिचान दिन सफल भएका देखिन्छन् । भौतिक जीवनमा आइपर्ने अनेकौं दुःख सुखलाई अनुभवको जलपले अझ उजिल्याएको देखिन्छ । बुद्धि, प्रतिभा र अनुभवको संयोगबाट प्रज्वलित उनको व्यक्तित्वले विभिन्न क्षेत्रबाट आफ्नो मातृभूमिको सेवा गरेको देखिन्छ । आफ्नै घरमा पिता जयप्रसाद थपलियाको पारिवारिक मेलमिलाप तथा सामाजिक कार्यबाट उनमा सामाजिक सेवाको भावना मुखरित भएको पाइन्छ । पिताको प्रगतिशील विचार तथा लगनशीलताकै कारण उनमा पनि सामाजिक कार्यप्रति झुकाव हुन्छ । कक्षा चारमा पढ्दादेखि नै कवितालेखनमा कलम चलाएका

[३३] भीष्म थपलियाबाट प्राप्त मौखिक जानकारी ।

थपलियाले लेखेका धेरैजसो कविताहरूमा देशभक्तिकै भावना पाइन्छ । ती कविताहरू त्यतिबेलाका स्थानीय तथा राष्ट्रिय पत्रिकाहरूमा प्रकाशित छन् । पत्रिका संरक्षणको उचित व्यवस्था नभएको कारण हाल ती सबै पत्रिका पाउन कठिन भएको छ । शारदा मा.वि.बाट निस्कने 'शारदा श्री' पत्रिकाको सम्पादन प्रकाशनमा उनले सक्दो सहयोग गरी पत्रिका प्रकाशन सम्बन्धी राम्रो अनुभव लिएको पाइन्छ ।

अध्ययनको क्रममा पनि उनले विभिन्न कार्यहरूको अनुभव लिएको पाइन्छ । उनले ने.वि.संघका सदस्य बनी त्यस संघको सम्पूर्ण कार्यहरू कुशलतापूर्वक गरेको उनको डायरीमा लेखिएका ने.वि.संघको सदस्यहरूको नामावली तथा अन्य विवरणबाट थाहा पाइन्छ । जनआन्दोलन २०४६ मा आफ्नो जागिरको पनि वास्ता नगरी नेपाली काँग्रेसको सक्रिय सदस्यता ग्रहण गरी आन्दोलनमा सरिक भए । यसरी आन्दोलनमा लागेको तत्कालीन सरकारले थाहा पाई उनलाई पक्राउ गरी तेह्रथुम जेलमा राखेको थियो । २०४६ माघ १ गतेदेखि तेह्रथुम कारागारमा थुनिएका थपलिया प्रजातन्त्रको पुनर्प्राप्तिको घोषणासँगै अर्थात् २०४६ चैत २६ गते जेलमुक्त भए ।[घद्ध] यसरी थोरै समय भएपनि थपलियाले जेलजीवनको समेत अनुभव लिएको पाइन्छ । प्रजातन्त्रको प्राप्तिसँगै जेलबाट निस्केपछि पनि उनले नेपाली काँग्रेसमै आवद्ध रही काम गरेको पाइन्छ ।

शोधनायक थपलियाले विद्यालय व्यवस्थापन सम्बन्धी पनि विभिन्न कार्यहरू गरेको, विद्यालयको पढाइसम्बन्धी विभिन्न सुधारका कार्यहरू गरेको र विद्यालयका विविध गतिविधिहरू जिल्लाशिक्षा कार्यालयलाई जानकारी गराएको साथै विद्यालयको खानेपानी, शौचालय आदि सुधारका कार्यमा जि.शि.का.बाट योजना ल्याई काम गरेको उनका डायरीबाट थाहा पाइन्छ ।

यसरी तुङ्ग एन्. थपलियाले माथि उल्लिखित काम गर्नुका साथै निम्नलिखित पदमा रहेर विभिन्न अनुभव समेटेको पाइन्छ ।

---

[३४] **ऐजन् ।**

१. राष्ट्रिय शिक्षक संघ-तेह्रथुमको संस्थापक अध्यक्ष (२०४७)

२. राष्ट्रिय शिक्षक संघको केन्द्रीय प्रतिनिधि (२०४७)

३. नेपाल शिक्षक संघ जिल्ला तदर्थ समिति तेह्रथुम सदस्य (२०४७)

४. नेपाली काँग्रेस आठराई समिति सल्लाहकार सदस्य (२०४७)

यिनै विभिन्न सामाजिक राजनैतिक शैक्षिक संघ संस्थाहरूसँग आवद्ध भएर तुङ्ग एन्. थपलियाले आफ्नो क्षमतालाई प्रदर्शन गर्दै विभिन्न कार्यक्षेत्रबाट सेवा र अनुभव ग्रहण गर्दै निरन्तर अगाडि बढेको देखिन्छ ।

**२.२.६ राजनैतिक व्यक्तित्व**

तुङ्ग एन्. थपलियामा आफ्ना बुबा जयप्रसाद थपलियाको राजनैतिक व्यक्तित्वको छाप प्रसस्त परेको देखिन्छ । बाबुको राजनैतिक विचारधाराबाट प्रभावित थपलिया विद्यार्थी जीवनदेखि नै नेपाली काँग्रेससँग सम्बन्धित नेपाल विद्यार्थी संघमा आवद्ध भएका देखिन्छन् । त्यस समयमा विद्यार्थीहरूका हकहित र समस्याहरूका बारेमा बुलन्द आवाज उठाउन उनी सक्रिय रहेका थिए । उनका बुबा जयप्रसाद थपलिया पनि तत्कालीन समयका प्रखर राजनीतिज्ञ थिए । यसरी नेपाली काँग्रेसको राजनीतिमा पिताको छाप उनमा परेको पाइन्छ । पञ्चायती व्यवस्थाको विरुद्धमा भित्रभित्रै सल्किरहेको आगोमा तुङ्गले उर्जा दिने काम गरेका थिए । २०३६ सालमा भएको जनमत सङ्ग्रहमा पनि उनी बहुदलको पक्षमा मत जाहेर गर्न गराउन निकै लागिपरेका थिए ।

जनआन्दोलन २०४६ तथा २०३६ सालको जनमत सङ्ग्रहताका राजनीतिमा सक्रिय सहभागिता जनाए तापनि त्यतिखेर राजनीतिमा लागेको थाहा पाएमा जागिर जाने डर हुन्थ्यो त्यसकारण उहाँ कुनै पनि समितिहरूमा आवद्ध रहनुभएन तर पनि उहाँ अति

सक्रिय भएर लागिरहनु भयो । झट्ट हेर्दा प्रायः कुनै पनि कमिटीहरूमा उहाँको नाम छैन तर उहाँले चासो देखाएर सहयोग र सल्लाह नदिएको भने कुनै पनि समिति छैन ।[घछ]

### २.२.६ बहुभाषिक व्यक्तित्व

सानै उमेरदेखि अध्ययनमा औधि रुचि राख्ने थपलियाको मातृभाषा नेपाली भएकोले उनी नेपाली भाषाका ज्ञाता थिए । नेपाली भाषा अतिरिक्त अंग्रेजी, संस्कृत तथा हिन्दी भाषाको पनि ज्ञान उनमा कमी थिएन । स्नातक तहसम्म अध्ययन गरेका थपलियाले अतिरिक्त अंग्रेजी विषय नै अध्ययन गरेका थिए । अंग्रेजी भाषाप्रति अधिक मोह भएकै कारण उनले थुप्रै पाश्चात्य साहित्यकारहरूका भनाइहरू जस्ताको तस्तै आफ्नो कपीमा लेखी त्यसको नेपाली भाषामा अनुवाद समेत गरेको पाइन्छ । उनले अंग्रेजी भाषाको अध्ययनको प्रभावस्वरूप विभिन्न विषयका लेखहरू अंग्रेजी भाषामा लेखेका छन् भने केही आफूले लेखेका लेखहरू तथा कविताहरू अंग्रेजी भाषामा समेत रूपान्तरण गरेको पाइन्छ । उनले अंग्रेजी भाषामा लेखेका लेखहरू निम्न छन् -

i) The Ramayan

ii) Promise up on the alter of god

iii) Democracy.

iv) On language

v) Prince in not rained monsoon

vi) The star war programme [घट]

उनले अंग्रेजी भाषामा लेखहरूका अतिरिक्त कविताहरू पनि लेखेका छन् । ती कतिपय कविताहरू नेपाली भाषामा पनि अनुवाद गरेका छन् भने कतिपय कविताहरू अंग्रेजीमै छन् । उनले अंग्रेजीमा लेखेका कविताहरू यी हुन् ।

---

[३५] **ऐजन् ।**

[३६] शोधनायकको डायरीबाट प्राप्त जानकारी ।

i) Bernard Shah

ii) Long live Kennedy

iii) A New mother

iv) The wood boat driver

v) Long live the king

vi) On diet.

vii) I wish my son to burn.

viii) Let man live by Himself.

ix) So speakes the supremen being so.

यसरी साहित्यकार थपलियाले वैचारिक लेख तथा कविताहरू अंग्रेजी भाषामा लेखेका छन् भने I wish my son to burn / the woodboat driver लाई नेपाली भाषामा पनि अनुवाद गरेका छन् ।[घठ] यसैगरी उनले विभिन्न विद्वान् तथा साहित्यकारहरूका भनाइलाई पनि नेपाली भाषामा अनुवाद गरेका छन् । हो चि मिन्ह, भुट्टो, एस, स्मिथ, वेन्जामिन फ्रान्कलिन, थोमस अन्सेल आदिका भनाइहरूको अनुवाद गरेका छन् ।[घड] यसरी हेर्दा उनको अंग्रेजी भाषा र अनुवादक व्यक्तित्वको पहिचान हुन्छ ।

साहित्यकार थपलिया हिन्दी तथा संस्कृत भाषाप्रति पनि चासो लिन्थे । उनले नेपालकै सुनसरी तथा विराटनगरका केही स्थानमा जाँदा हिन्दी भाषाको केही ज्ञान लिएका थिए भने पछि उनी उपचारार्थ राँची जाँदा पनि भारतका अन्य केही स्थानको भ्रमण गरी हिन्दी भाषाको ज्ञान लिएका थिए भने संस्कृत भाषा उनको आफ्नै रुचिको विषय थियो र स्वअध्ययनबाट नै केही मात्रामा संस्कृत भाषा जानेका थिए । उनले अंग्रेजी र नेपाली भाषा औपचारिक अध्ययन गरी जानेका थिए भने संस्कृत हिन्दी आदि भाषाहरू चाँहि स्वअध्ययन मार्फत् नै जानेका थिए । संस्कृत तथा हिन्दीमा लेखिएका केही सायरी तथा सूक्तिहरू उनका डायरीमा पाइन्छन् ।

---

[३७] **ऐजन् ।**

[३८] **ऐजन् ।**

यसरी साहित्यकार थपलियाले विविध भाषामा लेखन अगाडि बढाएका छन् भने उनले अंग्रेजीमा लेखेका कतिपय लेखहरू तथा कविताहरूका शीर्षक पनि दिएका छैनन् । कविले अंग्रेजी भाषाका लेखहरूबाट शिक्षा र प्रजातन्त्रमा जोड दिँदै असल शिक्षाका लागि योग्य शिक्षक साथै योग्य शिक्षक हुन असल पाठ्यक्रम र असल पाठ्यक्रम बन्न स्वतन्त्रता र प्रजातन्त्र चाहिन्छ भन्ने धारणा व्यक्त गर्दै नेपालमा भएको शिक्षा र प्रजातन्त्रको अभ्यासलाई विश्वसामु राख्ने प्रयास गरेका छन् ।

## २.२.८ विविध

साहित्यकार तुङ्ग एन्. थपलियाका व्यक्तित्वका विविध पाटाहरू उत्तिकै सशक्त रूपमा रहेका छन् । उनले पटक पटक विद्यालयको निमित्त प्र.अ.को पदमा रहेर शैक्षिक प्रशासनिक क्षेत्रमा कुशल प्रशासकको भूमिका निर्वाह गरेका छन् ।[घढ] त्यस अतिरिक्त सुलेखन व्यक्तित्व अर्को महत्वपूर्ण रहेको छ । सानैदेखि पढाइ र लेखाइमा बराबर जोड दिइरहने थपलियाले राम्रा अक्षरवापत् नै धेरै स्याबासी पाइसकेका छन् । "उहाँका अक्षर राम्रा भएकै कारण धेरै कथा कविताहरू धेरै जनाले हेर्नको लागि भनेर लिएर गए, कहाँ लगे, हामीलाई केही थाहा भएन, त्यतिखेर हामीलाई जतन गरेर राख्नुपर्छ भन्ने पनि थाहा थिएन भनी शिक्षा थपलिया बताउँछिन् । डायरीका बीचबीचका पाना काटिएको देख्ता पनि यस कुराको पुष्टि हुन्छ ।

साहित्यकार थपलियाको व्यक्तित्वको महत्वपूर्ण पक्ष स्पष्टवक्ता तथा मिलनसार व्यक्तित्व पनि उत्तिकै सशक्त रहेको पाइन्छ । उनी तथ्य कुरा नलुकाई मीठो शैलीमा कसैलाई नबिझाउने गरी समाजसामु राख्न सक्ने व्यक्ति थिए । कोमल, नम्रस्वर, मिजासिलो स्वभाव, भएकै कारण उनीप्रति कुभावना राख्ने मान्छे कमै मात्र होलान् ।[द्धण] यसरी साहित्यकार थपलियाका व्यक्तित्वका विविध पाटाहरू महत्वपूर्ण रहेका देखिन्छन् ।

---

[घढ] रामचन्द्र थपलियाबाट प्राप्त मौखिक जानकारी

[द्धण] ऐजन ।

# परिच्छेद – तीन

## साहित्यकार तुङ्ग एन्. थपलियाको लेखनयात्रा

### ३.१ लेखनका लागि प्रेरणा र प्रभाव

बाल्यकालदेखि नै पढाइ लेखाइमा विशेष अभिरुचि भएका तुङ्ग एन्. थपलियाले लेखनको प्राथमिक प्रेरणा स्रोतको रूपमा आफ्ना सहपाठी साथीहरू तथा विद्यालयमा पढाउने गुरुहरूलाई नै लिएको पाइन्छ । प्राथमिक तह अध्ययनरत अवस्थामा विद्यालयमा भएको कविता प्रतियोगितामा प्रथम भई प्रधानाध्यापकका हातबाट प्रथम पुरस्कार प्राप्त गर्न सफल भएदेखि नै थपलियालाई लेखनकार्यमा अझ प्रेरणा मिलेको देखिन्छ । तुङ्ग एन्.थपलियाका बुबा तथा दाजुहरू पनि शैक्षिक क्षेत्रमै अग्रसर भएकाले दाजु तथा बुबाबाट पनि थप प्रेरणा मिलेको पाइन्छ ।

घरमै शैक्षिक वातावरण भएकोले तुङ्ग एन्. थपलिया कक्षामा पढाइने पाठ्यपुस्तकभन्दा बाहिरी विषयवस्तुमा आधारित पत्रपत्रिका र पुस्तकहरूको अध्ययनमा तल्लीन हुन्थे । पत्रपत्रिकाको अध्ययनबाट विचारमूलक लेख तथा कथा, कविता जस्ता साहित्यिक विधाहरूको सिर्जनाका लागि थप प्रेरणा पाएका हुन् । साहित्य तथा राजनीति दुबै क्षेत्रमा विश्वेश्वरप्रसाद कोइरालालाई आदर्श व्यक्तिको रूपमा मान्ने थपलियाले बी.पी. को जीवनी तथा उनका साहित्यिक कृतिहरूको गहन अध्ययन गरेका छन् । थपलियाले गोपालप्रसाद रिमाल, गोविन्दबहादुर मल्ल ‘गोठाले’ गुरूप्रसाद मैनाली आदि साहित्यकारहरूका कृतिको अध्ययनबाट लेखनका लागि विशेष प्रेरणा ग्रहण गरेको पाइन्छ । पाश्चात्य साहित्यको पनि अध्ययन गरेका थपलियाले कार्लमार्क्स , गोर्की, चेखव, होमर, आदिबाट प्रसस्त प्रेरणा ग्रहण गरेको देखिन्छ ।

शारदा माध्यमिक विद्यालय (हाल उच्च मा.वि.) बाट वि.सं २०१७ मा त्यहाँका शिक्षकहरू तथा त्यस क्षेत्रका अन्य साहित्यकारहरूको अगुवाइमा प्रयास पत्रिका प्रकाशित

भयो, त्यसैबेला आठराई चुहानडाँडामा  वीरेन्द्र इन्टर कलेज (हाल तेह्रथुम क्याम्पस) पनि स्थापना भयो । त्यही बेला "साहित्य सङ्गम  आठराई "नामक अर्को पनि साहित्यिक संस्थाको जन्म भयो र आठराई क्षेत्रमा थुप्रै साहित्यिक पत्रिकाहरू प्रकाशन हुन थाले । त्रिमोहन मा.वि. (हाल उ. मा.वि) बाट प्रोत्साहन, पोखरी मा.वि. (हाल उ. मा.वि. ) बाट कुम्भकर्ण  र वीरेन्द्र इन्टर कलेज (हाल तेह्रथुम क्याम्पस) बाट प्रतिबिम्ब गरी थुप्रै पत्रिकाहरू धमाधम निस्कन थाले । त्यस समयमा आठराईका विभिन्न स्थानमा साप्ताहिक रूपमा साहित्यिक गोष्ठीहरू पनि हुन्थे र त्यसै गोष्ठीबाट विशेष प्रभावित भएर कविता तथा कथाहरू लेखन प्रकाशन कार्यमा तुङ्ग एन्. थपलिया पनि सक्रियताका साथ लागि परेका  हुन् ।[द्धज्ञ]

अहिले मानसिक सन्तुलन गुमाएको अवस्थामा पनि तुङ्ग एन्.थपलियाले बी.पी. कोइराला , खगेन्द्र संग्रौला डा. अभि सुवेदी, साथै शेली, वाइरन, किट्स जस्ता व्यक्तिहरूको नाम बराबर लिइरहने र कापी कलम समातेर उनीहरूकै नाम लेख्दै उनीहरूकै भनाइहरू बराबर गुनगुनाइरहनाले पनि उपर्युक्त व्यक्तिहरूबाट थपलिया बढी प्रभावित भएको मान्न सकिन्छ ।

## ३.१.१ लेखन प्रारम्भ र प्रकाशनको थालनी

निम्नमध्यमवर्गीय, परिवारमा हुर्केर पनि विद्यार्थी जीवनदेखि नै साहित्यमा अभिरुचि राख्ने थपलियाले कविता लेखनबाट साहित्यमा प्रवेश गरेको पाइन्छ । उनी कक्षा चारमा पढ्दै गरेको समयमा विद्यालयमा भएको कविता प्रतियोगितामा प्रथम भएपछि कविता लेखनमा हौसला मिलेको पाइन्छ र त्यसै समयदेखि नै निरन्तर रूपमा कविता लेखिरहेको र केही समयपछिदेखि कथालेखनमा पनि कलम चलाएको पाइन्छ । विद्यार्थी जीवनमा थपलियाले थुप्रै कथा कविता तथा एकाङ्कीहरू पनि लेखेका थिए तर ती कृतिहरू

[द्धज्ञ] रविमान लम्जेलबाट प्राप्त लिखित जानकारी ।

संरक्षणको अभावमा हाल अनुपलब्ध छन् ।[द्धद्द] धेरै कथाहरू लेखेको जानकारी पाइए पनि ती कुनै कृतिहरू पाउन नसकिएको हुनाले तुङ्ग एन्. थपलियाको प्रथम प्रकाशित कथा ‘ऐनामा प्रतिबिम्बित निधारको खत” कल्पना (वर्ष ५ अङ्क ३, २०२७) हो । त्यसैगरी कवितातर्फ पनि उनी सानै उमेरदेखि  लागेका  भए पनि ती कविताहरू कवि गोष्ठी तथा प्रतियोगितात्मक कार्यक्रमका लागि मात्र भएको पाइन्छ । थपलियाको प्रथम प्रकाशित कविता ‘मेरी निर्जीव मोनालिजा’ (कल्पनाा २०३८) रहेको छ । यसपछि सौगात, भानु सङ्गमसुधा जस्ता पत्रिकामा थपलियाका कविताहरू प्रकाशित छन ।

आफ्नो साहित्यिक लेखन तथा प्रकाशनलाई अगाडि बढाउँदै जाने क्रममा कथा, कविता, तथा समालोचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन भएका छन् । पाण्डुलिपिका रूपमा पनि साहित्यिक र साहित्येतर थुप्रै लेखरचनाहरू रहेका छन् । साहित्यका विभिन्न क्षेत्रमा कलम चलाएका थपलियाले लेखनको थालनी वाल्यावस्थादेखि नै गरेका भए पनि प्रकाशनको थालनी चाहिँ २०२७ सालदेखि गरेको पाइन्छ र २०६०-२०६१ सालसम्म निरन्तरता दिई हाल अस्वस्थताको कारण लेखन तथा प्रकाशन कार्यबाट विश्राम लिएको पाइन्छ ।

## ३.१.२ लेखनकार्य र प्रकाशित रचनाहरूको सूची

विद्यालयमा अध्ययनरत अवस्थादेखि नै विभिन्न पत्रपत्रिका र साहित्यिक कृतिहरूको अध्ययन गर्ने मौका पाएका थपलियाले वाल्यावस्थादेखि नै सिर्जनाकार्यमा कलम चलाएको पाइन्छ । थपलियाले साहित्यका विभिन्न विधा तथा साहित्येतर फाँटमा पनि कलम चलाएका छन् । उनका प्रकाशित साहित्यिक कृतिहरूको विवरण निम्नअनुसार प्रस्तुत गरिन्छ ।

---

[द्धद्द] ऐजन ।

| क.सं | शीर्षक | विधा | प्रकाशन साल | प्रकाशन स्रोत |
|---|---|---|---|---|
| ज्ञ | ऐनामा प्रतिविम्बित निधारको खत | कथा | द्दण्द्दठ | कल्पना वर्ष ५ अङ्क ३ पृ. ९ काठमाडौ |
| द्द | रङ्गीन पत्रिकाको परिवेशभरी | कथा | द्दण्द्दठ | कल्पना वर्ष ५ अङ्क ४ पृ. ९ काठमाडौ |
| घ | जूनमा देखिएको अनुहार | कथा | द्दण्घद्द | रूपरेखा, असोज पृ. ५९ काठमाडौं |
| ढ्ढ | पूर्णिमाको रात | कथा | | प्रकाश, वर्ष १ अङ्क १ शिक्षा शाखा तेह्रथुम |
| छ | एकरात नेहरूको चिहानमाथि | कथा | द्दण्घघ | प्रक्षेपण, वर्ष १ अङ्क २, ३, ४, जनार्दन घिमिरे |
| ट | आत्मग्लानी | कथा | | अप्रकाशित |
| ठ | मेरी निर्जीव मोनालिजा | कविता | द्दण्घड | कल्पना काठमाडौं |
| ड | आँसु | कविता | द्दण्घड | भानु समसामयिक साहित्यिक सङ्कलन ताप्लेजुङ्ग |
| ढ | आगामी वसन्तका गुराँसप्रति | कविता | द्दण्घड | कल्पना |
| ज्ञण | माझीप्रति | कविता | द्दण्घढ | सौगात काठमाडौं |
| ज्ञज्ञ | मेरो शुभकामना तिमीलाई | कविता | द्दण्घढ | सौगात काठमाडौं |
| ज्ञद्द | प्रथम प्रथम काठमाडौं टेकेपछि | कविता | द्दण्ढ्ढण | कल्पना |

| | | | | |
|---|---|---|---|---|
| ज्ञघ | पूर्वस्मृति | कविता | द्दण्टज्ञ | संगमसुधा आठराई, तेह्रथुम |
| ज्ञद्ध | गुरुदेव एकपल्ट जन्मिदेऊ फेरि | कविता | द्दण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| ज्ञछ | मेरो छोरो यस्तो जन्मोस् | कविता | द्दण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| ज्ञट | नेपालीप्रति | कविता | द्दण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| ज्ञठ | नवशिशु | कविता | द्दण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| ज्ञड | विहान उठेपछि हिमालमा | कविता | द्दण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| ज्ञढ | फागुन ७ | कविता | द्दण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| द्दण | सपनादेख्न डराउनु पर्ने रातहरूको अन्त्यपछि | कविता | द्दण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| द्दज्ञ | वर्तमानको सडकमा इतिहासको जुलुस | कविता | द्दण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |

| | | | | |
|---|---|---|---|---|
| द्द | तिमी | कविता | द्ण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| द्घ | यो हो नेपाल मेरो देश | कविता | द्ण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| द्ध | मेरी छोरी र शैक्षिक सामग्रीहरू | कविता | द्ण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| द्छ | सत्याग्रहीप्रति | कविता | द्ण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| द्ट | तिमी परी दिव्यलोककी | कविता | द्ण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| द्ठ | आज प्रजातन्त्रको बिहान | कविता | द्ण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| द्ड | परिक्रमा मेरो आफ्नै विश्वको | कविता | द्ण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| द्ढ | अभिमन्यु पृथिवीमा फर्केका छन् | कविता | द्ण्द्धट | अभिमन्यु पृथिवीमा फर्केका छन् कवितासङ्ग्रहमा सङ्गृहीत |
| घण | राष्ट्रमाताको पोल्टाभित्र | समालोचना | द्ण्द्धट | मेची प्रवाह वर्ष २, अङ्क ५ ताप्लेजुङ |

साहित्यिक पुस्तकाकार कृति

१. **"अभिमन्यु पृथिवीमा फर्केका छन्"** २०४६ कविता सङ्ग्रह, तुङ्ग एन्. थपलिया, आठराई

## ३.२ लेखकका रूपमा तुङ्ग एन्. थपलिया

तुङ्ग एन्.थपलियाको लेखकीय व्यक्तित्व महत्त्वपूर्ण रहेको छ । साहित्यिक तथा साहित्येतर दुबै क्षेत्रमा कलम चलाउन सफल थपलिया एक प्रगतिमुखी विचारका लेखक हुन् । कविता लेखनबाट साहित्यका क्षेत्रमा पाइला बढाएका र कथा, समालोचना, एकाङ्की आदिको सिर्जना गरेका थपलियाले विचारमूलक लेखहरू पनि लेखेका छन् । नेपालको अर्थतन्त्र, औद्योगिक व्यवस्थापन, सन्तुलित आहार तथा सत्यम् शिवम् सुन्दरम्का भावनाको अभिव्यक्त गर्ने लेखहरू अप्रकाशित अवस्थामै रहेका छन् । आजको नेपाली समाजका ज्वलन्त समस्याहरूबारे विवेचना र विश्लेषण गर्दै थपलियाले केही विचारोत्तेजक लेखहरू लेखेको पाइन्छ । छोटो आयाममा संरचित  थपलियाका लेखहरूले पाठकलाई नेपालको सामाजिक तथा आर्थिक अवस्थाबारे जनकारी दिएका छन् । जटिल विषयलाई पनि सरल तथा सहज शैलीमा छोटो आयाममा आफूले भन्न खोजेको कुरा व्यक्त गर्नु थपलियाको लेखकीय विशेषता रहेको छ । थपलियाका लेख रचनाहरू अति सरल भइकन पनि गहन तथा मार्मिक छन् । बुद्धि, विद्या, वक्तृत्व तथा कलम समान ढङ्गले चल्ने उहाँको प्रतिभाशाली व्यक्तित्वबाट राष्ट्रले जे जति पाउनुपर्ने हो त्यो पाउन सकेन[द्घघ] थपलियाले साहित्य अतिरिक्त सामाजिक व्यवस्थासम्बन्धी राष्ट्र र राजनीतिसम्बन्धी तथा शैक्षिक सुधारसम्बन्धी लेखहरू लेखेका छन् । थपलियाका कथाहरू सामाजिक परिस्थितिको चित्रण गर्ने तथा पात्रको आन्तरिक मनस्थितिको सूक्ष्म मनोविश्लेषण गर्ने रहेका छन् । "छोटा कथाको सिर्जनाबाट पाठकका मनमा तीव्र प्रभाव पार्ने क्षमता भएका तुङ्ग एन्. थपलियाको

[द्घघ] ऐजन् ।

प्रथम कथा ऐनामा प्रतिबिम्बित निधारको खत हो । यस कथामा दिनेश र पुकुलीको चरित्रचित्रण गरेर पोषण पाण्डेका झै सूक्ष्म पाराले कथा टुङ्ग्याएका छन् ।[द्द]

यसरी हेर्दा थपलिया साहित्यिक र साहित्येतर दुबै खालका लेखनमा कलम चलाउने व्यक्तिका रूपमा देखिन्छन् । तुङ्ग एन्. थपलियाका लेख रचनामा सामाजिक स्थितिप्रति बढी जोड, सर्वसाधरणले बुझ्ने सरल भाषाको प्रयोग, नेपाली भाषा वाङ्मयमा बढी जोड दिनुका साथै शिष्ट भाषाको प्रयोग गर्नु नै तुङ्ग एन्. थपलियाको लेखकीय व्यक्तित्व रहेको देखिन्छ ।

## ३.२.१ साहित्यकारका रूपमा तुङ्ग एन्.थपलिया

साहित्यले समाज र व्यवस्थाको परिवर्तन र विकासका लागि वकालत गर्नुपर्छ भन्ने धारणा भएका थपलियाले आफ्नो साहित्यिक यात्रालाई सामाजिक परिवेश तथा राष्ट्र र राष्ट्रियताप्रति नै अघि बढाएका छन् । साहित्य र साहित्येतर दुबै विधामा कलम चलाउने थपलियाको कलम साहित्यिक क्षेत्रमै बढी सक्रियताका साथ चलेको देखिन्छ । थपलियाका साहित्येतर लेखहरू पनि गहन तथा तार्किक रहेका छन् । "ऐनामा प्रतिबिम्बित निधारको खत" कथा साहित्यिक मासिक पत्रिका कल्पनाद्वारा साहित्यका फाँटमा सार्वजनिक भएका थपलियाको लेखनकार्य कथा, कविता, एकाङ्की र समालोचना हुँदै अघि बढेको छ । थपलियाको साहित्यिक व्यक्तित्वलाई निम्नअनुसारका शीर्षकहरूमा चर्चा गरिन्छ ।

### ३.२.२ कथाकारका रूपमा तुङ्ग एन्. थपलिया

नेपाली भाषा वाङ्मयका साधक तुङ्ग एन्.. थपलिया नेपाली साहित्यका क्षेत्रमा एक कथाकार व्यक्तित्वका रूपमा परिचित छन् । तुङ्ग एन्. थपलियाको लेखनकार्य केही वर्ष अघिदेखि नै प्रारम्भ भएको भए तापनि सार्वजनिक लेखनकार्य भने २०२७ सालमा कल्पना मा **ऐनामा प्रतिबिम्बित निधारको खत** प्रकाशन भएपछि मात्र देखिन्छ । यही कथा नै

---

[द्द] रविमान लम्जेल **कोशी अञ्चलको साहित्यिक इतिहास,** रत्नमाया दलित साहित्य संरक्षण समिति नेपाल २०५० पृ. १५ ।

थपलियाको प्रथम प्रकाशित सिर्जनात्मक लेखका रूपमा देखापर्दछ । छोटा कथाको सिर्जनाबाट पाठकका मनमा तीव्र प्रभाव पार्ने क्षमता भएका थपलियाको प्रथम कथा "ऐनामा प्रतिबिम्बित निधारको खत" मा दिनेश र पुकुलीको चरित्रचित्रण गर्दै पोषण पाण्डेका झैं सूक्ष्म पाराले कथा टुङ्ग्याएका छन् ।[द्वछ] कविता विधाबाट साहित्यको क्षेत्रमा प्रवेश गरेका थपलिया कथा विधाबाट सार्वजनिकरूपमा देखापर्दछन् । थपलियाका कथाहरू थोरै भए पनि नेपालको सामाजिक साँस्कृतिक परिवेशदेखि लिएर विश्व राजनैतिक परिवेशलाई समेत समेट्ने कथाहरू छन् । झन्डै तीनदशक लामो लेखनकार्यलाई निरन्तरता दिएका थपलियाले हाल अस्वस्थताका कारण लेखनकार्यलाई विश्राम दिएका छन् । थपलियालाई कथाकार व्यक्तित्वका रूपमा नेपाली साहित्यका क्षेत्रमा चिनाउने कथाहरू निम्नअनुसार रहेका छन् ।

१. ऐनामा प्रतिबिम्बित निधारको खत २०२७ कल्पना वर्ष ५ अङ्क ३ पृ. ९ काठमाडौं

२. रङ्गीन पत्रिकाको परिवेशभरी २०२७, कल्पना वर्ष ५ अङ्क ४ पृ. ९ काठमाडौ

३. जूनमा देखिएको अनुहार २०३३, प्रकाश, वर्ष १ अङ्क १ शिक्षा शाखा तेह्रथुम

४. पूर्णिमाको रात २०३२, रूपरेखा असोज पृ.५९ काठमाडौं

५. एकरात नेहरूको चिहानमाथि २०४८/४९ प्रक्षेपण, वर्ष १ अङ्क २,३,४, जनार्दन घिमिरे

६. आत्मग्लानि अप्रकाशित

यी विभिन्न कथाको रचना गर्ने थपलिया कथाकारका रूपमा परिचित छन् । थपलिया आफ्ना कथामा कतै नायक नायिकाको आन्तरिक मनस्थितिको सूक्ष्म विश्लेषण गर्न पुग्दछन् भने कतै साम्यवादप्रति अनास्था प्रकट गर्न पुग्दछन् ।[द्वट] प्रकृतिमा रमाउने व्यक्ति भएको हुनाले कथामा समेत प्राकृतिक दृश्यको वर्णन गर्न चुकेका छैनन् । ग्रामीण समाजका सर्वसाधारण व्यक्ति दिनेश र पुकुली जस्ता पात्रको प्रयोगमार्फत् सामाजिक

---

[द्वछ] रविमान लम्जेल पूर्ववत् , पृ. १५ ।

[द्वट] ऐजन् ।

परिपाटीको सजीव चित्रण प्रस्तुत गर्दछन् । सर्वसाधारण जनताको जीवनस्तरमा सुधार नभएसम्म देशमा कुनै किसिमको परिवर्तन हुन नसक्ने साथै आर्थिक अभाव र उचित शिक्षाको अभावका कारण देशका युवाहरू विदेशिएर स्वदेशमा झन् विकराल स्थितिको सिर्जना हुने विवशतालाई कथाकार थपलियाले आफ्ना कथामार्फत् व्यक्त गरेका छन् । सामान्य विषयवस्तुलाई समेटेर रोचक एवम् कौतुहलयुक्त कथा सिर्जना गर्ने थपलिया सामाजिक यथार्थवादी शैलीमा प्रगतिमुखी कथा लेख्ने कथाकार हुन् ।

## ३.२.३ अनुवादकका रूपमा तुङ्ग एन्. थपलिया

साहित्यकार थपलियालाई नेपाली भाषाका अतिरिक्त अङ्ग्रेजी तथा हिन्दी भाषाको राम्रो ज्ञान थियो । त्यस अतिरिक्त संस्कृत भाषाको पनि उनलाई ज्ञान रहेको पाइन्छ । तुङ्ग एन्. थपलियालाई संस्कृत भाषाको ज्ञान भएकै कारण केही विचारमूलक लेखहरूको शीर्षक संस्कृत भाषामै रहेको पाइन्छ । उनले संस्कृत तथा हिन्दीका लेखहरूको भावानुवाद गरी सत्यम शिवम् सुन्दरम्, सत्यमेव जयते, जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी जस्ता शीर्षकका लेखहरू लेखेका छन् । उनलाई अङ्ग्रेजी भाषाको पनि राम्रो ज्ञान भएका कारण अङ्ग्रेजी भाषामा भएका विभिन्न पाश्चात्य विद्वान्हरूका भनाइलाई नेपालीमा अनुवाद गरी पाठकहरूलाई विदेशी संस्कृति तथा साहित्यबारे जान्न सजिलो बनाउने काम गरेका छन् । एक भाषामा सिर्जना गरिएका लेखरचनाहरूलाई अर्को भाषामा अर्थ नबिगारी उतार्नु चानचुने काम होइन । अनुवादका क्रममा व्याकरणिक नियमलाई समेत ख्याल गर्दै सावधानीपूर्वक अनुवाद गरेको पाइन्छ । यसरी थपलियाले संस्कृत सूक्तिलाई समेत नेपाली भाषामा अनुवाद गरी नेपाली वाङ्मयको क्षेत्रमा ठूलो योगदान दिने प्रयास गरेको देखिन्छ । थपलियाले कतिपय आफैले लेखेका नेपाली भाषाका कविताहरूलाई अङ्ग्रेजीमा अनुवाद गरेका छन् । उनी विद्यालयको शिक्षण कार्यमा लामो समयसम्म रहेका व्यक्ति हुन् । शिक्षणका क्रममा धेरै बालकथा तथा बालगीतहरूलाई अङ्ग्रेजीमा अनुवाद गरी

पढाउने लेखाउने गर्दथे ।[द्धठ] यसरी अनुवादको क्षेत्रमा समेत सक्रिय देखिएका थपलियाका धेरै अनुवादकृतिहरू पाण्डुलिपिकै रूपमा थन्किएर रहेका छन् ।

## ३.२.४ कविका रूपमा तुङ्ग एन्. थपलिया

साहित्यकार तुङ्ग एन्. थपलिया स्कुले जीवनदेखि नै कविता लेखनतर्फ अग्रसर भएका व्यक्ति हुन् । कक्षा चारमा छँदा विद्यालयको कविता प्रतियोगितामा कविता वाचन गर्दा प्रथम भई विद्यालयका प्रधानाध्यापकबाट पुरस्कार ग्रहण गरेपछि कविता लेखनतर्फ प्रेरणा मिलेको र त्यहाँदेखि निरन्तर रूपमा कविता सिर्जनामा लागेको पाइन्छ । सर्वप्रथम पुरस्कार पाउन सफल कविता हाल उपलब्ध हुन सकेन । चिया खान बसेको समयमा पनि एउटा सानो कविता लेखिहाल्ने थपलियालाई सानो विषयवस्तुले पनि भावनामा तरङ्गित हुन प्रसस्त खुराक दिन्थ्यो ।  थपलियाले 'बाफ' कविता यस्तै चियाखाँदै गर्दाको तातो चियाको बाफको विषयवस्तुलाई लिएर लेखेका हुन् । पहिलेदेखि नै निरन्तर रूपमा कविता लेखन थालेका भए पनि उनका कविताहरू केही पछि मात्र सार्वजनिक भएका  छन् । "मेरी निर्जीव मोनालिजा" (२०३८ कल्पना) "आगामी वसन्तको लालीगुराँसप्रति" (२०३८ कल्पना) हुँदै थपलियाका कविताहरू सार्वजनिक हुन थालेका हुन् । यसरी वि.सं २०३८ देखि कविका रूपमा सार्वजनिक भएका थपलियाका कविताहरू विभिन्न पत्रपत्रिकामा निरन्तर रूपमा प्रकाशित हुँदै आएका छन् । तुङ्ग एन्. थपलियाका केही कविताहरू अप्रकाशित अवस्थामै थन्किएका छन् । उनका अन्य कविताहरू आँसु (२०३८ भानु) माझीप्रति (२०३९ सौगात) मेरो शुभकामना तिमीलाई (२०३९ सौगात) प्रथम प्रथम काठमाण्डू टेकेपछि (२०४० कल्पना) प्रकाशित छन् । यिनै विभिन्न समयमा विभिन्न पत्रिकामा प्रकाशित कविताहरूको सङ्ग्रह "अभिमन्यु पृथिवीमा फर्केका छन्" पुस्तकाकार कृति पनि प्रकाशन भएको छ । उनका थुप्रै कविताहरू अप्रकाशित छन् । ती कविताहरूको लेखन समय हेर्दा दिनमा एउटा कविता तयार गर्ने बानी रहेको देखिन्छ । तर धेरै

---

[द्धठ] रविमान लम्जेलबाट  प्रापत मोखिक  जानकारी ।

कविताहरू हाल उपलब्ध हुन सकेका छैनन् । "थपलियाको मानसिक विचलनको फाइदा केही चरित्रहीन व्यक्तिहरूले लिएका र थपलियाका रचनालाई अरुले लगी आफ्ना नाममा समेत प्रकाशन गराएका छन् ।[द्धड]

यसरी विभिन्न कविताको रचना गर्ने तुङ्ग एन्.थपलिया कविका रूपमा परिचित छन् । थपलियाले आफ्ना धेरैजसो कविताहरूमा विशुद्ध गद्यलयको प्रयोग गरेका छन् । उनका केही कविताहरू झ्याउरे लयमा पनि संरचित छन् । समसामयिक विषयवस्तुलाई टपक्क टिपेर कविता लेख्ने थपलियाले आफ्ना कवितामार्फत् समाज र राष्ट्रमा भएका विकृति र विसङ्गति तथा असमानता र आर्थिक शोषण दमनप्रति तीव्र व्यङ्ग्य गरेका छन् । थपलियाले सामाजिक होची अर्घेली तथा आर्थिक दुरीले मान्छे मान्छे बीचमा पारेको विषमताको पर्खालप्रति कवितामार्फत् घृणा उब्जाएका छन् ।[द्धढ] आफ्ना कवितामार्फत् समानता स्वतन्त्रता तथा विश्वबन्धुत्वको भावना व्यक्त गर्ने थपलिया प्रगतिशील कविको रूपमा देखापर्दछन् । "कवि थपलिया चानचुने मान्छे रहेनछन् । उनी त एउटा कुनामा बसेर विश्व परिवेश तथा तीनैलोकको विचरण गर्न सक्ने अलौकिक दिव्य प्रतिभासम्पन्न व्यक्ति रहेछन् । उनका कविताहरू छोटा तर मार्मिक र गहन विचारका रहेका छन् ।[छण] थपलियाका कविताले विश्व परिवेशदेखि लिएर समसामयिक शहरीया तथा ग्रामीण परिवेशलाई पनि समेटेको पाइन्छ । २०२७ सालपछि कविता क्षेत्रमा उत्रेर परिष्कृत कविको रूपमा आफ्नो स्थान सुरक्षित बनाउने नयाँ पुस्ताका कविहरूमा तुङ्ग एन्. थपलियाको पनि नाम अघि सार्न सकिन्छ ।[छज्ञ]

समसामयिक धारा अन्तर्गत कलम चलाउने थपलियाका कविताहरूमा सरलता भाव गाम्भीर्यता तथा विचारको प्रखरता देख्न सकिन्छ । थपलिया प्रगतिशील विचारलाई

---

[द्धड] रविमान लम्जेलबाट प्राप्त मौखिक जानकारी ।

[द्धढ] रविमान लम्जेल, **पूर्ववत्** पृष्ठ २६ ।

[छण] रविमान लम्जेलबाट प्राप्त लिखित जानकारी ।

[छज्ञ] रविमान लम्जेल **पूर्ववत्** ।

आत्मसात गर्दै कविता लेख्ने व्यक्ति हुन् । थपलियाले प्रगतिशील विचार तथा स्वच्छन्दतावादी धारालाई अँगालेर कविता लेखेका छन् । समाजका विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्नु समाजको यथार्थ चित्रण गर्नु, प्रकृतिको यथार्थ तथा जीवन्त चित्रण गर्नु, सानो तथा सूक्ष्म विषयवस्तुलाई टपक्क टिपेर भावनामा तरङ्गित हुनु , स्वच्छन्दतावाद तथा प्रगतिशीलतालाई अँगालेर कविता लेख्नु यिनका कवि व्यक्तित्वका मूलभूत विशेषता हुन् ।

## ३.२.५ समालोचकका रूपमा तुङ्ग एन्. थपलिया

समालोचनालाई साहित्यको व्याख्या र मूल्याङ्कनको रूपमा चिनिन्छ । मूल्याङ्कनको अभावमा व्याख्या र व्याख्याको अभावमा मूल्याङ्कन पनि अस्पष्ट हुन्छ । त्यसैले दुबैको सन्तुलन अपेक्षित मानिएको पाइन्छ । साहित्यका विभिन्न विधामा कलम चलाउने थपलियाले समालोचनाको क्षेत्रमा पनि कलम चलाएको पाइन्छ । साहित्यका विभिन्न विधाका कृतिहरू खोजी खोजी अध्ययन गर्ने बानी भएका थपलिया सानैदेखि साहित्यिक कृतिहरू पढ्ने र त्यस कृतिबारे आफ्नो मनमा उब्जेका धारणा पनि तत्कालै कपीमा लेखिहाल्ने गर्दथे । समालोचना भनेको त वास्तवमा कवि तथा कथाकारको सिर्जनालाई स्पष्टरूपमा देखाइदिने ऐना हो भन्ने धारणा राख्ने थपलियाले धेरै कृतिहरू पढेर ती कृतिसम्बन्धी आफ्ना धारणाहरू व्यक्त गरेका छन् । नेपाली प्रभाववादी र प्रगतिवादी साहित्य समालोचनाका क्षेत्रमा देखापर्ने थपलिया साहित्य सिद्धान्तलाई एक रचनात्मक विज्ञानका रूपमा अँगालेर त्यसै आलोकमा साहित्य संसारलाई हेर्ने नेपाली समालोचनाका फाँटमा स्थापित समालोचकका रूपमा देखा नपरे पनि नेपाली समालोचनाको विकासक्रममा उनको पनि योगदान रहेको कुरालाई नकार्न सकिदैन । तुङ्ग एन्. थपलियाले विशेष गरी नेपाली साहित्यकारहरूद्वारा लेखिएका पुस्तकहरूको अध्ययन गरी त्यसै पुस्तकबारे आफूले बुझेका र आफ्ना मनमा आएका धारणा व्यक्त गरेका छन् । व्यक्तिपरक, वैचारिक, कृतिपरक र जीवनीपरक समालोचनामा कलम चलाउने थपलियाका समालोचनात्मक लेखहरू पुस्तकाकारका रूपमा नभई समसामयिक पत्रिकाहरूमा

प्रकाशित छन् । कुनै चीज वस्तु वा कृतिप्रति आफ्नो मनमा उठेका भावनालाई लिपिबद्ध गर्ने क्रममा कुनै कविता भए, कुनै कथा भए भने कुनै त समालोचनात्मक लेख भनेर चिनिएका छन् भन्ने धारणा व्यक्त गर्दछन् ।[छद] थपलियाका समालोचनात्मक लेखहरू हाल धेरै पाइएका छैनन् । राष्ट्रमाताको पोल्टाभित्र समालोचनात्मक लेख (मेचीप्रवाह वर्ष २ अङ्क ५, २०४०) प्रकाशित पाइएको छ भने अन्य केही पाण्डुलिपि नै रहेका छन् ।

यसरी थपलियाको समालोचनात्मक यात्रा नेपाली साहित्यको क्षेत्रमा पुगेको देखिन्छ । थपलियाले प्रस्तुत समालोचनात्मक कृतिमा विचार र प्रभाव केन्द्रित भएर आफ्नो धारणा व्यक्त गरेका छन् । समष्टिमा भन्नुपर्दा प्रभाववादी, प्रगतिवादी, गहन विश्लेषण र मूल्याङ्कन आदि यिनका मूलभूत समालोचकीय विशेषता हुन् । थपलियालाई आधुनिक नेपाली समालोचनाको फाँटमा प्रभाववादी समालोचकका रूपमा चिन्न सकिन्छ ।

## ३.३ जीवनी व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तर्सम्बन्ध

साहित्यकार थपलिया पाँचदशक लामो जीवनयात्रामा यात्रारत छन् । उनको पाँचदशक लामो जीवनचक्रमा धेरै आरोह अवरोहहरू आएका छन् । बाल्यकाल आमाबाबुको मायालु काखमा बिताएका थपलिया हाल आमाबाबुको स्नेह र ममताबाट वञ्चित भई दुःखित अवस्थामा रहेका छन् । वर्तमान अवस्थामा आफ्नी अर्धाङ्गिनीको समेत विछोड सहिरहेका थपलिया एक छोरा र एक छोरीका साथमा रहेका छन् । पारिवारिक आर्थिक अवस्था पनि मध्यमस्तरको भएका कारण शिक्षा आर्जनका क्रममा खासै समस्या झेल्नुपरेन । पिता जमिनदार तथा समाजसेवी भएका कारण पनि उनलाई समाजसँग घुलमिल हुन र अध्ययनमा लाग्न सजिलो नै भएको देखिन्छ । जब उनी विवाह पश्चात् आफ्नै खुट्टामा उभिएर दैनिक घरव्यवहारको जिम्मा लिन्छन् , त्यसपछि उनलाई आर्थिक समस्याले केही पिरोलेको महसुस हुन थाल्छ भने छोराछोरी पढाउने घरव्यवहार चलाउने जस्ता सबै समस्यामा डटेर लागिपर्छन् । घरव्यवहारकै गर्जोका कारणले तुङ्ग एन्.

[छद] शोधनायकको डायरीबाट प्राप्त जानकारी ।

थपलियाले प्रविणतापश्चात् विद्यालयमा जागिर सुरुवात गरे । जागिरका कारण स्नातक तहको पढाइका लागि क्याम्पस गई नियमित रूपमा अध्ययन गर्न नसकी स्वतन्त्र परीक्षार्थीका रूपमा स्नातक उत्तीर्ण गरेका हुन् । यसरी जीवनका विभिन्न मोडलाई पार गर्ने क्रममा थपलियाको विभिन्न बौद्धिक, राजनैतिक र साहित्यिक व्यक्तिहरूसँग नजिकको सम्बन्ध रहन गयो । जसको फलस्वरूप साहित्य सिर्जना तथा राजनीतिमा चासो राख्दै राजनीति र साहित्य दुबैतिर पाइला चलाउँदै आएको पाइन्छ ।

औपचारिक अध्ययनलाई निरन्तरता दिई स्नातकसम्मको शिक्षा हासिल गरिसकेपछि औपचारिक अध्ययनबाट विश्राम लिएका थपलियाले जागिरलाई नै निरन्तरता दिएको पाइन्छ । यसरी हेर्दा जागिरे जीवनसँगै उनको घरको आर्थिक अवस्था केही सुध्रिन खोजेको देखिन्छ तर तुङ्ग एन्.थपलियालाई "मानसिक समस्याले बेलाबेलामा सताइरहने हुनाले उपचारार्थ कहिले राँची, कहिले काठमाडौं लगिरहनुपर्ने हुनाले आर्थिक अवस्था त्यति सबल बन्न सकेन जागिरको पैसाजति सबै उपचारमै ठिक्क हुन्थ्यो"[छघ] यसरी हेर्दा तुङ्ग एन्.थपलियाको आर्थिक अवस्था सबल बन्न सकेको देखिदैन । साहित्य सिर्जनाका क्रममा २०२७/०२८ सालदेखि सार्वजनिक रूपमा लागेको पाइन्छ । थपलियाले साहित्यका विभिन्न विधामध्ये कविता र कथामै बढी कलम चलाएका छन् । समालोचना, निबन्ध, एकाङ्की तथा अन्य विचारमूलक लेखहरूमा पनि आफ्नो कलम पुऱ्याएका छन् । यिनै विभिन्न विधाहरूमा संलग्न हुँदै अघि बढेका थपलिया कथाकार, कवि, तथा समालोचक व्यक्तित्वका रूपमा स्थापित भएका छन् । साहित्य सिर्जनामा प्रभाववादी, प्रगतिवादी साहित्य र संस्कृतिको निर्माणमा क्रियाशील थपलियाका अन्य व्यक्तित्वहरू पनि कम महत्वका छैनन् । शिक्षा क्षेत्रमा संलग्न भएर पनि नेपाली वाङ्मय र साहित्यसाधनामा निरन्तरता दिनु उनको महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ । थपलियाको पठनपाठनको क्षणदेखि आजसम्मको क्षणसम्मको जीवनवृत्तबाट उनको साहित्यलेखन प्रसस्त प्रभावित भएको पाइन्छ । नेपाली संस्कृति एवम् साहित्यलाई माया गर्दै क्रियाशीलतालाई बढी

---

[छघ] शिष्य थपलियाबाट प्राप्त लिखित जानकारी ।

विश्वास गर्ने थपलिया बाह्य रूपमा जीवन कल्याणमय, सेवामय तथा आन्तरिक रूपमा नैतिक इमान्दारी र मावनीय भावना हुनुपर्दछ भन्ने धारणा व्यक्त गर्दछन् । जीवन र साहित्य एक अर्काको पूरक भएको हुँदा जीवनविनाको साहित्य र साहित्यविनाको जीवन निरर्थक खल्लो र निर्जीव हुने उनको धारणा छ । साहित्य जीवन्त हुनुपर्दछ र जीवन्त साहित्य हुनका लागि जनमानसको समयसापेक्ष इच्छाआकांक्षालाई उजागर गर्न सक्नुपर्दछ भन्ने मान्यता उनको रहेको पाइन्छ । राजनीति साहित्य तथा समाजबीचको सम्बन्ध अन्योन्याश्रित भएको हुँदा यी तीनै पक्ष एक अर्काका पूरक भएको कुरा तुङ्ग एन्.थपलिया आफ्ना कृतिमार्फत् व्यक्त गर्छन् । राजनैतिक व्यक्तित्वको रूपमा तुङ्ग एन्.थपलिया बी.पी. को समाजवादी चिन्तनलाई अँगाल्ने प्रजातन्त्रप्रेमी , देशभक्त र स्वतन्त्रताका पक्षपाती व्यक्तिका रूपमा चिनिन्छन् । सामाजिक व्यक्तित्वका रूपमा उनी आडम्बरयुक्त जातपातलाई स्वीकार नगर्ने, मानवीय भावनाका आधारमा नैतिकवादी सुधारवादी, दयालु, त्यागी, निर्लोभी, राष्ट्रिय एकतामा समर्पित सहयोगी, सेवालाई मुख्य धर्म मान्ने, कर्तव्यनिष्ठ व्यक्तिको रूपमा चिनिन्छन् । मानवीय सेवा नै सच्चा मानवता हो र ईश्वरको सच्चा रूपमा ढुङ्गाका देवता नभई गरिब दुःखी र असहाय व्यक्तिको सेवामा पाउन सकिने उनको धारणा रहेको पाइन्छ ।[छद्ध] साहित्यकार व्यक्तित्वका आधारमा मानवीय अधिकार तथा स्वतन्त्रताका पक्षमा बुलन्द आवाज उठाउने प्रगतिशील साहित्यकार हुनाको साथै राष्ट्र राष्ट्रियता र प्राकृतिक सौन्दर्यका एक अनन्य भक्तका रूपमा देखापर्दछन् । आधुनिक नेपाली कथा साहित्यमा सामाजिक यथार्थता तथा बी.पी. को मनोविश्लेषणतालाई पनि आत्मसात् गर्दै कथा क्षेत्रमा कलम चलाएको पाइन्छ । समसामयिक विषयवस्तुलाई लिएर पात्रका आन्तरिक मनस्थितिको सूक्ष्म विश्लेषण उनका कथामा पाउन सकिन्छ । प्रकृतिप्रेमदेखि लिएर स्वतन्त्रता तथा समानताका पक्षमा आवाज उठाउँदै स्वतन्त्रता विरोधी तत्वहरूलाई प्रकारान्तरबाट हुरुक्क हुने गरी प्रहार गरी गद्यलयमा कविता लेख्ने कवि समसामयिक कविका रूपमा देखापर्दछन् ।

---

[छद्ध] परिवारसाँगको कुराकानीबाट प्राप्त जानकारी ।

यसरी थपलियाका साहित्यिक र साहित्येतर दुबै व्यक्तित्व उत्तिकै महत्वपूर्ण रहेका छन् । साहित्यिक व्यक्तित्व नै थपलियाको मुख्यरूपमा रहेको छ । थपलियाको साहित्यिक व्यक्तित्वका विविध पाटाहरूलाई सघाउ पुऱ्याउने अन्य व्यक्तित्व पनि उत्तिकै महत्वूर्ण रहेका छन् । उनी आफ्नो घरव्यवहारको दैनिक कार्यमा जति सक्रिय तथा क्रियाशील थिए, साहित्यमा पनि उत्तिकै सक्रियताका साथ लागिपरेकोले नै नेपाली साहित्यको क्षेत्रमा तुङ्ग एन्.थपलियाको नाम अङ्कित हुन पुगेको हो । साहित्यका साथसाथै सामाजिक क्षेत्रमा पनि निरन्तर क्रियाशील थपलिया सामाजिक रुढिवादी तथा अन्धविश्वासी परम्परालाई त्यागेर आधुनिक समयसापेक्ष हुन आह्वान गर्दछन् । उनको आफ्नो जीवन निम्नमध्यम स्तरीय, ग्रामीण समाजमै बितेको हुनाले उनका कृतिहरूले पनि त्यतैतर्फ सङ्केत गरेका छन् । गरिबले जति पसिना बगाए पनि सधैं पेट भर्ने र लाज छोप्ने समस्यामै पिरोलिइरहनुपर्ने विवशताप्रति आफ्ना कवितामार्फत् ध्यानाकर्षण गराएका छन् । "अति मेहनती तथा कर्तव्यनिष्ठ थपलियाका कृतिहरूमा उनको विचार प्रस्टसँग देखिन्छ । तुङ्ग एन्.थपलिया समानताका पक्षपाती हुन्, उनी स्वतन्त्रताका पक्षपाती हुन् र उनी वर्गीय जातीय एवम् लैङ्गिक विभेदप्रति कडा एवम् निर्भिक रूपमा आफ्ना धारणा व्यक्त गर्ने व्यक्ति हुन् ।"[छछ] यसरी थपलिया आफ्नो कर्तव्यपथमा निरन्तर क्रियाशील, अत्यन्त परिश्रमी साधनारत, सच्चा राष्ट्रवादी र इमान्दार साहित्यकारका रूपमा चिनिनुले नै उनको जीवनी व्यक्तित्व र साहित्यसिर्जनाका बीच एक अर्काको प्रभाव र अन्तर्सम्बन्ध रहेको छ ।

[छछ] शिव सिटौलाबाट प्राप्त मौखिक जानकारी ।

# परिच्छेद - चार

## साहित्यकार तुङ्ग एन्. थपलियाका कृतिहरूको विश्लेषण ।

### ४.१ तुङ्ग थपलियाका कविताको विश्लेषण

### ४.१.१. तिमी कविताको विश्लेषण

**तत्वगत आधारमा कविताको क्रमिक अध्ययन**

**(क) शीर्षकीकरण**

प्रस्तुत कविता तिमी द्धितीयपुरुष सार्वनामिक शब्दबाट निर्मित छ । कविले स्व सान्दाजुको स्मृतिमा भनेर विश्वेश्वरप्रसाद कोइरालाप्रति सङ्केत गरेका छन् । त्यसैले तिमी भनेर नेपालको इतिहासमा एक कुशल राजनीतिज्ञ एवम् प्रजातान्त्रिक अग्रणी व्यक्तित्व विश्वेश्वरप्रसाद कोइरालाको स्मृतिमा कविले. प्रस्तुत गरेको देखिन्छ । कविताको शीर्षकभन्दा माथि उपशीर्षक दिएर स्पष्ट रूपमा खुलाइएकाले कविताको शीर्षकबाट नै यस कविताको भावभूमि स्पष्ट हुन्छ । शीर्षकीय सार्थकताबाट प्राप्त गर्ने उच्चस्तरीयता यस कविताले प्राप्त गर्न सफल भएको देखिन्छ ।

**(ख) संरचना**

प्रस्तुत "तिमी" कविताको संरचनापक्षलाई हेर्दा मुक्तक झैं देखिने ७ पंक्तिमा बाह्य पक्ष संरचित देखिन्छ । तत्सम, तद्भव तथा मौलिक नेपाली शब्द गरी जम्मा ३७ शब्दहरूको प्रयोग यस कवितामा भएको देखिन्छ । गद्यलयमा संरचित भए पनि आद्यानुप्रास तथा अन्त्यानुप्रासको समुचित प्रयोगले कविता निकै रोचक बन्न गएको देखिन्छ । यस कविताको आन्तरिक संरचनालाई हेर्दा सम्बोधनात्मक द्धितीयपुरुषीय शैलीका साथ कविप्रौढोक्ति उक्तिविधानमा संरचित देखिन्छ ।

**(ग) केन्द्रीयकथ्य एवम् भावविधान**

समानुपातिक जस्ता देखिने गद्यलयका सात पंक्तिमा संरचित प्रस्तुत कविता भावभूमि एवम् विषयवस्तुका दृष्टिले मुक्तकझैं देखिन्छ । यस कवितामा कविले स्वर्गीय विश्वेश्वरप्रसाद कोइरालाको स्मृतिलाई विषयवस्तुका रूपमा ग्रहण गरेका छन् । नेपाली राजनीतिका क्षेत्रमा उत्कृष्ट एवम् सगरमाथाझैं उच्च विचार भएको व्यक्तिको मृत्यु भए पनि प्रत्येक नेपालीको ढुकढुकीमा सधैँ रहिरहने कुरा व्यक्त गरेका छन् । कविले यहाँ विश्वेश्वरप्रसाद कोइरालालाई नेपाली इतिहासमा सधैँ चम्किरहने ध्रुवताराझैँ अमर तथा सगरमाथाझै अटल रहने र सम्पूर्ण नेपालीको ढुकढुकी बनेर बाँचिरहने भनी चित्रण गरेका छन् । नेपाली इतिहासका सच्चा पहरेदार एवम् स्वतन्त्रताका प्रज्वलित दियो तथा प्रजातन्त्रका एक ढुकढुकीका रूपमा विश्वेश्वरप्रसाद कोइरालालाई चित्रण गरेका छन् ।

**(घ) लयविधान**

प्रस्तुत "तिमी" कविता अन्तर्साङ्गीतिक गद्यलयमा संरचित भए पनि कविले यसमा नवीन प्रकारको लयको प्रयोग गरेका छन् । यो मुक्तकीय कवितामा १३, १४, १५ र १७ वटा सम्मका वर्णहरूको प्रयोग तथा दुई पंक्तिमा समान अक्षरका १४ पंक्तिको प्रयोग गरेकोले पद्यात्मक लय समेत प्राप्त भएको देखिन्छ । जसले गर्दा कवितालाई पद्यात्मकताको निकट पुऱ्याउनुका साथै लयात्मकता समेत थपेको देखिन्छ । यस कवितामा आद्यानुप्रास, मध्यानुप्रास तथा आंशिक रूपमा अन्त्यानुप्रासको प्रयोगले श्रुतिमधुरता थपेको पाइन्छ ।

**(ङ) भाषाशैली**

भाषिक दृष्टिकोणले प्रस्तुत कविता त्यति महत्वपूर्ण एवम् उत्कृष्ट वन्न पुगेको देखिदैन । सरल, सहज र जनजीवनमा प्रयुक्त भाषाको प्रयोग गरेर कविले भावलाई कतै पनि खच्किन दिएका छैनन् । यो नै भाषिक वैशिष्ट्य पनि हो । यस कवितामा केही तत्सम र नेपाली जनजीवनमा प्रचलित सामान्य शब्दहरूको प्रयोग भएको देखिन्छ । यस कवितामा माधुर्य गुण वैदर्भी रीति तथा मध्यम शैलीको प्रयोग भएको छ ।

### (च) प्रतीक प्रयोग तथा बिम्बालङ्कारविधान

यस कवितामा सामान्य प्रकारका बिम्ब एवम् प्रतीकहरूको प्रयोग भएको छ । यहाँ आयोजित रूपमा कुनै बिम्ब प्रतीक एवम् अलङ्कारको प्रयोग भएको पाइँदैन ।

## २ "सपना देख्न डराउने रातहरूको अन्त्यपछि" कविताको विश्लेषण

### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

### (क) शीर्षकीकरण

प्रस्तुत कविताको शीर्षक प्रतीकात्मक तथा व्यञ्जनात्मक रहेको देखिन्छ । पदावलीस्तरीय शीर्षकको प्रयोग भएको प्रस्तुत कविताको केन्द्रीय कथ्यमा समावेश भएको विषयवस्तुलाई कविताको शीर्षकले सङ्केत गर्ने भएकोले कविताको शीर्षक सार्थक देखिन्छ । पञ्चायतकालीन कालरात्रीमा सपना देख्न समेत डराउनु पर्ने अवस्थाको चित्रण प्रस्तुत कवितामा गरिएको हुनाले शीर्षकीय सार्थकताबाट प्राप्त हुने कवितात्मक उच्चता प्रस्तुत कविताले प्राप्त गर्न सफल भएको देखिन्छ ।

### (ख) संरचना विधान

प्रस्तुत कविता अन्तर्साङ्गीतिक गद्यलयका लामाछोटा ३४ पंक्तिमा संरचित छ । तत्सम, तद्भव, आगन्तुक तथा मौलिक नेपाली सहित १४४ शब्द संयोजन रहेको प्रस्तुत कवितामा मौलिक नेपाली शब्दहरूको बाहुल्यता पाइन्छ । यस कविताको आन्तरिक संरचनामा कविप्रौढोक्ति उक्तिविधान रहेको छ भने तृतीय पुरुष 'रात' प्रति सम्बोधनात्मक शैली रहेको छ । कविको भावनाको आख्यानीकरण विनाअवरोध सरसरती अघि बढेको पाइन्छ । यस कवितामा समापिका क्रियापदको बाहुल्यता छ भने केही क्रियापदहरू असमापिका पनि प्रयोग भएका छन् ।

### (ग) केन्द्रीयकथ्य एवम् भावविधान

प्रस्तुत कवितामा कविले नेपाल आमाले भोग्नु परेको ३० वर्षे पञ्चायतकालीन कालरात्री र त्यसै समयमा नेपाल आमाका वीर सन्तानहरूले विपनामा मात्र नभएर सपनामा पनि त्रासदीय वातावरण भोग्नुपरेको कटु यथार्थलाई चित्रण गरेका छन् ।

*हामीले सपना देख्न डराउनुपर्ने रातहरू !*

*हामीले डराउनुपर्ने सपनादेख्न ती रातहरूमा !*

*ती रातहरू !*

*अहाँ! साँच्ची नै डरलाग्दा थिए ती रातहरू*[छट]

यसरी विपनामा मात्र होइन सपनामा समेत गिरफ्तारी जेलचलान र यातना मात्र पाइरहनुपर्ने पञ्चायतकालीन शासन प्रणालीको चित्रण गर्दै अव त्यस्तो अवस्था नरहेको र प्रत्येक नेपालीले २०४६ सालको आन्दोलन पश्चात स्वतन्त्रता र खुसी प्राप्त गरेको कुरालाई कविले व्यक्त गरेका छन् । काला रातहरूमा सपना समेत सुखद नहुने तथा आनन्दसाथ सपना देख्न समेत नपाइने कुरा अघि सार्दै अब ती काला रातहरू हाम्रै अगाडि फाँसी चढिसकेका तथा प्रत्येक नेपालीका घर , आँगन, कोठादेखि लिएर गल्ली र सडक सम्म पाइतालाको धुलो समान अस्तित्वविहीन वनिसकेको कुरा व्यक्त गरेका छन् । ती पञ्चायती कालरात्रीहरू २०४६ सालको प्रजातान्त्रिक क्रान्तिको महासागरले बगाइसकेको छ र अव हामी नेपालीहरू सपनाको सेन्सरसिपबाट मुक्त भई आत्मीयता स्वतन्त्रता र मायाको सपना बुन्न स्वतन्त्र छौं , यस स्वतन्त्रतालाई प्रत्येक नेपालीले मुस्कानले सजाएर राख्नुपर्दछ भन्ने आह्वान समेत गरेका छन् ।

**(घ) लयविधान**

प्रस्तुत कविता लामाछोटा ३४ पङ्क्तिमा तथा १४४ शब्दमा संरचित एवम् विस्तारित देखिन्छ । पङ्क्तिबीचमा वर्णहरूको पुनरावृत्तिले कवितालाई लयात्मक एवम् अन्तर्साङ्गीतिक झङ्कारलाई प्रस्फुटन गराउन बढी सफल भएको छ । साथै केही पङ्क्तिहरूमा विषम अन्त्यानुप्रासीय प्रयोगले पनि लयलाई जागरुक र मूर्तता दिन सफल भएको छ ।

---

[छट] तुङ्ग एन थपलिया, **अभिमन्यु पृथिवीमा फर्केका छन्** २०४६, पृ. १५ ।

**(ङ) भाषाशैली**

भाषिक दृष्टिकोणले हेर्दा प्रस्तुत कविता निकै महत्वपूर्ण बन्न पुगेको छ । सरल , सहज तथा संप्रेष्य भाषाको प्रयोग गरेर पनि कविताको भावलाई उच्च तुल्याउन सफल भएका छन् । सरल संप्रेष्य भाषाको प्रयोग गरेर पनि उच्च भावलाई व्यक्त गर्न सक्नु कवि थपलियाको शैलीगत वैशिष्ट्य मान्न सकिन्छ । कतै कतै कविले आफ्नै शैली र शब्दको समेत प्रयोग गरेको पाइन्छ । मुखौटा जस्तो शब्दको प्रयोग गरेर कवितालई रोचक एवम् भावतरङ्गलाई सहज बनाउन सफल भएका छन् । प्रस्तुत कवितामा तत्सम, तद्भव आगन्तुक र मौलिक नेपाली गरी जम्मा १४४ शब्दको प्रयोग भएको छ ।

**(च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कविताको शीर्षक नै प्रतीकात्मक रहेकोले कविता निकै व्यञ्जनात्मक बन्न पुगेको छ । कविताको शीर्षक “सपना देख्न डराउनुपर्ने रातहरूको अन्त्यपछि” ले पञ्चायतकालीन कालरात्रीको अन्त्य वा प्रजातन्त्रको अथवा प्रजातान्त्रिक बिहानीको समय भन्ने अर्थलाई व्यक्त गरेको छ साथै अन्य सहज र सरल विम्व र प्रतीकको प्रयोगले कविताको भाव भूमिलाई अझ गम्भीर र गहन बनाउन सफल भएको छ । प्रतीक र बिम्बको प्रयोगले कवितालाई अझ सरल र सहज बनाएका छन् भने विषम अन्त्यानुप्रासी शब्दालङ्कार तथा अर्थालङ्कारमा उपमा, उत्प्रेक्षा, रूपक तथा स्वभावोक्ति अलङ्कारको प्रयोगले कवितालाई अझै चम्काएको छ ।

**(३)“नेपालीप्रति” कविताको विश्लेषण**

**तत्वगत आधारमा कविताको क्रमिक अध्ययन**

**(क) शीर्षकीकरण**

प्रस्तुत “नेपालीप्रति” कविताको शीर्षक नेपाली जातिवाचक नाम र प्रति नामयोगी अव्ययको योगबाट निर्मित छ । नेपालमा बस्ने सबै नागरिकलाई कविले सुमधुर गीत र सुनौलो इतिहास रच्न आग्रह गरेका छन् । द्वितीयपुरुषात्मक सम्बोधनात्मक शैलीमा प्रस्तुत

गरिएको यस कविताको शीर्षक र केन्द्रीय कथ्यबीचको तालमेल भएका कारण शीर्षकीय सार्थकताबाट पाउने उच्चता पाएको छ ।

**(ख) संरचनाविधान**

प्रस्तुत "नेपालीप्रति" कविताको संरचनापक्षलाई हेर्दा मुक्तलयमा प्रायः समानुपातिक जस्ता देखिने लामा छोटा गरी जम्मा दस पङ्क्तिमा संरचित छ । तत्सम , तद्भव , आगन्तुक र मौलिक नेपाली शब्दहरू गरी जम्मा ३४ शब्दहरूबाट बाह्य संरचना संरचित छ । लघु अथवा मुक्तकीय आकारको प्रस्तुत कविताको आन्तरिक संरचनामा कविप्रौढोक्ति द्वितीय पुरुष सम्बोधनात्मक शैलीको प्रयोग भएको छ । कविताको भाववहन सरल, सहज तथा बोधगम्य देखिनाले आन्तरिक तथा बाह्य संरचना सुगठित देखिन्छ ।

**(ग) केन्द्रीय कथ्य एवम् भावविधान**

गद्यलयका लामाछोटा १० पंक्तिमा संरचित यस कवितामा कविले नेपाली जनतालाई जागरित एवम् उत्साहित भएर नयाँ र नौलो समयको प्रादुर्भाव गर्न आह्वान गरेका छन् । नेपाली जनमानसमा गाथाका रुपमा रहेको विषयलाई लिएर नेपाली साहित्यको प्रादुर्भाव गर्ने भानुभक्त बन्न आग्रह गर्दै आफू चाहिँ त्यसको खोज अन्वेषण गर्ने मोतीराम बन्ने कुरा व्यक्त गरेका छन् । सबै नेपालीहरू एकजुट भएमा खाली इनारमा पानी भर्न सकिन्छ ,नयाँ बाटो अथवा नयाँ युगको निर्माण गर्न सकिन्छ भन्ने कुरालाई कविले केन्द्रीय कथ्य बनाएका छन् ।

**(घ) लयविधान**

प्रस्तुत कविता समानुपातिक जस्ता देखिने १० पंक्तियुक्त अन्तर्साङ्गीतिक गद्यलयमा संरचित छ । स्वरव्यञ्जनगत विषम अनुप्रासीय शव्दयोजनाले लयात्मकता थपेको छ ।

**(ङ) भाषाशैली**

प्रस्तुत "नेपालीप्रति "कवितालाई भाषिक दृष्टिकोणले हेर्दा यहाँ अधिकांश तत्सम तद्भव र नेपाली मौलिक शब्दहरू रहेका छन् । तत्सम शब्दहरूमा पनि नेपाली साहित्यमा प्रचलित तथा जनजीवनमा प्रयोग भइरहने शब्दहरू रहेका छन् । तत्सम तथा तद्भव शब्दहरूको यथोचित सन्तुलन मिलाई कविले आफ्ना अभिव्यक्ति प्रस्तुत गरेकाले कविताको भाववोधमा कुनै शाब्दिक कठिनाई देखापर्दैन । यस कवितामा भानू, मोती, प्राण, स्वर्णप्रतिमा, पुनर्मिलन, गाथा, जनमानस, आदि तत्सम शब्दहरू रहेका छन् भने तद्भव शब्दहरूमा पानी, गोरेटो, आदि रहेका छन् । तत्सम शब्दको आधिक्यता रहेको प्रस्तुत कवितामा 'फगत' एकमात्र आगन्तुक शब्दको प्रयोग भएको छ ।

प्रस्तुत कवितामा बनेर, भई जस्ता असमापिका क्रियाको प्रयोग भएको छ भने जन्मिदेऊ,आउँला, खनिदेऊ, भरिदिउँला, पछ्याउँला, गाउँला, जस्ता आज्ञार्थक, सम्भावनार्थक, समापिका क्रियापदको प्रयोग भएको पाइन्छ । पढ्नेवित्तिकै कविताको भावबोध हुने हुनाले प्रसादगुण तथा आवयव संगठनमा पाञ्चाली रीतिको प्रयोग देखिन्छ । यस कवितामा तत्सम, तद्भव शब्दको समुचित प्रयोग भएको हुनाले मध्यमस्तरीय शैलीको प्रयोग भएको छ ।

**(च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

यस कवितामा स्वभाविकरूपमा आएका सहज बिम्ब एवम् प्रतीकहरूको प्रयोग भएको छ । यहाँ भानू तथा मोती शब्दहरू प्रतीकात्मक अर्थ बहन गर्न आएका छन् । यी शब्दहरूले प्रकाश वा चेतनाको अर्थ व्यक्त गरेका छन् भने श्लेषरूपमा भानुभक्त र मोतीराम पनि अर्थ बुझाएका छन् । आयोजितरूपमा यस कवितामा कुनै बिम्ब प्रतीक र अलङ्कारकको प्रयोग भएको पाइदैन ।

### ४.१.४ "बिहान उठेपछि हिमालमा" कविताको विश्लेषण

#### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

#### (क) शीर्षकीकरण

गद्यलयका २४ पङ्क्तिमा संरचित प्रस्तुत कवितामा कविले बिहानको सूर्योदयको किरण सेता हिमालमा पर्दा देखिने मनोरम दृश्यको वर्णन गरेका छन् । पदावली स्तरको शीर्षक रहेको प्रस्तुत कवितामा विषयवस्तु वा केन्द्रीयकथ्य र शीर्षकबीच पूर्ण सामञ्जस्य रहेकाले कविताले पाउने उच्चस्तरीयता पाएको छ ।

#### (ख) संरचनाविधान

मुक्तलयका लामाछोटा गरी ५४ पंक्तिमा संरचित प्रस्तुत कविता लघु आयामको देखिन्छ । तत्सम, तदभव, आगन्तुक र मौलिक नेपाली गरी जम्मा ९२ वटा शब्दहरूको प्रयोग प्रस्तुत कवितामा गरिएको छ । यस कवितामा एक अक्षरदेखि लिएर ६ अक्षरसम्मका शब्दहरूको प्रयोग भएको छ । कविप्रौढोक्ति शैलीमा आन्तरिक संरचना देखिन्छ भने हतार-हतार, स्निग्ध, सफा, सुनौला जस्ता शब्दहरूमा पाइने अनुप्रासले गर्दा श्रुतिमधुरता समेत पाउन सकिन्छ ।

तत्सम शब्दहरूकै बाहुल्यता रहेको प्रस्तुत कवितामा किरण स्वागत, कोमल, स्निग्ध, सुनौला, मुस्कान आतिथ्य, व्यस्तता, सौन्दर्य, सत्कार, आश्चर्य सूर्यदेव, पर्वतराज अविरल, निरन्तर आदि तत्सम शब्दहरू रहेका छन् भने तद्भव शब्दहरूमा , अँजुली , आमा , राता, सेता , घर, हात, सफा, दैलो आदि रहेका छन । तत्सम र तद्भव शब्दहरूकै आधिक्यता पाइने यस कवितामा सारी, खुन जस्ता थोरै शब्दहरू मात्र आगन्तुक रहेका छन् । दिन्छन् , गर्छन् जस्ता समापिका क्रिया तथा थापेर जस्ता असमापिका क्रियापदको प्रयोग यस कवितामा भएको छ ।

लामा छोटा गरी दुई पंक्तिपुञ्जमा विभाजित प्रस्तुत कविताको संरचना आन्तरिक तथा बाह्य दुवै दृष्टिकोणले मध्यमस्तरीय देखिन्छ ।

**(ग) केन्द्रीयकथ्य एवम् भावविधान**

प्रस्तुत कवितामा कविले बिहानको समयमा सेता हिमालमाथि प्रथम सूर्योदयको रातो किरण पर्दा देखिने प्राकृतिक सुन्दरताको सजीव चित्रण गरेका छन् । हिमालका सेता चुचुरामा सूर्योदयको प्रथम किरण पर्दा रातोमाटोले अँगेनाको डील र दैलाको ठेलो पोतिएझै देखिएका छन् र ती सुन्दर हिमालले जीवनजगतको स्वागतमा सुनौलो मुस्कान छरिरहेका छन् । अतिथि सत्कारको व्यस्ततामा दुलहीको निधारबाट पसिना भूइँमा झरेजस्तो सौन्दर्य सत्कारको व्यस्ततामा हिमालबाट पसिनाका नदीहरू बगिरहेका छन् । तिनै हिमालयमा सूर्यदेवले पहिलो र अन्तिम चुम्बन गर्छन् साथै पर्वतराज पनि त्यही बसेर राज्य गर्दछन् । मानिसका नसा नसामा खुन बगेझैँ हिमालयबाट निरन्तर रूपमा नदी प्रवाह भएर देशमा निरन्तर जीवनदान दिन्छन् । यसरी विभिन्न प्रतीक बिम्ब प्रयोग मार्फत् प्राकृतिक मनोरम सूर्योदयको वर्णन नै यस कविताको मूलभाव हो ।

**(घ) लयविधान**

प्रस्तुत कविता थपलियाका अन्य कविताहरूझैँ अन्तर्साङ्गीतिक गद्यलयमा नै संरचित छ । स्वरव्यञ्जनगत शब्दयोजनाले मुक्त छन्दभित्रै पनि साङ्गीतिकता पाइन्छ । एउटै वाक्यमा वर्णसमूहको एक वा एकभन्दा बढी आवृतिवाट सिर्जना हुने अनुप्रासीयताले पनि कविताको लयलाई प्रस्फुटित गराएको छ । एउटै शब्द विभिन्न प्रयोजनमा दोहोरिन आएकोले तथा विषम अन्त्यानुप्रासको प्रयोगले पनि कविताको लयविधानलाई अगाडि बढाएको छ।

**(ङ) भाषाशैली**

“प्रस्तुत बिहान उठेपछि हिमालमा” कवितालाई भाषिक दृष्टिकोणले हेर्दा अधिकांश शब्दहरू तत्सम र तदभव देखिन्छन् । तद्‌भव तथा तत्सम शब्दहरूको यथोचित सन्तुलनले गर्दा कविता सरल र सहज तथा साङ्गीतिक बनेको छ । कविप्रौढोक्ति उक्तिविधानमा संरचित प्रस्तुत कविताको भाषाशैली सरल, सरस एवम् बोधगम्य रहेको छ । समापिका, असमापिका क्रियापदका साथै पोतेझैं, गरेझैं लत्रिएझैं जस्ता शब्दको

प्रयोगले भाषिक तथा लयगत सुन्दरतालाई अझै उजिल्याएको छ । कविता पढ्नेवित्तिकै भावबोध हुने हुनाले प्रासादगुण तथा सरल शब्द र वाक्यहरूको संयोजन भएकोले पाञ्चाली रीतिको संयोजन पाइन्छ ।

**(च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कवितामा स्वभाविक रूपमा सहज बिम्ब एवम् प्रतीहरूको प्रयोग भएको छ । स्वरवर्ण एवम् व्यञ्जनवर्णहरूको आवृतिका कारण अनुप्रास शब्दालङ्कारको प्रयोग पाइन्छ भने उपमा अर्थालङ्कारको प्रयोग सहजरूपमा भएको देखिन्छ । हिमाल, सूर्योदयको किरण, तथा दुलहीको अतिथिसत्कारको व्यस्तताको स्वभाविक वर्णन भएकोले स्वभावोक्ति अलङकारसमेत पर्न गएको देखिन्छ । यस कवितामा प्रयोग भएका अलङ्कार स्वतस्फूर्त रूपमा रहेका देखिन्छन् ।

**.५ "फागुन ७" (स्व. श्री ५ त्रिभुवनको स्मृतिमा) कविताको विश्लेषण**

**तत्वगत आधारमा कविताको क्रमिक अध्ययन**

**(क) शीर्षकीकरण**

प्रस्तुत कविताको शीर्षक "फागुन ७" रहेको छ । यस कविताको शीर्षकमै कविले स्व. श्री५ त्रिभुवनप्रति संकेत गरेका छन् । एक पदको शीर्षक रहेको प्रस्तुत कविताले प्रजातन्त्र पुनर्प्राप्ती भएको समयलाई सङ्केत गरेको छ । प्रजातन्त्रप्रेमी राजा त्रिभुवनको मृत्युपश्चात् प्रजातन्त्रको पुनर्प्राप्तिको घोषणा भएकै दिनको अवसरमा लेखिएको प्रस्तुत कविताको शीर्षक र विषयवस्तुका बीच सामञ्जस्यता छ र शीर्षकीय सार्थकताबाट प्राप्त गर्ने उच्चस्तरीयता यस कविताले पनि पाएको छ ।

**(ख) संरचनाविधान**

प्रस्तुत कविता नेपाली जनजिब्रोमा रहेको लोकप्रिय झ्याउरे लयमा लेखिएको छ । कविको यो एकमात्र झ्याउरे लयले उनको लयगत वैशिष्ट्यता देखिन्छ । सोह्र अक्षरे, चौध हरफे प्रस्तुत कवितामा लोकलय झ्याउरेमा सुहाउने सरल, सहज नेपाली शब्दहरूको बाहुल्यता पाइन्छ । अन्त्यानुप्रासी झ्याउरे लयमा संरचित प्रस्तुत कविताको आन्तरिक

संरचनालाई हेर्दा सम्बोधनात्मक द्वितीय पुरुषीय शैलीका साथ कविप्रौढोक्ति उक्तिविधान रहेको देखिन्छ ।

**(ग) केन्द्रीयकथ्य एवम् भावविधान**

समानुपातिक अन्त्यानुप्रासी झ्याउरे लोकलयमा १४ पङ्क्तिमा संरचित प्रस्तुत कविता लुघुआयामको छ । नेपाली जनताको मुहारमा सधैँ हाँसो रहेको देख्न चाहने राजा त्रिभुवन उपचारार्थ युरोप गएका बेला उतै स्वर्ग भएको खवर सुन्दा सम्पूर्ण नेपाली शोकाकुल भएको र उनको पार्थिव शरीर यस धर्तीबाट सदाका लागि विदा भएर गए पनि उनी सारा नेपालीको मनमस्तिष्कमा प्रजातन्त्रको ज्योति बनी सदा चम्किरहने छन् र उनैको प्रेरणा र सदिच्छाले गर्दा नै प्रजातन्त्रको नौलो विहानीसँगै सारा नेपालीका घर आँगनमा प्रजातन्त्रका फूल ढकमक्क भएर फुलेका छन् । प्रजातन्त्रप्रेमी राजा त्रिभुवनको सम्झना गर्दै फागुन ७ अर्थात् प्रजातन्त्र पुनप्राप्तिको विषयलाई नै यस कविताको केन्द्रीय कथ्य बनाएको छ ।

**(घ) लयविधान**

प्रस्तुत " फागुन ७ " (स्वर्गीय श्री ५ त्रिभुवनको स्मृतिमा ) कविता साङ्गीतिक झ्याउरे लोकलयमा संरचित छ । अन्त्यानुप्रासको सहज रूपमा प्रयोग भएको प्रस्तुत कविता गेयात्मक छ । अन्त्यानुप्रासको प्रयोग तथा सरस, सरल शब्दहरूको संयोजनले गर्दा कविता श्रुतिमधुर बनेको छ र कविताको सौन्दर्यलाई अझै उर्जा थपेको छ ।

**(ङ) भाषाशैली**

भाषिक दृष्टिकोणले प्रस्तुत कवितालाई हेर्दा नेपाली शब्दकोश तथा ग्रामीण जनमानसमा प्रचलित नेपाली शब्दहरूकै आधिक्यता पाइन्छ । लयलाई थप सुन्दरता प्रदान गर्न प्रयोग गरिएका तर, जस्ता अव्ययको पनि सार्थक प्रयोग भएको छ । यसले गर्दा कविता अझ गेयात्मक बनेको छ । बिहानीपख परेवी घुर्ने तथा विपनीमा अशुभ समाचार सुनिने छ भने सपनीमा ऐठन हुने ग्रामीण जनबोलीलाई सरल सरस शैलीमार्फत व्यक्त भएको छ । तत्सम तद्भव तथा नेपाली मौलिक शब्दहरूको आधिक्यता रहेको प्रस्तुत

कवितामा आगन्तुक शब्द भने पाइँदैन । प्रस्तुत कवितामा सम्बोधनात्मक कविप्रौढोक्ति शैलीको प्रयोग भएको छ ।

**(च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कविताको शीर्षक नै प्रतीकात्मक रहेको छ । प्रभातकालीन हिमाल सुशोभित भएजस्तै प्रजाको शासन आएको दिन नेपाली घर आँगन पनि सुशोभित भएका छन् । कविताको यस भनाइमा उपमा अलंकारको प्रयोग भएको छ भने यस कवितामा प्रयोग भएका अन्य शब्दहरू जस्तै : कोपिला, मुना, अष्पष्ट, सपना तथा पोतिए घरआँगन क्रमशः प्रजातन्त्र, अशुभसमाचार र प्रजातन्त्र प्राप्तिपछि सबै नेपालीको घरआँगनमा छाएको खुशीयालीको प्रतीकको रूपमा आएका छन् ।

यस कवितामा प्रयुक्त बिम्ब प्रतीक एवम् अलङ्कारहरू नियोजित नभै स्वतः स्फूर्त रूपमा आएका देखिन्छन् ।

**.६ "मेरी निर्जीव मोनालिजा " कविताको विश्लेषण**

**तत्वगत आधारमा कविताको क्रमिक अध्ययन।**

**(क) शीर्षकीकरण**

प्रस्तुत "मेरी निर्जीव मोनालिजा " कविता मेरी सर्वनाम तथा निर्जीव र मोनालिजा जस्ता नाम पद गरी तीन पदबाट निर्मित छ । विश्वविख्यात मोलालिसाको तश्विरसँग प्राकृतिक सौन्दर्यले भरिपूर्ण पोखराको फेवातालमा छायाको रूपमा देखापर्ने माछापुछ्रे हिमालको तुलना गरेका छन् । कविताको केन्द्रीयकथ्यमा समावेश भएको विषयवस्तु र शीर्षकका बीचमा अर्थगत सम्बन्ध स्थापना भएका कारण शीर्षकीय सार्थकता देखापर्छ । शीर्षक र केन्द्रीय कथ्यका बीचमा तालमेल भएका कविताले पाउने उच्चस्तरीयता प्रस्तुत कविताले पनि पाएको छ ।

## ख) संरचना विधान

प्रस्तुत कविताको संरचनापक्षलाई हेर्दा गद्यलयका लामा छोटा ३४ पङ्क्तिभित्रका तत्सम, तद्भव, आगन्तुक तथा नेपाली मौखिक शब्दहरू गरी १६० शब्दमा संरचित छ । लामा छोटा गरी चार पङ्क्तिपुञ्जमा यस कविताको बाह्य संरचना निर्मित छ । यस कविताको आन्तरिक संरचनालाई हेर्दा फेवाताल तथा माछापुछ्रेप्रतिका कविका अन्तर्भावनालाई कविप्रौढोक्ति शैलीको आन्तरिक संरचनामा व्यक्त गरेका छन् । शब्दहरू सरल, सहज, तथा संप्रेष्य भएका कारण भावगत तरङ्ग गाँठो नपरी तरङ्गित भएको देखिन्छ । प्रस्तुत कविताको आन्तरिक तथा बाह्य संरचना सुगठित किसिमको छ ।

## ग) केन्द्रीयकथ्य एवम्  भावविधान

प्रस्तुत कवितामा कविले नेपालको प्राकृतिक सौन्दर्यको छटालाई कथ्यका रूपमा समावेश गरेका छन् । कविले यस कवितामा प्राकृतिक चित्रण गर्दै प्रतीकात्मक रूपमा नेपालको आन्तरिकता प्रकट गर्दै आफैले देखेका र अनुभव गरेका चीजको भावपरक प्रस्तुति गरेका छन् ।[छठ] भिन्चीको विश्वचर्चित चित्र मोनालिजालाई चुम्न निर्जीव कागजी आयतनले छेको हालेझैं कविकी सुन्दर मोनालिजा अर्थात् माछापुच्छ्रेलाई चुम्बन गर्न असीमित पानीको सतहले छेको हालेको छ । हावामा उड्न सक्ने भएर विहानीको न्यानो तथा लज्जालु घुम्टोको रूपमा आएर आफ्नी मोनालिजालाई चुम्ने इच्छा प्रकट गर्नु नै यस कविताको केन्द्रीय कथ्य हो ।

## घ) लयविधान

प्रस्तुत कविता अन्तर्साङ्गीतिक गद्यलयमा लामा छोटा गरी चौंतीस पङ्क्ति र चार पङ्क्तिपुञ्जमा संरचित छ । स्वर एवम् व्यञ्जनवर्णको पुनरावृत्तिले गर्दा कविता लयात्मक बनेको छ भने पङ्क्ति पङ्क्तिबीचमा प्रयोग भएका समानुपातिक पङ्क्ति एवम् आद्यानुप्रास तथा अन्त्यानुप्रासको संयोजनले कवितालाई थप लयात्मकता प्रदान गरेको  छ । जस्तै :

---

[छठ] रविमान लम्जेल, **पूर्ववत्** पृ. २६ ।

*र पानीभैं पानीमा पौडिएर*
*र आँसुभैं आँसुमा पौडिएर*
*पानीको गहिराइमा पुग्न सकूँ*
*आँसुको गहिराइमा पुग्न सकूँ ।*[छड]

केही पङ्क्तिहरूमा विषम अन्त्यानुप्रासीय प्रयोगले पनि लयलाई मूर्तता साथै थप उर्जा प्रदान गरेको छ ।

**ङ) भाषाशैली**

भाषिक दृष्टिकोणले प्रस्तुत कविता महत्त्वपूर्ण छ । कविले सरल, संप्रेष्य र सहज भाषाको प्रयोग गरेर पनि कविताको भावलाई उच्च राख्न सफल भएका छन् । सरल वाक्य तथा नेपाली जनजिब्रोमा पचेका शब्दहरूको प्रयोगले कविता श्रुतिमधुर वनेको छ । गुन्यु, मजेत्रा, ठिङ्गै जस्ता शब्दहरू ग्रामीण जनजिब्रोबाट टपक्क टिपेर कवितामा उचित रूपमा प्रयोग भएको छ । तत्सम शब्दहरूकै आधिक्यता रहेको प्रस्तुत कवितामा नेपाली भाषामा प्रचलित अन्य स्रोतभाषाबाट आयातित केही शब्दहरूको प्रयोग गरिएको छ भने एकमात्र अनुकरणात्मक शब्द ठिङ्गै प्रयोग भएको छ । वर्णनात्मक तथा कविप्रौढोक्ति शैलीको प्रयोग यस कवितामा गरिएको छ ।

**च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

यस कवितामा कविले प्राकृतिक सौन्दर्यको वर्णन गर्ने क्रममा विभिन्न प्रकारका बिम्ब एवम् प्रतीकहरूको प्रयोग गरेका छन् । यस कवितामा कविले प्राकृतिक सौन्दर्यको प्रतीकका रूपमा मोनालिजालाई लिएका छन् भने नेपालमा जनतालाई आफूले इच्छा गरेका कुराहरू व्यक्त गर्ने स्वतन्त्रता नभएको कुरा आफ्नै मोनालिजालाई आफैले चुम्बन गर्न छेको हालेको छ भनी प्रतीकात्मक रूपमा तत्कालीन स्वतन्त्रताविहीन परिपाटी तर्फ सङ्केत गरेको पाइन्छ । यस कवितामा "म ज्यूँदै भएर पनि मेरी विधवा आइमाई" मा विरोधाभास अलङ्कार परेको देखिन्छ भने माछापुछ्रेलाई सिधै मोनालिजामा आरोप गरेकोले

[छड] ऐजन् ।

रूपक अलङ्कार समेत पर्न गएको देखिन्छ । स्वच्छ, शान्त तथा गम्भीर हिमालयको वर्णनमा स्वभावोक्ति अलङ्कार पनि देखिन्छ ।

यस कवितामा प्रयोग भएका बिम्ब, प्रतीक एवम् अलङ्कारहरू सहज रहेका छन् । कुनै पनि बिम्ब, प्रतीक एवम् अलङ्कारको प्रयोग आयोजित नभई स्वतःस्फूर्त रूपमा आएको देखिन्छ ।

## ४.१.७ 'यो हो नेपाल मेरो देश' कविताको विश्लेषण

### तत्त्वगत आधारमा कविताको क्रमिक अध्ययन

### क) शीर्षकीकरण

प्रस्तुत कविताको शीर्षक पाँच पद रहेको पदावली स्तरको देखिन्छ । मुक्तकीय आयामको प्रस्तुत कवितामा 'कविले अभिधार्थमा नेपाली जनताको गरिबीको चित्रण गरेका छन् । केन्द्रीय कथ्यलाई शीर्षकले नै सङ्केत गरेको हुनाले शीर्षकीय सार्थकता पाउन सकिन्छ ।

### ख) संरचना विधान

समानुपातिक जस्ता देखिने आठ पङ्क्तिमा संरचित प्रस्तुत कविता लघु आयामको देखिन्छ । लघु आयामकै भएको हुनाले स्वयं कविले पनि यसलाई मुक्तक भनेर सङ्केत गरेका छन् । तत्सम, तद्भव तथा आगन्तुक शब्दहरू गरी एकतीस शब्दहरूको प्रयोगबाट निर्मित प्रस्तुत कवितामा छोटा पङ्क्ति एवम् प्रायः आद्यानुप्रास र अन्त्यानुप्रासको उचित प्रयोगले कविता गेयात्मक बनेको छ । जस्तै

*सधैँ झुप्रा पानी चुहुने ।*
*सधैँ पेट सारङ्गी बजाउने*
*सधैँ झुत्रा शर्म लगाउने ।* [छढ]

---

[छढ] ऐजन् ।

यस कविताको आन्तरिक संरचना कविप्रौढोक्ति उक्तिविधान तथा वर्णनात्मक शैलीको प्रयोग गरी निर्मित देखिन्छ ।

**ग) केन्द्रीयकथ्य एवम् भावविधान**

अन्तर्राष्ट्रका विभिन्न दातृसंस्थाहरूले सहयोगी हात फैलाए पनि नेपालको गरिबी कहिल्यै हट्न नसकेको र सधैं सबै नेपालीहरू गरिबीको रेखामुनि नै रही भोको पेट तथा नाङ्गो शरीर ढाक्ने समस्यामै रुमल्लिनु परेको नेपालीको पीडा र व्यथालाई अभिधार्थमा व्यक्त गर्नु नै यस कविताको केन्द्रीय कथ्य हो ।

**घ) लयविधान**

अधिकांश पङ्क्तिहरूमा आद्यानुप्रास एवम् अन्त्यानुप्रासको प्रयोग भएको प्रस्तुत कवितामा क्षीण कलात्मकता एवम् अन्तर्सङ्गीत रहेको छ । मुक्त लयको यस कवितामा वर्णहरूको आवृत्तिबाट पैदा हुने ध्वनिसौन्दर्यको प्रस्फूटनले कवितालाई अझ बढी लयात्मकता प्रदान गरेको छ । समानुपातिक पङ्क्तियोजनाले तथा अनुप्रास योजनाले गर्दा गद्य लयभित्रै पनि पद्यलयको विशेषता पाइनु यस कविताको लयगत वैशिष्ट्य हो । यसरी विषम अन्त्यानुप्रासी शब्द प्रयोग तथा समानुपातिक पङ्क्ति योजनाले कवितालाई लयात्मक एवम् श्रुतिमधुरता थपेको देखिन्छ ।

**ङ) भाषाशैली**

मुक्तक आकारको प्रस्तुत कविताको भाषाशैली सरल, सहज एवम् बोधगम्य रहेको छ । प्रायः नेपाली शब्दकोशमा प्रचलित तथा नेपाली जनमानसमा भिजेका शब्दहरूकै प्रधानता रहेको यस कवितामा अन्य भाषाबाट आयातित शब्द भने 'ट्याक्स' मात्र प्रयोग भएको छ । झुप्रा झुत्रा तथा चुहुने जस्ता नेपाली मौलिक शब्दहरूको प्रयोग भएको छ भने अन्तर्राष्ट्र, श्रर्म जस्ता तत्सम शब्दहरू रहेका छन् । हात, पानी जस्ता तद्भव शब्दहरू रहेका छन् । यस कविताको आन्तरिक संरचनामा वर्णनात्मक कविप्रौढोक्ति उक्ति विधान रहेको देखिन्छ ।

**च) बिम्ब प्रतीक एवम् अलङ्कारविधान**

अभिधार्थमा नेपालको गरिबीलाई चित्रण गरेको यस कवितामा सरल, एवम् सहज रूपमा बिम्ब एवम् प्रतीकहरूको पनि प्रयोग भएको पाइन्छ । यहाँ प्रयोग भएका सारङ्गी , पसिना तथा शर्म जस्ता शब्दहरू क्रमशः भोको पेट, कडा परिश्रम तथा नाङ्गो शरीरको प्रतीक बनेर आएका छन् । विदेशीहरूले जति सहयोगको हात बढाए पनि नेपालीको अवस्था सुध्रन नसकेको अवस्थाको यथार्थ चित्रण भएकाले स्वभावोक्ति अलङ्कार पनि पर्न गएको देखिन्छ । त्यस्तै सारङ्गीमा भोको पेटको तथा शर्ममा नाङ्गो शरीरको आरोप गरेको हुनाले रूपक अलङ्कार समेत देख्न सकिन्छ । साथै वर्णहरूको आवृत्तिले गर्दा अनुप्रास अलङ्कार समेत देख्न सकिन्छ ।

प्रस्तुत कवितामा देखिएका बिम्ब, प्रतीक एवम् अलङ्कारहरू नियोजित नभएर स्वतस्फूर्त रूपमा आएका देखिन्छन् ।

**४.१.८ आज प्रजातन्त्रको विहान कविताको विश्लेषण**

**तत्वगत आधारमा कविताको क्रमिक अध्ययन**

**क) शीर्षकीकरण**

पदावलीस्तरको शीर्षक रहेको प्रस्तुत कविता प्रजातन्त्र पुनर्प्राप्तिको अवसरमा नयाँ प्रजातन्त्रको विहानीको स्वागतमा लेखिएको हो । शीर्षकबाट नै केन्द्रीय कथ्य वा भाव झल्किने हुनाले शीर्षक सार्थक छ । त्यसकारण शीर्षकीय सार्थकताबाट पाउने उच्च स्तरीयता यस कविताले पनि पाएको छ ।

**ख) संरचनाविधान**

अन्तर्साङ्गीतिक गद्यलयका लामा छोटा गरी सन्तानब्बे पङ्क्तिमा संरचित प्रस्तुत कवितामा तत्सम, तद्भव तथा आगन्तुक गरी तीनसय एकानब्बे शब्दको प्रयोग भएको छ । गद्यलयका सन्तानब्बे पङ्क्तिमा कविप्रौढोक्ति शैलीको प्रयोग गरी प्रजातन्त्र पुनर्प्राप्ति मा सबै नेपालीहरूको मनमस्तिष्कमा खुशीयाली छाएको विषयलाई कथ्य बनाई सरल शैलीमा प्रस्तुत गरेका छन् । विषम पङ्क्ति एवम् विषम पङ्क्तिपुञ्जको प्रयोग गरिएको

प्रस्तुत कविता कतै कतै आद्यानुप्रास तथा अन्त्यानुप्रासको प्रयोगले अझै गेयात्मकतातिर लम्किएको छ भने शब्दयोजनागत वैशिष्ट्यलाई हेर्दा कविता मध्यमस्तरको देखिन्छ ।

**ग) लयविधान**

प्रस्तुत कविता मुक्तलयमा लेखिएको छ । मुक्तछन्दमा पाइने लयात्मकतालाई प्रायः पालना गरेर लेखिएको यस कवितामा गीत्यात्मकता रहेको छ भने पङ्क्ति पङ्क्तिबीचमा प्रयोग भएका आद्यानुप्रास एवम् अन्त्यानुप्रासीय समानुपातिक पङ्क्तिपुञ्जले थप लयात्मकता एवम् गीत्यात्मकता प्रदान गरेको छ । स्वागतम् तथा स्वागत शब्दको पटक पटकको आवृत्तिले गर्दा कविता श्रुतिमधुर एवम् गीत्यात्मक बनेको छ ।

**घ) केन्द्रीयकथ्य एवम् भावविधान**

विचार, बोली तथा व्यवहारको मेल प्रजातन्त्रमै मात्र हुन्छ । सम्पूर्ण मानवमात्रको आधारभूत आवश्यक तत्वको रूपमा रहेको प्रजातन्त्रलाई पुनर्प्राप्त गर्न नेपाल आमाका धेरै वीर छोराहरू शहीद बने । प्रजातन्त्र विना राजा हुनु पिञ्जराको सुगा समान भनी त्रिभुवनले समेत राजगद्दी परित्याग गरे भने वी.पी. जस्ता महान् प्रजातान्त्रिक योद्धाले जेलको चिसो छिंडीमा दिन बिताउन वाध्य हुनुपर्‍यो । तर आज सारा नेपालीले खुशीसाथ आफ्ना विचार तथा भावनालाईं व्यक्त गर्न पाएका छन् । सारा नेपालीको सपनाको विपना बनेर आएको प्रजातन्त्रलाई सधैं हामीबीच रहिरहु भन्दै प्रजातन्त्रको अजरता तथा अमरताको कामना गर्नु नै यस कविताको केन्द्रीय कथ्य रहेको छ ।

**ङ) भाषाशैली**

सरल भाषा रहेको प्रस्तुत कवितामा रागात्मकताका अपेक्षा सरलता एवम् बोधगम्यता रहेको देखिन्छ । प्रायः नेपाली भाषामा प्रचलित शब्दहरूको प्रयोगले यस तथ्यको पुष्टि हुन्छ । कविको आत्मकथनलाई देखाउन यस कवितामा आख्यानीकरण एवम् नाटकीकरण नभई आत्मकेन्द्री रूपमा भावनाको अभिव्यक्ति व्यक्त भएको छ । वर्णनात्मक शैलीमा प्रजातन्त्रलाई तिमी भनी सम्बोधन गरी लेखिएको प्रस्तुत कवितामा कविप्रौढोक्ति उक्तिविधान तथा द्वितीय पुरुष कथन पद्धतिको प्रयोग भएको छ ।

**च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कविताको शीर्षक नै प्रतीकात्मक रहेको छ । यसको शीर्षक "आज प्रजातन्त्र बिहान" ले प्रजातन्त्रको पुनर्प्राप्तिको बिहान अथवा २०४६ सालमा नेपाली जनताको संघर्षद्वारा प्राप्त प्रजातन्त्रको दिनलाई सङ्केत गरेको छ । नियोजित रूपमा कुनै पनि बिम्ब, प्रतीक एवम् अलङ्कारको प्रयोग भएको पाइँदैन । जे जति प्रयोग भएका छन् ती सबै स्वतस्फूर्त रूपमा आएका छन् ।

## ४.१.९ 'परिक्रमा मेरो आफ्नै विश्वको" कविताको विश्लेषण

### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

**क) शीर्षकीकरण**

प्रस्तुत कविताको शीर्षक दुई सर्वनामपद र दुई नामपदको योगबाट निर्मित छ । यसरी हेर्दा पदावलीस्तरको शीर्षक रहेको देखिन्छ । विश्वका विकसित राष्ट्रका गगनचुम्बी महलहरू तथा ५५५ र मेडड्रिंकभन्दा हाम्रै देशका सगरमाथा र झरनाहरू सुन्दर भएको कुरा यस कविताको केन्द्रीय कथ्य रहेको र सो केन्द्रीय कथ्यलाई शीर्षकले सङ्केत गरेको हुनाले केन्द्रीय कथ्य र शीर्षकीय सार्थकताबाट कविताले पाउने उच्चस्तरीयता यस कविताले पनि पाउन सफल भएको छ ।

**ख) संरचनाविधान**

अन्तर्साङ्गीतिक विषम पङ्क्तिपुञ्जयुक्त सतासी पङ्क्तिमा संरचित प्रस्तुत कवितामा तत्सम, तद्भव, आगन्तुक तथा मौलिक नेपाली शब्दहरूको उचित रूपमा प्रयोग भएको छ । लामा छोटा पङ्क्तियोजना रहेको प्रस्तुत कवितामा दुई पदका पङ्क्तिदेखि लिएर आठ पदसम्मका पङ्क्तिहरू रहेका छन् । जम्मा सतासी पङ्क्तिको कवितालाई बीचमा पङ्क्तिपुञ्ज विभाजन गरेको पाइदैन । भावनाको अभिव्यक्ति लिपिबद्ध गर्ने क्रममा स्वभाविक रूपमा आएको सूक्तिलाई समेत कवितात्मक लयमा समायोजन गरिएको यस कवितामा कतैकतै समानुपातिक तथा आद्यानुप्रास र अन्त्यानुप्रासको समेत प्रयोग भएका पङ्क्तिहरू रहेका छन् । जस्तै :

*तिमी कतै गएका छौ घुम्न*

*तिमी प्यारिस पुगेका छौ झुम्न ?* [टण]

कुनै कुनै पङ्क्तिमा प्रश्नवाचक चिह्नको समेत प्रयोग भएको प्रस्तुत कवितामा विभिन्न स्थानहरूका नाम तथा ५५५ मेडड्रिंक जस्ता शब्दहरूको प्रयोग पनि सुहाउँदिलो तरिकाले भएको छ ।

**ग) केन्द्रीयकथ्य एवम् भावविधान**

विश्वको सर्वोच्च शिखर सगरमाथालाई बिर्सेर हामीले प्यारिस तथा लन्डन आदि विकसित राष्ट्रका झल्झलाकार सहर र गगनचुम्बी महलहरूका कुरा गर्न थाल्यौं भने सगरमाथाले लाजले घुम्टो ओढ्नेछ, माछापुछ्रेको शीरबाट फेवातालमा आँसु झर्नेछन् । विदेशीहरूका हातमा ५५५ जस्तो महङ्गो चुरोट तथा मेडड्रिंक र यात्राका लागि हवाइजहाज, पानीजहाज छन् तर हामीहरूसँग त्यस्ता वस्तुहरू नभए पनि मनभरि स्वदेश प्रेम छ , हातमा चुरोट र ड्रिंकको सट्टा कविताका एक दुई हरफहरू रहेका छन् । तिनै कविताका पङ्क्तिमा नेपालीपन रहेको छ । हामीले विदेशीनुभन्दा दसगजादेखि सगरमाथासम्म हाम्रै देशको विकास गर्नुपर्छ र यही देशमा हामीले सधैं मुस्कुराई रहने सुनका गगनचुम्बी महलहरू बनाउनुपर्छ । स्वदेश भन्दा प्यारो अरु कुनै देश हुन सक्दैन अर्थात् जननीजन्म भूमिश्च स्वर्गादपि गरीयसी" नै यस कविताको केन्द्रीय कथ्य वा सार हो ।

**घ) लयविधान**

प्रस्तुत कविता गद्यलयमा लेखिएको छ । गद्यलयभित्र पनि कतिपय समानुपातिक पङ्क्ति, आद्यानुप्रास तथा अन्त्यानुप्रासको प्रयोगले कविता साङ्गीतिक बनेको छ । जस्तै :

*मेरो कवितामा छ,*

*मेरो सपनामा छ,*

---

[टण] ऐजन् पृ. ४० ।

*मेरो देशको हिमाल र झरनामा छ* [टञ]

*मेचीदेखि महाकालीसम्म*

*महाकालीदेखि मेचीसम्म* [टइ]

सरल एवम् सहजरूपमा वस्तुतथ्यपरक चाहनालाई व्यक्त गर्नु यस कविताका सापेक्षतामा कविको वैशिष्ट्य देखिन जान्छ ।

**ङ) भाषाशैली**

प्रस्तुत कवितालाई भाषिक दृष्टिकोणले हेर्दा अधिकांश शब्दहरू नेपाली जनमानसमा पचेका नै भएकाले भाषिक जटिलता पाइदैन । नेपाली बाहेक अन्यत्र भाषाबाट आएका शब्दहरूको प्रयोग निकै भए तापनि भावबोधमा काठिन्यता पाइदैन । कतै कतै प्रश्नार्थक वाक्यको पनि प्रयोग पाइन्छ भने समापिका क्रियापदको प्रयोग नै बढी मात्रामा पाइन्छ ।

यस कवितामा कविका अन्तस्फूटित भावनालाई लिपिबद्ध गर्ने क्रममा अनेकौ शब्दहरू आएका छन् । ती शब्दहरूमा तत्सम, तद्भव आगन्तुक र मौलिक नेपाली शब्दहरू तथा अनुकरणात्मक पर्दछन् । यहाँ प्रयोग भएका तत्सम शब्दहरूमा, विमानस्थल, दिव्यमुस्कान अन्तर्यामी, अन्तर्करण, लोक, यात्रा, गगनचुम्बी आदि पर्दछन् भने एउटा वाक्य नै संस्कृत सूक्तिको रहेको छ ।

*“जननी जन्मभूमिश्च स्वार्गादपि गरीयसी ”*

पाइला, सुन, घाम, ओठ, हात, आँसु जस्ता शब्दहरू तद्भव रहेका छन् भने आगन्तुक शब्दहरूमा सुपरसोनिक एक्सिलेटर, वालस्ट्रीट, फगत, विगवेन, हलिवुड,

---

टञ ऐजन् पृ. ४१ ।

टइ ऐजन् पृ. ४२ ।

आल्पस, मेडिटरनियन् ड्रिक, स्टाचु अफ लिवर्टी, आदि शब्दहरू रहेका छन् । यस कवितामा अनुकरणात्मक शब्द “बरबर” मात्र रहेको देखिन्छ ।

आफू स्वदेशप्रेमी भएकाले अन्य सबैलाई स्वदेश प्रेम गर्न र विदेशी संस्कृतिमा नरमाउन आग्रह गर्दै आख्यानात्मक शैलीको प्रयोग गरी लेखिएको प्रस्तुत कवितामा सम्बोधनात्मक द्वितीयपुरुषीय उक्तिविधान तथा कविप्रौढोक्ति शैलीको प्रयोग भएको छ ।

**च) बिम्ब प्रतीक एवम् अलङ्कारविधान**

यस कवितामा स्वभाविक रूपमा आएका सहज बिम्ब एवम् प्रतीकको प्रयोग भएको छ । प्रतीकात्मक रूपमा कविले यस कवितामार्फत् नेपालीहरूको विदेशमोहप्रति व्यङ्ग्य गरेका छन् भने हामीले स्वदेशमै मिहिनेत गरी पेरिस , लण्डन जस्तो बनाउन. सक्छौं भन्ने अर्थ समेत व्यक्त गरेका छन् । समानुपातिक पङ्क्ति तथा आद्यानुप्रास र अन्त्यानुप्रास अलङ्कारको उचित प्रयोग भएको देखिन्छ भने गगनचुम्बी महलहरू तथा न्यूयोर्क हलिवुड तथा लण्डन र प्यारिस कविको आफ्नै कवितामा आफ्नै सपनामा तथा हिमाल र झरनामा आरोप गरेको हुनाले यहाँ रूपक अलङ्कार समेत पर्न गएको देखिन्छ । यस कवितामा देखिएका सबै बिम्ब प्रतीक एवम् अलङ्कार नियोजित रूपमा नभई स्वतःस्फूर्त रूपमा आएका देखिन्छन् ।

## ४.१.१० “गुरुदेव एकपल्ट जन्मिदेऊ फेरि”(वङ्गाली बहिनीको चिठी) कविताको विश्लेषण

### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

**क) शीर्षकीकरण**

प्रस्तुत कविताको शीर्षक वाक्यात्मक संरचनामा संरचित देखिन्छ । आज्ञार्थक वाक्यात्मक संरचनामा संरचित प्रस्तुत कवितामा गुरुदेव भनेर वंगाली छायावादी रहस्यवादी कवि रविन्द्रनाथ ठाकुरलाई संवोधन गरिएको छ । साथै प्रस्तुत कविताको उपशीर्षक “बङ्गाली बहिनीको चिठी  पनि कविले दिएको हुनाले कविताको केन्द्रीय कथ्य वा कविताको भावभूमि स्पष्ट रूपमा देखापरेको छ । कविताको शीर्षकबाट केन्द्रीय कथ्य

वा भावविधान स्पष्टरूपमा थाहा पाउन सकिने हुनाले शीर्षकीय सार्थकताबाट प्राप्त हुने कवितात्मक उच्चता प्रस्तुत कविताले पनि प्राप्त गर्न सफल भएको देखिन्छ ।

**ख) संरचनाविधान**

प्रस्तुत कविताको संरचनापक्षलाई हेर्दा यो जम्मा पाँच प्रकरणमा विभक्त भएको देखिन्छ । प्रथम प्रकरणमा नौ, द्वितीय प्रकरणमा दस, तृतीय प्रकरणमा एघार, चौथो प्रकरणमा तेह्र तथा पाँचौ प्रकरणमा दुई पङ्क्ति गरी जम्मा पैँतालिस पङ्क्तिहरू रहेका छन् । तत्सम, तद्भव र आगन्तुक गरी जम्मा एकसय एकानब्बे शब्दहरूको संयोजन भएको छ । यसरी पाँच पङ्क्तिपुञ्जमा संरचित प्रस्तुत कविताको भावतरङ्ग श्रृङ्खलित एवम् सुव्यवस्थित बन्न पुगेको देखिन्छ । साथै यस कविताको आन्तरिक संरचना पनि सुगठित एवम् व्यवस्थित बन्न पुगेको देखिन्छ । प्रस्तुत कविता कविप्रौढोक्ति प्रथमपुरुषीय दृष्टिबिन्दुमा आवद्ध भएको देखिन्छ ।

**ग) केन्द्रीयकथ्य एवम् भावविधान**

बङ्गाली छायावादी रहस्यवादी कवि रविन्द्रनाथ ठाकुरको स्मृतिमा लेखिएको प्रस्तुत कवितामा कविले उनको प्रतिभाको युगौ युगसम्म आवश्यकता परिरहने हुनाले उनलाई फेरि पनि पृथ्वीमा आउन आग्रह गरेका छन् । स्वच्छ , शान्त तथा निर्मल गङ्गास्थलमा जन्मिएका गुरुदेवले त्यही बङ्गाली झ्यालबाट विश्वलाई चिहाएको कुरा व्यक्त गरेका छन् । शान्त र पवित्र गङ्गास्थलमा अहिले अशान्तको धुवाले ढाकिसकेको तथा कलम समाउने हातहरूले सङ्गीनहरू बोकेको कुरालाई कविले यसरी व्यक्त गरेका छन् ।

*हिउँजस्ता फुलेका दाह्री र*

*सजल ठूला आँखाले*

*बङ्गाली घरको झ्यालबाट*

*विश्व सारा चिहाएथ्यौ*

*यही बङ्गाल हो, मेरो जन्मभूमि*

*रातो सूर्य डुब्न लागेको छ , बङ्गाल सागरमाथि*

*धुवाँले ढाकेको छ मेरो गाउँलाई*

*र भर्खरै सङ्गीनले रोपिएको मेरो भाइ*

*अहिले आमासँग कल गर्न छोडेको छ*

*र मेरा आमाबुबाका अस्थिपञ्जरमाथि*

*म मेरो दुब्लो र थकित लास*

*बिछ्याउन. लागिरहेछु ।*[टघ]

यसरी तिम्रो मृत्युमा हामीले विदाइका आँसु र सेता फूल चढाएथ्यौ अझै पनि तिम्रो आवश्यकता रहेको छ भन्दै कलम समाउने हातले मेसिनगन र रिबल्वरका फलाम समाएकामा दुःख व्यक्त गर्दै त्यस्ता कार्यप्रति विमति समेत व्यक्त गर्दछन् । गुरुदेव आफ्ना स्मृतिपटलमा सधैं रहिरहने कुरा समेत यसरी व्यक्त गर्दछन् ।

*एउटा ताजा फूल मेरा आँसुले सिञ्चिएको*

*एउटा ज्यूँदो फूल मेरो तातो मुटुले सिर्जिएको र मेरो कवि*

*म फूल भईअर्पित हुनेछु फेरि*

*तिम्रो तातो र ज्यूँदो शरीरमाथि*

यसरी कवि आफ्ना गुरुदेवप्रति युगौँयुगसम्म समर्पित भइरहने अठोट व्यक्त गर्दछन् ।

**घ) लयविधान**

प्रस्तुत गुरुदेव एकपल्ट जन्मिदेऊ फेरि कविता अन्तर्साङ्गीतिक गद्यलयमा संरचित देखिन्छ । गद्यलयभित्र अन्तर्साङ्गीतिकता पाइनु यस कविताको वैशिष्ट्यता हो । गद्य

---

[टघ] ऐजन् पृ. ३ ।

संरचनामा संरचित प्रस्तुत कवितामा समानुपातिक वर्णविन्यास एवम् शब्दको प्रयोगले कवितालाई लयात्मकता एवम् श्रुतिमाधुर्यता प्रदान गरेको देखिन्छ । जस्तै :

*म फूल भै अर्पित हुनेछु फेरि*

*तिम्रो तातो र ज्यूँदो शरीरमाथि*[टद्ब]

यस्ताखाले समानुपातिक वर्णको प्रयोगले गद्य कवितामा पनि पद्यात्मक विशेषता प्रस्तुत कवितामा पाइन्छ ।

**ङ) भाषाशैली**

प्रस्तुत कवितामा प्रयुक्त शब्दहरू सरल सम्प्रेष्य किसिमका भएकाले जुनसुकै पाठकका लागि पनि अर्थलाई खुट्याउन माथापच्चिसी गरिरहनु पर्दैन । सरल सुबोध किसिमका शब्दहरूको प्रयोग भए तापनि कविताको स्तरीयता भने खस्किएको छैन बरु सरल किसिमका शब्दको प्रयोगमा पनि अर्थगत चमत्कार भने पूर्णरूपमा देखा परेको छ । यस कवितामा तत्सम, तद्भव, आगन्तुक तथा नेपाली झर्रा शब्दको समुचित विन्यास भएको देखिन्छ । यहाँ प्रयुक्त तत्सम शब्दहरूमा गङ्गा, शङ्खध्वनि , सुन्दरवन सजल, विश्व, सङ्गीन, फूल, शवयात्रा, अर्पित, शरीर आदि छन् भने तद्भव शब्दहरूमा झ्याल, बन्दुक बिसुबियस , मेसिनगन, रिवल्बर आदि प्रयोगमा आएका छन् । यसरी प्रस्तुत कविता शैलीगत स्तरीयताका हिसाबले मध्यम स्तरको देखिन्छ ।

**ङ) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कविताको शीर्षकमा रहेको 'गुरुदेव' शब्द नै प्रतीकात्मक रहेको छ। यस कवितामा आएको गुरुदेव शब्द बङ्गाली कवि रवीन्द्रनाथ ठाकुरको प्रतीक बनेको छ । साथै गङ्गा शब्द पवित्रताको प्रतीक बनेको छ भने बालकहरू शब्द सामान्य कविको प्रतीकका रूपमा प्रयोग भएको देखिन्छ । केही पङ्क्तिमा अतिशयोक्ति तथा रूपक अर्थालङ्कारको

---

[टद्ब] ऐजन् पृ. ४ ।

प्रयोग भएको देखिए तापनि सो नियोजित नभई भावनात्मक अभिव्यक्ति लिपिबद्ध गर्ने क्रममा स्वतस्फूर्त रूपमा आएका देखिन्छन् ।

### ४.१.११ 'शुभकामना छ तिमीलाई" कविताको विश्लेषण

#### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

#### क) शीर्षकीकरण

विवेच्य कविता वाक्यात्मक संरचनामा संरचित देखिन्छ । सामान्यार्थक वाक्यात्मक संरचनामा संरचित प्रस्तुत कवितामा तिमी भनी सम्बोधन गरी प्रस्तुत गरिएको छ । प्रेमिकाप्रति सम्बोधन गरिएको प्रस्तुत कवितामा तिम्रो सिन्दूर सेतो नबनोस् तथा तिम्रो भविष्य उज्ज्वल बनोस् भन्दै दुःख जति भए पनि आफै भोग्न तयार रहेको कुरालाई प्रस्तुत गरिएको छ । कविताको शीर्षकबाट नै विषयवस्तु एवम् केन्द्रीय कथ्य स्पष्ट रूपमा बुझ्न सकिने  हुनाले कविताले पाउने शीर्षकीय सार्थकता प्रस्तुत कविताले प्राप्त गरेको देखिन्छ ।

#### ख) संरचनाविधान

लामाछोटा तेह्र पङ्क्तिमा प्रस्तुत कविता संरचित छ । तत्सम, तद्भव , आगन्तुक तथा झर्रा नेपाली शब्द गरी जम्मा पचास शब्दहरू रहेका छन् । यस कवितामा भनेर भन्ने, लिएर, पिएर, जस्ता असमापिका क्रियाको प्रयोग भएको छ भने नबनोस् , दिन्छु , हुन्छ , छु, गयौ , रहें , छ जस्ता समापिका क्रियाको प्रयोग भएको देखिन्छ । प्रस्तुत कविताको आन्तरिक संरचनालाई हेर्दा सम्बोधनात्मक द्वितीय पुरुषीय कथ्य ढाँचाको प्रयोग देखिन्छ ।

#### ग) केन्द्रीयकथ्य एवम् भावविधान

कवि यस कवितामा तिमी भनेर प्रेमिकाप्रति सम्बोधन गरी आशिष एवम् शुभकामना व्यक्त गर्दछन् । तिम्रो निधारमा सदा रङ्गीनता छाओस् तथा जीवनको खेलमा हार र जीत अवश्य हुन्छ भने त्यस्तो हार र जित आफै भोग्न  तयार  रहेको कुरा कविले स्वीकारेका छन् । कवि  यस कवितामा  अर्काको जीत हुन्छ भने आफू हार स्वीकार्न

प्रतिज्ञा गर्छन् ।[टछ] आफूलाई मनपर्ने व्यक्तिको जितका लागि आफू हार्न तथा उनको हाँसोका लागि आफू आँसु पिएर बाँच्न तयार रहेको कुरा कविले यस कवितामा केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरेका छन् ।

**घ) लयविधान**

प्रस्तुत कविता गद्यलयका लामाछोटा तेह्र पङ्क्तिमा संरचित देखिन्छ । गद्यलयभित्र आंशिक वर्णानुप्रास तथा अन्त्यानुप्रासको समुचित प्रयोगले अन्तर्साङ्गीतिकता भने यस कवितामा प्राप्त गर्न सकिन्छ । प्रायः समानुपातिक पङ्क्ति एवम् शब्दको प्रयोगले गर्दा पद्यात्मक कवितामा पाइने उच्च साङ्गीतिकता नपाइए पनि आंशिक गीतात्मकता एवम् ज्ञेयात्मकता भने अवश्य नै प्राप्त गर्न सकिन्छ । सरल र सुबोध किसिमका शब्दले पनि कवितालाई श्रुतिमधुर बनाएको छ ।

**ङ) भाषाशैली**

यस कवितामा प्रयोग गरिएका शब्दहरू सरल, सुबोध र सम्प्रेष्य किसिमका रहेका छन् । सरल किसिमका शब्द भए तापनि कविताको कथ्य भने गहन एवम् गम्भीर रहेको छ । यस कवितामा तदभव तथा नेपाली शब्दको प्रयोग बढी देखिन्छ । तत्सम शब्दहरू पनि कहीँ मात्रामा रहेका छन् । शुभकामना, आशिष, जीवन, मैदान, जीत आदि शब्दहरू तत्सम रहेका छन् भने तिमी, निधार, सेतो, खेल, आँसु जस्ता शब्दहरू तद्भव रहेका छन् । यस कवितामा आगन्तुक शब्द भने प्रयोग भएको पाइँदैन ।

**च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कवितामा सहजरूपमा आएका बिम्ब एवम् प्रतीकहरू छन् । आयोजित रूपमा कुनै पनि अलङ्कार एवम् बिम्ब प्रतीकहरूको प्रयोग यस कवितामा पाइदैन । उपमा तथा उत्प्रेक्षा अर्थालङ्कार यस कवितामा देख्न सकिन्छ भने आंशिक अनुप्रासको पनि प्रयोग भएको देखिन्छ ।

---

[टछ] रविमान लम्जेल **पूर्ववत्** पृ. २६ ।

## ४.१.१२ "माझीप्रति" कविताको विश्लेषण

### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

### क) शीर्षकीकरण

प्रस्तुत कविता 'माझी' व्यक्तिवाचक नामपद र प्रति नामयोगी अव्ययको योगबाट निर्मित छ । पूर्वी पहाडबाट बहने स्वच्छ तथा शान्त स्वरलहरित तमोर नदीको स्रिमाघाटमा डुङ्गा चलाएर जिबिका चलाउने माझीको जीवन भोगाइलाई प्रस्तुत कविताले केन्द्रीय कथ्य बनाएको हुनाले शीर्षक र केन्द्रीय कथ्य बीचको तालमेल भएको छ । यसरी केन्द्रीय कथ्य र शीर्षकबीचको तालमेल भएका कारण शीर्षकीय सार्थकताबाट पाउने उच्चस्तरीयता यस कविताले पनि पाएको देखिन्छ ।

### ख) संरचनाविधान

अन्तर्साङ्गीतिक गद्यलयका लामाछोटा गरी तीस पङ्क्तिमा संरचित प्रस्तुत कविता चार पङ्क्तिपुञ्जमा विभक्त छ । प्रथम  पङ्क्तिपुञ्जमा सात पङ्क्तिहरू रहेका छन् भने द्वितीय पङ्क्तिपुञ्जमा पाँच पङ्क्तिहरू रहेका छन् । तृतीय पङ्क्तिपुञ्जमा सात पङ्क्तिहरू र चौथो तथा अन्तिम पङ्क्तिपुञ्जमा जम्मा एघार पङ्क्तिहरूको संयोजनबाट प्रस्तुत कविताको बाह्य संरचना संरचित   देखिन्छ । तत्सम तद्भव तथा आगन्तुक शब्दहरू गरी जम्मा एकसय सात शब्दको प्रयोग भएको प्रस्तुत कवितामा तत्सम तथा तदभव शब्दहरूकै बाहुल्यता छ भने आगन्तुक शब्दको प्रयोग न्यूनमात्रामा भएको देखिन्छ । यस कविताको आन्तरिक संरचनामा तृतीय पुरुषीय कविप्रौढोक्ति शैलीको प्रयोग भएको देखिन्छ । कविताको भावबहन सहज सरल एवम् बोधगम्य किसिमको देखिनाले नै आन्तरिक तथा बाह्य संरचना सुगठित देखिन्छ ।

### ग) केन्द्रीयकथ्य एवम् भावविधान

गद्यलयका लामाछोटा तीस पङ्क्तिमा संरचित यस कवितामा डुङ्गा चलाएर कैयौ यात्रीहरूलाई वारपार गराई उनीहरूको गन्तव्यमा साथ दिने माझीको जीवन भोगाइलाई

प्रस्तुत गरेका छन् । “यस कवितामा माझीको जीवन भोगाइको सजीव चित्रण छ ।[टट] माझीले आफ्ना डुङ्गामा यात्रु भरेर सुसेली हाल्दै यात्रुको आनन्दमा आनन्दित हुँदै स्वर्णिम भविष्यको कल्पना गर्छ , आकाशमा विमानको उडाइ देखेर रमाउँछ तर ऊ त डुङ्गामाथि नदीको छालमा तैरिरहेको छ, उसका हातमा बहना छ, ऊ त्यही बहनालाई अझै दह्रो बनाउँछ । यसरी कविले यस कवितामा धेरै यात्रीहरूलाई वारपार गराएर गन्तव्यमा पुऱ्याएर पनि माझी खोलाको बलौटे किनारमै रहिरहने यथार्थतालाई केन्द्रीय कथ्यको रूपमा प्रस्तुत गरेका छन् ।

**घ) लयविधान**

प्रस्तुत कविता अन्तर्साङगीतिक गद्यलयका तीस पङ्क्तिमा संरचित छ । गद्यलयभित्र पनि समान किसिमका शब्दको प्रयोगले तथा आंशिक अनुप्रासीय प्रयोगले गर्दा कविता निकै लयात्मक देखिन्छ । आंशिक अन्त्यानुप्रासी पङ्क्ति प्रयोगले कवितालाईअझ बढी लयात्मक बनाएको देखिन्छ । साथै समान अक्षरको पङ्क्तिको प्रयोग गरी लयलाई पद्यात्मकता दिएको पाइन्छ । जस्तै

*उसले पाउँछ देख्छ एक झल्को*

*झुण्डिरहेको एउटा चरो सेतो*[टठ]

उपर्युक्त पङ्क्तिमा बाह्र बाह्र अक्षरको प्रयोग देखिएको छ । जसले गर्दा कवितालाई लयात्मक एवम् श्रुतिमाधुर्य बनाएको छ । यस्ता किसिमका पङ्क्तिगत समानता तुङ्गका प्रायः कवितामा देख्न सकिन्छ ।

**ङ) भाषाशैली**

प्रस्तुत कवितालाई भाषिक दृष्टिकोणले हेर्दा यहाँ अधिकांश शब्दहरू तत्सम रहेका छन् साथै तद्भव र आगन्तुक शब्दहरू पनि नभएका होइनन् । तत्सम शब्दहरूमा पनि

---

[66] **ऐजन्** पृ. २६

[टठ] **ऐजन्** पृ. ८ ।

नेपाली जनजिब्रोमा प्रचलित तथा नेपाली साहित्यमा अत्यधिक प्रयोग हुने शब्दहरूको चयन कविले गरेको हुनाले कविता सरल र सुबोध किसिमको बनेको छ । साथै तद्भव र आगन्तुक शब्दहरू पनि सरल सुबोध तथा संप्रेष्य नै रहेका छन् । तत्सम तथा तद्भव शब्दहरूको बाहुल्यता रहेको हुनाले उच्च मध्यम शैलीको प्रयोग भएको देखिन्छ । झट्ट सुन्ने बित्तिकै अर्थ स्पष्ट खुल्ने हुनाले प्रासादगुण तथा आवयव सङ्गठनमा पाञ्चाली रीतिको प्रधानता देखिन्छ ।

**च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कविताको शीर्षक नै प्रतीकात्मक रहेको छ । माझी शब्द आशावादी व्यक्तिको प्रतीकका रूपमा आएको छ । त्यसैगरी झुण्डिरहेको सेतो चरो चन्द्रमाको प्रतीकका रूपमा आएको देखिन्छ । यस कवितामा अन्य श्रव्य तथा दृश्य बिम्बको प्रयोग समेत भएको देखिन्छ । यस कवितामा आंशिक अनुप्रासको प्रयोग समेत भएको छ साथै अर्थालङ्कारमा अतिशयोक्ति , स्वभावोक्ति एवम् रूपक अलङ्कारको समुचित प्रयोग भएको पाइन्छ ।

**४.१.१३. "नवशिशु" कविताको विश्लेषण**

**तत्वगत आधारमा कविताको क्रमिक अध्ययन**

**क) शीर्षकीकरण**

प्रस्तुत कविताको शीर्षक नव विशेषणपद र शिशु व्यक्तिवाचक नामपदबाट निर्मित छ । नयाँ शिशुप्रति आमाको माया ममता र स्नेह कति हुन्छ भन्ने कुरालाई कविले यहाँ कविताको विषयवस्तु बनाएका छन् । प्रस्तुत कविताको शीर्षकबाट नै कविताको विषयवस्तु एवम् केन्द्रीय कथ्य स्पष्ट रूपमा बुझ्न एवम् अड्कल गर्न सकिने हुनाले शीर्षकीय सार्थकता देखिन्छ साथै कविताको शीर्षकीय सार्थकताबाट प्राप्त हुने कवितात्मक उच्चता प्रस्तुत कविताले प्राप्त गर्न सफल भएको छ ।

## ख) संरचनाविधान

प्रस्तुत कविता लामाछोटा पच्चीस पङ्क्तिमा संरचित छ । तत्सम तद्भव र आगन्तुक गरी जम्मा चौरासी शब्दहरूको प्रयोग प्रस्तुत कवितामा देखिन्छ । यस कवितामा उचालेर, लहलाउँदै, गरेको बचाउन, लिन, जस्ता असमापिका क्रियाको प्रयोग भएको देखिन्छ साथै विवेच्य कवितामा चुम्छिन्, मुस्कुराउँछ , बाँध्छ, हुन्छ सुनिन्छ छन् चाहन्छौं निम्त्याउँछ जस्ता समापिका क्रियाको प्रयोग भएको देखिन्छ प्रस्तुत कविताको आन्तरिक संरचनालाई हेर्दा कविप्रौढोक्ति तृतीयपुरुषीय दृष्टिविन्दुमा संरचित देखिन्छ । सरल, संप्रेष्य किसिमका शब्दको प्रयोगले कविताको भावतरङ्ग सरसर्ती अगाडि बढेको देखिन्छ ।

## ग) केन्द्रीयकथ्य एवम् भावविधान

प्रस्तुत कवितामा कविले एउटी आमामा आफ्ना शिशुप्रतिको वात्सल्य प्रेम कति शान्त र उच्च रहन्छ भन्ने कुरालाई विषयवस्तु बनाएका छन् । एउटा अमूक बालकप्रति आमाको वात्सल्यता शान्त र निःस्वार्थ रहन्छ भन्ने कुरा कविले यहाँ प्रस्तुत गरेका छन् ।

*आमा चुम्छिन् छोरो अनि*
*मुस्कुराउँछ जसले*
*दुबै आमाछोरालाई*
*ईश्वर स्वर्गसँग बाँधिएभन्दा बढी*
*दिव्य बन्धनमा बाँध्छ* [टड]

आमाको आफ्नो शिशुप्रतिको वात्सल्यप्रेम स्वर्गभन्दा प्यारो तथा स्वर्ग र देवत्वसँग संयोजित भए भन्दा पनि बढी दिव्य तथा अमर रहन्छ । त्यस्तै मातृभूमिप्रतिको प्रेम पनि हामीमा आमाको वात्सल्यप्रेम जत्तिकै रहनुपर्दछ तथा हामी शान्ति र अमनचयन चाहन्छौं । प्रत्येक आमाले आफ्नो शिशुको प्रगतिका लागि स्वर्गीय सपना रचेकी हुन्छिन् ।

---

[टड] ऐजन् पृ.१० ।

जुन शास्वत् तथा युगीन र कालजयी रहन्छ भन्ने कुरालाई कविले यस कवितामा व्यक्त गर्न खोजेका छन् ।

**घ) लयविधान**

प्रस्तुत कविता गद्यलयका लामाछोटा पच्चीस पङ्क्तिमा संरचित देखिन्छ । गद्यलयभित्र अन्तर्साङ्गीतिकता बाहेक यस कवितामा अन्य उच्च किसिमको लयात्मक वैशिष्ट्यता प्राप्त गर्न सकिदैन तथापि आंशिक अनुप्रासीय योजनाले गर्दा केही लयात्मकता तथा ट, ठ, ड, ढ जस्ता वर्णको कम प्रयोगले कविता केही श्रुतिमधुर भने देखिएको पाइन्छ ।

**ङ) भाषाशैली**

प्रस्तुत कवितामा तत्सम तथा आगन्तुक शब्दहरूको बाहुल्यता देखिन्छ । तत्सम शब्दको प्रयोग भए पनि कुनै भाषिक कठिनाइ तथा अर्थ खुट्याउनलाई कुनै माथापच्चीसी गरिरहनु नपर्ने सरल सम्प्रेष्य एवम् नेपाली जनजिब्रो र नेपाली साहित्यमा प्रचलित शब्दको नै प्रयोग भएको देखिन्छ । यस कवितामा तत्सम र तद्भव शब्दको मिश्रित प्रयोग भएकाले मध्यम शैलीको प्रयोग भएको देखिन्छ ।

**च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कविता प्रतीक एवम् बिम्ब प्रयोगका दृष्टिले त्यति महत्वपूर्ण देखिदैन । यहाँ शिशुको मुस्कानमा दृश्य बिम्ब र उनका गलामा शिशुका सुगन्धित श्वासमा स्पर्श बिम्बको प्रयोग भएको देखिन्छ । यहाँ आंशिक अनुप्रासको प्रयोग देखिन्छ साथै कवितामा वात्सल्यप्रेमको वास्तविकतालाई स्पष्ट रूपमा वर्णन गरिएको हुनाले स्वभावोक्ति अलङ्कार पर्न गएको छ । केही पङ्क्तिमा उपमा तथा उत्प्रेक्षा एवम् निदर्शन अलङ्कार समेत पर्न गएको छ । आमाको आफ्नो शिशुप्रतिको बात्सल्य प्रेमलाई कविताको मुख्य विषयवस्तु बनाएकोले यहाँ बात्सल्य रस पूर्णरूपमा परिपाकावस्थामा रहेको छ ।

## ४.१.१४ "आगामी वसन्तका गुराँसप्रति"कविताको विश्लेषण

### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

### क) शीर्षकीकरण

प्रस्तुत कविताको शीर्षक प्रतीकात्मक तथा व्यञ्जनायुक्त रहेको छ । पदावली स्तरको शीर्षकको प्रयोग भएको प्रस्तुत कविताको केन्द्रीय कथ्यमा समावेश भएको विषयवस्तुलाई कविताको शीर्षकले सङ्केत गरेकोले शीर्षकीय सार्थकता पाउन सकिन्छ । यसरी शीर्षकीय सार्थकताबाट पाउने कवितात्मक उच्चता यस कविताले प्राप्त गर्न सफल भएको देखिन्छ ।

### ख) संरचनाविधान

प्रस्तुत कविता गद्यलयका लामाछोटा गरी जम्मा सैतीस पङ्क्ति तथा दुई पङ्क्तिपुञ्जमा विभाजित छ । तत्सम, तद्भव तथा आगन्तुक गरी जम्मा एकसय सैंतीस शब्दको प्रयोग भएको छ । प्रथम पङ्क्तिपुञ्जमा चौध पङ्क्तिहरू रहेका छन् भने द्वितीय तथा अन्तिम पङ्क्तिपुञ्जमा तेइस पङ्क्तिको समायोजन भएको छ । यस कवितामा दिनेछन्, हुनेछन्, भुल्नेछन् जस्ता सामान्य भविष्यत्कालीन क्रियापदको प्रयोग भएका पाइन्छ भने वर्तमान तथा भूतकालिक क्रियापदको पनि प्रयोग भएको छ । प्रस्तुत कविताको आन्तरिक संरचनालाई हेर्दा कविप्रौढोक्ति तृतीयपुरुषीय वर्णनात्मक शैलीमा संरचित देखिन्छ । सरल, सहज एवम् संप्रेष्य शब्द प्रयोगका कारण कविताको भावतरङ्ग सरसरती अगाडि बढेको पाइन्छ ।

### ग) केन्द्रीयकथ्य एवम् भावविधान

निरङ्कुश पञ्चायती कालरात्रीमा कसैले पनि खुलेर हाँस्न पाएनन् । आफ्ना विचार तथा भावनाहरू गुम्स्याएरै राख्न विवश भए । तर अब त्यो पञ्चायतकालीन कालरात्रीको अन्त्य गर्नका लागि सम्पूर्ण शोषित पीडित जनताहरूले एकजुट भएर लाग्नुपर्दछ, गाउँ शहर लेक, बेसी, डाँडाकाँडा सबैले हातेमालो गर्नुपर्छ । त्यसपछिका दिनहरू मात्र उज्याला हुनेछन्, कठ्याङ्ग्रिएको हिउँदपछिको वसन्तमा पहाडहरूले राता राता राष्ट्रिय फूललाई

जन्म दिएर पहाडलाई सिगारेझैँ स्वतन्त्रता खुशी र उमङ्गले सारा जनता प्रफुल्लित हुनेछन् र हाम्रो देशलाई समेत सदा खुशी तुल्याउनेछन् । "कविले यस कविता मार्फत् स्वतन्त्रता चाहने मानिसलाई कठोर वन्धनमा राखिए पनि, मान्छेहरूको मानसिक जगतमा मात्र नभएर प्राकृतिक जगतका वृक्षहरूले समेत यथास्थितिवादको विरोधमा विद्रोहीको स्वर घन्काउने पूर्वसङ्केत दिएका छन् जो पञ्चायती निरङ्कुशताप्रतिको तीखो व्यङ्ग्य हो"।[69] यसरी कवितामा कविले प्रतीकात्मक रूपमा निरङ्कुश पञ्चायती व्यवस्थाप्रति व्यङ्ग्यात्मक प्रहार गरेका छन् ।

**घ) लयविधान**

प्रस्तुत कविता अन्तर्साङ्गीतिक गद्यलयमा संरचित छ । पङ्क्तिपङ्क्तिबीचमा भएको वर्णहरूको पुनरावृत्तिले गर्दा कवितालाई थप लयात्मकता प्रदान गरेको छ । केही पङ्क्तिमा विषम अन्त्यानुप्रासीय प्रयोगले पनि कविताको लयलाई जागरुक तथा मूर्तता दिन सफल भएको छ । पङ्क्तिबीचमा प्रयोग भएका केही समानुपातिक प्रयोगले गर्दा गद्यलयभित्र पनि पद्यात्मकता पाउन. सकिन्छ ।

**ङ) भाषाशैली**

भाषिक दृष्टिकोणले प्रस्तुत कवितालाई हेर्दा कविता निकै महत्वपूर्ण बन्न पुगेको देखिन्छ । सरल तथा संप्रेष्य शब्दको प्रयोग मार्फत् कविताको भावलाई उच्च तुल्याएको छ । सूर्य, भूमि, प्रसवपीडा, राष्ट्रिय, वर्तमान, पीडा, आत्मविश्वास, निश्चय, विद्रोह, गुच्छा जस्ता तत्सम तथा आँखा, घर, काठ, घाम, कालो, बिहान जस्ता तद्भव शब्दहरूको प्रयोग मार्फत कविताको भावलाई लिपिबद्ध गरेको पाइन्छ । सरल वाक्य तथा नेपाली जनजिब्रो एवम् नेपाली शब्दकोशमा प्रचलित शब्दहरूकै बाहुल्यता रहेको प्रस्तुत कवितामा अन्य भाषाबाट आयातीत शब्दको प्रयोग भने कम मात्रामा भएको पाइन्छ । कविताको आन्तरिक संरचनालाई हेर्दा कविप्रौढोक्ति तृतीयपुरुषीय वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

---

[69] रविमान लम्जेल **पूर्ववत**\ k[=27

**च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कविताको शीर्षक नै प्रतीकात्मक रहेको छ । प्रस्तुत कविताको शीर्षक "आगामी वसन्तको गुराँसप्रति"ले निरङ्कुस पञ्चायती शासनको अन्त्य हुन लागेको र प्रजातन्त्रको स्थापना हुन लागेको अवस्थालाई सङ्केत गरेको छ । जस्तै :

*गएको वसन्तमा पनि*
*गुराँस फुलेका थिए*
*गुराँस वैलेका थिए*[70]

कविताको यही कवितांशले पहिले पाएको प्रजातन्त्र खोसिएको कुराको सङ्केत गरेको छ । यहाँ कविले विभिन्न प्राकृतिक बिम्ब एवम् प्रतीकहरूको यथाशक्य प्रयोग गरेका छन् । यस कवितामा स्वर एवम् व्यञ्जनवर्णको आवृत्तिबाट अनुप्रास अलङ्कार देख्न सकिन्छ भने स्वभावोक्ति, उत्प्रेक्षा, उपमा एवम् अतिशयोक्ति आदि अर्थालङ्कारको स्वभाविक संयोजन भएको देखिन्छ ।

## ४.१.१५. "मेरी छोरी र शैक्षिक सामग्रीहरू कविताको विश्लेषण

### तत्त्वगत आधारमा कविताको क्रमिक अध्ययन

**क) शीर्षकीकरण**

प्रस्तुत कविताको शीर्षक पदावलीस्तरको रहेको छ । ग्रामीण जनजीवनमा हुर्कने बालकहरूको बालक्रीडालाई यथार्थ रूपमा प्रस्तुत गर्नुका साथै ग्रामीण समाजका बालबालिकाहरूका लागि खेतबारी, ढिकी, जाँतो, तथा बाखापाठाहरू नै शैक्षिक सामग्री भएको कुरालाई यस कविताको केन्द्रीय कथ्य बनाएको र उक्त केन्द्रीय कथ्यको कुरालाई शीर्षकले नै सङ्केत गरेको हुनाले शीर्षकीय सार्थकता रहेको देखिन्छ र शीर्षकीय सार्थकताबाट कविताले पाउने उच्च स्तरीयता प्रस्तुत कविताले पाउन सफल भएको देखिन्छ ।

---

[70] तुङ्ग एन्. थपलिया **पूर्ववत्** पृ. १२

**ख) संरचनाविधान**

गद्यलयका लामाछोटा गरी जम्मा उनान्सत्तरी पङ्क्तिमा रहेको प्रस्तुत कविता सात पङ्क्तिपुञ्जमा विभाजित छ । सरल, संप्रेष्य शब्दहरू रहेको यस कवितामा प्रयोग भएका कतिपय शब्द बालबालिकाको जिब्रोबाट टपक्क टिपेर ल्याएका छन् साथै ग्रामीण जनबोलिको आभाष दिने शब्दहरू पनि जस्ताको तस्तै ल्याई कवितात्मक लयमा समायोजन गरेका छन् । ग्रामीण समाजमा प्रचलित शब्दहरू, अगेनाको डील, लखतरान, पीरा, धानधान धुनधुन, खोया, अछेता, देउतीमाता, ढिकी, जाँतो जस्ता शब्दको उचित प्रयोग भएकाले कवितालाई श्रुतिमधुर तथा गेयात्मक समेत बनाएको छ । नेपाली बाहेक अन्य भाषाका शब्दहरूको प्रयोग नदेखिने यस कवितामा छयाल्लव्याल्ल, छपछप, धानधानधुनधुन जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको छ । यस कविताको आन्तरिक संरचनालाई हेर्दा सम्वादात्मक कविप्रौढोक्ति शैलीको प्रयोग भएको पाइन्छ । सरल तथा सुललित पदहरूको प्रयोगले गर्दा कविताको भावबहनमा कुनै अवरोध नआई सर्सर्ती अगाडि बढेको देखिन्छ ।

**ग) केन्द्रीय कथ्य एवम् भावविधान**

ग्रामीण परिवेशमा हुर्कने बालबालिकाहरूका लागि भएको शैक्षिक सामग्रीहरूको अनुपलब्धताप्रति सङ्केत गर्दै धुलो ढुङ्गा तथा घामपानीसँग मितेरी लगाउँदै, सिकुवा, आँगन करेसाबारी, डोकोनाम्लो तथा गाईभैंसी र बाख्रापाठाहरू नै ती गाउँका बालबालिकाहरूका शैक्षिक सामग्री भएको र खेतबारी, वनपाखा नै विद्यालय रहेको यथार्थतालाई सरल तरिकाले बालिकाको बालक्रीडाको स्वभाविक चित्रण गर्दै प्रस्तुत गर्नु नै यस कविताको केन्द्रीय कथ्य रहेको छ ।

**घ) लयविधान**

अन्तर्साङ्गीतिक गद्यलयमा संरचित प्रस्तुत कवितामा प्रायः समानुपातिक जस्ता देखिने पङ्क्तिको प्रयोगले लयलाई उजिल्याएको देखिन्छ । कतिपय पङ्क्तिहरू समानुपातिक भएकाले गद्यलयभित्र पद्यात्मकता समेत पाइन्छ । पङ्क्तिबीचमा वर्णहरूको पुनरावृत्ति तथा

छपछप , छयाल्लछयाल्ल जस्ता शब्दहरूको प्रयोगले कवितालाई थप लयात्मकता तथा श्रुतिमधुरता प्रदान गरेको छ ।

**ङ) भाषाशैली**

प्रस्तुत कवितामा सहज, सरल तथा संप्रेष्य भाषाको प्रयोग भएको छ । सरल शब्दको प्रयोगमार्फत् पनि कविताको भावलाई उच्चतामा पुऱ्याएको छ । यस कवितामा अधिकांश शब्दहरू ग्रामीण जनजिब्रोबाट टपक्क टिपिएका भएकाले पनि कविताको भावबहनमा कठिनाइ देखापर्दैन । साना बालकको बालक्रीडालाई यथार्थरूपमा चित्रण गरेका हुनाले बाल बोलीको यथार्थ प्रयोगले पनि कवितालाई सरस बनाएको छ । जस्तै

*हेर, बुबा देउतीमाता*
*अब बोको काट्नुपर्छ*
*हे र त !* [71]

यस कविताको आन्तरिक संरचनालाई हेर्दा कविप्रौढोक्ति उक्तिविधानमा संरचित देखिन्छ । आवयव सङ्गठनमा पाञ्चाली रीति एवम् प्रासाद गुण रहेको छ ।

**च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कवितामा प्रत्यक्ष रूपमा कुनै पनि बिम्ब प्रतीक एवम् अलङ्कारको प्रयोग भएको देखिँदैन तापनि बालक्रीडाको वर्णन स्वभाविक रूपमा कवितामा गरिएको हुनाले स्वभावोक्ति अर्थालङ्कार देखिन्छ भने स्वर एवम् व्यञ्जनवर्णहरूको आवृत्तिका कारण अनुप्रास अलङ्कार समेत देखिन्छ । त्यसैगरी बालकप्रतिको प्रेम र स्नेह समेत व्यक्त भएको हुनाले वात्सल्य रस यस कवितामा देखिन्छ ।

स्वतस्फूर्त रूपमा आएका उक्त बिम्ब प्रतीक एवम् अलङ्कारहरूले कवितालाई रोचकता एवम् श्रुतिमधुरता प्रदान गरेको छ ।

---

[71] ऐजन् पृ. २५ ।

## ४.१. १६. "मेरो यस्तो छोरो जन्मोस्" कविताको विश्लेषण

### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

### क) शीर्षकीकरण

प्रस्तुत कविताको शीर्षक इच्छार्थक क्रियापदयुक्त वाक्यस्तरको रहेको छ । अणुबम तथा हाइड्रोजन बम बोकेर संसारलाई ध्वस्त पार्न सक्ने छोराको इच्छा व्यक्त गरेको यस कविताको शीर्षकले नै केन्द्रीय कथ्यलाई सङ्केत गरेकोले शीर्षकीय सार्थकता देखिन्छ साथै विषयवस्तु र केन्द्रीयकथ्य बीच तालमेल भएका कारण कवितात्मक उच्चस्तरीयता समेत प्रस्तुत कविताले पाएको छ ।

### ख) संरचनाविधान

गद्यलयका लामाछोटा दस पङ्क्तिमा संरचित प्रस्तुत कविता लघु आयामको देखिन्छ । दस पङ्क्तिभित्र तत्सम तद्भव तथा आगन्तुक शब्दहरू गरी जम्मा त्रिचालीस शब्दहरूको संयोजन प्रस्तुत कवितामा भएको छ । प्रस्तुत कवितामा प्रयोग भएका तत्सम शब्दहरू पनि नेपाली साहित्यमा प्रचलित सरल किसिमका देखिन्छन् । जस्तै गर्भ, विश्व, बुद्ध आदि । यसमा प्रयोग भएका तद्भव शब्दहरू पनि सरल प्रवृत्तिकै रहेका छन् । जस्तै हात , दाहिने, देब्रे,मेरो आदि । इच्छार्थक क्रियापदको अधिक प्रयोग भएको प्रस्तुत कविताको आन्तरिक संरचनालाई हेर्दा कविप्रौढोक्ति शैलीमा विश्वमा देखिएको शस्त्रअस्त्रप्रतिको होडबाजी प्रतिका भावनालाई प्रस्तुत गरेको पाइन्छ ।

### ग) केन्द्रीयकथ्य एवम् भावविधान

प्रस्तुत कवितामा कविले प्रतीकात्मक रूपमा विश्वमा भएको शस्त्रअस्त्रप्रतिको होडबाजी तथा नेपालमा पनि निरङ्कुश तानाशाही निर्दलीय पञ्चायती व्यवस्थाप्रतिको आफ्नो आक्रोश व्यक्त गर्न तथा ती तानाशाहहरूको विध्वंस गर्न वैचारिक लडाइले मात्र नभएर अब शस्त्रअस्त्रकै लडाइ लड्न पुरानो पुस्ताले नसक्ने भएकोले अबको नयाँ पुस्तामा गर्भदेखि नै शस्त्रअस्त्रको शक्ति जन्मोस । त्यस नयाँ जन्मेको छोराले पुराना संस्कार तथा प्रवृत्तिलाई ध्वस्त बनाओस् र गौतम बुद्धको जन्मभूमि नेपाललाई सदा

शान्तिको सास फेर्न देओस् भन्ने इच्छा व्यक्त गर्नु नै यस कविताको केन्द्रीय कथ्य वा सार हो ।

**घ) लयविधान**

प्रस्तुत कविता अन्तर्साङ्गीतिक गद्यलयमा संरचित छ। गद्यलयभित्र पनि समानुपातिक पङ्क्ति तथा अन्त्यानुप्रासी प्रयोगले पनि कवितालाई थप लयात्मकता प्रदान गरेको छ । केही पङ्क्तिमा विषम अन्त्यानुप्रासीय प्रयोगले पनि कविताको लयलाई अझ सुन्दर बनाएको छ । मुक्त लयभित्र पनि कतिपय पदहरूमा भएका वर्णहरूको पुनरावृत्तिले गर्दा कविता श्रुतिमधुर बन्नुका साथै लयगत झङ्कारलाई समेत अझै बढी प्रफुटन गराएको छ ।

**ङ) भाषाशैली**

लघुआयामको प्रस्तुत गद्यलयको कविताको भाषा सहज सरल एवम् बोधगम्य रहेको देखिन्छ । प्रायः नेपाली शब्दकोश तथा नेपाली जनजिब्रोमा पचेका शब्दहरूकै बाहुल्यता पाइन्छ । तत्सम तद्भव शब्दहरूको उचित संयोजन पाइन्छ भने आगन्तुक शब्द पनि उपयुक्त किसिमले नै प्रयोग भएको पाइन्छ । यहाँ गर्भ, विश्व जस्ता शब्दहरू तत्सम रहेका छन् भने दाहिने, देब्रे , हात, छोरो, तातो आमा जस्ता शब्दहरू तद्भव रहेका छन् । आगन्तुक शब्दहरूमा हाइड्रोजन, बम आदि रहेका छन् । चिच्याओस्, थुप्रो, ठोकोस्, लडीबुडी, जस्ता मौलिक नेपाली शब्दहरूको पनि उचित प्रयोग भएको छ । कविले आफ्नो इच्छा व्यक्त गर्न अधिक मात्रामा इच्छार्थक क्रियापदको प्रयोग गरेको पाइन्छ । यस कविताको आन्तरिक संरचनालाई हेर्दा कविप्रौढोक्ति तृतीय पुरुषीय वर्णनात्मक शैलीको प्रयोग भएको देखिन्छ भने आवयव सङ्गठनमा पाञ्चाली रीति तथा प्रासाद गुण रहेको देखिन्छ ।

**च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कविताको शीर्षक नै प्रतीकात्मक रहेको छ । प्रत्यक्ष रूपमा यस कवितामा कुनै पनि अलङ्कारको प्रयोग भएको पाइदैन । यहाँ प्रयोग भएका अणुबम तथा

हाइड्रोजनबम क्रान्तिको चरमोत्कर्षको प्रतीकका रूपमा प्रयोग भएका छन् भने बुद्ध दिगो शान्तिको प्रतीकको रूपमा प्रयोग भएको देखिएको छ । वर्णहरूको आवृत्तिबाट हुने अनुप्रास अलङ्कार संयोजित छ भने अर्थालङ्कारमा अतिशयोक्ति पनि देख्न सकिन्छ ।

### ४.१. १७ "प्रथम प्रथम काठमाण्डू टेकेपछि" कविताको विश्लेषण

#### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

**क) शीर्षकीकरण**

प्रस्तुत कविताको शीर्षक चारवटा शब्दबाट निर्माण भएको छ । यहाँ पदावलीस्तरको शीर्षक रहेको देखिन्छ । साठी पङ्क्तिमा संरचित प्रस्तुत कवितामा कविले आफू काठमाण्डौ आउनुभन्दा पहिले काठमाडौबासीप्रति जुन दृष्टिकोणले हेरेका थिए तर वास्तवमा त्यसो नभएर काठमाडौं त गरिब असहायका लागि पीडादायी र सम्पन्न व्यक्तिका लागि सुख एवम् ऐस आरामपूर्वक रहेको कुरालाई व्यक्त गरेका छन् । त्यसैले यस कविताको शीर्षक, विषयवस्तु र केन्द्रीयकथ्य बीच पूर्ण सामन्जस्य देखिन्छ । शीर्षक र विषयवस्तुबीचको गहिरो सम्बन्ध वा तालमेल भएका कविताले पाउने उच्चस्तरीयता र शीर्षकीय सार्थकता यस कविताले पनि पाएको छ ।

**ख) संरचनाविधान**

प्रस्तुत कविताको संरचनापक्षलाई हेर्दा यो मुक्त लयमा संरचित छ । यस कवितामा लामाछोटा गरी जम्मा साठी पङ्क्तिहरू रहेका छन् । प्रस्तुत कवितामा तत्सम तद्भव तथा आगन्तुक गरी जम्मा दुईसय एघार शब्दहरूको प्रयोगबाट बाह्य संरचना संरचित भएको देखिन्छ । मुक्तलयमा संरचित भए पनि यस कविताका पङ्क्ति झट्ट हेर्दा समानुपातिक जस्तो देखिन आउँछन् । जसले गर्दा कविताको सङ्गठन सुसम्बद्ध देखिन्छ । यहाँ कविले काठमाण्डूलाई प्रथमपटक देखेपछि आफ्ना मनमा लागेका भावनाहरू प्रथम पुरुषीय म मार्फत् व्यक्त गरेको हुनाले कविप्रौढोक्ति उक्तिविधान रहेको छ । सरल र सुबोध शब्दहरूको प्रयोग यस कवितामा भएको हुनाले कविताको भाववहन सरल किसिमको देखिन्छ ।

**ग) केन्द्रीयकथ्य एवम् भावविधान**

प्रस्तुत कवितामा कवि थपलियाले नेपालको राजधानी काठमाडौंमा हरेक वर्गका नेपालीका व्यवहार एवम् कार्यको चित्राङ्कन गरेका छन् । कला र मन्दिरले भरिएको सुन्दर तथा रमणीय नगरीका रूपमा कविले पढेका थिए तर जुनबेला कवि काठमाडौंमा आए अनि उनले थाहा पाए कि यहाँ त धनी र गरिब, सुविधा भोगी र असुविधा भोगी मान्छेहरूको जमात रहेछ , असमानता रहेछ, ती सारा दृश्यहरू समेटी सामाजिक होची अर्घेली तथा आर्थिक दूरीले मान्छे मान्छेबीचमा पारेको विषमताको पर्खालप्रति घृणा उब्जाएका छन् ।[72]

यसरी प्रस्तुत कवितामा कविले देशको राजधानी जस्तो ठाउँमा पनि मानिस मानिस बीचमा समानता हुन नसकेको, तथा असमानताका विशाल पर्खालहरू ठडिइसक्दा पनि त्यसप्रति सम्बन्धित निकायको ध्यान जान नसकेको यथार्थतालाई व्यक्त गर्नु नै प्रस्तुत कविताको केन्द्रीय कथ्य रहेको छ ।

**घ) लयविधान**

प्रस्तुत कविता अन्तर्साङ्गीतिक गद्यलयमा संरचित छ । अन्तर्साङ्गीतिक गद्यलयभित्र पनि प्रायः अन्त्यानुप्रासी शब्दयोजनाले गर्दा अन्तर्साङ्गीतिकता पाइनु कविताको वैशिष्ट्य हो । एउटै पङ्क्तिमा वर्णसमूह एकभन्दा बढी आवृत्ति हुँदा हुने ध्वनिसौन्दर्यको प्रस्फुटनले गर्दा कवितामा श्रुतिमधुरता देखापर्दछ । साथै कतिपय कविताका पङ्क्तिका वर्णहरू समानुपातिकरूपमा प्रयोग भएकाले गर्दा पद्यलयमा पाइने साङ्गीतिकता यहाँ पनि पाउन सकिन्छ । यस कविताका केही पङ्क्तिहरूमा अक्षरगत समानता समेत भएको देखिन्छ । जस्तै :

---

[72] रविमान लम्जेल, **पूर्ववत्**, पृ. २६ ।

*मैले सुनेको थिए*

*मैले पढेको थिएँ*[73]

उपर्युक्त पङ्क्तिमा त, त र गुरु भएको पद्यात्मक छन्दको प्रयोग भएको छ जसले गर्दा कवितालाई पद्यात्मकताको कसीमा ठम्याएको छ । त्यसैगरी कविताका पङ्क्तिहरूमा उस्तै उस्तै किसिमका क्रियापदको प्रयोग गरेर पनि लय सिर्जना गरेको पाइन्छ । जस्तै

*कोही गाउँछन्*

*कोही रुन्छन्*

*कोही भोकले चिच्याउँछन्*

*कोही खान्छन्*

*कोही सुत्छन् ।* [74]

यसरी उस्तै खालका क्रियाको प्रयोग तथा आद्यानुप्रास र अन्त्यानुप्रासको प्रयोगले गर्दा पद्यलयमा उत्पन्न हुने उच्च साङ्गीतिकता यहाँ पनि पाउन सकिन्छ । यसरी समानुपातिक पङक्ति तथा अनुप्रासको समुचित प्रयोगले गर्दा कविता साङ्गीतिक उचाइमा पुगेको देखिन्छ ।

**ङ) भाषाशैली**

प्रस्तुत कवितालाई भाषिक दृष्टिकोणले हेर्दा प्रसस्त तत्सम तथा तद्भव र आगन्तुक शब्दहरूको मेलबाट निर्मित देखिन्छ । यहाँ प्रयोग भएका तत्सम शब्दहरू नेपाली साहित्यमा प्रचलित सामान्य किसिमका भए पनि अर्थ भने गम्भीर व्यक्त गर्ने खालका रहेका छन् । अतः भाषिक सरलताले गर्दा कविताको भावबोध गर्न त्यति कठिनताको अनुभव हुँदैन । यस कवितामा प्रयोग भएका तत्सम शब्दहरूमा प्रथम कला, सहर , देवीदेवता, सङ्गमस्थल, प्राचीन, राष्ट्र कर्णधार , अप्रत्यासित, श्रम, प्रतीक्षा, वर्तमान

---

[73] तुङ्ग थपलिया, **पूर्ववत्**, पृ. २० ।

[74] **ऐजन्** पृ. २० ।

आदि रहेका  छन् भने तद्भव शब्दहरूमा साँच्चै टेक्ता , हात, मैला, आदि रहेका छन् । यस कवितामा आगन्तुक शब्दहरूको पनि निकै प्रयोग भएको देखिन्छ । जस्तै : पब्लिक, स्कूल,  बोर्डिङ, बस, कार, मुभिङ् चेयर, विल्डिङ, निट एण्ड क्लिन  रेफ्रिजरेटर, बजेट अफिस, स्यालरी,  पिचरोड,  फिस, ड्रेस आदि । यस कवितामा एकमात्र  अनुकरणात्मक शब्द  लुग्लुगीको  प्रयोग भएको छ ।

**च) प्रतीक,  बिम्ब एवम् अलङ्कारविधान**

कविताको भावलाई उच्चताको शिखरमा पुऱ्याउन बिम्ब एवम् प्रतीकको भूमिका अपरिहार्य हुन्छ । प्रस्तुत कविताको शीर्षक नै प्रतिकात्मक रहेको छ । यहाँको काठमाडौं शब्दले असमानताको अर्थलाई बहन गरेको छ । राजधानी जस्तो ठाउँमा सबै व्यक्तिलाई सबै कुरामा सम्पन्न हुनुपर्ने कविको मानसिकता विपरीत काठमाडौंमा गरिब तथा असहाय व्यक्तिको नाजुक अवस्था देखिएको छ । त्यसै गरी यस कवितामा विभिन्न श्रव्य एवम् दृश्य बिम्बको प्रयोग भएको पाइन्छ ।

यस कवितामा शब्दालङ्कार एवम् अर्थालङ्कारको समुचित प्रयोग भएको पाइन्छ । शब्दालङ्कारमा अनुप्रास अलङ्कारको प्रयोग पाइन्छ भने अर्थालङ्कारमा उपमा , रूपक, स्वभावोक्ति आदि अलङ्कारको संयोजन भएको पाइन्छ जस्तै :

उपमा

*इतिहासका पानाहरू पल्टिएझैँ लाग्दो रहेछ ।*
*देवी देवताहरू पृथ्वीमा ओर्लिएझैँ लाग्दो रहेछ ।*
*रूपक :* *आशा निराशाको गोधुलिमा बाँचिरहेका*
*स्वभावोक्ति :* *हातमा पुस्तकहरू लिएर*
*कोही पब्लिक स्कुलमा*
*कोही बोर्डिङ स्कुलमा*
*पैदल बस र कारमा जाँदा रहेछन् ।*[75]

[75] ऐजन् २१ ।

यसरी विभिन्न बिम्ब, प्रतीक एवम् अलङ्कारको प्रयोगले कविता निकै उत्कृष्ट एवम् श्रुतिमधुर बन्न पुगेको छ ।

### ४.१.१८"सत्याग्रहीप्रति" कविताको विश्लेषण

### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

#### क) शीर्षकीकरण

प्रस्तुत "सत्याग्रहीप्रति" कविता सत्याग्रही विशेषण पद र प्रति नामयोगी अव्ययको योगबाट निर्मित छ । यसको शीर्षकले नै स्वतन्त्रता र समानताको प्राप्तिका लागि राणाकालीन शासनविरुद्ध क्रान्तिकारी नेपालीहरूले गरेको आन्दोलनप्रति सङ्केत गरेको छ । शीर्षकबाटै कविताको मूल भाव वा केन्द्रीय कथ्य स्पष्ट रूपमा सङ्केत भएकोले वा विषयवस्तु र शीर्षकबीच भावगत तालमेल भएका कारण प्रस्तुत कविताको शीर्षक सार्थक र उच्चकोटिको बन्न गएको छ ।

#### ख) संरचनाविधान

प्रस्तुत कविताको संरचनापक्षलाई हेर्दा गद्यलयका लामाछोटा गरी जम्मा एकसय चौतीस पङ्क्तिमा संरचित देखिन्छ । तत्सम, तद्भव तथा आगन्तुक गरी जम्मा पाँचसय असी शब्दको उचित प्रयोग भएको देखिन्छ । यसरी हेर्दा कविका अन्य कविताका तुलनामा यो केही लामो जस्तो देखिन्छ । यस कवितामा एक अक्षरे, न, छ र ऊ जस्ता शब्ददेखि लिएर शल्यचिकित्सकहरूको जस्ता आठ अक्षरे शब्दसम्मको प्रयोग भएको देखिन्छ । लामाछोटा गरी जम्मा तीन पङ्क्तिपुञ्जमा विभाजित यस कविताका प्रथम र दोस्रोका अपेक्षा तेस्रो पङ्क्तिपुञ्ज केही लामो देखिन्छ । यस कविताको आन्तरिक संरचनालाई हेर्दा स्पष्टरूपमा सत्याग्रही योद्धाहरूप्रति सम्बोधन गरी भावनाको अभिव्यक्ति प्रस्तुत गरेकाले कविप्रौढोक्ति उक्तिविधानमा संरचित देखिन्छ । यस कविताको भावबहन सहज प्रकारको रहेको छ ।

#### ग) केन्द्रीयकथ्य एवम् भावविधान

सत्याग्रह आन्दोलन जब सबैतिर फैलिन थाल्छ त्यतिखेर कविका मनमस्तिष्कका अङ्गप्रत्यङ्ग समेत चलायमान हुन थाल्छन् । कविको मनमस्तिष्कको पर्दा उघ्रिन्छ । महान कार्यमा समर्पित छैन मानव भने ऊ जिउन समेत योग्य छैन भन्ने महान क्रान्तिकारी योद्धा बी.पी. को भनाइलाई साकार पार्न अघि बढेका सत्याग्रही योद्धाहरू तथा विशाल मानव समुदाय सत्याग्रहको अभियान अघि बढाउन कृतसङ्कल्प देखिन्छ । सत्याग्रहीहरूसँग कुनै हातहतियारहरू छैनन् , केवल स्वाभिमानी नेपालीहरूको साथ छ । सरलता, स्वाभिमान, संयम र शिष्टता तथा मेहनत मुस्कान, मृदुता र कोमलता नै महान सत्याग्रही कर्मयोगीका गोलीगठ्ठा र हातहतियारहरू रहेका छन् । यही सत्याग्रहीहरूसँग टल्सटाय, गान्धी मार्टिन, लुथरकिङ समेत जुर्मुराउँछन् । सत्याग्रहीहरू नेपाललाई विश्वमा भूःस्वर्ग बनाउनका लागि डराउँदैनन् र डराएर सम्झौता पनि  गर्दैनन् । सत्याग्रहीहरू राष्ट्र र राष्ट्रियताको रक्षाको लागि मृत्युसँग डराउँदैनन् । उनीहरूका लागि मृत्यु त एक घटनामात्र हो, जो सत्याग्रहीको निम्ति विश्वमा पुनर्जागरण र परिवर्तनको प्राप्ति हुन्छ भन्ने अर्थलाई नै प्रस्तुत कविताको केन्द्रीय कथ्यको रूपमा प्रस्तुत गरिएको  छ ।

**घ) लयविधान**

प्रस्तुत कविता अन्तर्साङ्गीतिक गद्यलयमा संरचित छ । विषम अनुप्रासीय शब्दयोजनाले गर्दा पनि यस कवितालाई लयात्मक बनाउन सहयोग पुऱ्याएको छ । एउटा पङ्क्तिमा वर्णहरूको एक वा सोभन्दा बढी आवृत्तिबाट पैदा हुने ध्वनिसौन्दर्यको प्रस्फुटनले कवितालाई अझ बढी लयात्मक बनाउन सहयोग पुऱ्याएको छ । जस्तै :

*न छ बन्दुक काँधमा*
*न छ रोटी थालमा*
*न छ जुत्ता खुट्टामा*[76]

यसरी सात सात अक्षरको समानुपातिक पङ्क्तिको प्रयोगले पनि गद्यलयभित्र पद्यात्मकता पाउनु लयगत वैशिष्टय हो । यस कवितामा कवि बालकृष्ण समको इच्छा

[76] ऐजन् पृ. २८ ।

कविताको पङ्क्तिलाई समेत समावेश गरी कवितालाई लयात्मक साथै भावगाम्भीर्यतातर्फ उन्मुख गराएको देखिन्छ । यसरी विषम अन्त्यानुप्रसाी शब्द प्रयोग  तथा समानुपातिक पङ्क्तियोजनाले कवितालाई लयात्मक एवम् श्रुतिमधुरता थपेको देखिन्छ ।

**ङ) भाषाशैली**

प्रस्तुत कवितालाई भाषिक दृष्टिकोणले हेर्दा अधिकांश शब्दहरू तत्सम देखिन्छन् साथै तद्भव आगन्तुक तथा झर्रा नेपाली शब्दहरूको समेत प्रयोग भएको पाइन्छ । यसरी नेपाली साहित्यमा प्रचलित तथा नेपाली जनजीवनमा प्रयुक्त शब्दहरूको प्रयोग भएकाले अर्थगत कठिनता देखा पर्दैन ।

यस कवितामा प्रयुक्त तत्सम शब्दहरूमा स्रत्याग्रह, स्मृति, पटल, किरण, आत्मा, मनमस्तिष्क, मञ्च, युद्ध शान्ति, स्वर्ग, कृतसङ्कल्प, अविष्मरणीय उद्भाषित, प्रतिबिम्बित, सङ्घर्षरत, निर्णायक, मृत्यु स्वीकृति, भूस्वर्ग, आदि रहेका छन् । तद्भव शब्दहरूमा बिहान घाम, आँखा, मानिस, पाठ जस्ता शब्दहरूको प्रयोग भएको पाइन्छ । यस कवितामा प्रयोग भएका आगन्तुक शब्दहरूमा रेडियो, खबर कागज, बन्दुक , हल्कारा, बौछार,  ड्रिम, अप्रेसन थ्रेटर, कुर्सी आदि रहेका छन् ।

प्रस्तुत कवितामा तत्सम तथा आगन्तुक शब्दको आधिक्यता रहेकाले कविता उच्चस्तरको बन्न गएको देखिन्छ । सरल, सहज र सम्प्रेषणीय शब्दहरूको प्रयोगले गर्दा पढ्ने बित्तिकै अर्थ बुझ्न सकिने भएकाले प्रासाद गुण एवम् आवयव सङ्गठनमा पाञ्चाली रीतिको प्रयोग भएको देखिन्छ ।

**च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कविताको शीर्षक नै प्रतीकात्मक रहेको छ । विभिन्न प्रकारका बिम्ब एवम् प्रतीकको प्रयोगले गर्दा कविता निकै प्रभावकारी एवम् महत्वपूर्ण बन्न पुगेको देखिन्छ । यहाँ सत्याग्रह शब्द नै विद्रोहको प्रतीकको रूपमा आएको छ । त्यस्तै गान्धीले शान्ति,

हनुमानले शक्ति तथा सान्दाजु शब्दले बी.पी. कोइरालाको अर्थलाई बहन गरी कवितालाई गम्भीर एवम् भावपूर्ण बनाउन सहयोग गरेका छन् ।

प्रस्तुत कविता शब्दालङ्कार तथा अर्थालङ्कारका दृष्टिकोणले पनि निकै महत्वपूर्ण बन्न पुगेको देखिन्छ । यस कवितामा उपमा उत्प्रेक्षा रूपक, स्वभावोक्ति, अतिशयोक्ति जस्ता विभिन्न अर्थालङ्कारको प्रयोग भएको देखिन्छ । जस्तै :

*बिहान उठेर पूर्वको झ्याल खोल्दा*
*छरिएझैं घामका किरणहरू*[77]

उपर्युक्त पङ्क्तिमा पूर्णोपमा अलङ्कार स्पष्ट रूपमा देख्न सकिन्छ । त्यसै गरी यस कवितामा रूपक अलङ्कार समेत स्पष्ट रूपमा देखिन्छ जस्तै :

*पर्दा उघ्रिन्छ , मनमस्तिष्कको मञ्चमा*
*सरलता स्वाभिमान संयम र शिष्टता*
*मेहनत, मुस्कान, मृदुता र महानता*
*यिनै बन्दुक र गोलीगठ्ठा*
*सत्याग्रही कर्मयोगीका* [78]

यसरी विभिन्न प्रकारका शब्दालङ्कार तथा अर्थालङ्कार एवम् सहज किसिमका बिम्ब र प्रतीकले गर्दा कविताको भाव निकै गहन एवम् गम्भीर बन्न पुगेको देखिन्छ ।

### ४.१. १९ "तिमी परी दिव्यलोककी" कविताको विश्लेषण

---

[77] ऐजन् पृ. २७ ।
[78] ऐजन् पृ २८।

## तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

### क) शीर्षकीकरण

प्रस्तुत कविताको शीर्षक तीन पदयुक्त, पदावली स्तरको देखिन्छ । गद्यलयका छैसठ्ठी पङ्क्तिमा संरचित प्रस्तुत कवितामा कविले सधैं सपनामा आइरहने र सपनैमा जीन्दगीका सपना साकार पार्ने स्वप्न सुन्दरीप्रतिका भावनालाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरेका छन् । शीर्षकले नै कविताको केन्द्रीय कथ्यलाई सङ्केत गरेको हुनाले शीर्षक र केन्द्रीयकथ्य बीच सामन्जस्य देखिन्छ र शीर्षकीय सार्थकता रहेको पाइन्छ ।

### ख) संरचना

मुक्तलयमा संरचित प्रस्तुत कविता प्रायः समानुपातिक जस्ता देखिने छैसठ्ठी पङ्क्ति तथा पाँच पङ्क्तिपुञ्जमा विभक्त देखिन्छ । प्रस्तुत कवितामा तत्सम, तद्भव तथा आगन्तुक गरी जम्मा दुईसय चालीस शब्दहरूको संयोजन भएको पाइन्छ । मुक्त लयमा संरचित भए पनि प्रायः समानुपातिक पङ्क्तिहरूको संयोजनले गर्दा कविताको सङ्गठन सुसम्बद्ध देखिन्छ । यहाँ कविले प्रथम पुरुषीय दृष्टिविन्दुको प्रयोगमार्फत् स्वप्न सुन्दरीप्रतिका आफ्ना भावनाहरू व्यक्त गरेका छन् । स्वप्न सुन्दरीलाई तिमी भनी सम्बोधन गरेको पाइन्छ । सम्बोधनात्मक कविप्रौढोक्ति उक्तिविधानमा प्रस्तुत कविताको आन्तरिक संरचना संरचित छ । सरल र सुबोध किसिमका शब्दहरूको संयोजन यस कवितामा भएको हुनाले कविताको भावबहन सहज एवम् सरल बनेको देखिन्छ ।

### ग) केन्द्रीयकथ्य एवम् भावविधान

प्रस्तुत कवितामा सधै सधैं सपनीमा आइरहने र सपनैमा जिन्दगीका सपना साकार पार्ने कुनै स्वप्नसुन्दरीप्रति कविका भावनाहरू व्यक्त भएका छन् । सपनामा सधै सँगै हुने, सगै गफ गर्ने तथा उकालो चढ्दै चिया पिलाउने र अविदित प्रकाश भएर दिव्य चल्मयताले तरङ्गित पार्ने सुन्दरीलाई विपनामा सधैं नदीका दुई किनारा समान भएको अनि आकाश पाताल लगायत सारा ब्रम्हाण्ड खोज्दा पनि पाउन नसकेको तथ्यलाई यस

कविताको अभिधार्थले व्यक्त गरेको छ भने सुख र आनन्द विपनामा नपाउनु अनि आफूलाई मनपरेको व्यक्तिलाई खुलारूपले समर्थन जनाइ ऊ प्रतिका आफ्ना भावना अभिव्यक्त गर्न नपाइने तत्कालीन परिवेशप्रति असन्तुष्टि यस कविताको व्यङग्यार्थले व्यक्त गरेको छ ।

**घं) लयविधान**

अन्तर्साङ्गीतिक गद्यलयमा संरचित प्रस्तुत कवितामा प्रायः समानुपातिक जस्तै देखिने पङ्क्तिको प्रयोगले लयलाई साङ्गीतिकता प्रदान गरेको छ । केही पङ्क्तिहरूमा अन्त्यानुप्रास तथा केहीमा आंशिक अन्त्यानुप्रासको संयोजनले गर्दा गद्यलयभित्र पद्यलयको आभास पाउन सकिन्छ । पङ्क्तिपङ्क्तिबीचमा भएको वर्णहरूको पुनरावृत्तिले गर्दा पनि कवितात्मक लयलाई थप उर्जा प्रदान गरेको छ ।

**ङ) भाषाशैली**

प्रस्तुत कविताको भाषाशैली सरल, सहज एवम् बोधगम्य किसिमको रहेको छ । नेपाली शब्दकोशमा रहेका तथा नेपाली जनजिब्रोमा पचेका शब्दहरूको संयोजन यस कवितामा भएका कारण कविताको अर्थबोधका लागि कुनै माथापच्चिसी गरिरहनु पर्दैन । कुनै कुनै पङ्क्तिमा तत्सम शब्दकै आधिक्यता देखिए तापनि अर्थबोधका लागि त्यति कठिनता भने पाइँदैन । जस्तै :

*अविदित प्रकाश भएर आउँछ्यौ*
*सपना चपल दिव्य चल्मयताले*
*तरङ्गित पाछ्यौं* [79]

[79] ऐजन् पृ. ३३ ।

यस कवितामा तत्सम तद्भव तथा मौलिक नेपाली शब्दहरूका अतिरिक्त आगन्तुक शब्दको भने त्यति प्रयोग भएको पाइदैन । यस कवितामा प्रयोग भएका तत्सम शब्दहरूमा, परिधान, अविदित, प्रकाश, चपल, दिव्य चल्मयता, तरङ्गित दिव्य, मनमस्तिष्क मानवरूप, निस्तब्ध , निराश, सूक्ष्म आदि रहेका छन् भने तद्भव शब्दहरूमा तिमी, सेतो , म , सपना, पानी हात आदि रहेका छन् ।

यस कविताको आन्तरिक संरचनालाई हेर्दा कविप्रौढोक्ति सम्बोधनात्मक द्वितीयपुरुषीय शैलीमा आवद्ध देखिन्छ भने आवयव सङ्गठनमा पाञ्चाली रीति एवम् प्रासाद गुण रहेको देखिन्छ ।

**च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कविताको शीर्षक नै प्रतीकात्मक रहेको छ । यहाँ प्रस्तुत कविका भावनाहरूले सपनामा स्वर्णिम संसारको आशा गरेको तर यथार्थमा त्रास, भय र निराश भएर रहनुपर्ने तत्कालीन परिवेशप्रति व्यङ्ग्य गरेको पाउन सकिन्छ । यस कवितामा उपमा, उत्प्रेक्षा, रूपक तथा अतिशयोक्ति अर्थालङ्कारको सहजरूपमा संयोजन भएको पाइन्छ भने अर्थालङ्कारमा अनुप्रास घटित देखिन्छ । यहाँ प्रस्तुत बिम्ब प्रतीक एवम् अलङ्कारहरू नियोजित नभई भावनालाई लिपिबद्ध गर्ने क्रममा स्वतस्फूर्त रूपमा आएको पाइन्छ ।

## ४.१.२० “वर्तमानको सडकमा इतिहासको जुलूस” कविताको विश्लेषण

### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

**क) शीर्षकीकरण**

प्रस्तुत कविताको शीर्षक वाक्यस्तरको रहेको छ । सामान्यार्थक वाक्यात्मक संरचनामा संरचित प्रस्तुत कविताको शीर्षकले नै केन्द्रीयकथ्य प्रति सङ्केत गरेको देखिन्छ । इतिहासमा घटित घटनाहरू वर्तमान अवस्थामा पनि अभिव्यञ्जित भइरहेका छन् भन्ने

केन्द्रीय कथ्यलाई शीर्षकले नै व्यक्त गरेको हुनाले शीर्षकीय सार्थकता रहेको छ र शीर्षकीय सार्थकताबाट कविताले पाउने उच्चस्तरीयता प्रस्तुत कविताले पनि पाउन सफल भएको देखिन्छ ।

**ख) संरचनाविधान**

प्रस्तुत कविताको संरचनालाई हेर्दा गद्यलयका लामाछोटा गरी जम्मा एकाउन्न पङ्क्ति तथा चार पङ्क्तिपुञ्जमा संरचित देखिन्छ । प्रथम पङ्क्तिपुञ्जमा दस, द्वितीय पङ्क्तिपुञ्जमा पन्ध्र, तृतीय पङ्क्तिपुञ्जमा स्रोह्र पङ्क्तिहरू रहेका छन् भने चौथो तथा अन्तिम पङ्क्तिपुञ्जमा दस पङ्क्तिहरूको संयोजन भएको पाइन्छ । एक शब्दका पङ्क्तिदेखि लिएर सात शब्दसम्मका पङ्क्तिहरू रहेको यस कवितामा नेपाली शब्दकोशमा प्रचलित तत्सम, तद्भव शब्दहरूका अतिरिक्त अन्य भाषाबाट आएका आगन्तुक शब्दहरूको पनि उचित प्रयोग भएको देखिन्छ । यसरी तत्सम, तद्भव तथा आगन्तुक गरी जम्मा दुईसय छब्बीस शब्दको प्रयोग भएको यस कविताको भावतरङ्ग श्रृङ्खलित एवम् सुव्यवस्थित रहेको छ । प्रस्तुत कविताको आन्तरिक संरचना वर्णनात्मक कविप्रौढोक्ति शैलीमा आवद्ध भएको पाइन्छ ।

**ग) केन्द्रीयकथ्य एवम् भावविधान**

इतिहासमा घटित ती काला दिनहरू वर्तमानमा समेत च्वास्सच्वास्स घोचिरहने तीखा तीखा शूल बनेर रहेका छन् । पूर्खाले श्रापित व्यक्तिहरूको सम्मानमा लेखिएको इतिहास भावी सन्ततिहरूको मुटुमा तीखो शूल बनेर वंशाणुगत रूपमा घोचिरहन्छ । तसर्थ यस्तो इतिहासलाई समूल उन्मुलन गर्न वर्तमान युगका युवाहरू तरङ्गित एवम् आन्दोलित हुनुपर्छ र उनीहरूको रगत मसी र युग नै कलम बन्नुपर्दछ ।

*वर्तमानको सडक कागजमा*

*युग आफै कलम बनेर*

*खुनको मसीले इतिहास कोरिन्छ*

*अनि इतिहास आफै जुलूस बनेर*

*वर्तमानमा अनुवाद भइदिन्छ ।*[४०]

आफूलाई सम्मानित बनाउन निर्दोष र निरीह जनतालाई इतिहासरूपी पासोमा थुनेर राखिएका सम्पूर्ण युगीन व्यक्ति आफै पिंजडा फोरेर बाहिरिनुपर्छ यथार्थ भन्नुपर्छ र वर्तमानमा समाहित हुनुपर्छ । जसरी जिससलाई यातना दिएर मारेका किलाहरू, सोक्रेटिजलाई पिलाइएको विषको प्याला, लिङ्कन र गेटिसवर्गका अमर शब्दहरू आजसम्म जीवित छन् । त्यसरी नै हाम्रो इतिहासलाई बिलकुल यथार्थ, सत्य र सनातन बनाउनुपर्छ । तर यो यथार्थ हो पृथ्वी घुमिरहन्छ, कालो रात निष्पट्ट अन्धकार चिरेर सुनौलो विहानीमा बदलिन्छ । भीमसेनको आत्महत्या कोतपर्व र भण्डारखाल पर्वका खाडलहरूले आन्दोलित युगीन जुलूसहरूलाई अब कसैले भ्रममा पार्न सक्दैन । हेरिएका आँखाले युगलाई देख्छ , कालो सेतो छुट्याउँछ त्यसैले शासकहरूले पनि होसियार तिम्रो पनि अन्त्य हुन्छ । क्रूर शासकका काला दागहरू इतिहासले उसैका शरीरमा अमिट हुने गरी छ्यापिदिन्छ भन्ने कुरालाई नै कविले यस कविताको केन्द्रीय कथ्यको रूपमा प्रस्तुत गरेका छन् ।

**घ) लयविधान**

प्रस्तुत कविता मुक्तलयमा संरचित छ । यस कविताले गद्यधर्मितालाई पूर्णरूपमा पालन गरेको छ । कविताभित्र प्रयोग भएका समानुपातिक पङ्क्तिले कवितालाई श्रुतिमधुर एवम् लयात्मक बनाएको छ । कविताका केही पङ्क्तिमा आद्यानुप्रासको संयोजन भएकोले पनि कवितालाई अझै लयात्मक बनाएको छ । कविताभित्र आन्तरिक सङ्गीतचेतका साथै बाह्य संरचना पनि गद्यधर्मी नै रहेको छ ।

[४०] ऐजन् पृ. १७ ।

### ङ) भाषाशैली

प्रस्तुत कविताको भाषाशैली हेर्दा आलङ्कारिक तथा व्यञ्जनायुक्त देखिन्छ । यस कुराको सङ्केत यसको शीर्षक “वर्तमानको सडकमा इतिहासको जुलूस” ले नै दिएको छ । नेपाली शब्दकोशमा प्रचलित तत्सम, तद्भव तथा झर्रा नेपाली शब्दका अतिरिक्त आगन्तुक शब्दको प्रयोगले कवितालाई सरस तथा आलङ्कारिक बनाएको छ । सरल एवम् सुबोध शब्दहरूको संयोजनमार्फत नै कविताको भाववहन उच्चस्तरको र आलङ्कारिक बनाएको छ । प्रस्तुत कवितामा अर्थगत गाम्भीर्यता समेत पाउन सकिन्छ । वर्णनात्मक शैलीमा कवितालाई विभिन्न सामाजिक तथा ऐतिहासिक एवम् राजनैतिक सन्दर्भसँग जोडी कविका भावना समेत व्यक्त गरिएको यस कवितामा प्रथमपुरुषीय कथनपद्धति एवम् कविप्रौढोक्ति उक्तिविधान रहेको छ ।

### च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान

प्रस्तुत कविताको शीर्षक नै प्रतीकात्मक तथा व्यञ्जनात्मक रहेको छ । प्रस्तुत कवितामा विभिन्न प्रकारका ऐतिहासिक एवम् राजनैतिक बिम्ब र प्रतीकहरूको प्रयोग भएको छ । यहाँ प्रयोग भएका जुलूस, सडक तथा रगत जस्ता शब्दहरूले बिम्बात्मकता एवम् प्रतीकात्मकता व्यक्त गरेका छन् । यहाँ प्रयोग भएका भीमसेन, सोक्रेटिज , लिङ्कन जस्ता व्यक्तिविशेषका नाम पनि सिङ्गो इतिहासकै प्रतीक बनेर आएका छन् । यस कवितामा शब्दालङ्कारमा अनुप्रास देखिन्छ भने अर्थालङ्कारमा रूपक, उत्प्रेक्षा तथा अतिसयोक्ति अलङ्कारको स्वतस्फूर्त रूपमा संयोजन भएको देखिन्छ ।

## ४.१.२१ ”आँसु” कविताको विश्लेषण

### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

### क) शीर्षकीकरण

प्रस्तुत कविताको शीर्षक एक मात्र पद आँसु बाट निर्मित छ । दुःख सुखका भावाभिव्यक्तिमा आँखाबाट निस्कने आँसुको महत्व पनि फरक फरक हुने कुरालाई

धरतीको रुवाइमा छाती चर्कने र आकाशको रुवाइमा धरतीले नयाँ जीवन पाउने भन्दै कवितालाई श्रुतिमधुर एवम् आलङ्कारिक बनाएका छन् । आँसुलाई सुख एवम् दुःखको अपरिहार्य वस्तुको रूपमा केन्द्रीय कथ्यमा व्यक्त गरेको हुनाले कविताको शीर्षक सार्थक एवम् औचित्यपूर्ण देखिन्छ ।

**ख) संरचनाविधान**

प्रस्तुत आँसु कविता मुक्त लयमा लेखिएको कविता हो । समानुपातिक जस्ता देखिने बाह्र पङ्क्तिमा विभक्त प्रस्तुत कवितालाई तीन पङ्क्तिपुञ्जमा विभाजन गरिएको छ । पहिलो, दोस्रो र तेस्रो पङ्क्तिपुञ्जमा चार चार पङ्क्तिहरूको समायोजन भएको प्रस्तुत कविताका पङ्क्तिपुञ्ज समानुपातिक रहेका छन् । लघु आयामको प्रस्तुत कवितामा विषम अन्त्यानुप्रासको संयोजन भएको छ । प्रस्तुत कविताको आन्तरिक संरचना सुगठित तथा व्यवस्थित रहेको छ । यस कवितामा कविप्रौढोक्ति उक्तिविधान तथा तृतीय पुरुषीय शैलीमा कविका भावना लिपिबद्ध भएको पाइन्छ ।

**ग) केन्द्रीयकथ्य एवम् भावविधान**

सुख तथा दुःखमा बग्ने आँसु सबै उस्तै हुँदैनन् । कुनै आँसु सबैले देख्ने प्रकारका हुन्छन् त कुनै आँसु नदेखिने हुन्छन् । त्यही एउटाको आँसुमा अर्काको नवजीवन सुरु हुन्छ। कसैको आँसुमा मुटु नै फुटेजस्तो हुन्छ । आकाश रुँदा धरतीमा नजजीवन सुरु हुन्छ भने धरती रुँदा मुटु नै फुट्लाजस्तो हुन्छ । धरती रोएको कसैले देख्दैनन् आकाश रोएको सबैले देख्छन् । धर्ती रोएको नदेखे पनि छातीभित्रै आँसु पिसी एकदिन सागर बनी विस्फोट हुने कुरालाई नै यस लघु आयामको कविताको केन्द्रीय कथ्यले व्यक्त गरेको छ ।

**घ) लयविधान**

प्रस्तुत कविताले थपलियाका अन्य कविताकै लयधर्मितालाई निर्वाह गरेको छ । गद्यलयभित्रका प्रायः समानुपातिक जस्ता देखिने पङ्क्ति तथा विषम अन्त्यानुप्रासीय पङ्क्ति प्रयोगले गर्दा गद्यलयभित्र पनि पद्यात्मकता पाउन सकिन्छ । आंशिक अनुप्रासीयता र आन्तरिक गीत्यात्मकताले गर्दा कवितालाई श्रुतिमधुर एवम् सरस बनाएको छ ।

**ङ) भाषाशैली**

विवेच्य कविताको भाषाशैली सरल प्रकारको रहेको छ । तत्सम , तद्भव साथै झर्रा नेपाली शब्दहरूको प्रयोगले कविताको भावबहन सुबोध एवम् स्तरीय बनाएको छ । यस कवितामा आकाश, धरती, सागर, जीवन, नव जस्ता शब्दहरू तत्सम रहेका छन् भने सबै, आँसु, छाती जस्ता शब्दहरू तद्भव रहेका छन् । आगन्तुक शब्दहरूको प्रयोग नपाइने प्रस्तुत कवितामा सुख्खा, जर्जर, पिसी, जस्ता शब्दहरू झर्रा नेपाली शब्द हुन् र यिनै शब्दहरूको संयोजनले गर्दा पनि कवितालाई श्रुतिमधुर एवम् सरस बनाएको छ । वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत कवितामा कविप्रौढोक्ति उक्तिविधान तथा तृतीयपुरुषीय कथनपद्धति रहेको छ ।

**च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

यस कविताको शीर्षक आफैमा प्रतीकात्मक भएको छ । आकाशबाट वर्षिने जललाई आकाश रोएको आँसु, धर्तीबाट हुने ज्वालामुखी जस्तो पृथ्वीको विस्फोटलाई धर्तीका आँसु, छातिभित्र पिसेर विस्फोट भएको भनी रूपक अलङ्कारको समायोजन गरेको देखिन्छ  साथै कवितामा अतिशयोक्ति अलङ्कारको पनि समायोजन भएको देखिन्छ ।

शब्दालङ्कारमा अनुप्रास देख्न सकिन्छ । उपर्युक्त बिम्ब, प्रतीक एवम् अलङ्कार नियोजित नभई स्वतस्फूर्त रूपमा प्रयोग भएको पाइन्छ ।

## ४.१.२२. "पूर्वस्मृति" कविताको विश्लेषण

### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

**क) शीर्षकीकरण**

प्रस्तुत कविताको शीर्षक पूर्व र स्मृति दुई पदको समास भई निर्मित छ । यदि यो पृथ्वी धर्मशाला हो र एकरात बास बस्ने ठाउँ नै हो भने पनि यहाँ आफ्नो कुनै तस्वीर अथवा सत्कर्मद्वारा केही योगदान दिएर गए त्यसको फलले पछिपछिसम्म पनि झक्झकाइरहन्छ र आफ्नो पूर्वकर्मको स्मृति भइरहन्छ भन्ने केन्द्रीय कथ्य रहेको यस कविताको शीर्षक

पूर्वस्मृति सार्थक देखिन्छ । केन्द्रीय कथ्य र शीर्षकबीच सामन्जस्य भएकाले शीर्षकीय सार्थकताबाट पाउने कवितात्मक उच्चस्तरीयता प्रस्तुत कविताले पाएको छ ।

**ख) संरचनाविधान**

प्रस्तुत कविताको संरचनालाई हेर्दा गद्यलयका लामाछोटा गरी एक्काइस पङ्क्तिमा आवद्ध भएको देखिन्छ । कतैकतै प्रश्नवाचक चिह्नको समेत प्रयोग भएको प्रस्तुत कवितामा एकशब्दका पङ्क्तिदेखि ५ शब्दसम्मका पङ्क्तिहरू रहेका छन् । कविताको बीचबीचमा केही पङ्क्तिको समानुपातिक प्रयोग पनि यस कवितामा पाउन सकिन्छ । तत्सम, तद्भव एवम् झर्रा नेपाली शब्द गरी जम्मा सत्तरी शब्दको संयोजनबाट प्रस्तुत कविताको बाह्य संरचना संरचित छ भने आन्तरिक संरचनामा वर्णनात्मक कविप्रौढोक्ति उक्तिविधान रहेको छ ।

**ग) केन्द्रीयकथ्य एवम् भावविधान**

यो पृथ्वी मानव लगायत सम्पूर्ण प्राणीको क्षणिक समयको वासस्थान मात्र हो । मानवीय जीवनको अनवरत यात्राको एउटा धर्मशाला यस पृथ्वीमा केवल एकरात बासबस्न आइपुगेका हामीले यस धर्मशालामा आफ्नो तस्विर टाँगिदिऔं वा सत्कर्मद्वारा यस पृथ्वीमा आफ्नो नाम राखेर जाऔं र यस धर्मशालाको वगैंचामा एउटा सुन्दर फूलको विरुवा रोपौं । अनन्त यात्री हामी फेरि कुनै दिन यही धर्मशालामा बास बस्न आउन सक्छौ अनि त्यतिबेला आफूले पहिले रोपेको फूलले तथा आफूले छाडेको तस्विरले झकझकाउँछ र आफ्नो पूर्वस्मृतिले आफैलाई विह्वल बनाउँछ अर्थात् सत्कर्मको फल युगान्तकारी रहिरहन्छ  भन्ने अर्थ नै यस कविताको केन्द्रीय कथ्यको रूपमा प्रस्तुत भएको पाइन्छ ।

**घ) लयविधान**

आन्तरिक एवम् बाह्य रूपमा गीत्यात्मकता तथा लयात्मकता पाइने यस कवितालाई विषम अनुप्रासीयताको प्रयोगले पनि लयात्मक नै बनाएको छ । विशुद्ध गद्यधर्मिता अँगाल्ने यस कवितामा मुक्तलयकै वर्चश्व रहेको छ । छन्दगत अनुशासन र

नियमभन्दा बाहिर रहेर पनि गीत्यात्मकता अँगालेको यो कविता साङ्गीतिक गद्य कविता हो । गद्यलयभित्रका बीचबीचमा केही पङ्क्तिहरूको समानुपातिक प्रयोगले पनि कविताको लयलाई अझै उच्च तुल्याएको देखिन्छ । अन्तर अनुप्रासीयता रहेको यस कवितामा कलात्मक क्लिष्टताको अपेक्षा सरलता एवम् सरसता रहेको छ ।

**ङ) भाषाशैली**

प्रस्तुत कविताको भाषा सरल एवम् बोधगम्य रहेको छ । नेपाली शब्दभण्डारमा प्रचलित शब्दहरूको आधिक्यता रहेको यस कवितामा धर्मशाला, पृथ्वी, अनन्त, यात्रा, पूर्वस्मृति , अवश्य, स्वर्गलोक जस्ता शब्दहरू तत्सम रहेका छन् भने यो, पनि, तिमी जस्ता शब्दहरू तद्भव रहेका छन् । तत्सम, तद्भव, झर्रा नेपाली तथा आगन्तुक शब्दहरूको उचित संयोजनबाट प्रस्तुत कविताले पूर्णता पाएको छ । मध्यम आदरार्थी तिमी शब्दको प्रयोग गरिएको यस कवितामा कविप्रौढोक्ति उक्तिविधान तथा द्वितीयपुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । समग्र कविता अध्ययन गर्दा उत्कृष्ट नै देखिन्छ ।

**च) बिम्ब प्रतीक एवम् अलङ्कारविधान**

प्रस्तुत कवितालाई सहज बिम्ब एवम् प्रतीकको प्रयोगमार्फत् श्रुतिमधुर तथा सरस बनाएको छ । यस कवितामा पृथ्वीलाई धर्मशाला तथा मानिसहरूलाई अनन्त यात्री भनी आरोप गरिएको हुनाले रूपक अलङ्कारको संयोजन भएको देखिन्छ । समग्र कवितामा पृथ्वीरुपि धर्मशालामा आफ्नो तस्विर टाँग्न तथा यस धर्मशालाको बगैंचामा फूलको विरुवा रोप्न सल्लाह दिएकोले व्यञ्जनात्मक रूपमा मानवीय सत्कर्मप्रति झुकाव राख्न सल्लाह दिएको बुझिन्छ । शब्दालङ्कारमा अनुप्रास तथा अर्थालङ्कारमा रूपक, उत्प्रेंक्षा आदि अलङ्कारको संयोजनमार्फत कविताको भावबहन उच्चस्तरीय एवम् व्यञ्जनात्मक रहेको छ ।

## ४.१. २३ "अभिमन्यु पृथिवीमा फर्केका छन्" कविताको विश्लेषण

### तत्वगत आधारमा कविताको क्रमिक अध्ययन

**क) शीर्षकीकरण**

वाक्यस्तरको शीर्षक रहेको प्रस्तुत कविता कविका अन्य कविताको तुलनामा केही विस्तृत आयामको रहेको छ । सत्य र असत्यको युद्धका क्रममा चक्रव्युहमा परेका अभिमन्यु असत्यको विरुद्ध लड्न धनुर्धारी बनेर यस धरतीमा अवतरित भएका छन् भन्ने केन्द्रीय कथ्य रहेको यस कविताको शीर्षक अभिमन्यु पृथिवीमा फर्केका छन् सार्थक देखिन्छ । शीर्षकले नै केन्द्रीय कथ्य वा कविताको विषयवस्तुलाई सङ्केत गरेको हुनाले शीर्षकीय सार्थकताबाट पाउने उच्चस्तरीयता प्रस्तुत कविताले पाएको छ ।

**ख) संरचना**

प्रस्तुत कविताको संरचनापक्षलाई हेर्दा अन्तर्साङ्गीतिक गद्यलयका लामाछोटा छयहत्तर पङ्क्तिमा संरचित देखिन्छ । तत्सम, तद्भव तथा आगन्तुक शब्दको संयोजनबाट प्रस्तुत कविताको बाह्य संरचना संरचित छ । यस कवितामा ॐ शब्द पटकपटक आवृत्ति भएको देखिन्छ भने ठाउँ ठाउँमा प्रश्नवाचक चिह्नको समेत प्रयोग भएको छ । दुई शब्ददेखि लिएर नौ शब्दसम्मका पङ्क्ति रहेको यस कवितामा कतिपय पङ्क्तिहरू समानुपातिक तथा अन्त्यानुप्रासी समेत रहेका हुनाले गद्य कविताभित्र पद्यात्मकता पनि पाउन सकिन्छ । यस कवितामा कतिपय अङ्ग्रेजी शब्दहरू तथा अङ्ग्रेजी वाक्यहरू पनि समावेश गरेको छ । प्रस्तुत कविताको आन्तरिक संरचनालाई हेर्दा कविप्रौढोक्ति वर्णनात्मक शैलीको प्रयोग भएको देखिन्छ साथै कविताको भावबहन सहज, सरल तथा बोधगम्य रहेको हुनाले कविताको आन्तरिक तथा बाह्य संरचना सुगठित देखिन्छ ।

**ग) केन्द्रीयकथ्य एवम् भावविधान**

कैयौं सपूतहरू जन्मेर बन्धनमा परेको यो भूमिमा समय समयमा यस्ता सपूतहरू अझै पनि जन्मिदैछन् र रापताप भोक प्यासले तड्पेर विद्रोहको नारा चिच्याउँदै यो

धर्तीमा आउने क्रम छ । मनमस्तिष्कलाई बुझ्ने अन्तर्यामी आदिदेव पशुपतिनाथ पनि माटोमा दबिंदा गाईले दूधका धारा बगाएर उनलाई धर्तीबाट बाहिर निकालिन् अनि ॐ वाणीका साथ शिवोदय भयो र पृथ्वी सुनौलो बन्यो ।

*जन्मे पनि माटोमुनि नै दबिइरहँदा*

*र देख्नेसुन्ने कोही नहुँदा*

*आमा नेपालले देख्न सुन्न नसकी*

*बन्धन अनि तिर्खा जन्मदै शहीदको*

*गाईरूप लिई आफू पुगिन् र*

*पियाइन दूधका धारा अमृत बनी अनि*

*दिव्यज्योति शिव अनि उदाए नभमा जब*

*मुखबाट निस्क्यो वाणी ॐ जब शिवको*

*त्रिभुवन सुनौलो बन्यो ।*[81]

यसरी दिव्यज्ञानको वीजारोपण भयो, हरेकको मनमस्तिष्क र जगत नै देवमय भयो । यस्ता दिव्यपुरुषको संरक्षणका लागि यस धर्तीमा कैयौं सपूतहरू अभिमन्यु, क्राइष्ट , सोक्रेटिज, लिङ्कन, केनेडी , शुक्रराज , धर्मभक्त, सन्यात्सेन, टल्सटाय, इन्दिरा, बुद्ध आदि कोही चिन्तक, कोही देशभक्त र कोही मानवताको सार्थक दिव्यरूप बनेर जन्मिए । असत्य र हिस्रकहरूले फेरि शिवद्रोही बनेर शिवलाई माटोमै पुऱ्याए, देशद्रोही बनेर देशभक्तहरूलाई झुण्डाए, गला रेटे, विष पिलाए, हिटलर जस्ता तानाशाह बने अनि जगतभरि अराजकता फैलियो , शिव मरे, क्राइष्ट मरे, बुद्ध मरे भनियो । यसरी यो धर्तीमा चक्र घुमेझैं सत्य र असत्यबीच युद्धक्रम जारी छ , त्यही क्रममा चक्रव्युहमा परेका अभिमन्यु (सपूत) असत्यको विरुद्ध लड्न विधिवत् धनुर्धारी बनेर यस धर्तीमा अवतरित

---

[81] ऐजन् पृ. ४३ ।

भएका छन्, असत्यलाई खरानी पार्न र सत्यको वीजारोपण गर्न किनभने शब्द मर्दैन , यातना बिर्सिदैन, ऊँकार , यो ब्रह्माण्डमा तरङ्गित हुन्छ । , शब्द ईश्वर हो, ईश्वर मर्दैन शिव मर्दैन, शक्ति मर्दैन, शिवशक्ति , दुर्गाशक्ति , कृष्णशीला, रामलीला, यहाँ जीवित थिए र फेरि जीवित हुनेछन् । असत्यले बनाएका र उनीहरूद्वारा भनिएका अभेद्य शक्ति पनि भेद्य हुन्छन् किनकि यहाँ मन्दिर, चर्च, गुम्बा, मस्जिद सत्यको प्रार्थना गर्दै जुर्मुराउने छन् । वेद, कुरान, रामायण, त्रिपिटक, शब्दशक्ति र इतिहास बोकेर त्रिभुवनभरि उड्नेछन्, अनि सूर्य सुनौला किरण बनेर उदाउने छन् र सत्यको यहाँ दिव्यमिलन हुनेछ भन्ने कथ्यलाई नै यस कविताको मूल विषयवस्तु बनाएको छ ।

**घ) लयविधान**

प्रस्तुत कविता छयहत्तर पङ्क्तिमा अन्तर्साङ्गीतिक गद्यलयमा संरचित एवम् विस्तारित देखिन्छ । पङ्क्तिबीचमा वर्णहरूको आवृत्ति , समानुपातिक पङ्क्तिको प्रयोग तथा अन्त्यानुप्रासको प्रयोगले गर्दा कवितालाई लयात्मक एवम् साङ्गीतिक झङ्कारयुक्त बनाएको देखिन्छ । साथै केही पङ्क्तिहरूमा विषम अन्त्यानुप्रासीय प्रयोगले पनि कविताको लयलाई जागरुक एवम् मूर्तता दिन सफल भएको छ ।

**ङ) भाषाशैली**

भाषिक दृष्टिकोणले विवेच्य कविता निकै महत्वपूर्ण रहेको छ । प्रस्तुत कवितामा सहज, सरल, एवम् बोधगम्य किसिमको भाषिक प्रयोगमार्फत नै कविताको भावलाई उच्च बनाएको छ । आगन्तुक शब्दको पनि प्रयोग गरिएको प्रस्तुत कवितामा ऐतिहासिक सामाजिक, राजनैतिक एवम् धार्मिक आद्यबिम्बहरूको प्रयोग गरिएको छ । पौराणिक पात्र अभिमन्युलाई विषयवस्तु बनाएको यस कवितामा तत्सम शब्दको प्रयोग बढीमात्रामा पाइन्छ भने तद्भव शब्दहरू पनि उचित रूपमा प्रयोग भएका छन् । तत्सम, तद्भव झर्रा नेपाली शब्द तथा आगन्तुक शब्दको प्रयोगबाट पूर्णता पाएको यस कवितामा अनुकरणात्मक शब्द पनि रहेको पाइन्छ । वर्णनात्मक कविप्रौढोक्ति शैली प्रस्तुत कविताको आन्तरिक संरचनामा पाइन्छ ।

**च) बिम्ब, प्रतीक एवम् अलङ्कारविधान**

अन्तर्साङ्गीतिक गद्यलयमा संरचित प्रस्तुत कवितामा विभिन्न किसिमका बिम्ब एवम् प्रतीकहरूको प्रयोग भएको पाइन्छ । यस कविताको शीर्षक नै प्रतीकात्मक रहेको छ। यस कविताको शीर्षकमा रहेको अभिमन्यु शब्द नै असत्य , अन्याय, अत्याचार शोषण र दमनको नास गर्ने शक्तिको प्रतीकको रूपमा आएको छ । यहाँ प्रयोग भएका केही शब्दहरूका दुबै अर्थ स्पष्ट देखिनाले श्लेष अलङ्कार देख्न सकिन्छ भने उपमा रूपक, उत्प्रेक्षा, अतिशयोक्ति तथा विरोधाभाष जस्ता अर्थालङ्कार एवम् शब्दालङ्कारमा अनुप्रास, श्लेष देख्न सकिन्छ । उपर्युक्त बिम्ब, प्रतीक एवम् अलङ्कारहरू कविका भावना लिपिबद्ध गर्ने क्रममा स्वतः स्फूर्त रूपमा आएका देखिन्छन् । साथै बिम्ब, प्रतीक र अलङ्कारको संयोजनमार्फत कविताको भावबहन सरस बनेको छ र कविता श्रुतिमधुर बनेको छ ।

## ४.२ तुङ्ग एन्. थपलियाका कथाहरूको विश्लेषण

साहित्यकार तुङ्गएन्. थपलिया वि.सं २०२७ देखि नेपाली साहित्यको कथाविधामा देखापरेका कथाकार हुन् । सर्वप्रथम "ऐनामा प्रतिबिम्बित निधारको खत" कथा (कल्पना वर्ष ५, अङ्क ३ , २०२७) प्रकाशित भएको छ भने अन्य कथाहरूमा -रङ्गीन पत्रिको परिवेश भरि (कल्पना वर्ष ५, अङ्क ३, २०२७) जूनमा देखिएको अनुहार (रूपरेखा २०३२ असोज, पूर्णिमाको रात (प्रकाश वर्ष १, अङ्क १ २०३३) एकरात नेहरूको चिहानमाथि ( प्रक्षेपण-वर्ष १ अङ्क २,३,४ २०४८ चैत २०४९ मार्ग) कथाहरू प्रकाशित छन् । यिनै प्रकाशित कथाहरूको कालक्रमानुसार संरचनागत आधारमा विश्लेषण गरिन्छ ।

### ४.२.१ "ऐनामा प्रतिबिम्बित निधारको खत" कथाको विश्लेषण

**क) कथाको बाह्य संरचना**

प्रस्तुत कथाको बाह्य संरचना डिमाई आकारको पानामा पाँच पृष्ठसम्म विस्तारित छ । जम्मा चार भागमा संरचित प्रस्तुत कथाको परिच्छेद विभाजन फूल चिह्नबाट गरेको छ । कतै एक अनुच्छेदमा परिच्छेद विभाजन गरेको छ भने कुनै परिच्छेदमा तीन अनुच्छेद पनि रहेका छन् । यस कथामा लामाछोटा गरी जम्मा एघार अनुच्छेदको प्रयोग भएको छ ।

यस कथामा रहेका लामा अनुच्छेदमा २४ हरफसम्मका रहेका छन् भने छोटा अनुच्छेदमा २ हरफसम्मका रहेका छन् । यसरी परिच्छेद तथा अनुच्छेदमा विभाजित प्रस्तुत कथाको बाह्य संरचना मध्यम आकारको रहेको छ ।

**ख) कथाको आन्तरिक संरचना**

आन्तरिक संरचनाअन्तर्गत निम्नलिखित शीर्षकहरूका आधारमा कथाको विश्लेषण गरिन्छ ।

**शीर्षकीकरण**

ऐनामा अनुहार हेर्दा निधारमा देखिने खतले पूर्वस्मृति गराउने सञ्जयको मानसिक स्थितिको उतारचढावलाई समायोजन गरी प्रस्तुत कथाको कथावस्तु निर्माण भएको छ । वर्णनात्मक शैली अपनाइएको प्रस्तुत कथा अतृप्त यौनवासनाका कारण हुन गएको घटना तथा त्यसले निम्त्याएको कारुणिक अवस्थालाई उद्घाटन गर्न सफल देखिन्छ । कथाको विषयवस्तु एवम् केन्द्रीय कथ्य र शीर्षकका बीचमा तालमेल भएकोले प्रस्तुत कथाको शीर्षक सार्थक रहेको छ ।

**कथानक**

शिक्षा तथा रोजगारीको लागि आफ्नो घरपरिवारलाई चटक्क छोडेर युवाहरू विदेशिने क्रम बढिरहेको अवस्थामा आफ्नो पति विदेश गएर लामो समयसम्म नफर्केपछिको अवस्थामा पत्नीमा हुने मानसिक उतारचढाव, कुण्ठा एवम् विक्षिप्तताको अवस्थालाई कथ्य बनाई वर्णनात्मक शैलीमा लेखिएको यस कथामा सञ्जयले आफ्नो अनुहार ऐनामा हेर्दा निधारमा भएको खत देखेपछि पुकुलीसँगको तीन चार वर्ष पहिले भएको घटनाको स्मरणसँगै कथालाई टुङ्ग्याएको छ । पुकुलीको पति दिनेश पढ्नका लागि भारतको कलकत्ता गएको पाँच वर्ष बितिसकेको छ । बेला बेलामा दिनेशको चिठी आइरहनाले दिनेशलाई पनि पुकुलीको सम्झनाले सताएको बुझिन्छ । दिनेशले चाँडै आइहाल्छु नि भनेर जति चिठी पठाए पनि पुकुलीको कुण्ठा भने शान्त हुँदैन र ऊ सपनैमा

बर्बराउछे , सपनैमा दिनेशसँग कुरा गर्छे भने सपनैमा छोरो खेलाउँछे । यसरी विक्षिप्त अवस्थाकी पुकुलीको चित्रण गर्दै कथा अगाडि बढ्दै गएको छ भने एक्लै आफ्नै घरको बरण्डामा टोलाएर बसेकी पुकुलीले बाटामा एक्लै हिडिरहेको सञ्जयलाई देखेपछि ऊ प्रति आकर्षित भई उसैलाई बोलाउन पुग्छे । यसरी पुकुलीले आवेशमा आएर सञ्जयलाई बोलाएपछि कथा मध्य भागमा प्रवेश  गरेको छ । आफ्ना  दिदीबहिनी नभएको सञ्जयले दिनेश सरकी श्रीमती भनेर पुकुलीलाई गुरुमा सम्भन्थ्यो तर पुकुलीको कामोत्तेजनाले गर्दा सञ्जयलाई आफ्नो  कोठामा  लगेर ऊ तृप्त हुन चाहनु तर सञ्जय भाग्नुले कथालाई चरमोत्कर्षमा पुऱ्याएको छ । सञ्जय भाग्दा लडेर चोट लाग्नु , त्यसपछि सञ्जय पुकुलीको घरको बाटो हिड्न छोड्नु र त्यसपछि पुकुली भन् विक्षिप्त अवस्थामा पुगी एक्लै रुँदै हाँस्दै बागमती, गुह्येश्वरी , पशुपति घुम्नु, दुब्लाएर हाडछाला मात्र हुनु जस्ता घटनाको वर्णनबाट कथाको मध्यभागको समाप्त भएको छ । पुकुली वाग्मतीमा मूर्छा परेर मरेको र दिनेश घर आएर दुःखित भएको तथा दिनेशले अर्की विहे गरेर छोरो समेत जन्मेको सञ्जयले सुनेको र आफ्नो निधारमा रहेको खत छाम्दा पुकुलीसँगको ३/४ वर्ष पहिले घटेको घटना सम्भनु जस्तो चित्रणबाट कथालाई अन्त्य गराइएको छ ।

यसरी कुनैकुनै स्थानमा कथाकारले पात्रको मनोभाव हर्षोल्लास व्यथा वेदनाजस्ता अनुभूतिको व्याख्या गरी कथानकलाई रोचक बनाएका छन् । यस कथामा  विदेशिने युवकको विदेशमा  गएर धेरै पढेर  राम्रो जागिर पाउने इच्छाले गर्दा जन्माएको कारुणिक स्थिति तथा मृत्युवरणसम्म गर्न सक्ने अवस्थाको चित्रण भएको छ । परिवर्तनशील समयले पनि वैयक्तिक विचारमा परिवर्तन ल्याउन नसकेको अवस्थाको चित्रण भएको छ । समय परिवर्तन भए पनि प्राकृतिक रूपमा रहेको यौनभावना तृप्त हुन नसक्दा मानिसले मृत्युवरण समेत गर्न सक्ने अवस्थालाई पनि यस कथाले व्यक्त गरेको छ ।

**केन्द्रीय कथ्य**

उच्च शिक्षाको लागि तथा समाजमा व्याप्त बेरोजगारी आर्थिक पछौटेपन जस्ता कारणबाट जायजेथा, स्वास्नी छोराछोरी तथा देश नै छाडेर विदेशिने क्रम बढिरहेको

वर्तमान परिप्रेक्ष्यमा युवाहरू विदेशिएपछि स्वदेशमा तथा उसको घरमा हुने विवशता तथा कारुणिकतालाई प्रस्तुत गर्नु प्रस्तुत कथाको केन्द्रीय कथ्य हो । आफ्नो पति पाँचवर्षसम्म विदेशिएपछि २५ वर्षे युवती पुकुलीलाई पतिको सम्झनाले विक्षिप्त बनाएको र आफ्नो कामोत्तेजनालाई शान्त पार्न पुकुलीले अर्कै युवक सञ्जयलाई कोठामा ल्याउँदा समेत ऊ परितृप्त हुन नसकी उल्टै सञ्जय लडेर चोट लाग्नु जस्ता घटनाको वर्णनबाट मनमा गुम्सिएका भावना एकाएक विस्फोट हुँदाको अनिष्टतातर्फ कथाले सङ्केत गरेको छ । अन्त्यमा यौनचाहना तृप्त नहुँदा भएको पुकुलीको असामयिक निधनप्रति सङ्केत गर्दै पति पत्नीबीच लामो समयसम्म विछोडको अवस्था सिर्जना भएमा ज्यान समेत खतरामा पर्न सक्छ भन्ने तथ्यलाई कथामार्फत् देखाउनु नै यस कथाको सार हो ।

**पात्रविधान**

प्रस्तुत कथाले तीनजना पात्रको भूमिकाबाट पूर्णता पाएको छ । प्रस्तुत कथाको मुख्य पात्रको रूपमा पुकुलीलाई लिन सकिन्छ । पुकुलीकै सेरोफेरोमा कथाले पूर्णता पाएको छ । सहायक पात्रका रूपमा दिनेश र सञ्जय आएका छन् । पति लामो समयसम्म विदेशिएका कारण आफ्नो यौन चाहना पूरा हुन नसकेको हुनाले विक्षिप्त अवस्थामा पुगी अर्कै युवक सञ्जयलाई कोठामा ल्याउँदा पनि आफ्नो यौन चाहना पूरा हुन नसकेपछि विक्षिप्त भएकी पुकुलीले एकदिन बाग्मतीको बगरमा पाण त्याग्न पुग्छे । यसरी आफ्ना दमित इच्छाहरू पूरा हुन नसकी मृत्युवरण गर्ने पात्रको रूपमा पुकुलीको चित्रण भएको छ । कथाको अर्को पात्र दिनेश विदेशिने युवाहरूको प्रतिनिधि पात्र हो । उच्च शिक्षाको लागि कानुन पढ्न गएको दिनेश हतारमा बिहे गरेर फुर्सदमा पछुताउने युवक हो । पुकुलीलाई घरमा छाडेर विदेशिएपछि पुकुलीलाई त बारम्बार सम्झिरहन्छ । तर विदेशबाट सम्झदामात्र पुकुलीलाई नपुग्ने कुराप्रति दिनेशले त्यति वास्ता गरेको देखिँदैन । पुकुलीको मृत्युपछि मात्र घर फर्केको दिनेश पुकुलीको मृत्युले धेरै दुःखित हुन्छ । दुई वर्षका पर्खाइपछि अर्कै विहे गरी छोरो समेत भएको दिनेश पुकुलीको मृत्युको मुख्य कारण आफै भएको र आफू एक अपराधी नै भएको स्वीकार्छ । यस कथामा आएको अर्को पात्र

सञ्जय १५/१६ वर्षको गाउँले सोझो केटो हो । स्कुलमा पढ्ने ठिटो सञ्जय आफ्ना दिदीबहिनी नभएको तथा खस्रो स्वभावकी फुपूका घरमा बसेको हुनाले युवतीहरूलाई दिदी बहिनीको रूपमा हेर्ने व्यक्ति हो । पुकुलीलाई पनि एक असहाय गुरुमा का दृष्टिले हेरेको हुनाले दुर्घटनामा परी चोटलागेको र ३/४ वर्षपछि पनि त्यो समयमा लागेको चोटका कारण निधारमा रहेको खत देखेपछि पहिलेको घटना सम्झेर दुःखित हुने एक चिन्तनशील व्यक्तिको रूपमा सञ्जयको चित्रण कथामा भएको छ । यस कथामा आएका गौण पात्रका रूपमा सञ्जयकी फुपू, कालुचा दिनेशकी अर्की श्रीमती र छोरो पनि रहेका छन् ।

**परिवेश**

प्रस्तुत कथाको परिवेशभित्र समसामयिक नेपाली समाजको प्रतिबिम्ब देख्न सकिन्छ । नेपाली समाजभित्र पनि काठमाडौंको कुनै एउटा निम्नमध्यमवर्गीय घरमा प्रस्तुत कथाको घटना घटेको छ । यसका साथै वर्णित घटनाहरू बाग्मतीको किनार पशुपतिनाथको मन्दिर, गुह्येश्वरी, पुकुलीको घर अगाडिको गल्ली आदि ठाउँमा घटित छन् । पुकुलीको कोठा यस कथाको मुख्य परिवेशका रूपमा आएको छ । अवर्णित स्थलका रूपमा दिनेश पढ्न गएको ठाउँ, सञ्जयको कोठा, स्कुल जाने आउने बाटो आदि आएका छन् । यस कथाले ३/४ वर्षको निकै लामो समयावधिलाई समेटेको छ । आफ्नो सपना पूरा गर्ने उद्देश्यले विदेशिएका युवाहरूले भोग्नुपरेको मार्मिक चित्रण पनि यस कथामा पाउन सकिन्छ भने वियोगकै कारण विक्षिप्त भएर अत्यन्त दुःखद अवस्थामा भएको पुकुलीको मृत्युको चित्रणले कथाको वातावरणलाई कारुणिक बनाएको छ ।

**दृष्टिविन्दु**

प्रस्तुत कथा तृतीयपुरुष दृष्टिविन्दु प्रयोग गरी रचना गरिएको कथा हो। दिनेश पुकुली र सञ्जयको भूमिका प्रवल रहेको यस कथामा अन्य पात्रको भूमिका गौण रूपमा रहेको छ । यिनै तीनजना पात्रको सक्रियतामा कथाले पूर्णता पाएको छ । कथाका सबै पात्रको भावना, प्रतिक्रिया तथा विचारलाई प्रस्तुत कथामा व्यक्त गरिएको छ । कथाकी मुख्य पात्र पुकुली दिनेश विदेशिएको कारण आफ्नो यौनचाहना पुरा हुन नसकी विक्षिप्त

अवस्थामा पुगेर बाग्मतीको बगरमा प्राण त्याग्न पुगेकी छे भने सञ्जय एक दिनको पुकलीसँगको घटनाकै कारण भएको निधारको खत हेरेर पहिलेको घटना झल्झली सम्झिरहन्छ र खतको रूपमा सधैं आफैसँग बसिरहेकी हो कि भन्नेसम्मको कल्पना गर्ने चिन्तनशील व्यक्ति हो । त्यसै गरी दिनेश आफू लामो समयसम्म पुकुलीसगँ टाढा भएकै कारण पुकुलीको मृत्यु भएको स्वीकार्ने एक आत्मालोचक व्यक्ति हो । यसरी प्रयुक्त सबै पात्रको उत्तिकै रूपमा मानसिक उतारचढावलाई प्रस्तुत गरेको हुनाले तृतीय पुरुष सर्वदर्शी दृष्टिविन्दुको परिपाक भएको छ ।

**भाषाशैली**

प्रस्तुत कथाको भाषा सरल, सहज एवम् बोधगम्य रहेको छ । प्रायः सरल प्रकारका शब्दहरूको बाहुल्य रहेको यस कथामा तत्सम, तद्भव तथा नेपाली शब्दहरूको प्रयोग भएको छ । प्रस्तुत कथा चार परिच्छेद तथा लामाछोटा गरी एघार अनुच्छेदसम्म विस्तारित छ । सहज स्वाभाविक रूपमा जनजीवनका बोलीचालीमा प्रयोग हुने शब्द तथा वाक्यहरूको प्रयोगले गर्दा कथा रोचक एवम् सरस बनेको छ । व्यक्तिको अवस्थाको वर्णन तथा कथाकी मुख्य पात्र पुकुलीको मानसिक छटपटाहटको अवस्थालाई कथाकारले छोटा सरल तथा क्रियापदविहीन वाक्य तथा निपात समेत प्रयोग भएका वाक्यद्वारा कथाको सुरुवातमै प्रस्तुत गरी कथालाई सरसता प्रदान गरेको छ । जस्तै "त्यसै अल्छी लागेर आउँछ उसलाई । फेरि थचक्क बस्छे । खाना पनि कहाँ रुच्ने हो र उसलाई । त्यसै दुब्लाई सकी । केही अघिका पोटिला गाला, मोटो गर्दन त्यसै सुकिसके अब त"[82] यसरी कथाकारले क्रियापद नभएको वाक्यको प्रयोग गरी कथालाई रोचक एवम् सरस बनाएका छन् । छोटा वाक्य तथा क्रियापद नभएका वाक्य प्रयोगले गर्दा कथामा प्रयोग भएको भाषा केही कवितात्मक समेत बन्न पुगेको पाइन्छ । कथाको बीचबीचमा प्रयोग भएका पुकुली बागमतीको किनारमा मरी रे , कालुचाले देखेको । मूर्च्छा परेर मरेकी रे बाग्मतीमा

---

[82] तुङ्ग थपलिया, ऐनामा प्रतिबिम्बित निधारको खत" **कल्पना** (वर्ष ५ अङ्क ३ २०२७) पृ. ९ ।

बगाइदिए रे [83] जस्ता प्रत्यक्ष कथनका वाक्यको प्रयोगको कारण भाषालाई कृतिमता नदिई सहजता प्रदान गरेको पाइन्छ ।

यसरी कथाकारले वर्णनात्मक शैलीमा सहज भाषा एवम् सरल शब्दहरूको संयोजनमार्फत् कथालाई रोचक एवम् मार्मिक ढङ्गबाट पूर्णता प्रदान गरेको छ ।

**उद्देश्य**

पच्चीस वर्षे यौवनावस्थाकी आफ्नी पत्नी छोडेर विदेशिएको दिनेशको अवस्था तथा पतिसँगको सम्पर्कबाट टाढिएर आफ्नो यौन चाहनापूर्ति हुन नसकेपछि विक्षिप्त अवस्थामा पुगी मृत्युवरण गर्न पुगेकी पुकुलीको मानसिक उथलपुथल तथा विक्षिप्त अवस्थामा पुगेर जवर्जस्ती रूपमा एउटा अज्ञात युवक सञ्जयलाई आफ्नो कोठामा लगेर यौवन तृष्णा मेटाउन खोज्ने पुकुलीको योजना सफल नभएपछि झन् विक्षिप्त हुँदै दुःखद अवस्थामा भएको निधन प्रस्तुत कथामा व्यक्त भएको छ । अधिकांश पति अथवा आफ्नो प्रेमी विदेशिएपछिको मानसिक, छटपटी, पीडा तथा कुण्ठाको चित्रण गर्नु, आफ्नो मानसिक इच्छा परितृप्त हुन नसक्दा मृत्युवरण समेत गर्न सक्ने यथार्थतालाई सार्वजनिक गर्नु , यस कथाको उद्देश्य रहेको छ भने लामो समयसम्म पतिपत्नी बीचमा विछोडको अवस्था सिर्जना भएमा पुकुलीको जीवन जस्तै परिणाम नराम्रो हुने सन्देश व्यक्त गर्नु पनि यस कथाको उद्देश्य रहेको छ ।

## ४.२.२ "एकरात नेहरूको चिहानमाथि" कथाको विश्लेषण

### क) कथाको बाह्य संरचना

प्रस्तुत कथा डिमाई आकारको पानामा दुई पृष्ठमा संरचित छ । लघु आयामको देखिने प्रस्तुत कथामा छोटाछोटा नौवटा अनुच्छेद रहेका छन् भने परिच्छेद योजना रहेको पाइदैन । लामाछोटा गरी नौ अनुच्छेदबाट पूर्णता पाएको यस कथामा सबैभन्दा लामो १३

[83] तुङ्ग थपलिया, **पूर्ववत्**, पृ. १० ।

पङ्क्तिको अनुच्छेद रहेको छ भने सबैभन्दा छोटो अनुच्छेद दुई पङ्क्तिको रहेको छ । यसरी हेर्दा यस कथाको बाह्य संरचना लघु आयाममा सुगठित छ ।

**ख) कथाको आन्तरिक संरचना**

प्रस्तुत कथाको आन्तरिक संरचनालाई निम्नलिखित शीर्षकहरूमा विश्लेषण गरिन्छ ।

**शीर्षकीकरण**

बालककालमा देखेको नेहरूको तस्विरबाट प्रभावित भएको कथाको मुख्य पात्र म ले नेहरूलाई फोटोमा मात्र नभएर वास्तविक रूपमा देख्ने , छाम्ने, छुने र उनीसँगै हाँस्ने बोल्ने तथा उनको बोल्ने र लेख्ने शैली समेत चोर्ने प्रवल इच्छा लिएर एकरात शान्तिवन नेहरूको चिहानमा गएको घटनालाई प्रस्तुत कथाको केन्द्रीय कथ्यले व्यक्त गरेको छ । केन्द्रीय कथ्यले व्यक्त गरेको कुरालाई यस कथाको शीर्षकले नै सङ्केत गरेको हुनाले प्रस्तुत कथाको शीर्षक सार्थक रहेको छ ।

**कथानक**

सेतो चुच्चे टोपी, लामो नाक, लामो गोलो चेहरा, आकर्षित आँखा, खैरो जवारीमा रातो गुलाव सिउरिएको तथा सेतो कमिज सुरुवाल लगाएको नेहरूको तस्विर कथाको मुख्य पात्र म ले बालककालमा देखेको र म पात्र त्यस तस्विरलाई यथार्थ रूपमा भेट्ने उद्देश्यले टहटह जून लागेको मध्यरातको समयमा शान्तिवन नेहरूको चिहान भएको ठाउँसम्म पुगेको घटनाबाट कथानकले आदिभागबाट मध्यभागमा प्रवेश गरेको छ । जङ्गलको सुनसान वातावरणमा मृगशावक बाहेक कसैले झसङ्ग नपार्ने उक्त स्थलमा नेहरूको चिहान खोतलेर हेर्न केही डराए पनि म पात्रले आफ्नो जिज्ञासा पूरा गर्न नेहरूको चिहान खोतल्छ र त्यहाँ त म पात्रले कल्पना गरेको नेहरूको आकृति नभएर डरलाग्दो मूर्दा र मक्किसकेका हाडहरू देखेपछि विचलित भएको म पात्रको अवस्थाको चित्रणबाट कथाको मध्यभाग अगाडि बढेको छ भने एक्कासी त्यो मूर्दा उभिएर म पात्रले सानामा

देखेको फोटामा अनुवाद भई आफ्ना हातमा भएका कागजका पानाहरू पल्टाउँदै पढ्न थालेसम्मका घटनाबाट कथाको मध्यभागको अन्त्य भई अन्त्य भागतर्फ उन्मुख भएको छ । पढिसकेर एकाएक त्यो आकृति हराएको र जूनको मधुरो उज्यालोमा म पात्रका आँखामा नेहरूको तस्विर नाचिरहनु र म पात्र एक्लै नेहरूको चिहानमाथि उभिएर पतफताइरहेको अवस्थाको चित्रणबाट कथानकले पूर्णता पाएको छ । कथामा मध्यरातमा जङ्गलको चिहानमा भेटिएको डरलाग्दो मूर्दा तथा त्यसको बोलाइको घटना वर्णनले गर्दा भय एवम् त्रासको वातावरण सिर्जना भएको छ ।

यसरी त्रास एवम् भयको वातावरणमा सिर्जना भएको प्रस्तुत कथाको कथावस्तु सानो रहेको छ भने आदि मध्य तथा अन्त्यको श्रृङ्खलामा आवद्ध भएको रैखिक ढाँचाको कथानक रहेको छ ।

**केन्द्रीयकथ्य**

जिज्ञासु स्वभावको १५ वर्षे अबोध ठिटो आफूले सानैमा देखेको नेहरूको तस्विरबाट अत्यन्तै प्रभावित भई त्यो तस्विरमात्र नभएर साच्चैको नेहरू भेट्ने इच्छा व्यक्त गर्दै नेहरूको चिहान भएको ठाउँमा पुगी चिहान खोतलेर हेर्दा पहिलेको तस्विरमा देखेको जस्तो नभएर डरलाग्दो मूर्दा पाएपछि विचलित भएको ठिटो फेरि त्यही मूर्दा उभिएर बोलेपछि केही डराउँछ र त्यो तस्विर एकाएक अलप भएपछि नेहरूको चिहानमाथि एक्लै उभिएर फतफताइरहेको अवस्थामा नै कथाले विश्राम पाएको छ । बितेको इतिहासलाई सहानुभूतिको आँखाले हेर्न सक्दा त्यहाँ सिङ्गो र जिउँदो वर्तमान पाउन सकिन्छ भन्ने सार नै यस कथामा रहेको छ ।

**पात्रविधान**

प्रस्तुत कथा सीमित पात्रको प्रयोग गरी लेखिएको छ । यस कथामा एकमात्र पात्र म को उपस्थिति रहेको छ । एउटा १५ वर्षको जिज्ञासु तथा अवोध ठिटाको रूपमा रहेको म पात्र अन्धविश्वास विरोधी, भौतिकवादी दृष्टिकोण तथा भूतप्रेतमा विश्वास नगर्ने

साहसी पात्रको रूपमा चित्रण गरिएको छ । बालककालमा आफूले देखेको तस्विरलाई साँच्चै व्यक्तिकै रूपमा भेट्ने, छुने र गफ गर्ने इच्छा बोकेको म चिहानमा त्यस्तै मान्छे भेटिने आशले चिहान खोतल्न पुग्दछ । त्यहाँ डरलाग्दो मूर्दा भेटेपछि डरले विचलित बनेको छ । यसरी जिज्ञासु एवम् कौतुकमयी अबोध ठिटोको रूपमा रहेको म पात्र नै प्रस्तुत कथाको एकमात्र मुख्य मानवीय पात्रको रूपमा कथामा चित्रित छ भने मानवेतर गौण पात्रको रूपमा मृगशावक रहेको छ ।

**परिवेश**

प्रस्तुत कथाको मुख्य परिवेशका रूपमा नेहरूको चिहान भएको ठाउँ शान्तिवन आएको छ । मानिसको मृत्युपछिको शवलाई राखिने ठाउँ चिहानकै केन्द्रीयतामा कथाले पूर्णता पाएको छ । यस कथाको मुख्य घटना नै चिहानमा जाने विचार उठ्नुदेखि लिएर चिहान खोतलेर प्राप्त गरेको डरलाग्दो मूर्दा देखिएपछि फेरि अलप भएको घटनासँगै कथाले विश्राम लिएको छ । यस कथाले ओगटेको मुख्य समय एकरातको केवल १/२ घण्टाको रहेको छ । कथाको मुख्यपात्रको मानसिकतामा जन्मिएको भय तथा उत्सकुताको चित्रणले कथालाई रोचक एवम् कौतुहलपूर्ण बनाएको छ । कथाको केन्द्रीय परिवेशका रूपमा शान्त, एकान्त, जूनेली रात, नेहरूको चिहान, चिहान वरपरका , गुलावका फूल, मृगशावकहरूका चम्किला आँखा, इट तथा ढुङ्गाहरू , चिहानबाट निकालेको डरलाग्दो अस्थिपञ्जर आदि आएको छ ।

**दृष्टिबिन्दु**

प्रस्तुत कथा म पात्रको केन्द्रीयतामा रहेको हुनाले प्रथमपुरुष दृष्टिविन्दु रहेको छ । यस कथामा रहेको मुख्यपात्र 'म' का मनमा नेहरूलाई भेट्ने, गफ गर्ने इच्छा जागृत भएदेखि कथाको सुरुवात भएको छ र उसकै मनमा रहेका विचार, भावना, मानसिक तर्कवितर्क, डर आदिको चित्रण गर्दै म पात्र एक्लै नेहरूको चिहानमाथि फतफताइरहेको अवस्थामा कथाको अन्त्य भएको हुनाले आन्तरिक केन्द्रीय दृष्टिविन्दुको परिपाक भएको छ ।

**भाषाशैली**

यस कथाको भाषाशैली सरल रहेको छ । तत्सम तद्भव तथा नेपाली शब्दको प्रयोग भएको यस कथामा सरल, संयुक्त र मिश्र वाक्यहरूको संयोजन भएको छ । छोटा छोटा ९ अनुच्छेदमा पूर्णता पाएको लघुआकारको प्रस्तुत कथामा प्रयोग भएका धेरैजसो वाक्यहरू पनि छोटा तथा सरल नै रहेका छन् । नेहरूको सेतो चुच्चे टोपीदेखि लिएर उसको सम्पूर्ण शरीरको वर्णन गर्दै अगाडि बढेको कथा अन्त्यमा तिनै नेहरूलाई भूतप्रेत त होइनौ ? भनी प्रश्नवाचक चिह्नद्वारा कथाले पूर्णता पाएको छ । प्रस्तुत कथामा छोटा तथा सरल वाक्यहरू रहेका छन् । जस्तै शान्त रात छ, मेरो मन चिसो हुन्छ, चारैतिर हेर्छु । जङ्गल शान्त हुन्छ । कसैको डर रहन्न[84] यसरी कथा सरल वाक्यहरूमार्फत् नै कौतुहलतासाथ अगाडि बढाई कौतूहुलमै समाप्त गरेको छ । घटनालाई अघि बढाउने क्रममा चिहानबाट निकालिएको मक्किसकेका हाड र करङ्हरू भएको मूर्दा एकाएक उठेर बोल्न थाल्नु र बोलिसकेर फेरि पहिलाको जस्तै अवस्थामा परिणत भएको चित्रणले कथामा स्वैरकल्पनाको प्रयोग भएको पाइन्छ । समग्रमा आदि मध्य र अन्त्यको श्रृङ्खलामा आवद्ध भएको प्रस्तुत कथा रैखिक ढाँचामा आवद्ध रहेको छ भने कथावस्तुलाई वर्णनात्मक शैलीमा अगाडि बढाई पूर्णता प्रदान गरेको छ ।

**उद्देश्य**

एउटा कौतुकमयी तथा जिज्ञासु १५ वर्षे ठिटोले आफ्ना मनमा रहेको प्यारो वस्तु प्राप्त गर्नका लागि जस्तोसुकै अवस्थाको पनि सामना गर्न तयार रहेको अवस्थाको चित्रण प्रस्तुत कथामा भएको छ । बालककालमा फोटो देख्दा मनपरेको नेहरूलाई यथार्थ रूपमा भेट्नको लागि एकरात नेहरूको चिहान खोतलेर हेर्दा कङ्काल प्राप्त गरेको र त्यसै कङ्कालले उठेर साच्चैको नेहरू जस्तै भएर बोलेको घटनालाई कथामा चित्रण गरेको छ । बालकहरू आफ्ना मनमा रहेका जिज्ञासालाई जसरी भए पनि पुरा गर्न चाहन्छन् र बितेका कुरालाई पनि सहानुभूतिको आँखाले हेर्न सके त्यहाँ सजिवता पैदा हुन्छ भन्ने सन्देश एकातिर रहेको

[84] तुङ्ग थपलिया, एकरात नेहरुको चिहानमाथि, **कल्पना** (वर्ष, ३,अङक, ४ २०२७) पृ. ९

छ भने अर्कातिर भूतप्रेतमा विश्वास गर्ने तत्कालीन समाजमा आधारातमा एकान्त तथा सुनसान समयमा चिहान खोतलेर हाड र करङहरू निकाल्दा पनि त्यहाँ कुनै भूतप्रेतको अस्तित्व नपाइएको चित्रण गर्दै वास्तवमा भूतप्रेत कही नहुने सत्यको उद्घाटन गर्नु प्रस्तुत कथाको उद्देश्य रहेको छ ।

### ४.२.४ "रङ्गीन पत्रिकाको परिवेश भरि" कथाको विश्लेषण

**क) कथाको बाह्य संरचना**

विवेच्य कथाको बाह्य संरचनालाई हेर्दा डिमाई आकारको पानामा तीन पृष्ठमा पूर्णता पाएको छ । परिच्छेद योजना नभएको प्रस्तुत कथामा लामाछोटा गरी जम्मा १७ अनुच्छेदहरू रहेका छन् । यस कथामा प्रयोग भएको सबैभन्दा लामो अनुच्छेदमा दस हरफ रहेका छन् भने सबैभन्दा छोटो अनुच्छेद एक हरफको छ । यसरी छोटा छोटा अनुच्छेद रहेको प्रस्तुत कथा लघु आकारको रहेको छ ।

**ख) कथाको आन्तरिक संरचना**

प्रस्तुत कथाको आन्तरिक संरचनालाई निम्नलिखित शीर्षकका आधारमा विश्लेषण गरिन्छ ।

**शीर्षकीकरण**

काठमाडौंको न्हुँछे टोलको एउटा पुस्तक पत्रिका पसलमा रुचिपूर्वक पत्रिका हेरिरहेको अमेरिकी ठिटोप्रति लक्षित गरी कथाको शीर्षक रहेको छ । अमेरिकाबाट नेपाल आएको १२/१३ वर्षको ठिटो एउटा चीनिया पुस्तक पत्रिकाको पसलमा गएर हिन्दी भाषाको चीन सचित्र हिन्दी पत्रिका हेरिरहेको र माओको तस्वीर भएको रङ्गीन पत्रिकालाई अमेरिका लगी ठिटोका साथीहरूलाई देखाएर साथीहरूबाट स्याबासी पाउने ठिटोको विचारलाई कथामा व्यक्त भएको हुनाले र कथाको सम्पूर्ण घटनाको परिवेश त्यही रङ्गीन पत्रिकामै केन्द्रित भएको हुनाले कथाको शीर्षक रङ्गीन पत्रिकाको परिवेशभरि सार्थक छ ।

**कथानक**

यस कथाको प्रारम्भ काठमाडौंको न्हुँछे टोलको चिनिया पुस्तक पत्रिकाको पसलमा पहिलोपल्ट कथाको मुख्य पात्र म को प्रवेशबाट भएको छ । पसले पसलकै हिसाब किताबमा मस्त रहेको छ । पत्रिका पसल सुनसान भए पनि म ले एउटा १२/१३ वर्षे अमेरिकी ठिटो पत्रिका हेरिरहेको अवस्थामा देखेपछि कथा मध्यभागतिर लम्किएको छ । ठिटो भाषा नबुझ्ने पनि रङ्गीन तस्विरमा विशेष जोड दिएर पत्रिका हेर्छ र म पात्रको प्रश्न गराइप्रति पनि केही वास्ता नगरी जवाफ फर्काउँदै पत्रिका किनेर हिड्न खोजेपछि म पात्रका जिज्ञासा ठिटातिर अझै बढेका छन् । म पात्रको जिज्ञासा र ठिटाको जवाफसँगै कथा मध्यभागको अन्त्यतर्फ बढेको छ र ठिटो हतारिदै पसलबाट बाहिर निस्केपछि कथाको मध्यभागको अन्त्य भएको छ । पसलबाट ठिटो बाहिरिएपछि म पात्र र पसलेसँगको हेराहेरबाट कथाले विश्राम लिएको छ ।

यसरी प्रस्तुत कथाको कथावस्तु म र ठिटो गरी दुई पात्रको केन्द्रीयतामा रहेको छ । कथाको बीचबीचमा भएको "अमेरिकी ठिटोको स्वभाव तथा रूप र आकृतिको स्वभाविक वर्णनबाट कथा रोचक बन्न पुगेको छ ।

**केन्द्रीयकथ्य**

भाषा र राजनीतिसँग त्यति वास्ता नगर्ने अमेरिकी ठिटोले माओको रङ्गीन तथा आकर्षक तस्विर भएको तथा 'अमेरिकी साम्राज्यवाद तथा उसको पालतु कुत्ताओंके खिलाफमे संघर्ष करो' जस्ता भनाइ भएको पत्रिका किनेर अमेरिका लान खोजेको अवस्थाको चित्रण यस कथामा भएकोले ठिटाहरू बाहिरी रमझममै रमाउने स्वभावका हुन्छन् । आफूलाई मनपरेको वस्तुलाई जसरी भए पनि आफूसँगै राख्न चाहन्छन् । १२/१३ वर्षका ठिटाठिटीहरू आफ्ना बाबुआमाभन्दा पनि साथीभाइहरूप्रति विशेष घुलमिल हुनचाहने र साथीहरूको स्याबासी नै उनीहरूका लागि ठूलो पुरस्कार साबित हुने कुरालाई एक अमेरिकी ठिटाको क्रियाकलाप उल्लेख गर्दै प्रस्तुत गर्नु यस कथाको केन्द्रीय कथ्य रहेको छ ।

## पात्रविधान

एउटा १२/१३ वर्षको अमेरिकी ठिटो, म र पसले यस कथामा प्रयोग भएका पात्रहरू हुन् । तीनजना सहभागीको माध्यमबाट प्रस्तुत कथाले पूर्णता पाएको छ । यस कथामा देखिएको म पात्र कथाकारको मुखपात्रका रूपमा रहेको छ । पत्रिका पसलमा गएर पत्रिका पढ्नभन्दा अमेरिकी ठिटाको पत्रिका हेराइप्रति विशेष आकर्षित भएको व्यक्तिको रूपमा म पात्र रहेको छ । ठिटोले पत्रिका किनेपछि आश्चर्य प्रकट गर्दै ठिटासँग जिज्ञासा राख्ने म पात्र जिज्ञासु स्वभावको रहेको छ । अर्को मुख्य पात्रको रूपमा रहेको ठिटो रङ्गीन पत्रिकाको परिवेशमै रमाएको छ । हिन्दी भाषा नबुझ्ने र टुटेफुटेको नेपाली बुझ्ने ठिटो आकर्षक तस्विर भएको पत्रिका जसरी भए पनि आफ्नो देशमा लगेर साथीलाई देखाएर साथीहरूको स्याबासी पाएर खुशी हुन चाहने व्यक्तिका रूपमा कथामा चित्रण गरिएको छ । यस कथाको अर्को पात्र पसले हो । पसले आफ्नो हिसाबमा मस्त रहेको छ र सबै ग्राहक आउँदा खिस्स हाँसिदिन्छ । पसले माओको रङ्गीन तथा आकर्षक तस्विर समेत भएको पत्रिका आफ्नो पसलमा राख्ने तथा ग्राहकहरूले साहुजी भन्दा पनि मन नपराउने व्यक्तिको रूपमा चित्रित पात्र हो । आफूलाई कामरेड भनेको मनपराउने, माओको शुभचिन्तक व्यक्तिको रूपमा पसले देखिएको छ ।

यसरी आ-आफ्नै स्वभावका र विचारका व्यक्तिहरूको स्वभाव तथा आनिबानीलाई चित्रण गर्दै उचित सम्बाद तथा भाषा प्रयोग गरी प्रस्तुत कथाले पूर्णता पाएको छ ।

## परिवेश

प्रस्तुत कथाको घटना घटित स्थलका रूपमा काठमाडौंको न्हुँछे टोलको एउटा ठूलो चीनिया पत्रिकाको पसल रहेको छ । त्यही पत्रिका पसलको भित्री भागमा करिब १/२ घण्टाको समयमा घटित घटना नै प्रस्तुत कथाको मुख्य विषय रहेको छ । सिमेन्टे सिकुवा भएको निकै खुड्किला पार गरेर मात्र पसलमा पुग्न सकिने अवस्था देखाएकोले पसल निकै ठूलो रहेको पाइन्छ । पत्रिका हेर्ने ठिटो निकै हतारमा देखिएकोले हतारको वातावरणको चित्रण छ । काठमाडौं न्हुँछे टोलको भीडभाड सिकुवामा सुनसान

वातावरणमा भएको जुत्ताको आवाज तथा कुर्सी तान्दाको नमीठो आवाजले पनि भव्य महलको वातावरणलाई सजीब चित्रण गरेको छ ।

**दृष्टिबिन्दु**

प्रस्तुत कथा प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ । यस कथामा म पात्रले अमेरिकी ठिटोको रङ्गीन चित्रप्रतिको आकर्षकताको विषयलाई देखाएको छ । कथामा म पात्रले अमेरिकी ठिटोको विचार र व्यवहारलाई अगाडि बढाएर उसैको विचार र सोचाइप्रति म पात्रका मनमा धेरै जिज्ञासा पलाएका र केही जिज्ञासा ठिटोसँग राख्दा उसबाट आएको उत्तरबाट आफ्नो मनमा झन् जिज्ञासा पलाएको म पात्रको भावना व्यक्त भएको चित्रण कथामा भएको हुनाले प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दु रहेको प्रस्ट भएको छ ।

**भाषाशैली**

प्रस्तुत “रङ्गीन पत्रिकाको परिवेशभरि” कथाको भाषाशैली सहज, सरल एवम् बोधगम्य रहेको छ । तत्सम, तद्भव तथा आगन्तुक शब्दको प्रयोग स्वभाविक रूपमा भएको छ । सरल, संयुक्त तथा मिश्रवाक्यको प्रयोगले भाषिक प्रस्तुतीकरणलाई स्तरीयता प्रदान गरेको छ । कथामा प्रयोग भएका ड्रेस, फेस, प्वाइन्टेड, फिल जस्ता अङ्ग्रेजी तथा अमेरिकी साम्राज्यवाद तथा उसके पालतु कुत्ताओकें खिलाफमे सङ्घर्ष करो’ जस्तो हिन्दी भाषाको प्रयोगले कथाको वातावरणलाई स्वाभाविकता प्रदान गरेको छ । कथामा अधिक मात्रामा छोटा छोटा सरल वाक्यहरू नै रहेका छन् । जसले गर्दा कथाको भाषा सरल रहेको छ । यस कथामा घ्यार्र, खिस्स, चिट्चिट्, पल्याकपुलुक, ट्याकटयाक जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कथाको भाषा रोचक बन्न पुगेको छ । यस कथामा अमेरिकी ठिटोले बोलेको अशुद्ध नेपालीलाई पनि जस्ताको तस्तै प्रयोग भएकोले पात्र अनुसारको भाषा प्रयोगमा कथाकार सचेत रहेको पाइन्छ । जस्तै साहुजी यो पत्रिकाको दाम कति लिन्छ हँ ? यसरी पात्र अनुसारको भाषा प्रयोग भएकोले व्याकरणिक दृष्टिकोणले अशुद्ध भए तापनि कथामा सुहाएको छ । कथाको कतिपय ठाउँमा अमेरिकाली, चिनियाली जस्ता शब्दको प्रयोग तथा पसले मुसुक्क हाँस्छ ? सायद मलाई उसको बाबु

पनि नेपालमै छ जस्तो लाग्छ ? जस्ता सामान्यार्थक वाक्यमा प्रश्नवाचक चिह्नको प्रयोग देखिएकोले कथाकारमा केही परिष्कारको अभाव भएको तथा शब्दको बनोटसम्बन्धी वास्ता नगरेको पनि पाउन सकिन्छ ।

**उद्देश्य**

आफ्नै सुरमा एकाग्र भएर पत्रिकामा घोरिएको अमेरिकी ठिटाका औंला पत्रिकामा सलबलाउँदै माओको चित्रमुनि थुप्रै चिनियाली बालकहरू हातमा फलामका बन्दुक लिएर उभिइरहेको चित्रमा पुगेर अडिएको अवस्थाको चित्रण यस कथामा भएको छ । यसबाट कथाकारले पुस्तक र कलम समाउनु पर्ने बालकहरूका कलिला हातमा थमाइएका फलामका बन्दुकप्रति सङ्केत गरी बन्दुकका सट्टा कलम थमाउनुपर्ने सन्देश व्यक्त भएको छ भने आफ्ना बाबुले पिटेपनि आफूलाई मनपरेको माओको तस्विर भएको पत्रिका अमेरिका लानखोज्ने ठिटाको इच्छालाई कथामा चित्रण गरेर ठिटाहरू आफूलाई मनपरेको चीज आफूसँगै राख्न चाहन्छन्, ठिटाहरूलाई आफ्ना साथीहरूको माया, प्रसंशा आफ्ना बाबुआमाभन्दा पनि प्यारो हुन्छ भन्ने तथ्यलाई कथाको माध्यमबाट सार्वजनिक गर्नु मुख्य उद्देश्य रहेको छ ।

## ४.२.४ जूनमा देखिएको अनुहार कथाको विश्लेषण

### कं) कथाको बाह्य संरचना

प्रस्तुत कथा डिमाई आकारको पानामा दुई पृष्ठमा संरचित छ । एउटै भागमा पूर्णता पाएको प्रस्तुत कथामा लामाछोटा गरी जम्मा छ अनुच्छेदहरू रहेका छन् । सबैभन्दा लामो अनुच्छेदमा १० पङ्क्ति रहेका छन् भने सबैभन्दा छोटो अनुच्छेदमा ४ पङ्क्ति रहेका छन् । ४ पङ्क्तिका अनुच्छेद दुईवटा रहेका छन् भने पाँच पङ्क्तिका अनुच्छेद पनि दुईवटा नै रहेका छन् । यसरी हेर्दा समानुपातिक अनुच्छेद योजना रहेको देखिन्छ । लघु आयामको प्रस्तुत कथाको बाह्य संरचना सुगठित देखिन्छ ।

**ख) आन्तरिक संरचना**

प्रस्तुत कथाको आन्तरिक संरचनाअन्तर्गत निम्नलिखित शीर्षकहरूका आधारमा विश्लेषण गरिएको छ ।

**शीर्षकीकरण**

एउटी अधवैंसे सेतो पहिरनमा सजिएकी पात्रको केन्द्रीयतामा संरचित प्रस्तुत कथाको शीर्षक केन्द्रीय कथ्यको आधारमा लेखिएको छ । कथाकी मुख्य पात्र उनीले बार्दलीमा उभिएर सामुन्नेको जूनमा निर्निमेष हेरिरहेको अवस्थाको चित्रणबाट कथाको सुरुवात भएको र सामुन्नेको टेबिलमा राखिएको बाटुलो ऐनाको रूपमा जून परिणत भएको चित्रणसँगै फेरि जूनलाई एकटकसित हेरिरहेको अवस्थामा कथाको अन्त्य भएकाले कथाको केन्द्रीय विषयवस्तुलाई शीर्षकले सङ्केत गरेको छ । केन्द्रीय विषयवस्तुलाई शीर्षकले सङ्केत गरेको हुनाले कथाको शीर्षक सार्थक रहेको छ ।

**कथानक**

बार्दलीमा उभिएर सामुन्नेको जूनमा एकटकसित हेरिरहेकी उनीको चित्रणसँगै यस कथाको कथानक प्रारम्भ भएको छ । सेतो पहिरनमा सजिएकी उनीको चित्रणबाट यौवनावस्थामा विधवा भएकी नारीका कुण्ठालाई कथामा चित्रण गरेको पाइन्छ । जूनलाई एकटकसित हेरिरहेकी उनी जूनमा भएको कालो दाग देखेर प्रकृतिको क्रूर श्राप सम्झन्छिन् र तिरस्कारजन्य भावले हेर्छिन । जूनको उज्यालोमा एक्लै उभिएर आफ्नै लोभलाग्दो शरीर तथा माया लाग्दा औंलाहरू हेर्दै आफैं सन्तुष्ट भइरहेको अवस्थामा बार्दलीमुनिबाट फूलको गन्ध आएपछि उनलाई दिउसो सानी बहिनीले बगैंचामा गएर धमाधम फूल च्यात्न थालेको दृश्य सहन नसकी एकचड्कन लगाएको घटनाको वर्णनसँगै कथाको आदिभाग समाप्त भएको छ । बहिनीका हातबाट फूल खोसेर टेबिलमाथि राखेको र कोठामा गएर तिनै फूलहरू खेलाउन थालेको र ती फूलबाट बहिनीका दूधे हातको गन्ध आएपछि एकाएक सबै फूलहरू फ्याँकेको घटनाबाट कथाको मध्यभाग समाप्त भएको छ ।

फेरि त्यही जूनलाई एकटकसित हेरिरहेको अवस्थामा एउटा बादलको टुक्राले जूनलाई छोपेर पार भई चिसो सिरेटोले सेतो सारीको लप्को उनका गालामा छाडेको अवस्थाको चित्रणसँगै कथाले पूर्णता पाएको छ ।

यसरी छोटो आयाममा क्षणिक घटनामा सानो कथावस्तुमा निर्मित कथाले आदि मध्य र अन्त्यको श्रृङ्खलामा केन्द्रीय पात्र उनीको शारीरिक तथा मानसिक उतार चढावको चित्रण गर्दै कथानकले विश्राम लिएको यस कथाको रचना रैखिक ढाँचाको रहेको छ ।

**केन्द्रीयकथ्य**

सुन्दर वस्तुलाई प्रकृतिले पनि ईर्ष्याको भावले हेर्ने तथ्यलाई सुन्दर जूनमा रहेको चन्द्रमाको बीचमा रहेको कालो दाग तथा सुन्दर यौवनयुक्त नारीले यौवनावस्थामै विधवा भएर सेतो पहिरनमा बस्नुपर्ने बाध्यताको चित्रण यस कथामा भएको छ । आफू विधवा हुनुको पीडाका कारण वगैंचाका फूल चुँड्ने सानी बहिनीमाथि आक्रोस पोखिनु, ती फूलमा पनि बहिनीका दूधे हातको गन्ध थाहा पाउनु र फूल फ्याँकिदिनु जस्ता घटनाको वर्णन यस कथामा रहेको छ । मातृत्वको आकांक्षा पूरा हुन नसकेपछि नारीको आक्रोस प्राकृतिक सुन्दर वस्तुप्रति रहेको तथ्यलाई सार्वजनिक गर्नु नै यस कथाको केन्द्रीय कथ्यको रूपमा व्यक्त भएको छ ।

**पात्रविधान**

प्रस्तुत कथामा एकजना पात्र ‘उनी’ को प्रयोग मुख्यरूपमा भएको छ । सहायक पात्रको रूपमा आएर कथावस्तुलाई अगाडि बढाउन सहयोगी भूमिका खेल्ने पात्रको रूपमा सानी बहिनीको प्रयोग भएको छ । उनी पात्रको जूनमा एकटकसितको हेराइ तथा उनको लुगा लगाई तथा कुमकुममा त्यसै छाडिदिएको कपालको वर्णनबाट उनी यौवनावस्थाकी विधवा नारी भएको बुझिन्छ । मातृत्वको अभावमा छटपटिएकी उनी आफ्नी सानी बहिनीले टिपेको फूलमा समेत दूधे बालकको गन्ध पाउने कुण्ठित व्यक्तिको रूपमा

कथामा चित्रण भएकी पात्र हुन् । यस कथामा सहायक पात्रको रूपमा सानी बहिनीको चित्रण भएको छ । बालगुणयुक्त सानी बहिनीलाई एक अबोध बालिकाको रूपमा चित्रण गरिएको छ । आफूले बगैंचामा गएर फूल टिपेर च्यातेकै कारण दिदीको आक्रोशको शिकार भएकी निर्दोष पात्रको रूपमा सानी बहिनी देखापरेकी छे । यसरी वैधव्यताले कुण्ठित मानसिक द्वन्द्वले सताइएकी उनी तथा चञ्चल अबोध बालिका दुई भिन्न प्रकृति र भिन्न स्वभावका पात्रको माध्यमबाट रोचक एवम् कौतुहलयुक्त अवस्थामा कथाले पूर्णता पाएको छ ।

## परिवेश

प्रस्तुत कथा 'उनी' को घर तथा बरण्डामा घटेको छ । 'अघि घाम नअस्ताउञ्जेल यही तमर कति नीलो र गहिरो देखिन्थ्यो' कथामा आएको यस भनाइबाट भर्खरैमात्र घाम अस्ताएको र साँझ पर्दै गरेको समयलाई कथाको परिवेशले समेटेको बुझिन्छ । उत्तरमा कञ्चनजंघा हिमाल, तल तमर नदीको मनोरम दृश्य अवलोकन गर्न सकिने मनोरम प्राकृतिक स्थलमा रहेको घरको परिवेशको चित्रण भएको छ । यस कथाले चित्रण गर्न खोजेको समय छोटो रहेको छ । दिउसोदेखि लिएर साँझसम्मको ५/६ घण्टाको समयलाई कथाले लिएको छ । तमोर नदीको चिसो हावा चलेको र उनका गालाहरू चिसा भएको अवस्थाको चित्रणबाट हिउँद महिनाको समयमा घटित परिवेशलाई औंल्याएको देखिन्छ । चिसो सिरेटो गालामा मडारिन थालेको अवस्थाबाट कथाको अन्त्य भएकोले कथामा निराशाको वातावरण सिर्जना भएको छ ।

## दृष्टिविन्दु

प्रस्तुत कथा उनी मुख्य पात्रको केन्द्रीयता रहेको हुनाले तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । उनी र सानी बहिनीको माध्यमबाट कथाले पूर्णता पाएको छ । यिनै दुई पात्रहरूको वैचारिक उतारचढाव तथा मानसिक क्रियाप्रतिक्रियाको सङ्घारमा उभिएको यो कथा 'उनी कै केन्द्रीयतामा निष्कर्षमा पुग्नुले तृतीयपुरुष दृष्टिविन्दुको पृष्ठपोषण भएको छ । यस कथामा दुईजना पात्रको उपस्थिति भए तापनि कथाकारले उनकै केन्द्रीयतामा

कथालाई अगाडि बढाएको र उनकै मानसिक स्थितिको सूक्ष्म विश्लेषण समेत गरेको हुनाले तृतीयपुरुष सीमित दृष्टिविन्दुको परिपाक भएको छ ।

**भाषाशैली**

यस कथाको भाषाशैली सहज, सरल एवम् बोधगम्य रहेको छ । नेपाली शब्दकोशमा प्रचलित शब्दहरूकै प्रयोग यस कथामा भएको छ । वाक्यीय संरचनाका दृष्टिले हेर्दा प्रस्तुत कथामा प्रायः सरल वाक्यहरूकै प्रयोग भएको छ । झैं, जस्तै जस्ता पूर्णोपमायुक्त पदहरूको प्रयोगबाट वाक्यलाई अझ सरस बनाएको छ । परिच्छेद योजना नभएको प्रस्तुत कथामा छोटा छोटा ६ वटा अनुच्छेदहरू रहेका छन् । परिवेश चित्रणमा वर्णनात्मक शैली प्रयोग गरी लेखिएको यस कथामा कथानक ढाँचा आदि मध्य र अन्त्यको श्रृङ्खलामा आवद्ध रैखिक ढाँचाको रहेको छ । कथामा प्राकृतिक दृश्यको वर्णनका क्रममा केही आलङ्कारिक वाक्यको प्रयोग भएको देखिन्छ । नेपाली शब्दहरूकै आधिक्यता रहेको प्रस्तुत कथामा हिन्दी तथा अङ्ग्रेजी भाषाबाट आएका शब्दहरूको प्रयोग भएको छैन ।अनुकरणात्मक शब्दको पनि प्रयोग भएको प्रस्तुत कथाको भाषा सरल र बोधगम्य रहेको छ ।

**उद्देश्य**

निर्निमेष भएर साँझपखको पूर्ण जूनलाई हेरिरहेकी एक विधवा नारीप्रतिको कुण्ठित भावनालाई कथामा व्यक्त गरेको छ । मातृत्वको आकांक्षा पूरा हुन नसकेपछि नारीमा उब्जिएको आक्रोश एवम् वितृष्णाको चित्रण पनि यस कथामा व्यक्त भएको छ । नेपाली महिलाहरू विधवा भएर कुण्ठित रूपमा आफ्ना इच्छा र आकांक्षाहरू दबाएर बस्नुपरेपछि आक्रोसको रूपमा ती भावनाहरू व्यक्त हुने यथार्थतालाई औंल्याउँदै उनीहरूको भावना बुझ्ने परिपाटीको अभाव रहेको समाजतर्फ सङ्केत गर्नु यस कथाको उद्देश्य रहेको छ ।

## ४.२.५ "पूर्णिमाको रात" कथाको विश्लेषण

### क) कथाको बाह्य संरचना

दुईवटा छोटा र एक लामो गरी जम्मा तीन अनुच्छेदमा प्रस्तुत कथाको बाह्य संरचना संरचित छ । कथाको पहिलो अनुच्छेदमा जम्मा आठ हरफहरू रहेका छन् भने तेस्रो तथा अन्तिम अनुच्छेदमा जम्मा चार हरफहरू रहेका छन् । कथाको दोस्रो अनुच्छेद भने लामो आकारको ३२ हरफको रहेको छ । कथाको पहिलो अनुच्छेदमा कथावस्तुको प्रारम्भको सङ्केत पाइन्छ भने अम्तिम अनुच्छेद उपसंहारको रूपमा रहेको छ । कथाको दोस्रो अनुच्छेदमा सम्पूर्ण कथा रहेको सङ्केत कथाको बाह्य संरचना हेर्दा देख्न सकिन्छ । परिच्छेद योजना नरहेको प्रस्तुत कथा लघु आयाममा तीन अनुच्छेदमै पूरा भएको छ । बीचबीचमा प्रश्नवाचक चिह्नको समेत प्रयोग भएको देखिने यस कथामा कथावस्तु अतिरिक्त कथाकार अथवा कथाको म पात्रका धारणालाई कोष्ठकभित्र पनि राखेको देखिन्छ ।

### ख) कथाको आन्तरिक संरचना

आन्तरिक संरचनाअन्तर्गत निम्नलिखित शीर्षकहरूका आधारमा प्रस्तुत कथाको विश्लेषण गरिन्छ ।

#### शीर्षकीकरण

प्रस्तुत कथा साँझपखको जूनको मधुरो प्रकाश भएको परिवेशको चित्रणबाट प्रारम्भ भएको छ । श्रीमान र श्रीमतीबीचको जूनेली रातमा भएको प्रेमप्रणय तथा दुईबीचको प्रेमक्रीडालाई कथाको मुख्य विषयवस्तु बनाइएको छ । उषाले आफू मरेपछि पनि आफ्नो श्रीमान्लाई अत्यन्तै मनपर्ने वस्तु जून भएर आउने धारणा व्यक्त गरी कथाको अन्त्य भएको हुनाले कथाको शीर्षकले कथाको केन्द्रीय विषयवस्तुलाई सङ्केत गरेको छ । यसरी शीर्षकले नै केन्द्रीय कथ्यलाई सङ्केत गरेको हुनाले शीर्षकीय सार्थकता रहेको पाइन्छ ।

**कथानक**

पूर्णिमाको जून लागेको साँझपखको सफा आकाश र जूनको मधुरो प्रकाश छरिएको रमणीय वातावरणको प्रस्तुतीका साथ प्रस्तुत कथाको कथावस्तु प्रारम्भ भएको छ । श्रीमान् र श्रीमती अथवा म र उषा दुईमात्र पात्र रहेको यस कथामा म पात्रको रुपमा प्रस्तुत भएको श्रीमान् कोठामा एक्लै जूनेली रातको समयमा झ्यालबाट बाहिरको दृश्यावलोकन गरिरहेको अवस्थामा श्रीमती उषाको प्रवेश विस्तारै भएर रोमाञ्चक वातावरण सिर्जना भएबाट कथानकले आदिभाग पूरा गरी मध्यभागमा प्रवेश गरेको छ । रातको सुनसान समयमा दुई दम्पतीबीच कोठामा भएको प्रेमालाप तथा बाहिरको प्रफुल्लित एवम् रोमाञ्चित दृश्य हेरिरहेको अवस्थाको चित्रणले कथालाई रोचक एवम् कौतूहलयुक्त बनाएको छ । रात निकै बितेपछि म पात्रले उषालाई हेर्दा रुदै गरेको देखेपछि म पात्रलाई निद्रा नलागी छट्पटी भएको अवस्थाको चित्रणसँगै कथाको मध्यभाग समाप्त भएको छ । कथाको अन्त्य भागमा मुख्य पात्रका भावनाको अभिव्यक्तिसँगै उषाले आफू मरेर गए पनि फेरि जून भएर उनैसँग आउने धारणाको उद्घाटन गर्दै कथालाई पूर्णता दिएको छ । यसरी लघु आयाममा आदि मध्य र अन्त्यको श्रृङ्खलासँगै रैखिक ढाँचामा यस कथाको कथानक रहेको छ ।

**केन्द्रीयकथ्य**

श्रीमान् र श्रीमतीबीच जूनेली रातको समयमा भएको प्रेमालापको विषयलाई मुख्य विषयवस्तु बनाई लेखिएको प्रस्तुत कथामा श्रीमान् र श्रीमतीबीच गहिरो प्रेम तथा विश्वासको वातावरण हुनुपर्ने तथ्यप्रति सङ्केत गरेको छ । । श्रीमान्ले श्रीमतीलाई धेरै माया गरे पनि शब्दमा व्यक्त नगर्ने र श्रीमतीहरू सानो कुरामा पनि अनेक शंका गर्ने प्रवृत्तिका हुन्छन् भन्ने कुरालाई उषाको चरित्रबाट व्यक्त गरेको छ । शंकाको कुरा व्यक्त गरे पनि श्रीमतीले आफ्नो पुरुषलाई युगौयुगसम्म साथमै पाउन चाहने धारणा पनि व्यक्त भएको छ । श्रीमान् र श्रीमतीको प्रेममा तिक्तता आउन नहुने र दुईबीच भावना बुझाइमा कमी

आउन. नहुने र अमर प्रेम हुनुपर्ने तथ्यलाई नै प्रस्तुत कथाले केन्द्रीय कथ्यको रूपमा व्यक्त गरेको छ ।

## पात्रविधान

म र मेरी श्रीमती उषा यस कथामा चित्रित पात्र हुन् । 'म' यस कथाको मुख्य पात्र हो । कथाको मुख्य पात्र म जुनेली रातको समयमा बाहिरको रमणीय दृश्यमा लोभिने भावुक प्रवृत्तिको पात्र हो । आफ्नी श्रीमतीलाई ज्यादै माया गर्ने म जूनेली रातको बाहिरको दृश्य हेर्न थालेपछि भने उषाको आन्तरिक आग्रहलाई त्यति वास्ता नगर्ने प्रकृतिप्रेमी व्यक्ति हो । सगैबसेर झ्यालबाट बाहिर हेरिरहँदा उषा कतिखेरदेखि रुन थालिन् भन्नेसम्म पनि नबुझी एकाएक रोएको सुँक्कसुँक्क आवाज आएपछि मात्र थाहा पाउने व्यक्ति 'म' युवतीहरूको चाँडै रुने बानी देखेर दिक्क समेत भएको छ । यस कथामा आएकी पात्र उषा आफ्नो भावना श्रीमान्ले छिट्टै नबुझ्दा रुन पुग्ने एक चञ्चले युवती हो । प्राकृतिक वातावरणको दृश्यावलोकन भन्दा प्रेमालाप तथा प्रेमक्रीडामा रम्न चाहने उषा श्रीमान्लाई औधी माया गर्दै मरिसकेपछि पनि आफ्नै श्रीमान्लाई मनपर्ने वस्तु जून भएर आउने अठोट व्यक्त गर्दछे । यसरी दुईजना पात्रको आवेग संवेग, भावना, तर्कवितर्क आदिलाई प्रस्तुत गर्दै कथाले पूर्णता पाएको छ । यी दुई पात्रका अतिरिक्त अन्य पात्रको प्रयोग कथामा पाइदैन ।

## परिवेश

यस कथाको शीर्षकले नै कथाको परिवेशलाई सङ्केत गरेको छ । सफा आकाश भएको धरतीमा जूनको मधुरो प्रकाश छरिएको पश्चिमी क्षितिज प्याजी रङ्गले पोतिएको साँझ तथा टहटह जून लागेको आकाशबाट झरेका शीतका थोपा मोतीका दानाझैं टल्किएको रातको समय नै यस कथाको मुख्य परिवेशका रूपमा आएको छ । रातको समयमा म पात्र र उसकै श्रीमती उषाबीच उनीहरूकै कोठामा घटेको घटना नै यस कथाको मुख्य विषयवस्तु हो । उषा विस्तारै कोठामा पसी म लाई सुम्सुम्याउनु 'म' ले त्यति वास्ता नगर्नु, दुवै हातले आँखा छोपिदिनु जस्तो परिवेशको चित्रण कथामा व्यक्त

भएकोले रोमाञ्चित वातावरणको सिर्जना भएको छ । रातको समयमा उषाको सुँक्क सुँक्क रुवाइले केही निराशाको अवस्था जन्मन खोजे पनि अन्त्यमा आफू मरिसकेपछि पनि जून भएर त्यही कोठामा झ्यालबाट छिर्ने धारणा व्यक्त गरेको प्रसङ्गबाट कथा टुङ्गिएको हुनाले प्रेममय रोमाञ्चित वातावरण नै रहेको छ । जूनेली साँझदेखि रातसम्म गरी यस कथाले ओगटेको समय ३/४ घण्टाको रहेको छ ।

## दृष्टिविन्दु

म पात्रको केन्द्रीयतामा रहेको प्रस्तुत कथा प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ । म पात्रले आफ्नी श्रीमतीसँग गरेको वार्तालाप तथा श्रीमतीमा भएका मानसिक आवेग संवेग चिन्तन मनन र चञ्चल युवतीका मनमा उठ्ने भावनालाई पनि म पात्रको माध्यमबाट चित्रण गरिएको छ । कथाको केन्द्रीय पात्र म चाँहि भावुक, प्रकृतिप्रेमी व्यक्ति रहेको छ । सम्पूर्ण कथा म पात्रकै केन्द्रीयतामा रहेको हुनाले प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दु रहेको छ ।

## भाषाशैली

यस कथाको भाषा सरल, सहज एवम् बोधगम्य रहेको छ । नेपाली शब्दकोशमा प्रयुक्त शब्दहरूको बाहुल्य रहेको यस कथामा नेपाली अतिरिक्त फिल, सेन्सेटिभनेस, जस्ता केही अंग्रेजी शब्दको पनि प्रयोग भएको छ । कथाको प्रारम्भमै भएको परिवेशको वर्णनमा भने भाषा केही आलङ्कारिक समेत बन्न गएको देखिन्छ । डब्डबाउनु, छचल्किनु, सुक्कसुक्क गर्नुजस्ता अनुकरणात्मक शब्दको प्रयोगबाट पनि भाषा सरस बनेको छ । कतिपय वाक्यहरू क्रियापदबिहीन तथा एउटै शब्दका वाक्यसमेत रहेकाले कथाको भाषा कवितात्मक बन्न पुगेको देखिन्छ । जस्तैः नदीका मुहानजस्तै चीसा ओठ । भइहाल्यो । कहीँ जूनमा देखाइहाल्यौ भने । कस्तो मूर्ख विचार उनको *l*[85] कतैकतै कवितात्मक भाषाको प्रयोग पाइए तापनि त्यसले गर्दा भाषामा दुर्बोध्यता थपेको पाइदैन । ठाउँ ठाउँमा र त जस्ता निपातको प्रयोगले वाक्यलाई रसिलो बनाएको छ । अधिकांश सरल र संयुक्त

---

[85] तुङ्ग थपलिया पूर्णिमाको रात **प्रकाश,** (वर्ष १, अङ्क १ २०३०) शिक्षा शाखा तेह्रथुम ।

वाक्यहरू रहेको प्रस्तुत कथामा वाक्यीय संरचना सरल प्रकारको रहेको छ । वर्णनात्मक शैलीमा लेखिएको यस कथामा जम्मा तीन अनुच्छेद रहेका छन् भने परिच्छेद योजना रहेको छैन । कथानक आदि मध्य र अन्त्यको श्रृङ्खलामा आवद्ध हुनुले रैखिक ढाँचाको प्रयोग पाइन्छ भने कथाको आयाम लघु आकारको रहेको छ ।

**उद्देश्य**

दुईजना दम्पतीबीचको कुराकानी तथा प्राकृतिक मनोरम दृश्य मुख्य परिवेशका रूपमा रहेको प्रस्तुत कथामा दम्पतीबीच अजर अमर प्रेम हुनुपर्ने कुराको चित्रण गरिएको छ । दुईजनाको प्रेममा विश्वासको वातावरण र एक अर्काको भावना बुझ्न जरुरी रहेको कुरामाथि कथाकारले जोड दिएको छ । जीवन चलाउन दुईजनाको भूमिका उत्तिकै महत्वपूर्ण रहने भएकाले एकआपसमा दरिलो सम्बन्ध हुनुपर्ने तथा विश्वास र भावना बुझ्नसक्ने क्षमता हुनुपर्ने कुरालाई जोड दिदै यदि त्यसो भएन भने दाम्पत्य जीवन, निरस, खल्लो र उजाड बन्न सक्ने अवस्थालाई सङ्केत गर्नु नै यस कथाको उद्देश्य रहेको छ ।

### ४.२.६ निष्कर्ष

कथाकार थपलियाका कथाहरू सरल एवम् सहजरूपमा व्यक्त भएका छन् । प्रायः सबै कथामा पात्रहरूको मनोविश्लेषण सूक्ष्म ढङ्गले भएको पाइन्छ । कतै पति विदेशिएकी पत्नीको मानसिक विचलन व्यक्त भएको छ भने कतै यौवनावस्थाकी विधवाको आन्तरिक मनस्थितिको सूक्ष्म ढङ्गले विश्लेषण गरेको पाइन्छ । “ऐनामा प्रतिबिम्बित निधारको खत” कथामा लामो समयसम्म पतिबाट वियोग भएकी नारीको मनोदशाको चित्रण गर्दै पतिपत्नीबीच लामो समयसम्मको वियोगको परिणाम घातक हुनसक्ने सङ्केत पाइन्छ । रङ्गीन पत्रिकाको परिवेशभरि कथामा बाहिरी आकर्षकतामा मात्रै रमाउने ठिट्यौली प्रवृत्तिलाई व्यक्त गरेको पाइन्छ । जूनमा देखिएको अनुहार कथामा यौवनावस्थामै वैधव्यको शिकार भएकी नारीमा रहने कुण्ठा एवम् वितृष्णको भावनालाई व्यक्त गर्दै आफ्ना दमित इच्छा आकांक्षा पुरा हुन नसक्दा प्राकृतिक सुन्दर वस्तुप्रति पनि आक्रोस व्यक्त हुने कुरा

औंल्याइएको पाइन्छ । पूर्णिमाको रात कथामा रातको सुनौलो तथा सुन्दर परिवेशको चित्रण गर्दै पति पत्नीबीचमा सुमधुर सम्बन्ध तथा दुईबीच एकअर्काको भावना बुझ्न जरुरी रहेको र यदि त्यसो भएन भने दाम्पत्य जीवनमा निरसता आउनेतर्फ सङ्केत गरेको पाइन्छ । एकरात नेहरूको चिहानमाथि कथामा जिज्ञासु मानिसले आफ्नो इच्छा पूरा गर्न जस्तोसुकै परिस्थितिको पनि सामना गर्न तयार रहन्छ भन्ने तथ्यलाई सङ्केत गर्दै भूतप्रेतको अस्तित्व आधारातमा गएर चिहान खोतल्दा पनि पाउन नसकिने यथार्थतालाई उजागर गरेको छ ।

## ४.३ "राष्ट्रमाताको पोल्टाभित्र" लेखको विश्लेषण

प्रस्तुत लेख मेची प्रवाह २०४० वर्ष २ अङ्क ५ चैत ११ गते शनिबार प्रकाशित हो । खण्डकाव्यकार भानुभक्त पोखरेलको राष्ट्रमाता खण्डकाव्य पढेपछि त्यसप्रति उब्जेका आफ्ना धारणालाई यस लेखमा लेखकले व्यक्त गरेका छन् । खण्डकाव्यकी नायिका इन्द्रकुमारीका दुःख सुखका अनुभूतिबाट लेखक प्रभावित भई प्रस्तुत लेख तयार भएको छ । कृतिप्रतिका आफ्ना धारणा यस लेखमा व्यक्त भएको हुनाले यस समालोचनात्मक लेखलाई प्रभावपरक समालोचना पद्धतिको समालोचना भन्न सकिन्छ ।

प्रस्तुत लेखमा "भानुभक्त पोखरेल राष्ट्रमाता खण्डकाव्य २०२७ लिएर नेपाली साहित्यको वीर धरातलमा उभिनु भएको छ" [86] भनी खण्डकाव्यकार पोखरेललाई वीर धाराका कविका रूपमा चिनाइएको छ । यस लेखमा लेखकले खण्डकाव्यकी नायिका इन्द्रकुमारीका सुखदुखका अनुभूतिप्रति प्रेरित भई आफ्ना धारणा व्यक्त गरेका छन् । कवि पोखरेलले इतिहासकी एक अज्ञात नारीलाई सास र रगत भरिदिने चेष्टा गर्नुभएको छ भनी इन्दकुमारीको सजीव चित्रण खण्डकाव्यमा भएको कुरा व्यक्त गरेको छ । खण्डकाव्यकी नायिका इन्द्रकुमारीको सुखद् बाल्यकालको विश्लेषण गर्दै संक्षेपमा खण्डकाव्यको कथासार पनि दिएको छ । इतिहासका धेरैजना राम्रा पात्रहरू हामीले

---

[86] तुङ्ग थपलिया, राष्ट्रमाताको पोल्टाभित्र, **मेची प्रवाह,** (वर्ष २ अङ्क ५ २०४०) इलाम ।

बिर्सिसकेका छौं त्यस्तै इन्द्रकुमारी पनि बिर्सिएकै पात्र हुन् तर तिनै इन्द्रकुमारीको प्रेरणाले गर्दा नै खण्डित नेपाल एक हुन सक्षम भएको हो । उनको जीवनको दुःखले गर्दा समग्र नेपालीलाई कर्तव्यपथमा अगाडि बढ्न प्रेरित गरेको छ । यथार्थवादी आँखाले हेर्दा लाखौं वीरहरूले राष्ट्रियताको लागि रगत बगाए पनि इतिहासको पानाको कुनै पनि कुनामा उनीहरूको नाम अङ्कित छैन भने इन्द्रकुमारीलाई राष्ट्रमाता भन्ने पद भारी भएको देखिन्छ तर पृथ्वीनारायण शाहलाई नेपाल एकीकरण गर्ने कुरामा महत्वपूर्ण प्रेरणा दिएकी हुनाले उनीलाई राष्ट्रमाताको पद स्वीकार्य भएको कुरा यस लेखमा व्यक्त गरिएको छ । हिमज्योति २०२३ मा प्रकाशित नीरविक्रम प्यासीको लेखको चर्चा गर्दै इन्द्रकुमारी र सानीका चरित्रको तुलना गर्दै इन्दकुमारीलाई पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानमा महत्वपूर्ण प्रेरणा दिने राजकुलकै भए पनि नेपाली जनजीवनकी साधारण दुःखी आइमाई भएर युगसँगै बग्दै गएकी नारीको रूपमा चित्रण गरिएको छ भने सानीलाई पृथ्वीनारायण शाहको विजय अभियानमा सम्पूर्ण नेपाल खाल्डोको तस्विर उतारिदिने साधारण ठिटीको रूपमा चित्रण गरिएको छ । अन्त्यमा काव्यभित्र तीन तत्वहरू रहेका छन् भन्दै ती तीन तत्वहरू यसरी देखाएको छ, पहिलो नेपाली जनजीवनको दुःखपक्ष, दोस्रो दुःखले भरिएको वीर सन्देश र तेस्रो तथा अन्तिम जुरमुराएको नेपाली तातो रगत । यसरी समालोचक थपलियाले पोखरेललाई नेपाली काव्यसाधनाको फाँटमा नयाँ विशेषता कायम राख्न सफल कविको रूपमा चर्चा गरेका छन् ।

समग्रमा प्रस्तुत लेख प्रभावपरक समालोचनामा आधारित देखिन्छ । यसमा काव्यको कथावस्तु चरित्रचित्रण, परिवेश, उद्देश्य भाषाशैली जस्ता तत्वगत आधार तथा प्रकृतिचित्रण, विचारपक्ष, छन्द, अलङ्कार जस्ता काव्यिक तत्वका आधारमा पनि विश्लेषण नगरिएकोले यो लेख निर्णयात्मक नभई प्रभावपरक बन्न पुगेको छ ।

# परिच्छेद पाँच

## उपसंहार/निष्कर्ष

### ५.१ पृष्ठभूमि

कवि तथा कथाकार व्यक्तित्व तुङ्ग एन्. थपलिया नेपाली साहित्यको क्षेत्रमा लगानी गर्न इच्छुक व्यक्तित्व हुन् । नेपाली साहित्यको इतिहासका पानामा नाम उल्लेख गर्न रुचाउने इतिहासकारका लागि तुङ्ग एन्. थपलिया अपरिचित व्यक्तित्व वन्न सक्लान तर स्वच्छन्दतावादी प्रगतिमुखी नेपाली साहित्यको पृष्ठभूमिका लागि एक सशक्त हस्ताक्षर हुन् । कवि तथा कथाकार मुख्य व्यक्तित्व रहेका थपलियाको व्यक्तित्व तथा कृतित्वको प्रवृत्ति र स्थानलाई निम्नअनुसार मूल्याङ्कन गर्न सकिन्छ ।

### ५.२ व्यक्तित्वको मूल्याङ्कन

तुङ्ग एन्. थपलियाको जन्म वि.सं. २००९ मा निम्नमध्यमवर्गीय परिवारमा तेह्रथुम आठराई चुहानडाँडामा भएको हो । उनले व्यक्तिगत रूपमा र सामाजिक क्षेत्रबाट प्राप्त गरेका अनुभवबाट उनको निजी तथा सार्वजनिक व्यक्तित्वको आधारशीला तयार भएको हो । उनको व्यक्तित्वको निर्माणमा सामाजिक परिवेशले समेत प्रभाव पारेको छ । समाजमा देखिएका संस्कारगत मूल्य र मान्यतालाई बुझ्न थालेपछि उनको व्यक्तित्व क्रमैसँग विकसित भएको पाइन्छ । त्यसैले उनको व्यक्तित्वको मूल्याङ्कन गर्दा निजी जीवनशैली सामाजिक वातावरण विभिन्न क्षेत्रमा गरेको योगदान र विविध भाषामा लेखिएका उनका रचनाहरूलाई आधार बनाउनुपर्ने हुन्छ । यिनै विविध पक्षबाट तुङ्ग एन्. थपलियाको व्यक्तित्वको रूपरेखा तयार भएको छ ।

थपलिया समाजसेवामा बढी समर्पित देखिन्छन् । मुख्य पेसा शिक्षणका अतिरिक्त समाजसेवामै उनको समय बढी बित्ने गरेको देखिन्छ । व्यक्ति समाज र राष्ट्रको सम्बन्ध

नङ र मासुजस्तै हुन्छ भन्ने मान्यता राख्ने थपलिया आफ्नो शिक्षण पेसालाई पनि राम्रो समाजसेवाको अवसरको रूपमा लिन्छन् । विद्यार्थी जीवनदेखि नै साहित्यमा रुचि राख्ने थपलियालाई साहित्यलेखनतर्फ थप प्रेरणा शिक्षण पेसाले पनि प्रदान गरेको पाइन्छ ।

औपचारिक अध्ययनको प्रारम्भ घर नजिकैको माध्यमिक विद्यालयमा गरेका थपलियाले नजिकैको तत्कालीन वीरेन्द्र इन्टर कलेज (हाल तेह्रथुम क्याम्पस) बाट अङ्ग्रेजीमा स्नातक गरी औपचारिक अध्ययनबाट विश्राम लिएका हुन् । नेपाली, अङ्ग्रेजी, हिन्दी तथा संस्कृत भाषाको पनि ज्ञान हासिल गरेका थपलियाको बहुभाषिक व्यक्तित्वको प्रभाव उनका कृतिहरूमा पाइन्छ । विभिन्न भाषाका पुस्तक तथा पत्रपत्रिकाहरूको अध्ययन र साथीहरूको तथा आफ्नै पिता र दाजुहरूको प्रेरणाबाट समाजसेवातर्फ झुकाव राख्न थालेका थपलिया जातपात र छुवाछुतले साम्राज्य जमाएको तत्कालीन ग्रामीण समाजमा पनि निर्धक्कसाथ जातपात र छुवाछुत विरुद्धका भावनाहरू अभिव्यक्त गर्ने एक साहसिला व्यक्ति हुन् । समाजसेवामा लागेका थपलियाले आफ्नो जीवनको अधिकांश समय शिक्षक भएर बिताएको देखिन्छ । शारदा माध्यमिक विद्यालय (हाल शारदा उ. मा.वि.) का शिक्षक तथा पटक पटक नि.प्रधानाध्यापक समेत भएर एक कुशल अध्यापकको रूपमा चिनिएका थपलिया विद्यार्थीहरू तथा विद्यालयका सम्पूर्ण शिक्षक शिक्षिकाहरूका प्रिय व्यक्ति रहेका छन् । उनको अध्यापनकार्यबाट धेरै विद्यार्थीहरू प्रभावित भएका छन् । अध्यापनमा केवल पाठ्यक्रममा मात्रै सीमित नरहेर विद्यार्थीहरूलाई अर्ति दिनुका साथै स्कुलमा विभिन्न साहित्यिक तथा सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्दै विद्यार्थीहरूको प्रतिभालाई मौलाउन अग्रसर हुने व्यक्तिको रूपमा परिचित छन् ।

तुङ्ग एन्. थपलिया कुनै पनि कार्य एक्लैभन्दा समूह बनाएर गरेमा त्यसको परिणाम व्यापक र सार्थक बन्दछ भन्ने मान्यता राख्ने व्यक्ति हुन् । अर्थात् 'सधै शक्ति कलौ युगे' प्रति उनको पूर्ण विश्वास रहेको पाइन्छ । त्यसै अनुरूप उनी नेपाल राष्ट्रिय शिक्षक संघ तेह्रथुमको स्थापना गर्न पुग्छन् र पछि संघको केन्द्रीय सदस्य समेत रही कुशलतापूर्वक आफ्नो जिम्मेवारी बहन गर्छन् । संघ संस्था खोल्न गाउँ गाउँमा प्रेरणा दिँदै हिड्ने

थपलिया विभिन्न संघ संस्थामा सल्लाहकारको भूमिका निर्वाह गर्ने एक कुशल व्यक्ति हुन् ।

थपलिया नेपाली साहित्यका एक कुशल सर्जक व्यक्ति हुन् । घर परिवारमा आफ्नै बुबा तथा दाजुहरूबाट शिक्षा ग्रहणमा प्रेरणा प्राप्त गरेका थपलियाले बी.पी. कोइराला खगेन्द्र संग्रौला , डा. अभि सुवेदी, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, भूपिशेरचन, पोषण पाण्डे, पारिजात, रमेश विकल, गोविन्द गोठाले, गुरूप्रसाद मैनाली तथा पाश्चात्य साहित्यकार मार्क्स, गोर्की, चेखब आदिका कृतिको अध्ययनबाट थप प्रेरणा ग्रहण गरी आफ्नो साहित्यिक यात्रा अघि बढाएका हुन् । थपलियाले कक्षा चारमा छँदा लेखेको कविता नै उनको प्रथम साहित्यिक सिर्जना हो । त्यसपछि क्रमशः कविता, कथा तथा एकाङ्की लेखनतर्फ निरन्तर क्रियाशील रहेका हुन् । धेरै कथा तथा कविताहरू लेखेको र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन भएको जानकारी पाइए तापनि हाल ती कुनै पनि रचनाहरू उपलब्ध छैनन् । उनको हाल प्राप्त प्रथम प्रकाशित कथा “ऐनामा प्रतिबिम्बित निधारको खत (२०२७ कल्पना) हो भने कविता ‘मेरी निर्जीव मोनालिजा (२०३८ कल्पना) हो ।

समाजमा पत्रपत्रिकाहरूका माध्यमबाट देशविदेशका घटना थाहा पाउनाको साथै देशमा ठूला क्रान्ति ल्याएर सत्ता परिवर्तन गर्न ठूलो सहयोग मिल्छ भन्ने मान्यता भएका थपलिया विद्यार्थी जीवनदेखि नै पत्रिकामा विशेष रुचि लिन्थे । उनी विद्यार्थी छँदा क्याम्पसबाट निस्कने पत्रिकामा पनि उनले ठूलो सहयोग गरेका थिए भने उनकै अगुवाइमा उनले पढाउने विद्यालयबाट पनि पत्रिकाको प्रकाशन भएको थियो । अन्य राष्ट्रिय तथा क्षेत्रीयस्तरका पत्रिकाहरूमा पनि आफ्ना रचनाहरू उपलब्ध गराएर सहयोग गरेका थिए ।

बाबु बाजेदेखि नै सामाजिक चेतना तथा समाजसेवामा अग्रसर हुने पारिवारिक गुण भएका थपलिया सामाजिक कार्यमा समर्पित देखिन्छन् । समाजमा पछि परेका व्यक्तिहरूलाई शिक्षाको लागि प्रेरणा दिनु, समाजमा हुने अन्याय अत्याचार विरुद्ध लड्न

सबैलाई आह्वान गर्नु , संघ सङ्गठनमा शक्ति रहने कुरालाई मान्यता दिनु, निडर तथा निश्पक्षताका साथ सत्य कुरा समाजसामु व्यक्त गर्नु तथा सबैमा मित्रताको भावना राखी सेवा र सहयोगलाई नै प्रमुख मानवीय धर्म मान्नु नै उनका व्यक्तित्वका विशेषता मान्न सकिन्छ ।

## ५.३ कृतित्वको मूल्याङ्कन

तुङ्ग एन्. थपलिया कविता विधाबाट नेपाली साहित्य सिर्जनाका फाँटमा प्रवेश गरेका व्यक्ति हुन् । कविता विधाबाट नेपाली वाङ्मयमा प्रवेश गरेका थपलियाको लेखनयात्रा कविता, कथा, एकाङ्की हुँदै समालोचनासम्म पुगेको छ । तत्कालीन समयका घटनाहरूलाई माध्यम बनाउँदै आफ्नो लेखनयात्रा अघि बढाएका थपलियाले नेपाली भाषाबाहेक अङ्ग्रेजी भाषामा समेत कविता तथा वैचारिक लेखहरू लेखेका छन् । कक्षा चारमा छँदा विद्यालयको वार्षिक कार्यक्रममा कविता सुनाउँदा प्रथम भएपछि कविता लेखनतर्फ हौसला पाएका थपलियाले नेपाली तथा अङ्ग्रेजी भाषामा झण्डै पाँचदर्जन जति कविताहरू लेखिसकेका छन् । तीमध्ये विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित कविताहरूको सँगालो “अभिमन्यु पृथिवीमा फर्केका छन्” (२०४६) कवितासङ्ग्रह प्रकाशित भएको छ । केही कविताहरू फुटकर रूपमै पत्रिकाहरूमा प्रकाशित छन् भने बाँकी कविताहरू अप्रकाशित नै छन् । कविताबाट सिर्जनायात्रामा प्रवेश गरेका भए पनि कथा विधाबाट सार्वजनिक भएका हुन् । उनको प्रथम कथा “ऐनामा प्रतिबिम्बित निधारको खत” (२०२७ कल्पना) प्रकाशित भएको हो भने कविता चाँहि ‘मेरी निर्जीव मोनालिजा” (२०३८ कल्पना) प्रथम प्रकाशित कविता हो । यसरी वि.सं. २०२७ देखि कथामार्फत् सार्वजनिक भई साहित्ययात्रामा अघि बढेका थपलिया वि.सं २०६१ मा आएर कविता विधामार्फत विश्राम लिएका छन् । यसरी तीन दशक भन्दा लामो साहित्यिक यात्रामा यात्रारत थपलियाको कृतिगत मूल्याङ्कन निम्न उपशीर्षकका आधारमा गरिन्छ ।

## ५.३ .१ कवित्वको मूल्याङ्कन

विद्यार्थी जीवनदेखि नै अध्ययन मननमा बढी झुकाव राख्ने थपलियाको अध्ययनशील स्वभावकै कारण साहित्यिक क्षेत्रमा विशेष रुचि जागेको पाइन्छ । साथीभाइ, गुरुहरू तथा परिवारको प्रेरणा तथा हौसलाले त्यसलाई झन ऊर्जा थपेको पाइन्छ । विभिन्न पाश्चात्य तथा पूर्वीय साहित्यकारहरूका कृतिहरूको अध्ययनबाट पाएको प्रेरणाले गर्दा नै नेपाली साहित्यको क्षेत्रमा उनको योगदान रहेको पाइन्छ । कविताको क्षेत्रमा उनी लक्ष्मीप्रसाद देवकोटाबाट अत्यन्तै प्रभावित भएको पाइन्छ । उनका कविताहरूमा विद्रोहात्मक स्वर मुखरित भएको छ । "अभिमन्यु पृथिवीमा फर्केका छन्" कवितासङ्ग्रहभित्रको प्रथम कविता मेरी निर्जीव 'मोनालिजा' मा प्राकृतिक चित्रण गर्दै स्वतन्त्रताप्रति वञ्चित तत्कालीन समाजप्रति व्यङ्ग्य गरेका छन् भने 'मेरो छोरो यस्तो जन्मोस्' कवितामा विश्वमा बढ्दै गएको शस्त्रअस्त्रको होडबाजीप्रति सङ्केत गर्दै त्यसले निम्त्याउने खतराको पनि सङ्केत गरेको पाइन्छ । आफूले  हार स्वीकार्दा कसैको जित हुन्छ र जित्नेको भविष्य उज्ज्वल  हुन्छ  भने आफूले हार नै स्वीकार्ने प्रतिज्ञा गरेका छन् 'मेरो शुभकामना तिमीलाई' कवितामा आफूलाई मन परेको व्यक्तिको भविष्य उज्ज्वलताको कामना गरेका छन् भने नेपालीप्रति, माझीप्रति, नवशिशु जस्ता कवितामा नेपालीको दयनीय अवस्था माझीको वास्तविक जीवन भोगाइ र नव शिशुप्रति हुने मातृवात्सल्यलाई सजीव ढङ्गले अभिव्यक्त गरेको पाइन्छ । 'आगामी वसन्तका गुराँसप्रति' कवितामार्फत् नयाँवर्षसँगै देशमा प्रजातन्त्र पुनर्प्राप्तिको आशा व्यक्त गर्दै अब आउने वसन्तका गुराँसले सारा जङ्गलका रुखवृक्षहरूको प्रतिनिधित्व गर्दै सबैलाई हसाउँन सफल हुनेछ भन्दै  प्रतीकात्मक रूपमा देशमा प्रजातन्त्र पुनर्प्राप्तिपछि सारा नेपालीको घर आँगनमा आउने खुशी र उमङ्गलाई व्यक्त गरेको पाइन्छ । बिहान उठेपछि हिमालमा कवितामा बिहानको सूर्योदयको किरण सेता हिमालयमा पर्दा देखिने सुनौलो मनमोहक दृश्यलाई सजीव रूपमा चित्रण गरेको पाइन्छ । सपनादेख्न हराउनुपर्ने रातहरूको अन्त्यपछि, वर्तमानको सडकमा इतिहासको जुलूस, सत्याग्रहीप्रति, आज प्रजातन्त्रको बिहान, अभिमन्यु पृथिवीमा फर्केका छन् जस्ता कवितामा राजनैतिक विकृति, विसङ्गति तथा स्वतन्त्रता विहीन निरङ्कुश तानाशाही पञ्चायती व्यवस्थाप्रतिको आक्रोश व्यक्त गरेको पाइन्छ । 'तिमी' र 'फागुन ७' कविता चाहिँ बी.पी र त्रिभुवनको स्मृतिमा लेखिएका कविता हुन् । प्रथम

प्रथम काठमाडौं टेकेपछि कवितामा नेपालको राजधानी काठमाडौंमा भएको गरिब र धनी, व्यक्तिप्रतिको भेदभाव असमानताप्रति कविले वितृष्णा व्यक्त गरेका छन् ।

यसरी कवि थपलियाले राजनैतिक अवस्था, प्राकृतिक सुन्दरता, आदर्शव्यक्ति , आदि विषयवस्तुलाई आफ्नो कविताको मुख्य विषयवस्तु बनाएको पाइन्छ भने केही कविताहरू प्रेमप्रणयलाई पनि विषय बनाई अभिव्यक्त गरेका छन् । उनका धेरैजसो कविताहरू स्वच्छन्दतावादी प्रगतिमुखी सोच भएका र राष्ट्रभक्तिको भावना भएका छन् । उनका कविताहरूको अध्ययनबाट निम्नलिखित विशेषताहरू पाइन्छ ।

### १. स्वच्छन्दतावादी प्रवृत्ति

कवि थपलिया साहित्यको सिद्धान्तमा आधारित भई त्यसै अनुरूप माथापश्चिसी गरी कविता लेख्ने कवि नभएर कुनै सानो वस्तु वा घटनाप्रति आफ्नो मनमा उब्जेका भावना व्यक्त गर्ने कविको रूपमा परिचित छन् । प्रकृतिको सुन्दरतालाई विभिन्न बिम्ब तथा प्रतीकको माध्यमबाट प्राकृतिक सुन्दरताको सजीव चित्रण कवि थपलियाका कवितामा पाउन सकिन्छ । नेपालका डाँडाकाँडा हिमाल, खोलानाला, झर्ना जस्ता प्राकृतिक वस्तुलाई आफ्नो कविताको मुख्य विषय बनाई प्रगति तथा उन्नतिको चाहना व्यक्त गर्नु कवि थपलियाको कवित्वगत विशेषता मान्न सकिन्छ ।

### २. प्रकृति चित्रण

थपलियाका कविताहरूमा कुनै न कुनै प्रकारले प्रकृतिको चित्रण गरिएको पाइन्छ । मेरी निर्जीब मोनालिजा कवितामा सुन्दर फेवातालभित्र देखिने माछापुछ्रेलाई भिन्सीको मोनालिजासँग तुलना गर्छन् भने “बिहान उठेपछि हिमालमा” कवितामा सेता हिमचुचुराहरूमा बिहानको सूर्योदयको किरण पर्दा देखिने सुन्दरतालाई सजीव ढङ्गले प्रस्तुत गरेका छन् । आगामी वसन्तका गुराँसप्रति कवितामा वसन्तकालीन प्राकृतिक शोभालाई चित्रण गरेका छन् भने परिक्रमा आफ्नै विश्वको कवितामा आफ्नो देश नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको धारणा व्यक्त गरेका छन् । यसरी उनका कवितामा भएको प्रकृति चित्रणलाई हेर्दा प्राकृतिक चित्रणगत विशेषता पनि रहेको पाइन्छ ।

### ३. राष्ट्रप्रेम

कवि थपलियाका कविताहरूमा राष्ट्रप्रेमको भावना पाउन सकिन्छ । राष्ट्र र राष्ट्रियताप्रति अगाध आस्था राख्ने थपलिया आफ्ना कृतिमार्फत् पनि राष्ट्रियताको भावना व्यक्त गर्दछन् । उनका कविताहरूमा राष्ट्रको प्रगति र उन्नतिको कामना गरेको छ । प्रजातन्त्रमा औधी विश्वास राख्ने कविले आफ्ना कवितामा प्रजातन्त्र विरोधीलाई कडा व्यङ्ग्य प्रहार गरी प्रजातन्त्र नै सारा नेपालीको खुशी र उमङ्गको माध्यम हो भन्ने धारणा व्यक्त गरेका छन् । नेपालीप्रति कवितामा नेपालीहरूको दयनीय अवस्था सुध्रिन नसकेकोमा चिन्ता व्यक्त गरेका छन् भने सपना देख्न डराउनुपर्ने रातहरूको अन्त्यपछि कवितामा निरङ्कुश पञ्चायतकालीन कालरात्रीको अन्त्य भएको र अब नयाँ सुनौलो प्रजातान्त्रिक स्वतन्त्रतायुक्त राष्ट्रको निर्माण हुने कुरामा आशावादी तथा विश्वस्त रहेको धारणा व्यक्त गरेको पाइन्छ । आफ्नो राष्ट्र र राष्ट्रियता प्राणभन्दा पनि प्यारो रहेको धारणा कविले आफ्ना कविताहरूमा व्यक्त गरेका छन् । “जननी जन्भभूमिश्च स्वर्गादपि गरीयसी’ जस्ता भावनाहरू कविले आफ्ना कवितामा व्यक्त गरी राष्ट्र र राष्ट्रियताप्रति अगाध आस्था देखाएका छन् । सरल, सहज तथा संवेद्य शैलीमार्फत् आफ्ना कविताहरूमा प्रकृतिप्रेम तथा राष्ट्र र राष्ट्रियताप्रति अगाध आस्था प्रकट गर्नु कवि थपलियाको कवित्वगत विशेषता हो ।

### ४. विद्रोहात्मकता

यथार्थता तथा पुरातनवादी सोचलाई तिरस्कार गर्दै प्रगति र उन्नतिको चाहनालाई व्यक्त गर्ने थपलिया आफ्ना कवितामार्फत् पुरानो, संस्कार, शोच, र विचारप्रति तीव्र असन्तुष्टि व्यक्त गर्दै यस्तो संस्कारजन्य छापलाई ध्वंस पार्नुपर्ने धारणा व्यक्त गर्दछन् । परिवर्तनशील समाजमा मानिसको विचार र आस्था पनि सँगसँगै परिवर्तन हुनुपर्ने धारणा उनका कविताहरूमा पाउन सकिन्छ । आगामी वसन्तका गुराँसप्रति, सपना देख्न डराउने रातहरूको अन्त्यपछि , वर्तमानको सडकमा इतिहासको जुलूस , अभिमन्यु पृथिवीमा फर्केका छन तथा मेरो यस्तो छोरो जन्मोस्” कवितामा कविको विद्रोहात्मक भावना प्रखर भएको पाइन्छ । आगामी वसन्तका गुराँसप्रति कवितामा अबका नयाँ गुराँसहरू सिङ्गो वनस्पतिजगत्को प्रतिनिधित्व गर्दै जङ्गल फडानीको विरोधमा उत्रिने छन् भन्दै निरङ्कुश तानाशाही पञ्चायती व्यवस्थाको विरोधमा सारा जनता आन्दोलित हुने सङ्केत गरेका छन् भने मेरो छोरो यस्तो जन्मोस कवितामा

अब आउने नयाँ सन्ततिले पुरानो सत्तालाई निर्मूल पारी नयाँ स्वतन्त्रता र शान्तियुक्त समाजको निर्माण गर्नेछन् भन्ने भावना व्यक्त गरेका छन् । यसरी कवि थपलियाले आफ्ना कवितामा विद्रोहात्मक अभिव्यक्ति प्रकट गरेका छन् यो नै उनका कवितामा पाइने कवित्वगत विशेषता पनि बन्न पुगेको छ ।

### ५. प्रतीकात्मकता

कवि थपलियाका कविताहरूको अध्ययन गर्दा प्रतीकात्मकता पनि एक मुख्य विशेषताको रूपमा पाउन सकिन्छ । कुनै कुरालाई सिधै व्यक्त गर्नुभन्दा त्यसलाई कुनै प्रतीक वा बिम्बमार्फत् सङ्केत गर्नु श्रेयष्कर हुन्छ । कवि थपलियाका कवितामा प्रतीकात्मक रूपमा विद्रोहात्मक स्वर मुखरित भएको छ । विभिन्न प्राकृतिक बिम्बको प्रयोगमार्फत् कवितालाई श्रुतिमधुर बनाउनु उनको विशेषता हो । उनका मेरी निर्जीव मोनालिजा, मेरो यस्तो छोरो जन्मोस् जस्ता कवितामा प्रतीकमार्फत् प्राकृतिक सुन्दरता तथा शस्त्रअस्त्रप्रतिको होडबाजीले निम्त्याउने विनासलाई अभिव्यक्त गरेको पाइन्छ ।

### ६. सरलता

नेपाली साहित्यको समसामयिक युगमा देखापरेका थपलिया स्वच्छन्दतावादी धारालाई आत्सात् गर्दै प्रगतिमुखी कविता लेख्ने एक कुशल सर्जक हुन् । प्रयोगवादी धाराले ल्याएको क्लिष्टता र दुरुहताका विपरीत स्वच्छन्दरूपमा समसामयिक मान्यताभित्र रही सरल रुपमा आफ्ना भावना अभिव्यक्त गर्ने सर्जक हुन् । विभिन्न भाषिक श्रोतबाट खोजेर ल्याएका शब्दका सापेक्षतामा सहज एवम् जनजिब्रोमा प्रचलित शब्द नै रोज्नु उनको शब्द प्रयोगगत विशेषता हो । उनले प्रयोग गरेका शब्ददेखि सङ्कथनात्मक तहसम्म हेर्दा दुरुहता पाइदैन । शैलीगत सरलता उनको अर्को विशेषता बन्न पुगेको छ । आफ्ना कविताभित्र उनी अभिधात्मक तहमा नै हुन्छन् भने व्यङ्ग्यात्मक अभिव्यक्ति पनि सरल किसिमको नै रहेको पाइन्छ । त्यसैले उनका रचनाहरू सरल एवम् सहज प्रकारका रहेका छन् ।

### ७ सूक्ष्म आख्यानता

साहित्यकार थपलिया सम्पूर्ण साहित्यिक मूल्य मान्यता तथा सिद्धान्तलाई अङ्गिकार गरी नियोजित रूपमा सिर्जना गर्ने प्रकृतिका सर्जक होइनन् । लेख्दै जानेक्रममा जहाँ जस्तो

विषयवस्तु जसरी मानसपटलमा आउँछ सोही अनुरूप आफ्ना सिर्जनालाई अघि बढाउने सर्जक हुन् । थपलियाको कवितात्मक प्रवृत्तिलाई नियाल्दा आख्यानात्मक प्रवृत्ति सूक्ष्म रहेको पाइन्छ । आफ्ना कविताभित्र सानो आख्यानलाई लिएर पनि विभिन्न बिम्ब एवम् प्रतीकको प्रयोगमार्फत् कवितालाई रोचक एवम् मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।

**८. सहज तथा स्वतस्फूर्त अभिव्यक्ति**

नेपाली साहित्यको विशाल भुँवरीमा कतै अल्भिरहेका झैँ प्रतीत हुने साहित्यकार थपलिया आफ्ना थोरै रचनाभित्र राम्ररी फक्रिएका एक कुशल सर्जक हुन् । साहित्यिक मूल्य र मान्यताका सापेक्षतामा उनको योगदान कम होला सैद्धान्तिक पृष्ठभूमिभित्र उनको धरातल साँघुरो होला तर उनले जे जति रचना गरे, प्रकाशित गरे त्यसमा उनको प्रस्तुतीकरणलाई कम र कमजोर भन्न सकिँदैन । आफ्ना धारणालाई सरल एवम् सहज शैलीमा निःसंकोच व्यक्त गर्ने थपलिया जसरी वैचारिक रूपमा सबल छन् प्रस्तुतिका सन्दर्भमा पनि सबल छन् । उनी संबेद्य शैलीमार्फत् आफ्ना धारणा व्यक्त गर्ने कवि हुन् । उनका भावनाहरू स्वतस्फूर्त रूपमा लिपिबद्ध भएका छन् ।

**९. बिम्ब, प्रतीक एवम् अलङ्कारको सहज प्रयोग**

कवि थपलिया कुनै साहित्यिक सिद्धान्त र प्रणाली अध्ययन गरी त्यसै अनुरूप सिद्धान्तको सापेक्षतामा सिर्जना गर्ने सर्जक होइनन् । उनले जे जति रचना गरे त्यसमा व्यक्तिको प्रभाव भन्दा पनि साथीभाइ पेसा एवम् समाजको प्रभाव पाइन्छ । स्थापित साहित्यिक मूल्य र मान्यताको खोजी नगरी भावनाको प्रवाह जे जस्तो रूपमा बहदै आयो सोही अनुरूप लिपिबद्ध गर्दै जाँदा जे जसरी जुन ठाउँमा शब्दले आसन जमायो सोही अनुरूप ती शब्दले बिम्ब प्रतीक एवम् अलङ्कारको प्रभाव छाडेको देखिन्छ । शब्दलालित्य, शब्दाडम्बर र अलङ्कार थुपारेर आफ्ना रचनालाई क्लिष्ट तथा उत्कृष्ट बनाउने प्रवृत्तिका तुलनामा भाव सम्प्रेषणका क्रममा आएका शब्दहरूले नै बिम्ब प्रतीक र अलङ्कारको कार्य गरेका छन् जुन नियोजित नभई सहज र स्वतस्फूर्त रूपमा आएका छन् ।

### ५.३.२ कथाकारिताको मूल्याङ्कन

थपलियाले कविताविधाबाट लेखनयात्रा प्रारम्भ गरेका भए तापनि कथाको क्षेत्रबाट सार्वजनिक भएका हुन् । "ऐनामा प्रतिबिम्बित निधारको खत" (२०२७ कल्पना) कथामार्फत् सार्वजनिक भएका थपलियाले छोटा कथाको सिर्जनामार्फत् पाठकका मनमा तीव्र प्रभाव पारेका छन् । उनका कथाहरू संख्यात्मक रूपमा धैरै नदेखिए तापनि नेपाली साहित्यको इतिहासका पानामा आफ्नो नाम राख्न सफल छन् । कथालेखनका क्षेत्रमा सानो घटना छोटा परिवेशलाई लिएर  छोटा कथाको सिर्जना गर्ने थपलियाका कथाहरू कल्पना प्रकाश, प्रक्षेपण, रूपरेखा आदि पत्रिकामा प्रकाशित छन् । विद्यार्थी जीवनदेखि नै कवितासँगै कथाविधामा पनि कलम चलाएको जानकारी पाइए तापनि २०२७ 'कल्पना' मा प्रकाशित "ऐनामा प्रतिबिम्बित निधारको खत" कथाभन्दा पहिलेका कुनै पनि कथा हाल प्राप्त हुन सकेनन् । हाल प्राप्त कथाहरूको अध्ययनबाट थपलियामा निम्नअनुसारका कथागत प्रवृतिहरू पाउन सकिन्छ ।

**१. स्वच्छन्दतावादी प्रवृत्ति**

कथाकार थपलियाका कथाहरूको अध्ययन गर्दा स्वच्छन्दतावादी प्रवृति पाउन सकिन्छ । उनका कथाहरूमा प्रकृतिको सुरम्य चित्रण पाइन्छ । उनका कथाहरू छोटा आकारका भए पनि कल्पना र सपनाको संसारमा पाठकलाई विचरण गराउँदै भावुकतापूर्ण अभिव्यक्तिको स्वाद चखाएको पाइन्छ । कतै म पात्र त कतै ऊ, उनी, तिमी जस्ता पात्रको उपस्थिति गराएर कथाकारका भावना अनुरूप स्वच्छन्दरूपमा कतै प्रकृतिको रमणीय वातावरणमा रम्ने कतै विगतका घटनाको स्मृतिमा विक्षिप्त हुनेसम्मका पात्रको उपस्थिति गराएर कथाकारले आफ्ना कथाको कथावस्तु अगाडि बढाएका छन् । कथामा प्रयोग भएका पात्रहरू कुनै पनि सामाजिक बन्धन तथा आदर्शतामा रुमल्लिएका छैनन् । सानो घटनालाई लिएर प्राकृतिक बिम्ब र प्रतीकको प्रयोग गर्दै अघि बढेका उनका कथाहरू कौतूहलयुक्त अवस्थामा विश्राम लिएका छन् । घटना परिवेश तथा पात्रको विचरणलाई हेर्दा यिनका कथामा स्वच्छन्दतावादी प्रवृति पाउन सकिन्छ ।

## २. सूक्ष्माख्यानको प्रयोग

साहित्यकार थपलिया साहित्यिक मूल्य मान्यता र सिद्धान्तलाई अङ्गिकार गरी नियोजित रूपमा सिर्जना गर्ने सर्जक होइनन् । उनी त स्वतन्त्ररूपमा आफ्ना अभिव्यक्ति व्यक्त गर्ने स्रष्टा हुन् । आफ्ना भावना स्वतन्त्ररूपमा व्यक्त गर्दै जानेक्रममा कतै कविता भयो कतै कथा भयो त कतै लेख भयो भन्ने उनी स्वयम्ले स्वीकारेका छन् । उनका कथाहरू हेर्दा सानो घटनालाई पनि कथाको रूप दिइएको पाइन्छ । कतै ३/४ वर्षको लामो समयावधिलाई कथाको रूपमा व्यक्त गरेका छन् भने कतै एक वा आधा घण्टा जतिको समयावधिलाई कथाको रूपमा प्रस्तुत गरेको पाइन्छ । आफ्ना सिर्जनामा कतै न कतै आख्यानको प्रयोग गर्ने थपलियाका कथामा पनि सूक्ष्माख्यानको प्रयोग पाइन्छ । सूक्ष्माख्यानको प्रयोग गरी छोटा कथामार्फत् पाठकको मनमा प्रभाव पार्नु उनको कथागत प्रवृत्ति रहेको छ ।

## ३. भाषिक प्रवृत्ति

कथाकार थपलिया नेपाली साहित्यको क्षेत्रमा देखापरेका पछिल्लो पुस्ताका कथाकार हुन् । नेपाली साहित्याकाशका एक चम्किला ताराको रूपमा रहेका थपलियाको भाषिक अभिव्यक्ति सरल, सहज एवम् बोधगम्य रहेको छ । सरल एवम् सहज शब्द तथा सरल वाक्यहरूको संयोजनमार्फत् आफ्ना भावनालाई कथाको रूप दिई व्यक्त गरेको पाइन्छ । कतै कतै वाक्य संयोजनमा विचलन तथा शब्द प्रयोगमा समेत केही त्रुटि भेटिनुले उनमा रहेको परिमार्जनको अभाव देख्न सकिन्छ । कथामा क्रियापदबिहीन वाक्यहरूको प्रयोग तथा प्रकृतिवर्णनमा सजगता देखिनुले कवितात्मक शैलीको प्रभाव कथामा पनि पर्न गएको देखिन्छ ।

## ४. परिवेशगत सन्दर्भ

कथाकार थपलियाले आफ्नै वरिपरिको परिवेशलाई आफ्ना कथामा उतारेका छन् । आफ्ना कथाभित्र ग्रामीण एवम् सहरीया दुबै परिवेशको चित्रण गरेका छन् । परिवेश अनुसारका पात्रको उपस्थिति गराएर सोही अनुसारको भाषिक प्रयोगमा पनि ध्यान दिई

कथा सिर्जना गरेको पाइन्छ । कतै सहरीया सम्पन्न वर्गको पसले तथा विदेशी ठिटाको चित्रण गरेर कथालाई अगाडि बढाएका छन् भने कतै पुकुली र संजयजस्ता सामान्य पात्रको उपस्थिति गराएर उनीहरूको मनोदशामा केन्द्रित भई कथा अगाडि बढाएका छन् । कञ्चनजंघा तथा तमोर नदीको सुन्दर प्राकृतिक वातावरणमा पात्रलाई उभ्याएर कथालाई रोचक बनाउने काम गरेको पाइन्छ । काठमाडौंको सहरीया परिवेशकै पात्र उभ्याए पनि पुकुली जस्तो नामाकरणले परिवेशअनुसारको पात्रको नामाकरणमा सावधानी अपनाउन नसकेको जस्तो देखिन्छ भने घटनाको प्रस्तुतीकरणमा पनि कतै असावधानी रहेको देखिन्छ । उनका कथा छोटै भए पनि घटना श्रृङ्खलाबद्ध रहेका र पाठकलाई उत्सुकता प्रदान गर्ने रहेका छन् ।

## ५. मनोविश्लेषणगत प्रवृत्ति

थपलियाका कथा थोरै तथा लघुआयामका भए तापनि कुनै न कुनै माध्यमबाट कुनै न कुनै पात्रको मनस्थितिको विश्लेषण गरेको पाइन्छ । साहित्यकार विश्वेश्वरप्रसाद कोइरालालाई आदर्शव्यक्तिको रूपमा मान्ने थपलियाले कथाका क्षेत्रमा पनि बी.पी. को मनोविश्लेषणगत प्रवृत्तिलाई अवलम्बन गर्न खोजेका छन् । “ऐनामा प्रतिबिम्बित निधारको खत” कथामा पुकुली र सञ्जयको मानसिक उतारचढावको राम्रो चित्रण पाइन्छ भने जूनमा देखिएको अनुहार तथा पूर्णिमाको रात जस्ता कथामा पनि नायक नायिकाको जीवन तथा प्राकृतिक सुन्दरताले भरिपूर्ण जूनेली रातको तुलना गर्दै उनीहरूको मानसिक अवस्थाको चित्रण गरेको पाइन्छ । कथामा पात्रको उपस्थिति र उनीहरूको कुण्ठित भावनाको प्रस्तुति थपलियाका कथामा पाइने हुनाले वि.पी. को मनोविश्लेषणगत प्रवृत्तिलाई थपलियाले आत्मसात गरेको पाइन्छ ।

## ६.लघु आयाम

लघु आयामका कथामार्फत् पनि पाठकका मनमा तीव्र प्रभाव पार्न सक्नु नै थपलियाको कथागत विशेषता हो । थपलियाका कथाहरू परिच्छेद विभाजन नगरिएका छोटा छोटा अनुच्छेदमा लघु आयाममै पूर्णता पाएका रोचक एवम् मार्मिक छन् । कतै

कथाको मुख्य पात्र आफै रहेका छन् भने कतै अरू नै पात्रको माध्यमबाट कथ्यलाई जीवन्तता दिएका छन् । लघु आयाममा कथालाई पूर्णता दिई पाठकलाई प्रभाव पार्न सक्नु थपलियाको कथागत विशेषता रहेको छ ।

यसरी हेर्दा थपलियाका कथागत तथा कवित्वगत विशेषताहरू उत्तिकै सवल र प्रभावकारी रहेका छन् । कथा तथा कविता दुबैमा स्वच्छन्दतावादी प्रवृत्ति मुख्य रूपमा देखिन्छ भने कविताका क्षेत्रमा उनी स्वच्छन्दतावादी प्रगतिमुखी भएर देखापरेका छन् । कथाका क्षेत्रमा प्रगतिमुखी चेत पनि त्यति मौलाउन सकेको पाइदैन । मुक्तकदेखि लिएर निकै लामा कविता उनले लेखेका छन् भने कथाहरू सबै लघु आकारकै रहेका छन् ।

थपलियाको हाल प्राप्त समालोचनात्मक कृति राष्ट्रमाताको पोल्टाभित्र (मेची प्रवाह २०४०) हो । यस कृतिका आधारमा उनी प्रभाववादी समालोचक व्यक्तित्वका रूपमा देखापर्दछन् । कृतिका बारेमा आफ्ना धारणाहरू उनले उक्त समालोचनात्मक लेखमा व्यक्त गरेका छन् ।

## ५.४ साहित्यकार तुङ्ग एन्. थपलियाको साहित्यिक प्राप्ति र त्यसको मूल्याङ्कन

साहित्यकार थपलिया नेपाली साहित्यको समसामयिक धारामा देखापरेका एक प्रगतिमुखी सोच भएका साहित्यकार हुन् । थोरै सिर्जना गरेर थोरै मात्र चर्चामा रहेका थपलियाले नेपाली साहित्यको श्रीवृद्धिमा अतुलनीय योगदान दिएको साक्षी नेपाली साहित्यको इतिहास नबस्ला तापनि उनको योगदानलाई बिर्सिने अवस्था भने आउनेछैन । यसै सन्दर्भमा साहित्यकार तुङ्ग एन्. थपलियाको साहित्यिक स्थान र योगदान छोटकरीमा मूल्याङ्कन गरिएको छ ।

### ५.४.१ नेपाली साहित्यको इतिहासमा तुङ्ग एन्. थपलियाको प्राप्ति

कवि कथाकार एवम् समालोचक व्यक्तित्वका रूपमा रहेका थपलिया नेपाली समाजमा बढी मात्रामा शिक्षक तथा बौद्धिकवर्गका रूपमा परिचित व्यक्तित्व हुन् । उनलाई साहित्यकार दोस्रो व्यक्तित्वका रूपमा मात्र चिनिन्छ । आफ्नै परिवार तथा

साथीभाइहरूबाट प्रेरणा पाई साहित्य साधनामा लागेका थपलिया कल्पना पत्रिकामार्फत् सार्वजनिक भएका हुन् । ग्रामीण समाजमा रहेका र पत्रिकामा आफ्ना रचना प्रकाशन गर्नको लागि रचनाको पोको बोकेर धाउनुपर्ने बाध्यताका कारण थपलियालाई साहित्यको क्षेत्रमा परिचित हुन लामो समय लागेको हो । साहित्यकार थपलिया सिर्जना र प्रकाशन दुबै दृष्टिकोणबाट न्यून देखिन्छन् । उनले आफ्नो रुचिअनुरूप सिर्जना गरेको देखिन्छ । मूलतः साहित्यमा स्वच्छन्दतावादी प्रगतिमुखी विचारअनुरूप आफ्ना भावलाई प्रस्तुत गर्ने थपलिया नेपाली साहित्यका फाँटमा स्वच्छन्दतावादी प्रगतिमुखी साहित्यकारका रूपमा देखापर्छन । साहित्यकारअन्तर्गत पनि निरन्तर साधनामा लाग्ने सर्जकका रूपमा उनलाई लिन नसके तापनि फाटफुट प्रकाशित भएर देखिने उनका कृतिहरूको आधारमा उनको साहित्यिक स्थान रहन गएको देखिन्छ । समग्र नेपाली साहित्यको सन्दर्भमा के कति परिचित छन् त्यो त नेपाली साहित्यको इतिहासले नै देखाउँछ तर पूर्वाञ्चलअन्तर्गतको कोशी अञ्चलभित्र भने उनलाई स्वच्छन्दतावादभित्र रहेर विद्रोहीस्वर उराल्ने एक प्रगतिमुखी साहित्यकारका रूपमा चिन्न सकिन्छ ।

## ५.५ साहित्यकार थपलियाको साहित्यिक योगदान

नेपाली साहित्यको इतिहासमा स्वच्छन्दतावादी प्रगतिवादी सिर्जनाको विकास लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, भूपिशेरचन जस्ता दिग्गज व्यक्तिहरूबाट भएको हो । उनीहरूको लेखनकालमा मूलतः जहानीया राणाशासन थियो । जहानीया राणाशासनबाट मुक्तिका लागि श्रष्टाले कलम चलाएका थिए । वि.सं २००७ सालको परिवर्तनपश्चात् देखापरेको वर्गीय द्वन्द्व तथा वर्गविभेदको साङ्गलोमा जकडिएको समाजको चित्रण गर्ने क्रममा तुङ्ग एन्. थपलियाले स्वच्छन्दतावादको आधारमा उच्चवर्गीय व्यक्ति तथा पञ्चायती कालरात्रीका पृष्ठपोषकहरूको क्रूर दमन र शोषणका विरुद्धमा आवाज उठाउने कार्य गरे । समसामयिक काव्यधाराका प्रगतिमुखी सामाजिक, आर्थिक, राजनैतिक सञ्चेतनायुक्त थपलिया एक प्रगतिमुखी साहित्यकार हुन् । यिनी मूलभूत रूपमा अविच्छिन्न रूपमा सिर्जना गर्ने सर्जकका रूपमा परिचित नभई सौखिन सर्जकका रूपमा परिचित छन् । यसै आधारमा उनको मूल्याङ्कन गरिनु उचित हुन्छ ।

# सन्दर्भसामग्री सूची


**पुस्तकसूची**

गौतम, धर्मराज **नेपाली साहित्यमा तेह्रथुम जिल्लाको योगदान** अ.प्र. शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर २०६३ ।

त्रिपाठी वासुदेव र अन्य, **नेपाली कविता भाग ४** ललितपुर साझा प्रकाशन २०५३ ।

थपलिया, तुङ्ग एन्., **अभिमन्यु पृथिवीमा फर्केका छन्** , २०४६ ।

रम्जेल, रविमान, **कोशी अञ्चलको साहित्यिक इतिहास** काठमाडौं रत्नमाया दलित साहित्य संरक्षण समिति प्रकाशन , २०५० ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त नेपाली कविताको इतिहास** प्र.सं काठमाडौं ने.रा.प्र. प्र. २०६०

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग ४** ललितपुर साझा प्रकाशन, २०६० ।

सिटौला, भानुभक्त, **आठराई परिचय बगाले घटना र साथमा फुटकर लेखहरू** भानुभक्त सिटौला २०६० ।

सिटौला, भानुभक्त, **नेपालको प्रजातान्त्रिक सन्दर्भभित्रको तेह्रथुम जिल्लाको इतिहास** भानुभक्त सिटौला २०५८ ।

**पत्रपत्रिकासूची**

कल्पना वर्ष ५ अङ्क ३ २०२७ ।

कल्पना वर्ष ५ अङ्क ४ २०२७ ।

प्रकाश वर्ष १, अङ्क १  २०३३  शिक्षा शाखा  तेह्रथुम ।

प्रक्षेपण  वर्ष १  अङ्क २, ३, ४  २०४८ चैत  २०४९  मार्ग ।

मेची प्रवाह  वर्ष २, अङ्क ३  (सामयिक साहित्यिक  सङ्कलन)  २०३८  ताप्लेजुङ्ग ।

रुपरेखा असोज  २०३२ ।

सङ्गम सुधा वर्ष ४०  पूर्णाङ्क ३  २०६१ ।

**स्रोत व्यक्तिहरू**

उमानाथ काफ्ले  (साहित्यकार)

प्रेम थपलिया (दाजु)

बैजनाथ थपलिया (दाजु)

भीष्म  थपलिया  (भाइ)

स्व. मोहन कोइराला (साहित्यकार)

रविमान लम्जेल (साहित्यकार  तथा सहपाठी)

रामचन्द्र थपलिया (सहकर्मी)

शिव  सिटौला (पूर्व सहकर्मी)

शिष्य  थपलिया  (छोरो)

शिक्षा  थपलिया  (छोरी)